कोशी प्रदेशमा निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापन र अन्तरप्रदेश व्यापार संभावना भएका वस्तु तथा सेवाहरूको प्रोफाइल

२०८१

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

विषय-सूची

क्र.स.	विवरण	पेज नं
१.	पृष्ठभूमि	१
२.	नेपालको समग्र आर्थिक परिदृष्य	४
३.	कोशी प्रदेशको सामान्य जानकारी	१०
४.	कोशी प्रदेश निर्यात सम्भाव्य तथा अन्तरप्रदेश व्यापार सम्बन्धी SWOT विश्लेषण	११
५.	अन्तरप्रादेशिक व्यापार	१५
६.	निकासी प्रवर्द्धन र अन्तरप्रदेश व्यापारका व्यवधानहरु	२४
७.	लागत न्यूनीकरणमा प्रदेश सरकारले गर्नुपर्ने सहयोगहरु	२५
८.	निष्कर्श	२७
९.	सुझाव	२७
१०.	व्यापार सम्बद्ध सरोकारका विषयहरु	२९
११.	अनुसूची १ : कृषिजन्य उत्पादनको समग्र वस्तुस्थिती	३४
१२.	अनुसूची २ : प्रादेशीक तथ्याँक	४२
१३.	अनुसूची ३ : बैदेशिक व्यापार	६३
१४.	अनुसूची ४ : नेपाल व्यापार एकीकृत रणनीति २०८० को वस्तुस्थित	६६

पृष्ठभूमि

नेपालको संविधान अनुसार मुलुक संघीय संचरनामा प्रवेश गरे सँगै प्रादेशिक सरकारको अवधारणा अुनसार मुलुकमा सातवटा प्रदेशहरुको व्यवस्था गरेको छ । यस व्यवस्था अन्तर्गत प्रदेशभित्रको व्यापार प्रदेशभित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापन, कृषि तथा पशु विकास,कलकारखाना, औद्योगिकीकरण, व्यापार व्यवसाय, यातायात,उद्योग तथा खनिज र भौतिक पूर्वाधार पर्यटन, औद्योगीकरण अन्तरप्रादेशिक रूपमा फैलिएको जंगल, हिमाल, वन संरक्षण क्षेत्र जल उपयोग जस्ता विषयहरु प्रदेश सरकार संलग्न हुने क्रियाकलापका रुपमा संविधानको अनुसूचिमा व्यवस्था गरिएको छ ।
समानुपातिक विकास, प्रदेशभित्रका संभावनाहरुलाई उजागर गर्दै ती संभावनालाई कार्यान्वयनायोग्य बनाई आर्थिक वृद्धिबाट सम्वृद्धि हासिल गर्ने मुल मर्म प्रादेशिक संरचनाको व्यवस्थाभित्र अन्तरनीहित छ। यसकारण व्यवस्थित अध्ययनमा आधारित संभावनाको पहिचान गरी सोलाई मूर्त रुप दिने व्यवहारिक कार्यक्रमको आवश्यकता देखिन्छ । एकातिर कुनै प्रदेशका उत्पादनहरुले बजार पाई नरहेको अवस्था छ भने अर्कोतिर अन्य प्रदेशहरुमा ती वस्तुहरुको आपूर्तिमा न्युन हुन गई विदेशबाट हुने आयातबाट पूर्ति गरिरहनु परेको अवस्था विद्यमान छ । प्रदेशस्तरमा रहेको उत्पादनको यथार्थ अवस्था, उत्पादन वृद्धिका संभावनाहरु, नयाँ उत्पादन क्षेत्रको पहिचान र विद्यमान समस्याहरु तथा उत्पादन वृद्धिका कार्यक्रमहरु सञ्चालन गर्दा प्रदेश अनुसार अपनाउनु पर्ने विधिको पहिचानको आवश्यताका पनि त्यत्तिकै टड्कारो रुपमा देखा परेको छ ।
मुलुकको आयात दिनानुदिन तीव्रगतिमा बढिरहेको छ भने निर्यातमा झिनो र स्थीर प्रकृतिको वृद्धिले गर्दा मुलुकको व्यापारघाटा चिन्ताजनक रुपमा बढिरहेको छ । यसरी बढ्दो व्यापारघाटालाई न्युन गर्न नयाँ सम्भावनाहरुको पहिचान गर्न जरुरी भइसकेको छ ।

उपरोक्त पृष्ठभूमिमा प्रदेशमा उत्पादन हुने प्रमुख वस्तु तथा सेवाहरुको पहिचान गर्ने, सो का आधारमा आयात प्रतिस्थापन गर्न सक्ने तथा निकासी संभावना भएका भएका वस्तु तथा सेवाहरुको प्रोफाइल तयार गर्ने र अन्तरप्रादेशिक व्यापारको सम्भावना समेत पहिचान गर्नु पर्ने देखिन्छ । यही विषयलाई सम्वोधन गर्न नेपाल सरकारले आर्थिक वर्ष २०७४।७५ मा यस सम्वन्धी अध्ययन गरी प्रतिवदेन तयार गर्न कार्यक्रम वार्षिक बजेटमा समावेश गरेको परिप्रेक्ष्यलाई समेत दृष्टिगत गर्दै प्रदेशस्तरमा उपलव्ध निर्यात सम्भाव्य, आयात प्रतिस्थापन गर्न सकिने र अन्तरप्रदेश व्यापार सम्भावना भएका वस्तु तथा सेवाहरुको प्रोफाइल तयार गर्न लागिएको हो ।

अध्ययनको उद्देश्य र अपेक्षित उपलव्धी

उपरोक्त पृष्ठभूमिमा प्रदेशस्तरमा विद्यमान सम्भावनाहरुको खोजी र ती संभावनाहरुलाई व्यवहारमा उतारी विशेष गरी प्रदेशको आर्थिक उन्नत्ति र समग्रमा देशकै आर्थिक समुन्नत्तिका लागि पहल थाल्नु आवश्यक देखिन्छ । यही पलहकदमीको एउटा पाटोको रुपमा प्रदेशस्तरमा निर्यात सम्भावना भएका, ायातप्रतिस्थापन गर्न सकिने र अन्तरप्रदेश व्यापार सम्भावना भएका वस्तुहरु तथा सेवाहरुको प्रोफाइल तयार गर्न अध्ययनको थालनी गरिएको हो । यस अध्ययनको उद्देश्य र अध्ययनबाट प्राप्त उपलव्धी देहाय बमोजिम रहेको छ ।

उद्देश्यः

यस अध्ययनको उद्देश्य देहाय बमोजिम रहेको छ ।

(१) प्रदेशलाई आर्थिक रुपमा आत्मनिर्भर बनाई निर्यात अभिवृद्धि मार्फत मुलुककोबढ्दो व्यापारघाटालाई कम गर्न सहयोग पुचाउने

(२) अन्तर प्रादेशिक व्यापारलाई अभिवद्धि गर्ने

(३) आयातित मालवस्तुहरुलाई प्रदेशमा उत्पादित मालवस्तुहरुले प्रतिस्थापन गर्ने,

(४) प्रदेशस्तरमा सम्भावना भएका वस्तु तथा सेवा व्यापारका अवसरहरुलाई पहिचान गरी व्यापार प्रवर्द्धन तथा नीतिहरु तर्जूमा गर्न सहयोग पुचाउने ।

(५) भविष्यमा गरिने अध्ययनका लागि आधार दस्तावेजको रुपमा विकास गर्ने

उपलव्धीः

यो अध्ययन प्रतिवेदनबाट समग्रमा सिंगो मुलुकलाई र विशेषतः यस प्रदेशलाई देहाय बमोजिमका उपलव्धी हुने देखिएको छ ।

(१) प्रदेशका निर्यात सम्भावना भएका वस्तु तथा सेवाहरुको जानकारी हुने,

(२) प्रदेशमा आयात प्रतिस्थापन गर्न सकिने वस्तु तथा सेवाहरुको पहिचान हुने

(३) अन्तर प्रदेश व्यापारका सम्भावित वस्तु तथा सेवाहरुका सूचि तयार हुने

(४) उपरोक्त सूचिका आधारमा निर्यात सम्भावना भएका, आयात प्रतिस्थापन हुने र अन्तर प्रदेश व्यापार सम्भावनाका बारेमा प्रदेशलाई नीति तर्जुमा गर्न उपयोगी हुने

(५) भविष्यमा समान प्रकृतिका अध्ययन गर्न सन्दर्भ सामाग्री रुपमा प्रयोग गर्न सकिने

अध्ययनको विधिः

यो अध्ययन गर्दा सर्वप्रथम विभिन्न श्रोतहरु जस्तै कृषि तथा पशुपंक्षी मन्त्रालय, प्रदेश सरकारबाट प्रकाशित दस्तावेजहरु, उद्योग विभाग, कम्पनी रजिष्टारको कार्यालय, कृषि विभाग, खानी तथा भूगर्भ विभाग, केन्द्रीय तथ्याङ्क विभाग, वन विभागबाट विद्युत विकास विभाग, खाद्य तथा कृषि संगठन, आइटिसी, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र लगायतका विभिन्न उपलव्ध द्धितीयक तथ्याङ्क (Secondary Data) उपयोग गरिएको छ । अध्ययनका क्रममा संख्यात्मक (Quantitative) र गुणात्मक (Qualitative) तथ्याँकहरु दुवै प्रयोग गरिएको छ । संख्यात्मक तथ्याँकहरु उपलव्ध हुन नसकेको अवस्थामा गुणात्मक तथ्याँकलाई समेत प्रयोग गरिएको छ । उक्त तथ्याङ्कबाट प्राप्त उत्पादन सम्बन्धी विवरण, उद्योग सम्बन्धी विवरण, खानी सम्बन्धी विवरणलाई तालिकिकरण तथा वर्गिकरण गर्ने कार्य गरियो । तत्पश्चात उक्त तथ्याङ्क तथा विवरणहरु उपर प्रदेश स्थित विभिन्न उद्योग वाणिज्य संघ, उद्यमी, व्यवसायीहरुसंग अन्तरक्रिया गरी रुजु गर्ने कार्य सम्पन्न गरियो । त्यसबाट प्राप्त निस्कर्षहरुबाट प्रारम्भिक प्रतिवेदन तयार गरी उक्त प्रतिवेदनमा उल्लेखित विषयहरु उपर सरोकारवाला सरकारी निकायहरु, प्रदेश स्थित उावा। संघको सहभागितामा प्रदेशको राजधानीमा प्रस्तुतिकरण गर्नुका अतिरिक्त राय सुझाव संकलन गर्ने कार्य गरियो ।सम्पूर्ण राय सुझावलाई समेटी यो प्रतिवेदन तयार गरिएको छ ।

अध्ययनका सीमाहरु

यस अध्ययनका क्रममा देहाय बमोजिमका सीमाहरु रहेका छन् । यी सीमाहरुभित्र रही अध्ययनलाई सम्पन्न गरिएको छ ।

(१) द्वितीयक (Secondary) तथ्याँकको अधिक प्रयोग

(२) म्यानुफ्याक्चरिङतर्फ उत्पादनको तथ्याँक कमीले सूचनामा बढी निर्भर हुनु

(३) कृषि क्षेत्रको उत्पादन तथ्याँक २०७८/७९ मा सीमित रहनु

(४) सेवा व्यापारतर्फको क्षेत्रगत तथ्याँक उपलब्ध हुन नसक्नु

(५) प्रदेशस्तरमा उपभोगको तथ्याँक उपलब्ध नहुनु

१.६ अध्ययनका चुनौतिहरु

- अन्तर प्रदेश व्यापारको वर्तमान अवस्थाको मूल्याङ्कन गर्न,
- प्रदेशमा वस्तुको माग र आपूर्तिको तथ्याँक संकलन गर्न,
- आयातित वस्तुहरुको खपतको तथ्याँक संकलन गर्न,
- भविष्यमा उत्पादनको अनुमानर प्रक्षेपण गर्न,
- लगानीका अवसरहरुको खोजी गर्न

नेपालको समग्र आर्थिक परिदृष्य

कुल ग्राहस्थ उत्पादन

केन्द्रीय तथ्याँक विभागको प्रादेशिक कुल ग्राहस्थ उत्पादन सम्वन्धी प्रकाशित सन् २०७९८० को तथ्याँक अनुसार नेपालको कुल ग्राहस्थ उत्पादन रु. ५३ खर्ब ४९ अर्ब करोड रहेको छ। आर्थिक वर्ष २०६७६८ मा नेपालको कुल ग्राहस्थ उत्पादन रु. १५ खर्ब ५९ रहेको थियो।



यस अवधिमा कुल ग्राहस्थ उत्पादनमा पनि संरचनागत परिवर्तनहरु देखा परेका छन्। कुल ग्राहस्थ उत्पदनमा कृषि र बन क्षेत्रको योगदान क्रमश घट्दै गएको देखिन्छ भने कुल ग्राहस्थ उत्पादनमा गैरकृषि क्षेत्रको योगदानमा वृद्धि भईरहेको देखिन्छ।

नेपालको वैदेशिक व्यापारको परिदृष्य

विगत दश वर्षको नेपालको वैदेशिक व्यापार तथ्याँक (वस्तुतर्फ)लाई हेर्दा आयातमा भारी वृद्धि देखिएको छ भने निर्यातको आकार र वृद्धिदर दुवै सानो देखिएको छ। विगत केही वर्षको तथ्याँकलाई हेर्दा नेपालबाट निर्यात भई रहेका प्रमुख वस्तुहरुमा पोलिष्टर तथा अन्य धार्गो, फलाम तथा स्टील र तिनका उत्पादनहरु, ऊनी गलैचा, तयारी पोशाक, जुट तथा जुटका उत्पादन, जुस, चिया, टेक्सटाइल, अलैंची, पश्मिना सल, फेल्ट, जडिवुटी, मुसुरोको दाल र जुत्ता रहेका छन् ।नेपालको निकासी व्यापारमा भारत, संयुक्त राज्य अमेरिका, जर्मनी, टर्की, युके, चीन, फ्रान्स, बंगलादेश, इटाली, जापान, क्यानडा, अष्ट्रेलिया, नेदरलेण्ड्स डेनमार्क आदि प्रमुख रुपमा रहेका छन्। नेपालको विगत दश वर्षको वस्तु व्यापार तर्फको वैदेशिक व्यापारको संचरना देहाय अनुसार रहेको छः ।

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको प्रारम्भिक तथ्याँक अनुसार आ.व. २०७९/८० मा नेपालको कुल वैदेशिक व्यापार अघिल्लो वर्षको सोही अवधिको तुलनामा १६.६ प्रतिशतले ह्रास आई रु १७६८.८७ अर्वमा झरेको छ। कुल व्यापारमा निकासी तथा पैठारीको योगदान क्रमशः ८.९ प्रतिशत र ९१.१ प्रतिशत रहेको छ। समीक्षा अवधिमा नेपालको कुल निकासीमा २१.४ प्रतिशतले ह्रास आई रु १५७.१४ अर्व तथा कुल पैठारीमा १६.१ प्रतिशतले ह्रास आई रु. १६११.७३ अर्वमा झरेको छ। आ.व. २०७८/७९ मा निकासी–

पैठारी व्यापारको अनुपात १:९.६ रहेकोमा आ.व. २०७९/८० को सोही अवधिमा निकासी– पैठारी व्यापारको अनुपात १:१०.३ रहन आएको छ ।

उक्त अवधिमा नेपालबाट निकासी भएका प्रमुख वस्तुहरुमा पामतेल, पोलिष्टर तथा अन्य धागो, ऊनी गलैंचा, फलाम तथा फलामका उत्पादनहरु, भटमासको तेल, अलैंची, जुट तथा जुटका सामानहरु, तयारी पोशाक, जुस, ऊनी फेल्टका उत्पादन, चिया, कुकुर विरालाका आहारा, पश्मिना शल, कपडा, चाऊचाऊ, रोजिन एण्ड रेजिन एसिड, जडीबुटी, नेपाली हातेकागज, अदुवा र जुत्ताचप्पल प्रमुख रुपमा रहेका छन् ।

समीक्षा अवधिमा पामतेलको निर्यातमा ५०.१ प्रतिशतले ह्रास आई रु २० अर्ब ५१ करोडमा झरेको छ । समीक्षा अवधिमा भटमासको तेलको निर्यातमा ८२.४ प्रतिशतले ह्रास आई रु. ८ अर्ब ४८ करोडमा सीमित भएको छ । समीक्षा अवधिमा पोलिष्टर यार्नको निर्यातमा ८.१२ प्रतिशतले वृद्धि भई रु. ११ अर्ब ९२ करोड पुगेको छ । ऊनी गलैंचाको निर्यातमा समीक्षा अवधिमा २०.३ प्रतिशतले वृद्धि भई रु. ११ अर्ब ५१ करोड पुगेको छ ।, फलाम तथा तिनका उत्पादनको निर्यातमा १७९.१ प्रतिशतले वृद्धि भई रु १० अर्ब ८२ करोड पुग्न गएको छ । तयारी पोशाकको निर्यातमा समीक्षा अवधिमा १५.९ प्रतिशतले वृद्धि भई रु. ७ अर्ब ५२ करोड पुगेको छ । जुट तथा जुटका उत्पादनको निर्यातमा समीक्षा अवधिमा ४.१ प्रतिशतले ह्रास आई रु. ७ अर्ब ६४ करोडमा सीमित भएको छ । यसै गरी अर्को प्रमुख निर्यातजन्य वस्तु ऊनी फेल्टको निकासीमा समीक्षा अवधिमा ५.८ प्रतिशतले वृद्धि भई रु ५ अर्ब २३ करोड पुगेको छ । समीक्षा अवधिमा जुसको निकासीमा ९.२ प्रतिशतले वृद्धि भई रु. ६ अर्ब ६३ करोड पुगेको छ ।

कृषिजन्य वस्तुको निर्यातमा अग्रणी स्थान हासिल गरिरहेको उत्पादन अलैंचीको निर्यातमा समीक्षा ७१.९ प्रतिशतले वृद्धि भई रु ८ अर्ब २८ करोड पुगेको छ । यसै गरी कृषिजन्य वस्तुको निर्यातमा अग्रणी स्थान हासिल गरिरहेको अर्को उत्पादन चियाको निर्यातमा पनि समीक्षा अवधिमा १४.६ प्रतिशतले वृद्धि भई रु ३ अर्ब ९४ करोड पुगेको छ ।

समीक्षा अवधिमा पामको तेल, भटमासको तेल तथा सुर्यमुखीतेल मा ६४ अर्ब २७ करोड बराबरको निकासी मूल्यमा ह्रास आएको हुँदा कुल निर्यातमा ह्रासको अवस्था देखिएको हो ।

आर्थिक वर्ष २०७९/८० मा प्रशोधित खाद्य तेल (भटमासको तेल, पामतेल, सुर्यमुखीतेल) को निर्यात नेपालको कुल निर्यातमा १९.७३ प्रतिशतको हिस्सा ओगट्दै प्रमुख निर्यातजन्य वस्तुका रुपमा कायमै रहेको छ । यस अवधिमा यी वस्तुहरुको कुल निर्यात रु २९ अर्ब ४३ करोड रहेको छ । प्रशोधित खाद्य तेलको निर्यात मध्ये पामतेल, भटमासको तेल तथा सूर्यमुखीतेलको निर्यातको हिस्सा नेपालको कुल निर्यातमा क्रमशः: १३.१ प्रतिशत, ५.४ र ०.३ प्रतिशत रहेको छ ।

आर्थिक वर्ष २०७९/८० मा प्लाइउडको निर्यातमा समीक्षा अवधिमा ५०९ प्रतिशतले वृद्धि भएको छ । प्लाइउडको प्रमुख निर्यात गन्तव्य मुलुकमा भारत रहेको छ ।

नेपालको निकासी व्यापारमा प्रमुख स्थान आगट्ने भारततर्फको निर्यातमा समीक्षा अवधिमा ३१.३ प्रतिशतले ह्रास आई रु १०६ अर्ब ७० करोडमा झरेको छ । भारततर्फको निकासीमा ह्रास आउनुमा भारततर्फ हुने पाम, भटमास तथा सूर्यमुखी तेलमा रु.६४ अर्ब २७ करोड बराबरको ह्रास आउनु नै प्रमुख कारणका रुपमा रहेको छ ।
भारत बाहेकका अन्य मुलुकहरुको तर्फको निर्यातमा भने १२.६ प्रतिशतले वृद्धि देखिएको छ ।

नेपालको कुल निकासीमा अघिल्लो आर्थिक वर्षको सोही अवधिमा भारततर्फको हिस्सा ७७.६० प्रतिशत रहेकोमा चालु आर्थिक वर्षको सोही अवधिमा सो हिस्सा ६७.८९ प्रतिशतमा झरेको छ। नेपालको निर्यात व्यापारमा महत्वपूर्ण रहेका अन्य मुलुकहरुमा संयुक्त राज्य अमेरिका, जर्मनी, युके, टर्की, फ्रान्स, क्यानडा, चीन, अष्ट्रेलिया, जापान, इटाली, नेदरलेण्ड्स, युएइ र डेनमार्क, प्रमुख रुपमा रहेका छन् ।

पैठारीतर्फ आ.व. २०७९/८० मा अघिल्लो आर्थिक वर्षको तुलनामा पेट्रोलियम पदार्थको आयातमा ७.३ प्रतिशतले ह्रास आई रु. ३०९.७० अर्ब पुगेको छ । समीक्षा अवधिमा फलाम तथा स्टील र तिनका उत्पादनहरुको आयातमा ९.७७ प्रतिशतले ह्रास आई रु. १६७.२९ अर्ब, मशिनरी तथा पार्ट्समा ३०.१ प्रतिशतले ह्रास आई रु. १००.९८ अर्बमा झरेको छ। सूनको आयातमा २.८ प्रतिशतले वृद्धि भई रु ४३.९० अर्ब पुगेको छ। इलेक्ट्रिक र इलेक्ट्रोनिक सामाग्रीहरुमा ५.४ प्रतिशतले ह्रास आई रु. ६५.१७ अर्बमा सीमित रहेको छ । यातायातका साधन र तिनका पार्टपुर्जाको आयातमा ४७.७ प्रतिशतले ह्रास आई रु. ५१.९७ अर्बमा झरेको छ। कच्चा भटमास तेलको आयातमा ३६.७ प्रतिशतले ह्रास आई रु. ३५.५८ अर्बमा झरेको छ । अन्नको आयातमा २३.८ प्रतिशतले ह्रास आई ५६.६३ अर्बमा झरेको छ । समीक्षा अवधिमा औषधीको आयातमा ३७.९ प्रतिशतले ह्रास आई रु. ४४.६४ अर्बमा खुम्चिएको छ। दुरसञ्चारका सामाग्रीको आयातमा ३२.३ प्रतिशतले ह्रास आई रु ३६.३१ अर्बमा झरेको छ । यसैगरी रासायनिक मलको आयातमा ९०.४ प्रतिशतले वृद्धि भई रु ४०.७० अर्ब पुगेको छ । पाम तेलको आयातमा ३४.१ प्रतिशतले ह्रास आई २५.९१ अर्बमा सीमित भएको छ । नेपालको पैठारी व्यापारमा प्रमुख मुलुकहरुमा भारत, चीन, इण्डोनेशिया, युएई, अर्जेन्टिना, मलेशिया, संयुक्त राज्य अमेरिका, अष्ट्रेलिया, युक्रेन,, कतार, थाइलेण्ड, ओमान, बेल्जियम र साउदी अरेबिया प्रमुख रुपमा रहेका छन् ।
चालु आर्थिक वर्ष २०७९/८० मा अघिल्लो आर्थिक वर्षको तुलनामा समग्र पैठारीमा ह्रास आउँदा व्यापारघाटामा सुधार भएको छ। यस अवधिमा व्यापारघाटामा १५.५ प्रतिशतले ह्रास आई कुल व्यापारघाटा रु. १४५४.५९ अर्बमा झरेको छ।

आर्थिक वर्ष	निर्यात रु. अर्बमा	आयात रु. अर्बमा	व्यापार घाटा रु. अर्बमा
२०६५/६६	६८।६०	२९१।००	२२२।४०
२०६६/६७	६०।९५	३७५।६१	३१४।६६
२०६७/६८	६४।५६	३९७।५४	३३२।९७
२०६८/७९	७४।०९	४९८।१६	४२४।०७
२०६९/७०	७७।३५	६०१।२१	५२३।८६
२०७०/७१	९१।३६	७२२।७८	६३१।४२
२०७१/७२	८६।६४	७८४।५८	६९७।९४
२०७२/७३	७१।१४	७८१।१५	७१०।०१
२०७३/७४	७३।१३	९८५।९५	९१२।८३
२०७४/७५	८१।३३	१,२४५।१९	१,१६३।८६
२०७६/७७	९७.७१	१,१९६.८०	१,०९९.०९
२०७७/७८	१४१.१२	१,५३९.८४	१,३९८.७१
२०७८/७९	२००.०३	१,९२०.४५	१,७२०.४२
२०७९/८०	१५७.१४	१,६११.७३	१,४५४.५९

श्रोतः व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

यसै गरी नेपालमा आयात हुने प्रमुख वस्तुहरुमा पेट्रोलियम पदार्थ, फलाम तथा स्टील र तिनका उत्पादनहरु, मशिनरी तथा पार्ट्स, यातायातका साधन र तिनका पार्टपुर्जा, इलेक्ट्रिक र इलेक्ट्रोनिक सामाग्रीहरु, अन्न, हवाईजहाज तथा हवाईजहाजका पार्ट्स, तयारी पोशाक, सुन, चाँदी र हिरा, औषधी पोलिथिन ग्रेन्युल्स, रासायनिक मल, सिमेन्ट क्लिङ्कर, दुरसञ्चारका सामाग्रीहरु रहेको पाइन्छ । नेपालको पैठारी व्यापारमा भारत, चीन, युएई, फ्रान्स, इण्डोनेशिया, थाइलेण्ड, क्यानडा, मलेशिया, स्वीट्जरलेण्ड, संयुक्त राज्य अमेरिका, अर्जेन्टिना, भियतनाम, साउदी अरेबिया, युक्रेन प्रमुख रुपमा रहेका छन् ।

नेपालको निर्यातमा झिनो आकारको वृद्धि तथा सानो आयातन एवम् आयातमा विद्यमान ठूलो आकार र भारी वृद्धिका कारण मुलुकको व्यापार घाटा बर्षेनी भारी दरले वृद्धि भई रहेको छ । तर यो व्यापारघाटाका पछाडि सकारात्मक पक्षहरु पनि अन्तरनीहित रहेका छन् । भौतिक संरचना निर्माणका सामाग्रीहरु जस्तै फलाम, स्टील तथा तिनका सामानहरु, सिमेन्ट, आलुमुनियम, तामा जस्ता वस्तुहरुको आयातमा भएको वृद्धिले मुलुकको विकासमा सकारात्मक योगदान दिएको देखिन्छ । यसै गरी मुलुकका लागि अति आवश्यक औद्योगिक कच्चापदार्थहरु जस्तै कच्चा पाम आयल, सिमेन्ट क्लिंकर, पोलिथिन ग्यानुअल, रबर, रसायन जस्ता वस्तुहरुको आयात उल्लेख्य रुपमा भएको छ । मलको आयातमा वृद्धि देखितापनि यस्तो आयातले कृषि उत्पादन वृद्धिमा ठूलो भूमिका खेलिरहेको देखिन्छ ।

पेट्रोलियम पदार्थको आयातमा वृद्धि भए तापनि पेट्रोलियम पदार्थको अधिकाँश आयात औद्योगिक उत्पादन, मालवस्तु ढुवानी तथा सार्वजनिक यातायातमा खर्च भई रहेको सन्दर्भमा यी वस्तुहरुको आयातले पनि मुलुकको अर्थतन्त्रलाई सबल बनाउन महत्वपूर्ण योगदान दिएको पाइन्छ ।

नेपालले विगतमा निर्यात गरिरहेका तर वर्तमानमा आयात गरिरहेको वस्तुहरु

विगत केही दशक यता नेपालको निर्यात व्यापारमा सँरचतनागत परिर्वतनहरु देखा परेका छन् । कृषिजन्य काष्ठजन्य वस्तुहरुको खुद निर्यातकर्ता मुलुक हाल आएर यी उत्पादनहरुको खुद आयाताकर्ता भएको छ । निर्यातकर्ता व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको तथ्याँक अनुसार नेपालमा विगतमा धान, चामल, जुट तथा जुटका सामानहरु, गहुँको पीठो उल्लेख्य मात्रा निकासी गरिहेको पाइए तापनि हाल आएर यी वस्तुको आयात भारी मात्रा हुने गरेको छ । उक्त वस्तुहरु मध्ये धान, चामल आदि भारतमा निकासी भई रहेका हुन्थे भने गहुँको पीठो चीनतर्फ निकासी हुने गर्थ्यो । हाल कच्चा जुट विदेशबाट आयात गरेर जुटका प्रशोधित उत्पादनहरु निकासी गरिहेको छौं ।

कुनै समय भारतमा ठूलो परिमाणमा काठ निकासी भईरहे तापनि हाल आएर म्यानमार, इण्डोनेशिया जस्ता मुलुकहरुबाट काठहरु आयात भईरहेको छ । नेपालले विगतमा निकासी गरेका र हाल आयात गरिरहेका वस्तुहरुको उत्पादनलाई बृद्धि गर्ने सम्भावना रहि आएको परिप्रेक्षमा ती वस्तुहरुको उत्पादन अभिबृद्धि गरी पुनः निकासी तथा अन्तरप्रदेश व्यापार गर्न सकिन्छ ।

नेपाल एकीकृत व्यापार रणनीति २०८० का विशेषता

आधार वर्ष आ.व. २०७८/७९ मा रहेको व्यापार र कुल गार्हस्थ्य उत्पादनको अनुपात ४८.१ प्रतिशतबाट २०८४/८५ मा ५५ प्रतिशत पुर्याउने तथा आधार वर्ष आ.व. २०७८/७९ मा रहेको वस्तु तथा सेवाको निर्यात र कुल गार्हस्थ्य उत्पादनको अनुपात ६.३ प्रतिशतबाट २०८४/८५ मा २० प्रतिशत पुर्याउने लक्ष्य सहितको नेपाल एकीकृत व्यापार रणनीति २०२३ प्रकाशित भएको छ ।
वाणिज्य नीतिको साथै विश्व व्यापार संगठनमा प्रवेश गर्ने तयारीसँगै नेपालले सन् २००३ मा नेपाल व्यापार तथा प्रतिस्पर्धात्मक क्षमता अध्ययनको पछिल्लो प्रयास नेपाल व्यापार एकीकृत रणनीतिको तेश्रो सँस्करणका

रुपमा नेपाल व्यापार रणनीति २०२३ सावर्जनिक भएको छ। विगतका दुई रणनीतिहरुले अपेक्षित लक्ष्यहरु प्राप्त गर्न प्रभावकारी नभएको विगतको अनुभव एवम् विगतका व्यापार एकीकृत रणनीतिले पहिचान गरेका वस्तु तथा सेवाको निर्यात वृद्धि दर कमजोर रहेको, नेपाल विकासशील राष्ट्रमा स्तरोन्नति हुने निर्णयसँगै सन् २०२६ पछि नेपालले अतिकम विकसित राष्ट्रको हैसियतले अन्तर्राष्ट्रिय व्यापारमा पाइरहेको सुविधा कटौतीको अवस्था, मुलुक संघीय शासन पद्धतिमा उपलव्ध आन्तरिक आपूर्ति तथा मूल्य श्रृंखला निर्माणमा नयाँ अवसर सिर्जना, गरिबी निवारण, समावेशी विकास एवम् लैंगिक सशक्तीकरण र सामाजिक समावेशीकरणको अवधारणा अनुरूप व्यापार रणनीतिको परिमार्जन गर्नुपर्ने परीस्थितिको पृष्ठभूमिमा नेपाल व्यापार एकीकृत रणनीति, २०८० को तर्जुमा गरिएको छ।

यस रणनीतिमा समेटिएका ११ वटा विषयहरुको मिहीन विश्लेषण गरिएको छ। अन्तर्राष्ट्रिय व्यापार विस्तार र विश्‍व बजारसँग व्यापार एकीकरणको लागि समष्टिगत आर्थिक तथा विकास नीतिको दृष्टिकोण र सुधारको समीक्षा, संघीयता, विकासशील राष्ट्रमा स्तरोन्नति र आर्थिक कूटनीतिका विषयलाई व्यापारिक क्षमता अभिवृद्धि गर्न अवलम्बन गर्नुपर्ने उपायको खोजी, व्यापारमा प्रतिस्पर्धात्मक क्षमता निर्माण र व्यापारबाट हुने लाभको समन्यायिक वितरणको लागि श्रम, सामाजिक समावेशिता र विपन्नको लागि बजारसँग सम्बन्धित विषय र गर्नुपर्ने सुधार, व्यापारिक पूर्वाधार विकास र व्यापार सहजीकरणको विद्यमान अवस्था र गर्नुपर्ने सुधार, नेपालका व्यापार साझेदार मुलुकका खाद्य तथा बाली गुणस्तर सम्बन्धी मापदण्डको सन्दर्भमा नेपाली उत्पादनलाई ती बजारमा प्रवेश गर्न र प्रतिस्पर्धी हुन सहज बनाउन गर्नुपर्ने सुधार, औद्योगिक उत्पादनको गुणस्तर मापन गर्ने पूर्वाधारमा सुधार र गुणस्तर सम्बन्धी मापदण्ड परिपालना सुनिश्चित गर्न आवश्यक नीति तथा संस्थागत सुधारका विषय, वैदेशिक लगानी प्रवर्द्धनको लागि असल नियामकीय वातावरण, लगानी सहजीकरण, सुशासन र बौद्धिक सम्पत्तिको रक्षा सम्बन्धी सुधारका विषय, उत्पादन तथा व्यापारको लागत न्यूनीकरण गर्न र उत्पादित वस्तुको गुणस्तर तथा आपूर्तिमा नियमितताको लागि चौथो र पाँचौं पुस्ताका औद्योगिक प्रविधि-उद्योग ४.० र उद्योग ५.० को उपयोगको सम्भावना, गर्नुपर्ने तयारी र सुझाव जस्ता विषयहरु उपर यस रणनीतिमा व्यापक अध्ययन र विश्लेषण गरिएको छ।

यसैगरी अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्नसक्ने वस्तुको पहिचान तथा उदीयमान वस्तुको विकासका उपाय, अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्नसक्ने सेवाको पहिचान तथा सेवा क्षेत्रको विकासको लागि गर्नुपर्ने कार्य, रणनीति कार्यान्वयनको संयन्त्र तथा विधिका क्षेत्रमा समेत अध्ययन केन्द्रित गरिएको छ।

यस रणनीति कार्यान्वयन गर्न रु ४ खर्ब ६३ अर्ब २५ करोड ७ लाख २० हजारको लागत लाग्ने अनुमान यो रणनीतिको विशेष आकर्षक पक्ष रहेको छ।

विश्व माग सूचकलाई शून्य दशमलव ३५ अँक भार र निर्यात सम्पादन सूचकलाई शून्य दशमलव ६५ अँक भार दिई सो आधारमा वस्तु र सेवाको चयन गरिएको छ। यसरी ५० वटा उच्च अंक प्राप्त गर्ने वस्तुको पहिचान गरी सूचीमा पर्न गएका धातुको स्क्र्याप, पिना र खाद्य उद्योगको खेर गएका सामग्रीलाई हटाएर सम्भावना भएका विद्यमान वस्तु, उदीयमान वस्तु र पछि निर्यात बढ्न सक्ने वस्तुको अनुसार ६ अंकको एचएस कोडका आधारमा वस्तुहरु चयन गरिएका छन्। विद्यमान वस्तुहरुलाई समेत कृषिजन्य, वनजन्य, ठूला उद्योगजन्य, साना उद्योगजन्य गरी चार वर्गमा वर्गीकृत गरिएको छ।

कृषिजन्य वस्तुहरुमा अलैंची,, अदुवा, दलहन, जुट र चियालाई सुचीकृत गरिएको छ। यसैगरी वन्यजन्य क्षेत्रमा जडीबुटी तथा सुगन्धित वनस्पति, रोजिन र टर्पेन्टाइन, लोक्ताबाट बनेको हाते कागज रहेका छन्। यसैगरी ठूला उद्योगका निर्यातजन्य वस्तुहरुमा फलाम तथा स्टिल, धागो तथा कपडा र तयारी पोशाकलाई समेटिएको छ। साना तथा घरेलु उद्योगका उत्पादनहरुमा गलैंचा, गहना, पश्मिना, पास्ता, ऊनबाट बनेका फेल्ट लगायत सामानहरुलाई नेपाल व्यापार एकीकृत रणनीतिमा समावेश गरिएको छ।

उदीयमान क्षेत्रमा सुगन्धित तेल, हिमालयन स्प्रिंग वाटर, तरकारी, फलफूल र तिनका प्रशोधित सामग्री, मसलाहरू, (दालचिनी, बेसार, लसुन, केसर, जीरा, मरिच र तेजपात), हस्तकला, लामा रेशाका कपडाहरू (अल्लो र हेम्पका रेशाहरू), कफी, पिपिसी सिमेन्ट, छुर्पी तथा महलाई समेटिएको छ।

नयाँ तथा भविष्यमा सम्भावना हुन सक्ने वस्तुहरुमा हाइड्रोजन ऊर्जा, बहुमूल्य पत्थर, ढुंगा तथा ढुंगाजन्य उत्पादनहरु, सरोकारवालाहरुसँगको समन्वयमा आवश्यक नीतिगत तथा कानुनी परिमार्जन गरी हेम्प वा

हेम्पजस्तै वनस्पति एवम सो बाट बनेका औषधीय गुण भएका वा सुगन्धित वस्तुहरुलाई समावेश गरिएको छ ।
सेवा व्यापार निर्याततर्फ पर्यटन, सूचना प्रविधि र इन्टरनेटमा आधारित सेवा, जलविद्युत्, निर्माण सेवा तथा दक्ष तथा अर्धदक्ष श्रम सेवा (विप्रेषण आउने सेवा) ५ वटा क्षेत्रहरुको पहिचान यस नेपाल एकीकृत व्यापार रणनीति २०२३ उल्लेख गरिएका छन् ।

सेवा निर्यातको प्रवर्द्धनको लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा कुनै प्रबन्ध नभएको पृष्ठभूमिमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको मौजुदा दरबन्दीभित्रै रही विद्यमान संगठन संरचनामा सामान्य फेरबदल गरी बहुपक्षीय व्यापार तथा व्यापार सहायता महाशाखा अन्तर्गत नेपाल व्यापार एकीकृत रणनीतिको प्रभावकारी कार्यान्वयन, वस्तु तथा सेवा निर्यात प्रवर्द्धन तथा व्यापार सहजीकरणका लागि प्रशासन समूहको एकजना उपसचिव, दुईजना शाखा अधिकृत र एकजना तथ्यांक अधिकृतको दरबन्दी हुने बजार विद्वता तथा निर्यात प्रवर्द्धन (Market Inteligence and Export Pormotion) शाखा राख्न यस रणनीतिमा सिफारिस गरिएको देखिन्छ ।

नेपाल व्यापार एकीकृत रणनीतिको प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्यांकन, समन्वय तथा मार्गदर्शन गर्न नेपाल व्यापार एकीकृत रणनीति कार्यान्वयनको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने, स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट संशोधन गर्ने, नेपाल व्यापार एकीकृत रणनीति कार्यान्वयनको प्रगति समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने र मार्गदर्शन दिने तथा नेपाल सरकारले समय समयमा तोकेका अन्य कार्य गर्ने गरी उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रीको अध्यक्षतामा २१ सदस्यीय राष्ट्रिय निर्देशक समितिको पनि प्रस्ताव गरिएको छ ।
यसैगरी नेपाल व्यापार एकीकृत रणनीतिको कार्यान्वयन र समन्वय गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको बहुपक्षीय व्यापार तथा व्यापार सहायता महाशाखाका सहसचिव संयोजक रहने गरी प्राप्त बजेट सीमाको आधारमा वार्षिक कार्यक्रम तथा बजेट निर्माण गर्ने, वार्षिक कार्ययोजना तयार गर्ने र प्रत्येक कार्यान्वयन निकायलाई अख्तियारी दिनुपर्ने रकमको निर्णय गर्ने, रणनीति कार्यान्वयनको प्रगति अनुगमन गर्ने र त्रैमासिक तथा वार्षिक प्रगति विवरण तयार गर्ने, कार्यान्वयनको क्रममा देखिएका समस्याको बारेमा छलफल गर्ने, समाधान खोज्ने र कार्यान्वयन गर्ने निकायलाई सहयोग गर्ने, साझेदार निकायसँग समन्वय गर्ने तथा राष्ट्रिय निर्देशक समितिले तोकेका अन्य कार्य गर्ने गरी राष्ट्रिय कार्यक्रम कार्यान्वयन इकाई गठन गर्न प्रस्ताव गरिएको छ ।

नेपाल एकीकृत व्यापार रणनीति २०२३ लाई क्षेत्रगत अवधारणा (SWAp) अनुरूप कार्यान्वयन गर्ने ढाँचा अपनाउन सिफारिस गरिएको छ भने नेपाल व्यापार एकीकृत रणनीति कार्यान्वयन गर्न छुट्टै बजेट उपशीर्षकको व्यवस्था गर्न प्रस्ताव गरिएको छ । रणनीतिको आधारमा तयार गरिएको वार्षिक कार्यक्रमको लागि यसै उपशीर्षकमा बजेट प्रबन्ध गर्ने र बजेटको अख्तियारी राष्ट्रिय कार्यक्रम कार्यान्वयन इकाईलाई दिने व्यवस्था गर्न प्रस्ताव गरिएको छ । इकाईले सम्बन्धित कार्य कार्यान्वयनको लागि जिम्मेवार निकायलाई स्वीकृत कार्यक्रम अनुसार बजेटको अख्तियारी विधिलाई पनि रणनीतिमा प्रस्ताव गरिएको छ ।
यसै गरी बजेट तर्जुमा गर्दा रणनीति कार्यान्वयन बजेट सीमाको आधारमा राष्ट्रिय कार्यक्रम कार्यान्वयन इकाईले सम्बन्धित निकायलाई बजेट सीमा सहित कार्यक्रम प्रस्ताव गर्न अनुरोध गर्ने, सम्बन्धित निकायबाट प्राप्त प्रस्तावको आधारमा वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गरी राष्ट्रिय निर्देशक समितिबाट स्वीकृत गराई अर्थ मन्त्रालय तथा राष्ट्रिय योजना आयोगमा कार्यक्रम तथा बजेट प्रस्ताव गरिने विधिलाई यस रणनीतिमामा प्रस्ताव गरिएको छ ।
यो रणनीति कार्यान्वयन गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत रहेका स्वायत्त संस्था, निजी क्षेत्रका छाता संस्था तथा मातहतका निकायहरू, विषयगत मन्त्रालय तथा निकायहरू, विदेशस्थित नेपाली कूटनीतिक नियोगहरू, अवैतनिक वाणिज्यदूत र नेपालस्थित विदेशी कुटनीतिक नियोग र मुलुकका अवैतनिक

वाणिज्यदूत, विकास साझेदारबीचको सहकार्य, सहयोग र समन्वयलाई प्रभावकारी आवश्यक रहेको पक्षलाई आत्मसात् गर्दै यसका लागि पनि रणनीतिमा कार्यान्वयन विधिको प्रस्ताव समेत गरिएको छ ।

कोशी प्रदेशको सामान्य परिचयः

नेपालको संविधान २०७२ लागू भएपछि विसं २०७२ असोज ३ गते राज्य विभाजन गरी बनेका ७ प्रदेशहरू मध्ये कोशी प्रदेश भौगोलिक हिसावले नेपालको पूर्वमा अवस्थित छ । अक्षांशको हिसाबले यो प्रदेश २६० २७' १५ "पर्दछ भने देशान्तरको हिसाबले ८७० १६' ४७" मा अवस्थित छ । पूर्वका मेची, कोशि र सगरमाथाका १४ वटा जिल्लालाई समाहित गरी यो प्रदेश निर्माण गरिएको छ ।भौगोलिक अवस्था अनुसार तीन तहमा विभाजन गरिएको यो प्रदेश समुद्री सतहबाट ७० मी. देखि ८८४८ मी. को उचाईमा रहेको छ । देशका ७ प्रदेश मध्ये कोशी प्रदेश धार्मिक, पर्यटन र औद्योगिक व्यापारको हिसाबले अग्रणी स्थानमा देखिएको छ । यहाँ कृषि, जलस्रोत र पर्यटनको प्रचुर सम्भावना छ । प्रदेशमा ताप्लेजुङ, संखुवासभा र सोलुखुम्बु सहित तीन हिमाली जिल्ला, उदयपुर, खोटाङ, ओखलढुंगा, भोजपुर, धनकुटा, तेह्रथुम, पाँचथर, इलाम सहित आठ पहाडी जिल्ला तथा झापा, मोरङ र सुनसरी तराईका जिल्लाहरु हुन् । एक महानगरपालिका, दुई उपमहानगर, ४६ नगर र ८८ वटा गाउँपालिका सो प्रदेशमा छन् । २५ हजार ९ सय ५ वर्ग किलोमिटर क्षेत्रफलको यो प्रदेशको जनसंख्या ४५ लाख ३४ हजार ९ सय ४३ रहेको छ । विं सं. २०६८ को जनगणनानुसार जनघनत्व १७५.०६ रहेको छ । प्रदेश नम्बर १ को जनसंख्या र भौगोलिक क्षेत्रफलले नेपालको १७ प्रतिशत हिस्सा ओगटेको छ । प्रदेशमा साक्षरता दर ६५ प्रतिशत छ । प्रदेशमा भौगोलिक, हावापानी, सभ्यता, संस्कृतिको विविधता छ ।

कोशी प्रदेशको आर्थिक परिदृष्य

केन्द्रीय तथ्याँक विभागको प्रादेशिक कुल ग्राहस्थ उत्पादन सम्वन्धी प्रकाशित सन् २०१८ को तथ्याँक अनुसार नेपालको कुल ग्राहस्थ उत्पादन (रु. ३४ खर्ब ६४ अर्ब ३२ करोड) मा कोशी प्रदेश को हिस्सा १४.६० प्रतिशत (रु ५ खर्ब ५ अर्ब ८५ करोड) रहेको छ । तुलनात्मक रुपमा हेर्दा कोशी प्रदेश कूल ग्राहस्थ उत्पादनमा दोस्रो नम्बरमा रहेको छ ।क्षेत्रगत रुपमा हेर्दा कोशी प्रदेश को कुल ग्राहस्थ उत्पादनको संरचना देहाय बमोजिम रहेको छ ।

वर्गकरण (मूल्य रु. दशलाखमा)	प्रदेश (GDP)	हिस्सा(%)
कृषि तथा बन	१७६०९५	३६.३७
मत्स्य	१८५८	०.३८
खनिज	२५२८	०.५२
म्यानुफ्याक्चरिङ	३७६४०	७.७७
विद्यतु, ग्यास र पानी	८३५२	१.७३
निर्माण	४३७७६	९.०४
थोक तथा खुद्रा व्यापार	४६१७९	९.५४
होटेल तथा रेष्टुरेण्ट	९३२७	१.९३
यातायात, भण्डारण र सञ्चार	२३४५५	४.८४
वित्त	१७४१३	३.६०
रियलस्टेट, भाडा तथा व्यापारिक क्रियाकलापहरु	३३१५७	६.८५
सार्वजनिक प्रशासन र रक्षा	१२४५५	२.५७

वर्गकरण (मूल्य रु. दशलाखमा)	प्रदेश (GDP)	हिस्सा(%)
शिक्षा	३३८२१	६.९९
स्वास्थ्य तथा सामाजिक कार्य	१००२५	२.०७
अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवा क्रियाकलापहरु	२८०५९	५.८०
श्रोतः केन्द्रिय तथ्याङ्क विभाग		

कोशी प्रदेशको निर्यात सम्भाव्य तथा अन्तरप्रदेश व्यापार सम्बन्धी SWOT विश्लेषणः

सवल पक्ष (Strength)

- भौगोलिक विविधतायुक्त प्रदेश (७० देखि ८८४८ मिटर सम्मको भूभाग),
- मलिलो खेती योग्य जमिन,
- उच्च मूल्य प्राप्त हुने नगदे बाली उत्पादन केन्द्रको रुपमा परिचित,
- विराटनगर धरान औद्योगिक करिडोर एवं सम्भावनायुक्त व्यापारिक केन्द्रहरु,
- प्रशस्त सडक सञ्जाल, भारत र चीनलाई जोड्ने कोशी राजमार्ग प्रस्तावित रेल एवं जल यातायात,
- विद्युत उत्पादनमा आत्मनिर्भता उन्मुख,
- हिन्दू र किरात धर्मावलम्वीहरुको लागि धार्मिक महत्वको प्रदेश,
- शाहसिक तथा धार्मिक पर्यटनका लागि आकर्षक गन्तव्य,
- देशका महत्वपुर्ण नाकाहरु यसै प्रदेशमा रहेको,

दुर्बल पक्ष (Weakness)

- जनशक्तिको अभाव,
- सिंचाई सुविधाको कमी,
- आधुनिक प्रविधिको कमी,
- कृषियोग्य जमीन बाँझो र घडेरी बनाउने प्रवृत्ति बढ्दो,
- न्यून उत्पादकत्व,

अवसर (Opportunities)

- चीन, भारत, बंगलादेश र भुटान सम्मको छिमेकी बजार,

- धार्मिक, साहसिक पर्यटन तथा पदयात्राको लागि पर्याप्त पर्यटक,
- नेपाल, भारत तथा भुटान समान भाषा, संस्कृति र रहनसहन,
- कलकत्ता हल्दिया, भाईज्याग (विशाखापटनम), बंगलादेशको चटगाउँ, मोंगला सामूद्रिक बंदरगाहसम्मको पहुँच,
- प्रदेशमा उत्पादित वस्तुको अन्तराष्ट्रिय रुपमा उच्च माग,

हाँक (Threat)

- भारतीय कृषि क्षेत्रलाई प्राप्त सुविधा (अनुदान, प्रोत्साहन, ढुवानी, बीमा, ऋणमा छुट, न्युनतम समर्थन मूल्य खरिदको प्रत्याभूति सहित) ले भारतीय उत्पादनको लागत कम हुनु,
- इकोनोमी अफ स्केल (ठूलो परिमाणमा उत्पादन हुँदा प्रति इकाई लागत मूल्यमा हुने कमी) का कारण भारतीय वस्तुहरुसँग नेपाली वस्तुको लागत मूल्य तुलनात्मक रुपमा बढी हुनु,
- अन्तर्राष्ट्रिय जगतमा जनशक्ति (अर्धदक्ष) को मागको कारणले युवा विदेश पलायन हुने क्रमले गर्दा कृषि तथा औद्योगिक क्षेत्रमा जनशक्तिको कमी हुनु,

कृषिः

प्रदेशको घोषित नीति तथा कार्यक्रम अनुसार सम्पूर्ण कृषि उपज, फलफूल तथा माछापालन आदिको क्षेत्रमा स्थानीय उत्पादनहरुमा आत्मनिर्भर भई आगामी ५ वर्ष भित्रमा कृषिजन्य वस्तुहरुको उत्पादन निर्यात गर्न सक्षम तुल्याइने उल्लेख छ । कृषि उपजको निकासका लागि आन्तरिक वजार विस्तारका साथै छिमेकी देशहरु भारत, वंगलादेश, चीन तथा अन्य मुलुकहरुमा बजारीकरणका लागि सहजीकरणको गरिने उल्लेख छ ।

तराईका झापा, मोरङ र सुनसरी अन्न उत्पादनका भण्डार मानिन्छन् । कृषिमा आधुनिकीकरण गर्दै उत्पादन बढाउने हो भने यी जिल्लाले सिंगो प्रदेशलाई नै खाद्यान्नमा आत्मनिर्भर बनाउन सक्ने देखिन्छ । प्रदेशमा मकै, गहुँ, अमलिसो, अदुवा, अलैंची, चिया, आलुलगायत पनि उत्पादन हुन्छ। कृषिको आधुनिकीकरण गर्ने हो भने यो प्रदेशलाई खाद्यान्नमा आत्मनिर्भर बनाउन सक्छ । धान उत्पादनका साथै मकै, गहुँ, दाल र अन्य तरकारीजन्य उत्पादनका लागि १ नम्बर प्रदेश आत्मनिर्भर छ। विगतमा यो क्षेत्रबाट धान, गहुँ, तोरी लगायतका कृषिजन्य उत्पादन निर्यात हुने गर्दथ्यो । अनुकूल सरकारी नीति, कृषिको आधुनिकीकरण र यान्त्रीकरण, कृषकलाई प्रोत्साहन, सिंचाइ, मल र उन्नत जातको बिउ उपलब्ध गराउन सके निर्यात समेत गर्न सकिने अवस्था विद्यमान छ । विशेष गरी धान, गहुँ, मकै, दाल, मुसुरो दाल, चिया, अदुवा, मम्लिसो, अलैंची यो क्षेत्रका मुख्य उत्पादन हुन् ।

उद्योग:

चिनी, सलाई, स्टिल, भाँडा, धागो, कपडा, फलाम, छाला, विस्कूट, चाउचाउ,सावुन, कन्फेक्सनरी, प्लाईउड, तेलहन लगायतका उद्योगहरू स्थापना भएका छन । जुट, अदुवा, चिया तथा दुग्धजन्य पदार्थ लगायतका कृषिजन्य उद्योगहरू समेत यस प्रदेशमा संचालनमा रहेका छन । केन्द्रिय तथ्याङ्क विभागका अनुसार मोरङ–सुनसरी औद्योगिक क्षेत्र सहित कोशी प्रदेशमा ७२२ को हाराहारीमा सानाठूला उद्योग छन् । भारत तर्फ पशुपतिनगर, काँकडभिट्टा, जोगबनी तथा भण्टाबारी नाका संचालन भईरहेका छन् भने चीनको किमाथांका, ओलाङचुङ्गोला नाका संचालनको

क्रममा रहेका छन्। उत्तर दक्षिण कोशी राजमार्ग, मेची राजमार्गको निर्माण, विशेष आर्थिक क्षेत्रको स्थापना, दक्ष जनशक्तिको व्यवस्थापन तथा अन्य भौतिक संरचनाको विकास लगायतका सुविधा प्राप्त भए कोशी प्रदेशमा ओद्योगिक विकासको प्रबल सम्भावना रहेको छ।

कोशी प्रदेशमा संचालित उद्योगहरुः

उद्योगको विवरण	संख्या
धातुका तथा खनिज उत्पादन	७१
खाद्य प्रशोधन सम्वन्धी	२६२
रबर तथा प्लाष्टिक	४५
धातुका फ्रब्रिकेटेड उत्पादन	३४
काष्ठजन्य	९४
कपडा	३४
रसायन	२६
छाला	१७
औषधी	६
फर्निचर	६५
आधार धातु	९
तयारी पोशाक	४
कागज	२९
पेट्रोलियम प्रशोधन	२
विजुलीका सामान	८
मेशिनरी	३
मोटर भेहिकल	५
सूर्ति	४
अन्य	४
कुल	७२२

श्रोतःकेन्द्रिय तथ्याङ्क विभाग

ऊर्जाः

यस प्रदेशमा १० वटा ठूला जलाशययुक्त आयोजनाबाट मात्र ७ हजार ५ सय मेगावाट बिजुली उत्पादन सम्भावना रहेको छ । ३ हजार ४ सय ८९ मेगावाट क्षमताको सप्तकोसी उच्च बाँध, १ हजार ३ सय ५७ मेगावाटको सुनकोसी–१, ७ सय ६२ मेगावाट तमोर, ६ सय ९६ मेगावाट तमोर–१ आयोजना यस प्रदेशमा पर्दछन् । त्यसैगरी कन्काई (८४), दूधकोसी–१ (३००), दूधकोसी–२ (३००), माई (६२), अपर माई (५३),

तमोर–३ (१८६) लगायत आयोजनाको सम्भावना यस प्रदेशले बोकेको छ । अरुण तेस्रो निर्माणको प्रक्रियामा अगाडि बढिसकेको छ । जहाँबाट ९ सय मेगावाट विद्युत् उत्पादन हुने अनुमान छ । अहिले प्रदेशमा विद्युत् उत्पादन ४० मेगावाट छ । आर्थिक वर्ष २०७५/०७६ को अन्त्यसम्ममा निर्माणाधिन आयोजनाबाट मात्रै ३ सय ५ मेगावाट विद्युत् उत्पादन हुने देखिन्छ । ऊर्जा मन्त्रालयको तथ्यांक अनुसार प्रदेशमा १ सय ८० मेगावाट विद्युतको माग छ । हाल प्रदेशका लागि भारतबाट झन्डै १ सय ३० मेगावाट विद्युत् आयात भइरहेको छ । ऊर्जा मन्त्रालयका अनुसार आर्थिक वर्ष २०७६ को अन्त्यसम्ममा कोशी प्रदेशबाटै अरुण र सप्तकोसीका ठूला आयोजना बाहेक साना आयोजनाबाट मात्रै ४ सय ७६.७३ मेगावाट विद्युत् उत्पादन हुनेछ । त्यति बेलासम्ममा विद्युत् मागको १५ प्रतिशतले वृद्धि हुने प्रक्षेपण अनुसार ३ सय १४ मेगावाट आवश्यक पर्नेछ । प्रस्तावित आयोजना र ठूला आयोजनाहरूको निर्माण सम्झौता हुने र निर्माण कार्य सम्पन्न हुने हो भने प्रदेशमा २१ सय मेगावाट विद्युत् उत्पादन हुने सम्भावना छ । यस प्रदेशमा भएका सम्भावनायुक्त आयोजना निर्माण सम्पन्न हुने हो भने हाल मुलुकले आयात गरिरहेको पेट्रोलियम पदार्थको आयात प्रतिस्थापन हुनुका साथै यस क्षेत्रको आर्थिक वृद्धिदर बढ्ने देखिन्छ ।

खनिजको अवस्थाः

जिल्लाको नाम	खनिजको नाम	उपयोग
भोजपुर	Calcite	एसिड न्यूट्रलाइजेशन, माटोको उपचार, चूना उत्पादन
धनकुटा	Limestone,Calcite, Dolomite	सिमेन्ट उत्पादन, रासायनिक उद्योगमा मैग्नेशिया को स्रोत, कृषि माटो उपचार
ईलाम	Limestone, Polymetal	सिमेन्ट उत्पादन
खोटाङ्ग	Limestone	सिमेन्ट उत्पादन
मोरङ्ग	Copper	भाँडाकुडा, औद्योगिक उत्पादन
पाँचथर	Calcite	एसिड न्यूट्रलाइजेशन, माटोको उपचार, चूना उत्पादन
संखुवासभा	Quartz, Tourmaline	रत्न पत्थर
सोलुखुम्बु	Aquamarine, Copper	रत्न पत्थर
ताप्लेजुङ्ग	Quartz, Tourmaline	रत्न पत्थर
उदयपुर	Limestone, Red Clay	सिमेन्ट उत्पादन, भाँडाकुडा उत्पादन

प्रदेशका भोजपुर, धनकुटा, ईलाम, खोटाङ्ग, मोरङ्ग, पाँचथर, संखुवासभा, सोलुखुम्बु, ताप्लेजुङ्ग तथा उदयपुरमा खानीको सम्भावना रहेको विभिन्न अध्ययनहरुले देखाएको छ । उक्त जिल्लाहरुमा प्राप्त हुने सम्भावित खनिज पदार्थमा Calcite, Limestone, Dolomite Polymetal, Copper, Quartz, Tourmaline, Aquamarine, Red Clay पर्दछन । उल्लेखित वस्तुहरु हाल विदेशबाट आयात गर्नु परेको अवस्था छ । उपलब्ध हुने खानीको उत्खनन गरी सदुपयोग गर्ने हो भने उलेख्य मात्रामा आयात प्रतिश्थापन हुन गई निर्यात समेत गर्न सकिने देखिन्छ ।

अन्तरप्रादेशिक व्यापारः

कोशी प्रदेश खाद्यान्न उत्पादनमा करिव आत्मनिर्भरको अवस्थामा रहेको छ । केन्द्रिय तथ्याङ्क विभागबाट प्रकाशित तथ्याङ्कलाई विश्लेषण गर्दा कोशी प्रदेशमा चामल, मकै, गहुँ, कोदो, फापर र जौ जस्ता खाद्यान्न उत्पादनमा आत्मनिर्भर रहेको छ ।

प्रादेशिक संतुलनलाई हेर्ने हो भने खाद्यान्न उत्पादनमा यो प्रदेश अग्रणी स्थानमा रहेको छ ।धान चामल र मकैमा उत्पादनमा प्रदेश अन्य प्रदेशको तुलनामा सबै भन्दा माथि छ भने अन्य उत्पादनहरु उपभोग पश्चात बचतको अवस्थामा रहेको देखिन्छ ।माथि उलेखित उपभोग केवल मानवीय उपभोगलाई आधार मानेर प्रस्तुत गरिएको हो । मानवीय उपभोगको अतिरिक्त अन्य प्रयोजन समेतलाई विस्तृत अध्ययन गरी अन्तरप्रादेशिक व्यापारको लागि हुने बचतलाई यकिन गर्न आवश्यक छ ।

यो प्रदेशमा धान, चामल, मकै, गहुँ, कोदो, दलहन, तेलहन, तरकारी, केरा, आँप, माछा, मासु, मसला, चिनी, जुस, दुग्ध पदार्थ, फुल, पशु आहार, काठ, कागज, तयारी पोशाक, जुत्ता, फर्निचर, खेलौना, कलम डड्पेन, पेन्सिल, प्लाष्टिकका भाडाकुँडा, टुथपेष्ट, साबुन, सेम्फू, छालाका सामानहरु, स्पिरीट, मदिरा आदी वस्तुहरु उत्पादन गरी यी वस्तुहरुको आवश्यक पर्ने अन्य प्रदेशहरुमा अन्तरप्रादेशिक व्यापार गर्न सके केहि हदसम्म आयात प्रतिस्थापन गर्न सकिने देखिन्छ ।

अन्तरप्रादेशिक व्यापार हुने वस्तुहरुको विश्लेषणः

(१) धान चामलः

(२) गहुँ

नेपालको अर्को प्रमुख खाद्यबालीमा गहुँ पनि पर्दछ । विश्वको कुल गहुँ उत्पादनमा नेपालको हिस्सा करीव ०.२४ प्रतिशत रहेको छ । कृषि तथा पशुपक्षी मन्त्रालयको तथ्याँक अनुसार कोशी प्रदेशमा गहुँ उत्पादन १, लाख ७९ हजार ६९५ मे.ट रहेको र औसत राष्ट्रिय उपभोगका आधारमा हिसाव गर्दा यस प्रदेशमा १ लाख १७ हजार ४७१ मे.ट. गहुँ उपभोग भई बाँकी ६२ हजार २२४ मे.ट. बचत भएको देखिन्छ । यो परिणाम अन्तरप्रदेश व्यापार तथा अन्य खाद्य उद्योगमा प्रयोग गर्न सकिने सम्भावना रहेको छ । यस प्रदेशको गहुँ उत्पादनको हिस्सा नेपालको कुल गहुँ उत्पादनमा ९.५६ प्रतिशत र क्षेत्रफलमा ८.९५ प्रतिशत हिस्सा रहेको देखिन्छ ।

कृषि तथा पशुपंक्षी मन्त्रालय उत्पादन सम्बन्धी तथ्याङ्क तथा केन्द्रिय तथ्याङ्क विभागको मानवले प्रतिदिन उपभोग गर्ने परिमाण (प्रति वर्ष प्रति व्यति २१.२ के.जी)लाई हेर्दा नेपाल गहुँमा बचतमा रहेको छ । नेपालले आ.व २०७४।७५को आयात तथ्याङ्क हेर्दा मुलुकमा करिव २.८४ अरव रुपैया बराबरको १०४८९९.१ मे. टन गहुँ आयात गरेको देखिन्छ । यो गहुँ मानव उपभोगका साथै विभिन्न मदिरा जन्य उद्योग, पशुपक्षीको आहार (दाना), चाऊचाऊ, विस्कुट, ओट्स,, पाउरोटी आदिमा उपयोग भइरहेको छ । यदि मुलुकमा सिंचाइ, उन्नत जातको बीउ र समयमा मलहरु पुऱ्याउन सकिएमा अधिक उत्पादन भई आयातलाई न्यून गर्न सकिन्छ ।

मकैः

नेपालको अर्को प्रमुख खाद्यबालीमा मकै पनि पर्दछ । विश्वको कुल मकै उत्पादनमा नेपालको हिस्सा करीव ०.२० प्रतिशत रहेको छ । कृषि तथा पशुपक्षी मन्त्रालयको तथ्याँक अनुसार प्रदेशमा मकै उत्पादन ६, लाख ६० हजार ९७५ मे.टन रहेको र औसत राष्ट्रिय उपभोगका आधारमा हिसाव गर्दा यस प्रदेशमा ८३ हजार ९०८ मे.टन मकै उपभोग भई बाँकी ५लाख७७ हजार ०६७ मे.टन बचत भएको देखिन्छ ।

यो परिणाम अन्तरप्रदेश व्यापार तथा अन्य खाद्य उद्योगमा प्रयोग गर्न सकिने सम्भावना रहेको छ । यस प्रदेशको मकै उत्पादनको हिस्सा नेपालको कुल मकै उत्पादनमा २९ प्रतिशत र क्षेत्रफलमा २९ प्रतिशत रहेको देखिन्छ ।

कृषि तथा पशुपंक्षी मन्त्रालय उत्पादन सम्बन्धी तथ्याङ्क तथा केन्द्रिय तथ्याङ्क विभागको मानवले प्रतिदिन उपभोग गर्ने परिमाण (प्रति वर्ष प्रति व्यति १७.६ के.जी) लाई हेर्दा नेपाल मकैमा बचतमा रहेको छ । यो मकै मानव उपभोगका साथै विभिन्न मदिरा जन्य उद्योग, पशुपक्षीको आहार (दाना), ओट्स, फ्रेल्क्स आदिमा उपयोग भइरहेको छ । यदि मुलुकमा सिंचाइ, उन्नत जातको बीउ र समयमा मलहरु पुर्‍याउन सकिएमा अधिक उत्पादन भई आयातलाई न्यून गर्न सकिन्छ ।

चिनीः

प्रदेशमा उखु उत्पादनको मात्रा उल्लेख्य मात्रामा नरहेको भएता पनि औद्योगिक रुपमा सुनसरी जिल्लामा अवस्थित ईस्टर्न सुगर मिलबाट चिनीको उत्पादन भने हुदै आएको छ ।चिनी उत्पादनमा यो प्रदेश आत्मनिर्भर भएता पनि नेपालमा चिनीको आयात उल्लेख्य रुपमा हुँदै आएको छ ।

सिंचाई,मल, वीउहरु समय मै उपलव्ध गराउन सकेको खण्डमा प्रदेशका ऊखुको उत्पालनमा वृद्धि हुन गई चिनीमा हुने आयात केही हदसम्म प्रतिस्थापन हुने र अन्य प्रदेशमा चिनी आपूर्ति हुन सक्ने देखिन्छ

आलुः

नेपालको प्रमुख तरकारी वालीमा आलु पनि पर्दछ । विश्वको कुल आलु उत्पादनमा नेपालको हिस्सा २६ औं स्थान सहित नेपालको कुल हिस्सा करीव ०.७ प्रतिशत रहेको छ । कृषि तथा पशुपक्षी मन्त्रालयको तथ्याँक अनुसार प्रदेश नं. १ मा आलु उत्पादन ८ लाख ८० हजार मे.ट रहेको छ।

नेपालको आलु आयातको विवरण (आर्थिक वर्ष

देश	परिमाण मे.ट.मा	मूल्य रु अर्बमा	प्रतिशत हिस्सा	प्रति केजी मूल्य रु मा
भारत	३६०,२९७	५.९५	९६.३४	१६.५०
बँगलादेश	१७,४७९	०.२३	३.६६	१२.९४
अन्य	१	०.००	०.००	२४.१४

श्रोतः व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

माथि उल्लेखित वस्तुहरुका अतिरिक्त कोशी प्रदेशमा अन्य धेरै कृषिजन्य उत्पादनका साथै औद्योगिक उत्पादनहरुमा आत्मनिर्भर भई विदेश निकासीका साथै अन्तरप्रादेशिक व्यापार गर्न सक्षम रहन सक्ने सम्भावना रहेको छ । औद्योगिक उत्पादनको हकमा उत्पादन परिमाण लगायत अन्य विषयहरुको थप अध्ययन गरी आवश्यक नीति निर्माणका साथै उपयूक्त व्यवस्थापनद्धारा अन्तरप्रादेशिक व्यापारका साथै बाह्य निकासी गर्न सकिने अवस्था विद्यमान देखिन्छ ।केहि महत्वपूर्ण कृषिजन्य वस्तुहरुको उत्पादन अवस्था
निम्नानुसार रहेको छ ।

प्रदेशका केहि निकासीयोग्य वस्तु तथा सेवाहरुको विश्लेषणः

चियाः

श्रोतः www.google.com

नेपालमा विशेषतः ३ प्रजातिको चिया खेती गरिन्छ । आसामी (*Camellia asamica*) र कम्बोडियाली (*Camelia asamica* spp *lasiocalyx*) प्रजातिको चिया सिटिसी चिया उत्पादनको लागि प्रयोग हुन्छ भने चिनिया प्रजातिको चिया *Camellia sinesis*) मुख्यतया अर्थोडक्स चियाको उत्पादनमा प्रयोग हुन्छ ।चिया पारखीहरूका अनुसार नेपाली अर्थोडक्स चियाको गुण, बास्ना तथा स्वाद करिव करिव विश्वप्रसिद्ध दार्जिलिङ चियाकै जस्तो छ । दार्जिलिङकै आसपासमा रहेको इलामको हावापानी र भूबनोट पनि दार्जिलिङकै जस्तो भएकाले यस्तो समानता देखिएको जानकारहरू बताउँछन् ।कतिपय चिया पारखीहरू त नेपालको जैविक विविधता तथा विशिष्ट भूबनोटले गर्दा खास खालको चिया दार्जिलिङको भन्दा पनि उत्कृष्ट रहेको विश्वास गर्छन् ।त्यस्तै, नेपाली सिटिसी चिया पनि कडकपन, चमकपन र तिक्खरताका लागि प्रसिद्ध छ ।

देशका ७७ जिल्लाहरु मध्ये १४ जिल्लामा मात्र व्यावसायिक रुपले चिया खेती गरेको पाईएको छ । ती १४ जिल्लामा ९ हजार २ सय ३६ कृषक/व्यवसायीहरुले व्यावसायिक चिया खेती गरेको देखिन्छ । जसमध्ये ९ हजार १ सय २७ (९८.८%) ले व्यक्तिगत रुपमा र १०८ (१.२%) ले संस्थागत रुपमा चिया खेती गरेको देखिन्छ । यी ९२३६ कृषक/व्यावसायीहरुले १२०६६.५ हेक्टरमा चिया खेती गरेको देखिन्छ । त्यसमध्ये सबैभन्दा धेरै झापा जिल्लामा ७१९५.१५ हेक्टरमा र सबैभन्दा कम मोरङ्गमा २५ हेक्टरमा चिया खेती गरेको पाईएकोछ ।

चिया प्रमुख आयातकर्ता देशहरुमा पाकिस्तान, रसिया, अमेरीका, बेलायत, इजिप्ट, जर्मनी,, मोरक्को, जापान, भियतनाम, फ्रान्स आदी देशहरु पर्दछन्।

अलैंची:

श्रोतः www.google.com

अलैंची (Amomum subulatum Roxb.) पहाडी भेगमा पाइने एक वनस्पति हो । वनस्पति जगतको Zingiberaceae परिवार अन्तर्गत पर्ने अलैंची (Black cardamon) एक अत्यन्तै उपयोगी बहुवर्षिय पोथ्रा Perennial Herb हो । नेपाल बाहेक भुटान, श्रीलङ्का, मलेशिया र चिनमा पनि यसको खेती गरिन्छ भने विभिन्न प्रजातीका अलैंचीहरू इण्डोचिन उत्तरपूर्वी भारत तथा पूर्वी र पश्चिमी अफ्रिकामा पनि पाइन्छन् । नेपाल, भारत र भुटान विश्वका अत्याधिक परिमाणमा अलैंची उत्पादन गर्ने मुलुकमा पर्दछन् । यो मसला तथा घरेलु औषधिको रूपमा प्रयोग गरिन्छ । यो वनस्पति कुनै पनि भिरालो परेको जमीन या अग्ला अग्ला रुख भएको ठाउँमा पनि खेति गर्न सकिन्छ । यस कारण यो वनस्पति खेर गएको जमीनमा सहि सदुपयोग गर्न सकिन्छ साथै जमीनलाई भू-क्षय हुनबाट पनि बचाउन सकिन्छ ।

अलैंची खेती गर्न समुद्री सतहबाट ७०० मिटर देखि २२०० मिटर सम्मको उचाइ, ८ देखि २० डिग्री सेल्सियस तापक्रम, दोमट माटो र वार्षिक १५०० देखि ५००० मिलिमिटर वर्षा हुने सेपिलो उत्तर मोहडा भएको ठाउँ उपयुक्त मानिन्छ। 'डम्मरसाई', 'रामसाई', 'चिवेसाई', 'गोलसाई', 'राम्ला', 'साउने', आदि अलैंचीका प्रमुख जात हुन्। डम्मरसाई ७०० देखि १२०० मिटरको उचाइसम्म र रामसाई त्यसभन्दा पनि माथि २१०० मिटरसम्ममा लगाउन सकिन्छ। १२०० मिटरभन्दा माथि नै लाग्ने साउनेको दाना ठूलो हुने र यसमा रोग कम लाग्ने भएकोले रामसाईभन्दा कम फले पनि किसानहरू साउनेप्रति आकर्षित भएको पाईन्छ।

नेपालमा पूर्वी पहाडबाट शुरु भएको अलैंचीको खेती ३६ जिल्लामा फैलिएको छ। यद्यपि अलैंची लगाइएको ९७ प्रतिशत क्षेत्र पूर्वाञ्चलका १२ जिल्लामा र बाँकी तीन प्रतिशत मात्रै अन्य जिल्लामा पर्दछ। नेपालमा सबैभन्दा बढी अलैंची खेती गर्ने जिल्लामा ताप्लेजुङ्ग, (३६४७ हे.), संखुवासभा (३२५९ हे.) र इलाम (२७७४ हे.) पर्दछन्। हाल नेपालमा १२ हजार ५११ हेक्टर क्षेत्रफलमा अलैंचीको उत्पादन हुने गरेको छ । नेपालमा कूल करिव १७ हजार हेक्टर जमिन अलैंची खेतीको लागि उपयुक्त देखिएको छ । औषत उत्पादकत्वलाई आधार मानेर हेर्दा उपलब्ध हुने सम्पुर्ण जमीनको उपयोग गर्ने हो भने ८ हजार ८ सय मे.टन सम्म अलैंचीको बढाउन सकिने देखिन्छ ।

अलैंची एउटा मसला बाली भएकोले प्राचीन समय देखि नै यसलाई एक महत्वपूर्ण र महङ्गो मसलाको रूपमा प्रयोग गरिंदै आएको छ ।यसको सुगन्धित बीयाँबाट Cineole नामक उडनशील सुगन्धित औषधीय र मसलाको गुणयुक्त तेल प्राप्त हुन्छ । यसको तेल मिठाई, केक, पेष्टी आदिलाई सुगन्धित बनाउन प्रयोग गरिन्छ ।बीयाँ पानसंग पान मसालाको रूपमा खाईन्छ । आयुर्बेदिक र यूनानी चिकित्सामा घाँटीदुखेको, फोक्सोमा अवरोध रहेको, आँखाको ढकनी\पलक (Eye-lid) सुन्निएको, पाचन प्रणालीमा गडबडी, फोक्सोको क्षयरोग आदिको उपचार गर्न अलैंचीको प्रयोग गरिन्छ ।अरब देशहरूमा चिया र कफी बनाउन तथा युरोपियन देशहरूमा उच्चकोटिको मदिरा तयार गर्न टिन्चर र कफी बनाउन अलैंचीको प्रयोग गरिन्छ ।सौन्दर्य प्रशाधनहरू निर्माण, मसलाजन्य वस्तु उत्पादन तथा औषधीय वस्तुहरुको उत्पादनमा प्रयोग गरिन्छ।अन्य खेतीको लागि काम नलाग्ने जग्गामा पनि अलैंची खेती गर्न सकिन्छ । अलैंची खेतीले भूक्षय तथा पहिरो समेतलाई रोकथाम गर्न सघाउ पुऱ्याउँछ ।

नेपाल विश्व अलैंची निकासीकर्ता देश मध्ये तेस्रो स्थानमा रहेको छ । तथापी अलैंची निकासीमा नेपालले भारतको भर पर्नु परेको अवस्था तथ्याङ्कले देखाउँदछ ।करिव ९९.९ प्रतिशत नेपालको अलैंची निकासी भारतमा हुने गरेको छ ।भारत बाहेक अफ्रिका, जर्मनी, फ्रान्स आदी देशहरुमा समेत नेपाली अलैंचीको सामान्य निकासी भएको पाईन्छ ।

नेपालबाट भारतले ८४६३ डलर प्रति टनमा ४३२१ टन नेपाली अलैंची आयात गरेको छ ।मूल्यको हिसावले हेर्ने हो भने दक्षिण अफ्रिकाले १४००० डलर प्रति टन मूल्यमा १ टन नेपाली अलैंची आयात गरेको देखिन्छ ।परिमाणको दृष्टिकोणबाट हेर्दा यो सामान्य देखिन्छ तर यसले नेपाली अलैंचीले अन्तर्राष्ट्रिय बजारमा राम्रो मूल्य प्राप्त गर्ने संकेत देखाउँदछ ।प्रति ईकाइ मूल्यको आधारमा खाडी मुलुकहरुले अलैंचीको आयात गर्दा राम्रो मूल्यमा खरिद गरेको देखिन्छ ।तसर्थ नेपालमा उत्पादित अलैंचीलाई आवश्यक प्रशोधन, ग्रेडिङ्गका साथै सम्बन्धित देशको मापदण्ड पुरा गरी मूल्य अभिबृद्धि समेत गरी नेपालले ती देशहरुमा निकासीको पहल गर्न जरुरी देखिएको छ ।

विश्वका प्रमुख अलैंची आयातकर्ता देशहरुमा भारत, जोर्डन, यु.ए.इ., साउदी अरेविया, इजिप्ट, भियतनाम, पाकिस्तान, अमेरिका, सिङ्गापुर, जर्मनी रहेका छन् ।

अलैंचीको निकासी प्रवर्द्धनमा केहि समस्याहरु रहेका छन् । गुणस्तरीय ग्रेडिङ, लेवलिङ, प्याकेजिङ, प्रमाणीकरणको समस्या, नगद प्रोत्साहन प्राप्त गर्न प्रक्रियागत झन्झट हुने, बजार प्रवर्द्धनमा कमी तथा बजार विविधिकरणको अभाव आदी अलैंची व्यापारमा रहेका समस्याहरु हुन् ।यी समस्याहरुको समाधानका लागि निम्न कुराहरुमा ध्यान दिन जरुरी छ ।

- कृषक र निर्यातकर्तालाईग्रेडिङ, लेवलिङ, प्याकेजिङको तालीम दिने तथा त्यसका मेशिन औजारहरु उपलव्ध गराउने,
- खाडी मुलुकका खाद्य गुणस्तरका प्रावधानहरु (हलाल प्रमाणपत्र लगायत) लाई संवोधन गर्ने गरी प्रमाणीकरण गर्ने,
- भन्सार कार्यालय मार्फत निर्यात भएको आधारमा भुक्तानी दिने सरल प्रक्रियाको व्यवस्था,
- प्रमुख बजारहरुमा नेपाल पेभिलियन सहित मेलामा सहभागिता, बिटुबी को आयोजना गर्ने,
- खाडी तथा अन्य मुस्लीम मुलुक केन्द्रित प्रचार प्रसार र बजार प्रवद्र्धनमा विशेष रणनीति तर्जुमा,
- कुटनीतिक नियोगको उपयोग

अदुवा

श्रोतः **www.google.com**

अदुवा नेपालको प्रमुख मसलाबाली अन्तर्गत पर्दछ। यस्लाई अंग्रेजीमा Ginger भनिन्छ। यस्को बैज्ञानिक नाम Zingirber officinale हो र Zingiberaceae परिवार अन्तर्गत पर्दछ। यो एक दलिय (monocotyledonous) बिरुवा हो। अदुवामा मानिसलाई चाहिने ६ वटै तत्वहरु (कार्बोहाइड्रेट, प्रोटिन, चिल्लो पदार्थ, भिटामिन, खनिज पदार्थ, पानी) पाईनुका साथै रेसा तथा अन्य औषधीयुक्त तत्वहरु प्रसस्त मात्रामा पाईन्छ। नेपालमा बिशेष गरी मध्य पहाडी जिल्लाहरुमा अदुवा खेती व्यवसायिक रुपमा हुँदै आएको छ।

यस मसलाबाली लाई ताजा, सुठो वा धुलो रुप्मा बिभिन्न पारीकारमा स्वाद प्रदान गर्न प्रयोग गरिन्छ। अन्य बालीको तुलनामा उत्पादकत्व अत्यधिक भएका कारण यस् बालीबाट मनग्य आम्दानी गर्न सकिन्छ। यसलाई एकलबाली, घुसुवा बाली वा अन्तर्बालीको रुपमा मकै, दाल, तरकारी आदी सँग पनि लगाउन सकिन्छ। बिभिन्न किसिमका आयुर्बेदिक तथा रासायनिक औषधी तथा श्रिङ्गारका बस्तुहरु तयार गर्न समेत अदुवाको प्रयोग गरिन्छ।

अदुवा खेती समुन्द्र सतहदेखी १५०० मिटर उचाई सम्माको क्षेत्रहरुमा सफलताका साथ गर्न सकिन्छ। न्यानो तथा आद्रता भएको जलवायु अदुवा उत्पादन्को लागि अनुकुल मानिन्छ। २०-३० डिग्री तापक्रमसम्म राम्ररी खेती हुने यसबाली १५ डिग्री भन्दा कम तापक्रम भएको स्थानमा बड्न सक्दैन भने लामो समय सम्म ३० डिग्री भन्दा बढी हुने स्थानमा पनि अदुवाको ब्यबसायिक खेती गर्न सकिदैन। रोप्ने समय देखी गानो टुसाउने बेलासम्म हल्का बर्षा हुने, बाली अबधिमा धेरै तर राम्रो सँग बितरित बर्षा हुने ठाउमा अदुवाको सफल खेती गर्न सकिन्छ। अदुवा स्याहार्ने बेला भन्दा करिब एक महिना अगाडि देखी सुखा हुने ठाउँ अदुवाको लागि राम्रो मानिन्छ। प्राङारिक पदार्थ प्रसस्त भएको र पानीको राम्रो निकास भएको माटो अदुवा खेतीको लागि उपयुक्त हुन्छ। पानी जम्ने ठाउँमा गानो कुहिने रोग लाग्ने भएकाले पानीको उपयुक्त निकासको ब्यबस्था गर्नु पर्दछ। दोमट किसिमको माटो सबैभन्दा उत्तम हुन्छ। सफल अदुवा उत्पादनको लागि माटोको pH ५.५ देखी ६.५ सम्म हुनुपर्दछ।

राष्ट्रिय अदुवा अनुसन्धान कार्यक्रमले सिफारिस गरेको एक मात्र जात कपुरकोट-१ हो। नेपालको पुर्बी भेगका किसानहरुले सिक्किम, दार्जिलिङ तिरका भैंसे, गोरुबथाने, माझौले जातका अदुवाको पनि खेती गरेको पाईन्छ। त्यस्तै धादिङका किसानहरुले चाइनिज जात सफलता पूर्व खेती गरिरहेका छन।

रुद्राक्षः

रुद्राक्ष **(Ultrasum Bead Tree , Rosery Nut)** नेपालको मध्य पहाडी क्षेत्रमा पाईने वनस्पति र यसमा फल्ने फल हो । यसको रुख र फल दुबैलाई नेपाली,संस्कृत र हिन्दी भाषामा रुद्राक्ष भनिन्छ । रुद्राक्षको एकै बोटमा एकपटक फल लाग्दा विभिन्न मुख, आकार र विभिन्न नापका दानाहरू फल्दछन् । यसको दानामा माथिबाट झरेका रेखाहरू **(Vertical)** रेखाहरू हुन्छन् । त्यही रेखालाई मुख भनिन्छ र जतिवटा रेखा हुन्छन् त्यति नै मुखे रुद्राक्ष भनिन्छ । रुद्राक्ष एक मुखे देखि २७ मुखे सम्म भएको बिश्वास गरिन्छ । सामान्यतः १ देखि १४ मुखीसम्म मात्र सर्वसुलभ उपलब्ध हुन्छन् । एकमुखी र नौ मुखी देखि १४ मुखी रुद्राक्ष निकै दुलर्भ मानिन्छ ।

नेपालको काश्की, स्याङ्जा, पाल्पा, गुल्मी, भोजपुर, सङ्खुवासभा र धनकुटामा बढी पाइन्छ । नेपाल बाहेक भारत, मलेसिया, थाइल्याण्ड, इण्डोनेसिया बर्मा, इङ्गल्याण्ड, बङ्गलादेश, मलेशिया तथा अस्ट्रेलियामा समेत रुद्राक्ष पाइन्छ । विश्वभरमा यसका जम्मा १२३ प्रजाति पाइएका छन् । यस्को बोट १८/२० मीटर सम्म अग्लो हुने र सदाबहार रहने गर्दछ । यस्को फल गोलाकार,१.३/२ सेमी व्यास तथा काँचो अवस्थामा हरियो रङ्गको हुन्छ । रुद्राक्षको माला धारण गर्नाले मानिसको शरीरमा प्राणको नियमन भै कैयौ प्रकारका शारीरिक तथा मानसिक विकारबाट रक्षा हुने विश्वास गरिन्छ। साथै गहना सौन्दर्यको लागि समेत यसको प्रयोग हुने गरेको छ ।

प्रमुख रुपमा रुद्राक्षको निकासी भारत र चीनमा हुने गरेको छ । आ.व.२०७४/७५ मा नेपालबाट करिव रु. ८ करोड १७ लाख बराबरको रुद्राक्ष ती देशहरुमा निकासी भएको देखिन्छ । नेपालको हावापानी रुद्राक्ष उत्पादनका लागि उपयूक्त भएको हुँदा हाल यसको व्यवसायिक खेतिमा विस्तार हुँदै गएकोले उत्पादन बृद्दि हुन गई निकासीमा सकारात्मक प्रभाव पर्ने देखिन्छ ।

धागोः

नेपालको प्रमुख निकासीयोग्य वस्तुमा धागोले प्रमुख स्थान ओगटेको छ । नेपालबाट बाह्य मुलुकहरु टर्कि र भारतमा हाल धागो निकासी हुँदै आएको छ । निकासीको विगतको तथ्याङ्कलाई हेर्ने हो भने निकासी परिमाण उल्लेख्य मात्रामा बृद्धि हुँदै आएको छ ।नेपालको धागो आयात गर्ने प्रमुख देशहरुमा टर्की र भारत रहेका छन् ।धागो निकासीमा नेपालको हिस्सा ०.५ प्रतिषत रहेको छ भने विश्वको १८ औं स्थान नेपालको रहेको छ ।

धागो आयात गर्ने प्रमुख १० देशहरुमा भारत ब्राजिल टर्की भियतनाम कोरीया बंगलादेश इरान अमेरीका पाकिस्ता तथा मोरक्को रहेका छन् ।

माथि उल्लेखित वस्तुहरुका अतिरिक्त प्रदेशबाट कृषिजन्य वस्तुहरुमा अम्लिसो सुपारी फलफूल दुग्धजन्य पदार्थ छुर्पी चीज जडिबुटी चिराईतो ताजा तरकारी आदी वस्तुहरुको समेत अन्तरप्रादेशिक व्यापार हुनुका साथै बाह्य बजारमा निकासी हुने गरेको छ ।त्यसै गरी औद्योगिक वस्तुहरुमा फलाम तथा सोबाट बनेका सामानहरु जुटका वस्तुहरु छाला तथा सोबाट बनेका सामानहरु चाउचाउ जुत्ताचप्पल आदी वस्तुहरु विदेश निकासी भएका छन् भने तयारी पोषाक विजुलीका सामान खाद्यान्न विस्कुट साबुन डिटरजेन्ट पाउडर पिठो कन्फेक्सनरी प्लाईउड चीनि लगायतका वस्तुहरु अन्तरप्रादेशिक रुपमा व्यापार भएका वस्तुहरु हुन ।

सेवा व्यापारः

शिक्षा र स्वास्थ्यः

विराटनगरका विराट, नोवेल, न्यूरो, ग्रिनक्रस, लाइफगार्ड, हाम्रो, गोल्डेन, सप्तकोसी, विराटनगर आँखा, एम्स लगायत अस्पतालहरूले आन्तरिक एवं वाह्य रुपमा सेवा प्रदान गरिरहेकाछन् । सरकारी स्तरमा कोशी अञ्चल अस्पतालले स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ। कोशी अस्पताललाई टिचिङ हस्पिटल र पूर्वाञ्चल विश्वविद्यालयलाई मेडिकल कलेज सञ्चालनको पनि तयारी भइरहेको छ । कोशी प्रदेशमा पूर्वाञ्चल विश्वविद्यालय र तीनवटा मेडिकल कलेज सञ्चालनमा छन् । उल्लेखित शिक्षा र स्वास्थ्य संस्थाहरुले आन्तरिक रुपमा सेवा दिनुका साथै अन्तरप्रादेशिक एवं भारत र भुटानका जनतालाई समेत सेवा दिईरहेका छन् । यसरी हेर्दा यसप्रदेशले शिक्षा र स्वास्थ्य क्षेक्षमा निकासी प्रवर्द्धनको कार्य समेत गरेको छ ।

धार्मिक पर्यटनः

कोशी प्रदेशको धार्मिक क्षेत्रको हिसाबले निकै महत्वपूर्ण मानिएको छ । प्रदेशमा ताप्लेजुङको पाथीभरा, खोटाङको हलेसी, सुनसरीको बराहक्षेत्र, बूढासुब्बा, पिण्डेश्वरीजस्ता महत्वपूर्ण धार्मिक क्षेत्र छन् । प्रदेशमा धनकुटाको छिन्ताङदेवी, मोरङको सुनवर्षी, झापाको कन्काई धाम, शिवसताक्षीजस्ता धार्मिक क्षेत्र छन् । पाथीभरा र हलेसीमा मात्रै हरेक वर्ष हजारौं आन्तरिक र बाह्य धार्मिक पर्यटकहरू आउने गर्छन् ।

साहसिक तथा वन्यजन्तु पर्यटनः

उच्च सगरमाथादेखि देशकै होचो भूभाग झापाको केचनासम्म रहेको सो प्रदेशमा पर्यटनको प्रचुर सम्भावना बोकेका धेरै स्थान छन् । विश्वको सर्वोच्च शिखर सगरमाथा सहित ८ हजार मिटर माथिका मकालु, लोत्से, कन्चनजंगा, कुम्भकर्ण र चोयू गरी ५ वटा हिमाल छन् । ५ हजार मिटर भन्दा अग्ला ३५ वटा हिमालहरु रहेका छन् । सगरमाथा राष्ट्रिय निकुञ्ज, कन्चनजंघा संरक्षण क्षेत्र र कोसी टप्पु वन्यजन्तु आरक्ष यही प्रदेशमा अवस्थित छ । गुराँसको राजधानी भनेर चिनिने तीनजुरे–मिल्के जलजले क्षेत्र तथा जैविक विविधताले भरिपूर्ण वन जंगल यहीं पर्दछ भने मोरङका मिक्लाजुङ डाँडा, जेफाले डाँडा र बेतना सिमसार, झापाको केचनाकलन, जामुनखाडी सिमसार र अर्जुनधारा, इलामका अन्तुडाँडा र कन्याम, पाँचथरको जोरपोखरी, ताप्लेजुङको पाथीभरा र कञ्चनजंघा हिमशृंखला क्षेत्र, धनकुटाको भेडेटार र नाम्जे, भोजपुरको टयाम्के र मैयुङ डाँडा, संखुवासभाको सभापोखरी, मत्स्यपोखरी र जौबारी महादेव गुफा, सोलुखुम्बुको सगरमाथा, ल्होत्से र चोयु हिमाल, खोटाङको बराहपोखरी र टयाम्के डाँडा, उदयपुरका जाल्पादेवी, लिम्पाटार र रौतापोखरी तथा ओखलढुंगाको सतासीधामजस्ता पर्यटन क्षेत्र प्रचुर सम्भावना बोकेका क्षेत्र हुन् ।

निकासी प्रवर्द्धन र अन्तरप्रदेश व्यापारका व्यवधानहरुः

नेपालको कुल निकासीमा अघिल्लो आर्थिक वर्षको सोही अवधिमा भारततर्फको हिस्सा ७७.६० प्रतिशत रहेकोमा चालु आर्थिक वर्षको सोही अवधिमा सो हिस्सा ६७.८९ प्रतिशतमा झरेको छ । नेपालको निर्यात व्यापारमा महत्वपूर्ण रहेका अन्य मुलुकहरुमा संयुक्त राज्य अमेरिका, जर्मनी, युके, टर्की, फ्रान्स, क्यानडा, चीन, अष्ट्रेलिया, जापान, इटाली, नेदरलेण्ड्स, युएइ र डेनमार्क, प्रमुख रुपमा रहेका छन् ।

पैठारीतर्फ आ.व. २०७९/८० मा अघिल्लो आर्थिक वर्षको तुलनामा पेट्रोलियम पदार्थको आयातमा ७.३ प्रतिशतले ह्रास आई रु. ३०९.७० अर्ब पुगेको छ । समीक्षा अवधिमा फलाम तथा स्टील र तिनका उत्पादनहरुको आयातमा ९.७७ प्रतिशतले ह्रास आई रु. १६७.२९ अर्ब, मशिनरी तथा पार्ट्समा ३०.१ प्रतिशतले ह्रास आई रु. १००.९८ अर्बमा झरेको छ। सूनको आयातमा २.८ प्रतिशतले वृद्धि भई रु ४३.९० अर्ब पुगेको छ। इलेक्ट्रिक र इलेक्ट्रोनिक सामाग्रीहरुमा ५.४ प्रतिशतले ह्रास आई रु. ६५.१७ अर्बमा सीमित रहेको छ । यातायातका साधन र तिनका पार्टपुर्जाको आयातमा ४७.७ प्रतिशतले ह्रास आई रु. ५१.९७ अर्बमा झरेको छ। कच्चा भटमास तेलको आयातमा ३६.७ प्रतिशतले ह्रास आई रु. ३५.५८ अर्बमा झरेको छ। अन्नको आयातमा २३.८ प्रतिशतले ह्रास आई ५६.६३ अर्बमा झरेको छ। समीक्षा अवधिमा औषधीको आयातमा ३७.९ प्रतिशतले ह्रास आई रु. ४४.६४ अर्बमा खुम्चिएको छ। दुरसञ्चारका सामाग्रीको आयातमा ३२.३ प्रतिशतले ह्रास आई रु ३६.३१ अर्बमा झरेको छ। यसैगरी रासायनिक मलको आयातमा ९०.४ प्रतिशतले वृद्धि भई रु ४०.७० अर्ब पुगेको छ । पाम तेलको आयातमा ३४.१ प्रतिशतले ह्रास आई २५.९१ अर्बमा सीमित भएको छ। नेपालको पैठारी व्यापारमा प्रमुख मुलुकहरुमा भारत, चीन, इण्डोनेशिया, युएई, अर्जेन्टिना, मलेशिया, संयुक्त राज्य अमेरिका, अष्ट्रेलिया, युक्रेन,, कतार, थाइलेण्ड, ओमान, बेल्जियम र साउदी अरेबिया प्रमुख रुपमा रहेका छन्।

चालु आर्थिक वर्ष २०७९/८० मा अघिल्लो आर्थिक वर्षको तुलनामा समग्र पैठारीमा ह्रास आउँदा व्यापारघाटामा सुधार भएको छ। यस अवधिमा व्यापारघाटामा १५.५ प्रतिशतले ह्रास आई कुल व्यापारघाटा रु. १४५४.५९ अर्बमा झरेको छ।

आर्थिक वर्ष	निर्यात रु. अर्बमा	आयात रु. अर्बमा	व्यापार घाटा रु. अर्बमा
२०६५/६६	६८।६०	२९१।००	२२२।४०
२०६६/६७	६०।९५	३७५।६१	३१४।६६
२०६७/६८	६४।५६	३९७।५४	३३२।९७
२०६८/७९	७४।०९	४९८।१६	४२४।०७
२०६९/७०	७७।३५	६०१।२१	५२३।८६
२०७०/७१	९१।३६	७२२।७८	६३१।४२
२०७१/७२	८६।६४	७८४।५८	६९७।९४
२०७२/७३	७१।१४	७८१।१५	७१०।०१
२०७३/७४	७३।१३	९८५।९५	९१२।८३
२०७४/७५	८१।३३	१,२४५।१९	१,१६३।८६
२०७६/७७	९७.७१	१,१९६.८०	१,०९९.०९
२०७७/७८	१४१.१२	१,५३९.८४	१,३९८.७१
२०७८/७९	२००.०३	१,९२०.४५	१,७२०.४२
२०७९/८०	१५७.१४	१,६११.७३	१,४५४.५९

श्रोतः व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

यसै गरी नेपालमा आयात हुने प्रमुख वस्तुहरुमा पेट्रोलियम पदार्थ, फलाम तथा स्टील र तिनका उत्पादनहरु, मशिनरी तथा पार्ट्स, यातायातका साधन र तिनका पार्टपुर्जा, इलेक्ट्रिक र इलेक्ट्रोनिक सामाग्रीहरु, अन्न, हवाईजहाज तथा हवाईजहाजका पार्ट्स, तयारी पोशाक, सुन, चाँदी र हिरा, औषधी पोलिथिन ग्रेन्युल्स, रासायनिक मल, सिमेन्ट क्लिङ्कर, दुरसञ्चारका सामाग्रीहरु रहेको पाइन्छ । नेपालको पैठारी व्यापारमा

भारत, चीन, युएई, फ्रान्स, इण्डोनेशिया, थाइलेण्ड, क्यानडा, मलेशिया, स्वीट्जरलेण्ड, संयुक्त राज्य अमेरिका, अर्जेन्टिना, भियतनाम, साउदी अरेबिया, युक्रेन प्रमुख रुपमा रहेका छन् ।

नेपालको निर्यातमा झिनो आकारको वृद्धि तथा सानो आयातन एवम् आयातमा विद्यमान ठूलो आकार र भारी वृद्धिका कारण मुलुकको व्यापार घाटा बर्षेनी भारी दरले वृद्धि भई रहेको छ । तर यो व्यापारघाटाका पछाडि सकारात्मक पक्षहरु पनि अन्तरनीहित रहेका छन् । भौतिक संरचना निर्माणका सामाग्रीहरु जस्तै फलाम, स्टील तथा तिनका सामानहरु, सिमेन्ट, आलुमुनियम, तामा जस्ता वस्तुहरुको आयातमा भएको वृद्धिले मुलुकको विकासमा सकारात्मक योगदान दिएको देखिन्छ । यसै गरी मुलुकका लागि अति आवश्यक औद्योगिक कच्चापदार्थहरु जस्तै कच्चा पाम आयल, सिमेन्ट क्लिंकर, पोलिथिन ग्यानुअल, रबर, रसायन जस्ता वस्तुहरुको आयात उल्लेख्य रुपमा भएको छ । मलको आयातमा वृद्धि देखितापनि यस्तो आयातले कृषि उत्पादन वृद्धिमा ठूलो भूमिका खेलिरहेको देखिन्छ ।

पेट्रोलियम पदार्थको आयातमा वृद्धि भए तापनि पेट्रोलियम पदार्थको अधिकाँश आयात औद्योगिक उत्पादन, मालवस्तु ढुवानी तथा सार्वजनिक यातायातमा खर्च भई रहेको सन्दर्भमा यी वस्तुहरुको आयातले पनि मुलुकको अर्थतन्त्रलाई सबल बनाउन महत्वपूर्ण योगदान दिएको पाइन्छ ।

नेपालले विगतमा निर्यात गरिरहेका तर वर्तमानमा आयात गरिरहेको वस्तुहरु

विगत केही दशक यता नेपालको निर्यात व्यापारमा सँरचतनागत परिर्वतनहरु देखा परेका छन् । कृषिजन्य काष्ठजन्य वस्तुहरुको खुद निर्यातकर्ता मुलुक हाल आएर यी उत्पादनहरुको खुद आयाताकर्ता भएको छ । निर्यातकर्ता व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको तथ्याँक अनुसार नेपालमा विगतमा धान, चामल, जुट तथा जुटका सामानहरु, गहुँको पीठो उल्लेख्य मात्रा निकासी गरिहेको पाइए तापनि हाल आएर यी वस्तुको आयात भारी मात्रा हुने गरेको छ । उक्त वस्तुहरु मध्ये धान, चामल आदि भारतमा निकासी भई रहेका हुन्थे भने गहुँको पीठो चीनतर्फ निकासी हुने गर्थ्यो । हाल कच्चा जुट विदेशबाट आयात गरेर जुटका प्रशोधित उत्पादनहरु निकासी गरिहेको छौं ।

कुनै समय भारतमा ठूलो परिमाणमा काठ निकासी भईरहे तापनि हाल आएर म्यानमार, इण्डोनेशिया जस्ता मुलुकहरुबाट काठहरु आयात भईरहेको छ । नेपालले विगतमा निकासी गरेका र हाल आयात गरिरहेका वस्तुहरुको उत्पादनलाई बृद्धि गर्ने सम्भावना रहि आएको परिप्रेक्षमा ती वस्तुहरुको उत्पादन अभिबृद्धि गरी पुनः निकासी तथा अन्तरप्रदेश व्यापार गर्न सकिन्छ ।

नेपाल एकीकृत व्यापार रणनीति २०८० का विशेषता

आधार वर्ष आ.व. २०७८/७९ मा रहेको व्यापार र कुल गार्हस्थ्य उत्पादनको अनुपात ४८.१ प्रतिशतबाट २०८४/८५ मा ५५ प्रतिशत पुर्‍याउने तथा आधार वर्ष आ.व. २०७८/७९ मा रहेको वस्तु तथा सेवाको निर्यात र कुल गार्हस्थ्य उत्पादनको अनुपात ६.३ प्रतिशतबाट २०८४/८५ मा २० प्रतिशत पुर्‍याउने लक्ष्य सहितको नेपाल एकीकृत व्यापार रणनीति २०२३ प्रकाशित भएको छ ।
वाणिज्य नीतिको साथै विश्व व्यापार संगठनमा प्रवेश गर्ने तयारीसँगै नेपालले सन् २००३ मा नेपाल व्यापार तथा प्रतिस्पर्धात्मक क्षमता अध्ययनको पछिल्लो प्रयास नेपाल व्यापार एकीकृत रणनीतिको तेश्रो सँस्करणका रुपमा नेपाल व्यापार रणनीति २०२३ सावर्जनिक भएको छ । विगतका दुई रणनीतिहरुले अपेक्षित लक्ष्यहरु प्राप्त गर्न प्रभावकारी नभएको विगतको अनुभव एवम् विगतका व्यापार एकीकृत रणनीतिले पहिचान गरेका

वस्तु तथा सेवाको निर्यात वृद्धि दर कमजोर रहेको, नेपाल विकासशील राष्ट्रमा स्तरोन्नति हुने निर्णयसँगै सन् २०२६ पछि नेपालले अतिकम विकसित राष्ट्रको हैसियतले अन्तर्राष्ट्रिय व्यापारमा पाइरहेको सुविधा कटौतीको अवस्था, मुलुक संघीय शासन पद्धतिमा उपलव्ध आन्तरिक आपूर्ति तथा मूल्य श्रृंखला निर्माणमा नयाँ अवसर सिर्जना, गरिबी निवारण, समावेशी विकास एवम् लैंगिक सशक्तीकरण र सामाजिक समावेशीकरणको अवधारणा अनुरूप व्यापार रणनीतिको परिमार्जन गर्नुपर्ने परीस्थितिको पृष्ठभूमिमा नेपाल व्यापार एकीकृत रणनीति, २०८० को तर्जुमा गरिएको छ।

यस रणनीतिमा समेटिएका ११ वटा विषयहरुको मिहीन विश्लेषण गरिएको छ। अन्तर्राष्ट्रिय व्यापार विस्तार र विश्‍व बजारसँग व्यापार एकीकरणको लागि समष्टिगत आर्थिक तथा विकास नीतिको दृष्टिकोण र सुधारको समीक्षा, संघीयता, विकासशील राष्ट्रमा स्तरोन्नति र आर्थिक कूटनीतिका विषयलाई व्यापारिक क्षमता अभिवृद्धि गर्न अवलम्बन गर्नुपर्ने उपायको खोजी, व्यापारमा प्रतिस्पर्धात्मक क्षमता निर्माण र व्यापारबाट हुने लाभको समन्यायिक वितरणको लागि श्रम, सामाजिक समावेशिता र विपन्नको लागि बजारसँग सम्बन्धित विषय र गर्नुपर्ने सुधार, व्यापारिक पूर्वाधार विकास र व्यापार सहजीकरणको विद्यमान अवस्था र गर्नुपर्ने सुधार, नेपालका व्यापार साझेदार मुलुकका खाद्य तथा बाली गुणस्तर सम्बन्धी मापदण्डको सन्दर्भमा नेपाली उत्पादनलाई ती बजारमा प्रवेश गर्न र प्रतिस्पर्धी हुन सहज बनाउन गर्नुपर्ने सुधार, औद्योगिक उत्पादनको गुणस्तर मापन गर्ने पूर्वाधारमा सुधार र गुणस्तर सम्बन्धी मापदण्ड परिपालना सुनिश्चित गर्न आवश्यक नीति तथा संस्थागत सुधारका विषय, वैदेशिक लगानी प्रवर्द्धनको लागि असल नियामकीय वातावरण, लगानी सहजीकरण, सुशासन र बौद्धिक सम्पत्तिको रक्षा सम्बन्धी सुधारका विषय, उत्पादन तथा व्यापारको लागत न्यूनीकरण गर्न र उत्पादित वस्तुको गुणस्तर तथा आपूर्तिमा नियमितताको लागि चौथो र पाँचौं पुस्ताका औद्योगिक प्रविधि-उद्योग ४.० र उद्योग ५.० को उपयोगको सम्भावना, गर्नुपर्ने तयारी र सुझाव जस्ता विषयहरु उपर यस रणनीतिमा व्यापक अध्ययन र विश्लेषण गरिएको छ।

यसैगरी अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्नसक्ने वस्तुको पहिचान तथा उदीयमान वस्तुको विकासका उपाय, अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्नसक्ने सेवाको पहिचान तथा सेवा क्षेत्रको विकासको लागि गर्नुपर्ने कार्य, रणनीति कार्यान्वयनको संयन्त्र तथा विधिका क्षेत्रमा समेत अध्ययन केन्द्रित गरिएको छ।

यस रणनीति कार्यान्वयन गर्न रु ४ खर्ब ६३ अर्ब २५ करोड ७ लाख २० हजारको लागत लाग्ने अनुमान यो रणनीतिको विशेष आकर्षक पक्ष रहेको छ।

विश्‍व माग सूचकलाई शून्य दशमलव ३५ अँक भार र निर्यात सम्पादन सूचकलाई शून्य दशमलव ६५ अँक भार दिई सो आधारमा वस्तु र सेवाको चयन गरिएको छ। यसरी ५० वटा उच्च अंक प्राप्त गर्ने वस्तुको पहिचान गरी सूचीमा पर्न गएका धातुको स्क्र्याप, पिना र खाद्य उद्योगको खेर गएका सामग्रीलाई हटाएर सम्भावना भएका विद्यमान वस्तु, उदीयमान वस्तु र पछि निर्यात बढ्न सक्ने वस्तुको अनुसार ६ अंकको एचएस कोडका आधारमा वस्तुहरु चयन गरिएका छन्। विद्यमान वस्तुहरुलाई समेत कृषिजन्य, वनजन्य, ठूला उद्योगजन्य, साना उद्योगजन्य गरी चार वर्गमा वगीकृत गरिएको छ।

कृषिजन्य वस्तुहरुमा अलैंची,, अदुवा, दलहन, जुट र चियालाई सुचीकृत गरिएको छ। यसैगरी वन्यजन्य क्षेत्रमा जडीबुटी तथा सुगन्धित वनस्पति, रोजिन र टर्पेन्टाइन, लोक्ताबाट बनेको हाते कागज रहेका छन्। यसैगरी ठूला उद्योगका निर्यातजन्य वस्तुहरुमा फलाम तथा स्टिल, धागो तथा कपडा र तयारी पोशाकलाई समेटिएको छ। साना तथा घरेलु उद्योगका उत्पादनहरुमा गलैंचा, गहना, पश्मिना, पास्ता, ऊनबाट बनेका फेल्ट लगायत सामानहरुलाई नेपाल व्यापार एकीकृत रणनीतिमा समावेश गरिएको छ।

उदीयमान क्षेत्रमा सुगन्धित तेल, हिमालयन स्प्रिंग वाटर, तरकारी, फलफूल र तिनका प्रशोधित सामग्री, मसलाहरू, (दालचिनी, बेसार, लसुन, केसर, जीरा, मरिच र तेजपात), हस्तकला, लामा रेशाका कपडाहरू (अल्लो र हेम्पका रेशाहरू), कफी, पिपिसी सिमेन्ट, छुर्पी तथा महलाई समेटिएको छ ।

नयाँ तथा भविष्यमा सम्भावना हुन सक्ने वस्तुहरुमा हाइड्रोजन ऊर्जा, बहुमूल्य पत्थर, ढुंगा तथा ढुंगाजन्य उत्पादनहरु, सरोकारवालाहरुसँगको समन्वयमा आवश्यक नीतिगत तथा कानुनी परिमार्जन गरी हेम्प वा हेम्पजस्तै वनस्पति एवम सो बाट बनेका औषधीय गुण भएका वा सुगन्धित वस्तुहरुलाई समावेश गरिएको छ ।

सेवा व्यापार निर्याततर्फ पर्यटन, सूचना प्रविधि र इन्टरनेटमा आधारित सेवा, जलविद्युत्, निर्माण सेवा तथा दक्ष तथा अर्धदक्ष श्रम सेवा (विप्रेषण आउने सेवा) ५ वटा क्षेत्रहरुको पहिचान यस नेपाल एकीकृत व्यापार रणनीति २०२३ उल्लेख गरिएका छन् ।

सेवा निर्यातको प्रवर्द्धनको लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा कुनै प्रबन्ध नभएको पृष्ठभूमिमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको मौजुदा दरबन्दीभित्रै रही विद्यमान संगठन संरचनामा सामान्य फेरबदल गरी बहुपक्षीय व्यापार तथा व्यापार सहायता महाशाखा अन्तर्गत नेपाल व्यापार एकीकृत रणनीतिको प्रभावकारी कार्यान्वयन, वस्तु तथा सेवा निर्यात प्रवर्द्धन तथा व्यापार सहजीकरणका लागि प्रशासन समूहको एकजना उपसचिव, दुईजना शाखा अधिकृत र एकजना तथ्यांक अधिकृतको दरबन्दी हुने बजार विद्वता तथा निर्यात प्रवर्द्धन (Market Inteligence and Export Pormotion) शाखा राख्न यस रणनीतिमा सिफारिस गरिएको देखिन्छ ।

नेपाल व्यापार एकीकृत रणनीतिको प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्यांकन, समन्वय तथा मार्गदर्शन गर्न नेपाल व्यापार एकीकृत रणनीति कार्यान्वयनको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने, स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट संशोधन गर्ने, नेपाल व्यापार एकीकृत रणनीति कार्यान्वयनको प्रगति समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने र मार्गदर्शन दिने तथा नेपाल सरकारले समय समयमा तोकेका अन्य कार्य गर्ने गरी उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रीको अध्यक्षतामा २१ सदस्यीय राष्ट्रिय निर्देशक समितिको पनि प्रस्ताव गरिएको छ ।

यसैगरी नेपाल व्यापार एकीकृत रणनीतिको कार्यान्वयन र समन्वय गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको बहुपक्षीय व्यापार तथा व्यापार सहायता महाशाखाका सहसचिव संयोजक रहने गरी प्राप्त बजेट सीमाको आधारमा वार्षिक कार्यक्रम तथा बजेट निर्माण गर्ने, वार्षिक कार्ययोजना तयार गर्ने र प्रत्येक कार्यान्वयन निकायलाई अख्तियारी दिनुपर्ने रकमको निर्णय गर्ने, रणनीति कार्यान्वयनको प्रगति अनुगमन गर्ने र त्रैमासिक तथा वार्षिक प्रगति विवरण तयार गर्ने, कार्यान्वयनको क्रममा देखिएका समस्याको बारेमा छलफल गर्ने, समाधान खोज्ने र कार्यान्वयन गर्ने निकायलाई सहयोग गर्ने, साझेदार निकायसँग समन्वय गर्ने तथा राष्ट्रिय निर्देशक समितिले तोकेका अन्य कार्य गर्ने गरी राष्ट्रिय कार्यक्रम कार्यान्वयन इकाई गठन गर्न प्रस्ताव गरिएको छ ।

नेपाल एकीकृत व्यापार रणनीति २०२३ लाई क्षेत्रगत अवधारणा (SWAP) अनुरूप कार्यान्वयन गर्ने ढाँचा अपनाउन सिफारिस गरिएको छ भने नेपाल व्यापार एकीकृत रणनीति कार्यान्वयन गर्न छुट्टै बजेट उपशीर्षकको व्यवस्था गर्न प्रस्ताव गरिएको छ । रणनीतिको आधारमा तयार गरिएको वार्षिक कार्यक्रमको लागि यसै उपशीर्षकमा बजेट प्रबन्ध गर्ने र बजेटको अख्तियारी राष्ट्रिय कार्यक्रम कार्यान्वयन इकाईलाई दिने व्यवस्था गर्न प्रस्ताव गरिएको छ । इकाईले सम्बन्धित कार्य कार्यान्वयनको लागि जिम्मेवार निकायलाई स्वीकृत कार्यक्रम अनुसार बजेटको अख्तियारी विधिलाई पनि रणनीतिमा प्रस्ताव गरिएको छ ।

यसै गरी बजेट तर्जुमा गर्दा रणनीति कार्यान्वयन बजेट सीमाको आधारमा राष्ट्रिय कार्यक्रम कार्यान्वयन इकाईले सम्बन्धित निकायलाई बजेट सीमा सहित कार्यक्रम प्रस्ताव गर्न अनुरोध गर्ने, सम्बन्धित निकायबाट

प्राप्त प्रस्तावको आधारमा वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गरी राष्ट्रिय निर्देशक समितिबाट स्वीकृत गराई अर्थ मन्त्रालय तथा राष्ट्रिय योजना आयोगमा कार्यक्रम तथा बजेट प्रस्ताव गरिने विधिलाई यस रणनीतिमामा प्रस्ताव गरिएको छ ।
यो रणनीति कार्यान्वयन गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत रहेका स्वायत्त संस्था, निजी क्षेत्रका छाता संस्था तथा मातहतका निकायहरू, विषयगत मन्त्रालय तथा निकायहरू, विदेशस्थित नेपाली कूटनीतिक नियोगहरू, अवैतनिक वाणिज्यदूत र नेपालस्थित विदेशी कुटनीतिक नियोग र मुलुकका अवैतनिक वाणिज्यदूत, विकास साझेदारबीचको सहकार्य, सहयोग र समन्वयलाई प्रभावकारी आवश्यक रहेको पक्षलाई आत्मसात् गर्दै यसका लागि पनि रणनीतिमा कार्यान्वयन विधिको प्रस्ताव समेत गरिएको छ ।

नेपालको संविधानको अनुसूचि ४ मा उल्लेख भए अनुसार वागमती मा १३ वटा जिल्लाहरु रहेका छन् । यस प्रदेशमा ३ महानगरहरु, १ उप महानगर, ४१ नगरपालिका र ७४ गाउँपालिका गरी कुल ११९ वटा स्थानीय सरकार रहेका छन् । नेपालका पछिल्लो जनगणना २०६८ अनुसार नेपालको २ करोड ५६ लाख कुल जनसंख्यामध्ये यस प्रदेश अन्तर्गतका १३ जिल्लाहरुमा ४५ लाख २३ हजार (१८ प्रतिशत) जनसंख्या रहेको तथ्यांक छ । यो प्रदेश अन्तर्गत पर्ने जिल्लाहरुमा दोलखा, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, धादिङ, चितवन, मकवानपुर, भक्तपुर, ललितपुर र काठमाडौं रहेका छन् । यसको अलावा यस प्रदेशमा नेपालको केन्द्रीय राजधानी समेत भएकोले छुट्टै महत्व छ ।

वागमती प्रदेशको सामान्य परिचय

नेपालको कुल क्षेत्रफल १,४७,१८१ वर्ग कि.मी मध्ये, २०३०० वर्ग कि.मी. यस प्रदेशमा पर्दछ । पूर्वमा कोशी प्रदेश, पश्चिममा गण्डकी प्रदेश, उत्तरमा चीन र दक्षिणमा मधेश प्रदेश तथा भारतसँग यस प्रदेशको सीमाना जोडिएको छ । समुद्र सतहदेखि १४१ मिटरमा रहेको चितवनको गोलाघाट देखि रसुवा जिल्लाको ७,२२९ मिटरको उचाईमा रहेको लाङटाङ हिमालसम्म फैलिएको यो प्रदेशमा स्थानीय सरकार संचालन ऐन २०७४ मा उल्लेख भए अनुसार हिमाली क्षेत्रमा पाँच जिल्ला (धादिङ, रसुवा, रामेछाप, सिन्धुपाल्चोक र दोलखा), पहाडी दुई जिल्ला (नुवाकोट र काभ्रेपलाञ्चोक), उपत्यकाका तीन जिल्ला (काठमाडौं, ललितपुर र भक्तपुर) र भित्री मधेशका तीन जिल्ला (सिन्धुली, मकवानपुर र चितवन) छन् । नापी विभागका अनुसार यो प्रदेश २६$^{\circ}$ ५५' उत्तरी अक्षांशदेखि २८$^{\circ}$२३' उत्तरी अक्षांशसम्म र ८३$^{\circ}$५५' पूर्वी देशान्तरदेखि ८६$^{\circ}$३४' पूर्वी देशान्तरसम्म फैलिएको छ ।

प्राकृतिक अवस्था

यस प्रदेशको धरातलीय विविधता अनुसार यहाँको हावापानीमा पनि विविधता रहेको छ । समुद्र सतह देखि १४१ मिटर उचाईमा रहेको चितवनको गोलाघाटदेखि ७२२७ मिटर उचाईमा रहेको रसुवाको लाङटाङ हिमालसम्म फैलिएकोले यहाँ सबै प्रकारको हावापानी पाईन्छ ।

क) टुण्ड्रा हावापानी = ५,००० मिटर भन्दा माथि (गौरीशंकर हिमाल क्षेत्र, मेलुङत्से क्षेत्र, सिन्धुपाल्चोकको उत्तरी क्षेत्र र रसुवाको गोसाईकुण्ड क्षेत्र) ।
ख) लेकाली हावापानी = ३,३०० मि. देखि ५,००० मि. सम्म
ग) ठण्डा शीतोष्ण हावापानी = २,००० मि. माथि
घ) समशीतोष्ण हावापानी = समुद्र सतहबाट करीव ११०० मि. देखि २,००० मि.सम्मको उचाई
ङ) अर्धउष्ण हावापानी = समुद्र सतहदेखि १,००० मि.सम्मको उचाई
च) उष्ण मौसमी हावापानी १४७ मि. देखि ११०० मि.सम्म भित्री मधेश वा मैदान भूभाग भावर र चुरे पहाडसम्म

वागमती प्रदेशको वर्तमान आर्थिक अवस्था

उद्योग

औद्योगिक गणना २०६९ अनुसार नेपालमा संचालनमा रहेको कुल ४०७६ उद्योगले करीव १ लाख ९५ हजार मानिसहरुलाई रोजगारी प्रदान गरेका छन् भने यस प्रदेशमा ९६५ वटा उद्योग (प्रदेशगत सबैभन्दा बढी) मा ४९,००१ जनाले रोजगारी पाएका छन् ।

तालिका २.१ उद्योगको स्थिति

विवरण	वागमती	नेपाल
उद्योगको संख्या	९६५	४,०७९
संलग्न जनशक्तीको संख्या	५१,४१९	२०,४२०९
रोजगार संख्या	४९,००१	१,९४,८६७
कुल स्थीर सम्पत्ति (रु.करोडमा)	२,५९१	११,९७०
मुल्य अभिबृद्धि (रु.करोडमा)	१,६५४.५०	८,०७७

स्रोतः उद्योग विभाग, २०७५

घरेलु तथा साना उद्योग

नेपालमा कुल २ लाख ६४ हजार ८६ वटा घरेलु तथा साना उद्योगहरु छन् । यी उद्योगहरु मध्ये करीव १ लाख (३७.६६ प्रतिशत) उद्योग यस प्रदेशमा छन् ।यस प्रदेशमा भएका कुल उद्योगमा सबभन्दा धेरै सेवामा ४३.३८ प्रतिशत र उत्पादनमुलकमा २७ प्रतिशत छन् । यसै गरी पर्यटन र कृषि उद्योगमा सबभन्दा धेरै क्रमशः १५.६२ प्रतिशत र १२.६२ प्रतिशत छन् । सबभन्दा कम सूचना, निर्माण र खनिजमा छन् ।

तालिकाः घरेलु तथा साना उद्योगहरुको विवरण (वर्गिकरणको आधारमा)

क्र. सं	जिल्ला	उत्पादन मुलक	उर्जा मुलक	कृषि तथा वनजन्य	पर्यटन	खनिज	सेवा	निर्माण	सुचना	जम्मा	लागत कट्टा	कुल जम्मा
१	सिधुली	२३९	५	५२८	७७	१८	९५६	२	०	१८२५	४	१८२१
२	रामेछाप	२२४	१५	५१०	२८९	१०	६७५	१५	०	१७२८	४	१७३४
३	दोलखा	२५७	५	५७१	१३७	३	८६५	३३	०	१८७९	६	१८७३
४	सिन्धुपाल्चोक	८४६	३	६३९	५९	३२	१३८९	१४२	०	२५२१	५	२५१६
५	काभ्रेपलान्चोक	६५५	९	२०५८	५०६	०	२२५९	०	०	५६७८	११	५६६७
६	ललितपुर	६०५५	६	८१५	७३२	०	५६२६	४३	०	१३२७७	४१	१३२३६
७	भक्तपुर	२०७२	०	५१९	५०२	०	१७१९	१८९	०	५००१	३५	४९६६
८	काठमाडौं	१०९१७	१९३	११४५	११४९४	०	२१२७९	३६९	२	४५३९९	१११	४५२८८
९	रशुवा	१६८	०	२७८	११८	२	३०७	२१	७	९०१	०	९०१
१०	नुवाकोट	६४२	२	१४२१	३२१	७	१०३६	२	०	३४२१	१६	३४१५
११	धादिङ	४८८	६	१०५१	१६६	३९	१६२७	१८७	०	३५६४	२	३५६२
१२	मकवानपुर	१३२०	०	७५७	०	०	३२३७	०	०	५३१४	४१	५२७३
१३	चितवन	३४६६	१२	२३००	११८६	०	२३२३	४	०	९२९१	१०१	९१९०
वागमती जम्मा		**२६९५१**	**२५६**	**१२६००**	**१५५८७**	**१११**	**४३२९८**	**१००७**	**९**	**९९८१९**	**३७७**	**९९४४२**
नेपाल		**७१०७८**	**५४०**	**३८२८४**	**३११४६**	**४३६**	**११२९४९**	**६१७३**	**२५**	**२६५६३१**	**१५४५**	**२६४०८१**
वागमति प्रदेश %		**३५.४३**	**४७.४१**	**३२.९१**	**५०.०४**	**२५.४६**	**३८.३३**	**१६.१९**	**३६.००**	**३७.५८**	**२४.४०**	**३७.६६**

स्रोतः औद्योगिक प्रवद्धन तथ्यांक, घरेलु तथा साना उद्योग विभाग,

ठूला उद्योग

नेपालमा ७४९० वटा ठूला उद्योगहरु रहेका छन् । यी ठूला उद्योगको कुल पूजी लगानी रु १६५३ अर्ब छ । यी उद्योगबाट ५ लाख ७३ हजार ८९१ ज्नाले रोजगारी पाएका छन् । नेपालको कुल उद्योगमध्ये यस प्रदेशमा मात्र ५०६३ (६७.६० प्रतिशत) उद्योग छन् । यसै गरी उद्योगको लगानीमा यस प्रदेशमा ३७.७८ प्रतिशत छ । यस प्रदेशका उद्योगले ठूला उद्योगका रोजगारीको ६०.८३ प्रतिशत रोजगारी दिएको छ ।

तालिका : ठूला उद्योगको संख्या, रोजगारी र पूँजी (रु दश लाख)

क्र.सं.	जिल्ला	सख्या	कुल पुँजी	स्थिर पुँजी	चालु पुँजी	रोजगारी
१	सिधुली	२	२०४	१९५	९	१९५
२	रामेछाप	१३	३००८२	२९१८८	८९५	१०१३
३	दोलखा	३७	८६०२८	८६३४३	६८५	६३८८
४	सिन्धुपाल्चोक	५०	४९६१९	४८२००	१४२०	३६६५
५	काभ्रेपलान्चोक	१५९	१११५६	८८९५	२२६१	१२५२०
६	ललितपुर	८४३	५११२०	३६७५६	१४४७१	४६२९१
७	भक्तपुर	१६०	१३८९५	१२०५०	१८४५	१५८२०
८	काठमाडौं	३३४५	२१२२४६	१६३९१९	४८३७२	२३१४०९
९	रशुवा	२०	६२८३२	६०२८५	२५४७	२३४७
१०	नुवाकोट	४८	२१८५०	२१३२९	५२३	२३७८
११	धादिङ	५८	३८५४७	३५७४५	२८०२	४०१२
१२	मकवानपुर	११२	२१०२३	१७४२६	३५९७	१००५९
१३	चितवन	२०६	२५०३०	२००८०	४९५०	१२९९३
वागमति प्रदेश जम्मा		**५०६३**	**६२४६३३**	**५४०४०९**	**८४३७७**	**३४९०९०**
नेपाल		**७४९०**	**१६५३३८८**	**१४७८३६२१७**	**१७५६५४१७४**	**५७३८९१**
वागमती प्रदेश %		**६७.६०**	**३६.७८**	**३५.५५**	**४८.०४**	**६०.८३**

स्रोतः उद्योग विभाग, २०७५

वर्गिकरणका आधारमा ठूला उद्योगहरुको विवरण तालिका ६.१० मा छ । तालिका अनुसार यस प्रदेशमा सबभन्दा धेरै उद्योग सेवा र उत्पादनसँग सम्बन्धित छन् । सेवासँग सम्बन्धित उद्योग ३४.९४ प्रतिशत र उत्पादन सँग सम्बन्धित ३१.५८ प्रतिशत छन् । सबभन्दा कम उद्योग खनिज र सूचना प्रविधिसँग रहेका छन् ।

तालिका : वर्गिकरणका आधारमा उद्योगका विवरण

क्र.सं.	वर्गिकरण	जम्मा	प्रतिशत
१	कृषि र वन	२५८	५.१०
२	निर्माण	४५	०.८९
३	उत्पादनमुलक	१५९९	३१.५८
४	सेवा	१७६९	३४.९४
५	पर्यटन	१२२७	२४.२३
६	उर्जा	११८	२.३३
७	खनिज	९	०.१८
८	सुचना प्रविधी	३८	०.७५
जम्मा		**५,०६३**	**१००**

स्रोतः उद्योग विभाग, २०७५

औद्योगिक क्षेत्र

नेपालमा रहेका ११ औद्योगिक क्षेत्रहरुमध्ये यस प्रदेशमा चारवटा औद्योगिक क्षेत्र पर्दछन् जसमा बालाजु औद्योगिक क्षेत्र, पाटन औद्योगिक क्षेत्र, भक्तपुर औद्योगिक क्षेत्र र हेटौंडा औद्योगिक क्षेत्र रहेका छन् ।

तालिका : औद्योगिक क्षेत्रहरुको अवस्था

क्र. सं.	नाम	स्थापना (वि. स.)	क्षेत्रफल (रोपनी)	उधोगसन्ख्या				रोजगारी सन्ख्या	मुख्य उत्पादन
				जम्मा	चालु	बन्द	निर्माणाधिन		
१	हेटौंडा औधोगिक क्षेत्र	२०२०	२८२९	१००	६३	१४	२३	२४१५	रङ उधोग (एसियन, बर्जर र यती)
२	बालाजु औधोगिक क्षेत्र	२०१७	६७०	१३१	९७	२६	८	३५०६	मेटल ,प्लास्टिक र कपडा उधोग
३	पाटन औधोगिक क्षेत्र	२०२०	२९३	११२	१०२	५	५	१५८६	हस्तकला उधोग
४	भक्तपुर औधोगिक क्षेत्र	२०३६	७१	३७	३५	२	०	८२५	पस्मिना, दुग्ध पदार्थ, प्लास्टिक

स्रोतः पार्श्वचित्र, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वागमती

खानी

खानी तथा भू-गर्भको हिसावले यो प्रदेशमा प्रसस्त संभावनाहरु रहेको देखिन्छ । प्रदेशको बनावट नै हिमाल, पहाड र भित्री मधेशका जिल्लाहरु समेटेर बनेकोले, भिन्न भिन्न भूगोलमा पाइने खानी तथा खनिजहरु इस प्रदेशमा रहेको देखिन्छ । सरकारले नीजि क्षेत्रलाई दिएको १२६ वटा खानी उत्खनन् अनुमति मध्ये यस प्रदेशमा ४५ वटा उत्खनन् ईजाजतपत्र दिएको देखिन्छ । अनुमतिका हिसावले मकवानपुरमा १२ (शिवम सिमेण्टको नाममा ५ र हेटौंडा सिमेण्टको नाममा २ समेत), धादिङ ८, ललितपुर ७, सिन्धुपाल्चोक ५, दोलखा, ४, काभ्रे ३, रसुवा/धादिङ २, चितवन २, रामेछाप र सिन्धुलीमा १/१ रहेका छन्, भने काठमाडौं, भक्तपुर र नुवाकोटमा उत्खननको अनुमति लिएका छैनन् । खानी उत्खनन गर्न अनुमति लिएका उद्योगहरुको विवरण अनुसूचि २.१ मा छ । प्रदेशमा पाइने खनिज तथा धाधुको विवरण अनुसूचि २.२ मा छ ।

जिल्लागत घरेलु तथा साना र ठूला उद्योगहरु (संख्यामा)

उपत्यका	ललितपुर	भक्तपुर	काठमाडौं
घरेलु तथा साना उद्योग	१३,२३६	४,९६६	४५,२८८
ठूला उद्योग	८४३	१७०	३,३४५

स्रोतः प्रदेशको वस्तुस्थिति विवरण, वागमती प्रदेश २०७५

वाणिज्य

व्यापार प्रवर्द्धनमा सूचना प्रणालीको स्थापना

मुलुकबाट निर्यात गर्न सकिने उपलव्ध वस्तु तथा सेवाहरुको व्यवस्थित सूचना प्रवाह हुन अति जरुरी छ । यस्तो सूचना प्रणालीले सूचना र भूगोल र प्रयोगकर्तावीच जुन सम्वन्ध स्थापित गर्ने गर्दछ त्यसले स्थान विशेषका विशेषताहरु, सूचनाहरु, तथ्याँकहरु प्रयोगकर्ताका लागि उपलव्ध गराउँछ। स्थानीय क्रेता र वाहिरका विक्रेताहरुलाई जोड्ने, स्थानीय उत्पादनहरुलाई सूचना प्रविधिको वैश्विक सञ्जालमा जोड्दै मूलप्रवाहीकरण गर्ने यो कार्य गर्ने उपयुक्त माध्यमहरु मध्ये स्थानीय स्तरमा उपलव्ध वस्तु तथा सेवाहरुको भौगोलिक सूचना प्रणालीको स्थापना गर्ने, व्यवस्थित रुपमा स्थानीय र प्रदेशस्तरमा विद्युतीय संस्करणहरुमा तथ्याँक, सूचना र गतिविधिहरु प्रवाह गर्ने तथा मुलुकभित्र र वाहिरका क्रेता र विक्रेताहरुवीच भिडियो कन्फरेन्सको आयोजना गर्ने तथा मेला प्रदर्शनीहरुको नियम आयोजना गर्ने विषयहरु पर्दछन् । यी विषयहरुमा प्रदेश र स्थानीय तहहरुमा अलग्गै संयन्त्र बन्नु आवश्यक छ ।

नेपाली वस्तुहरुलाई वाह्य बजारमा प्राप्त सुविधाहरुको जानकारी

(१) विकसित मुलुकबाट सामान्य ग्राह्यता प्रणाली तथा इयु, स्वीट्जरल्याण्ड, नर्वे र टर्कीमा नेपाली उत्पादनहरुलाई रेक्स प्रणाली अन्तर्गत सामान्य ग्राह्यता प्रणाली सुविधा

(२) कोटा रहित शुन्य भन्सार दरको सुविधा

(३) संयुक्त राज्य अमेरिकाबाट ७७ वटा विभिन्न नेपाली उत्पादनहरुलाई शुन्य भन्सार सुविधा

(४) नेपाल, भारत, चीन र बँगलादेशका बन्दरगाहसम्मको सहज पहुँच

(५) विश्व व्यापार संगठन, साफ्टा सदस्यहरुमा नेपाली उत्पादनलाई अवसर प्रदान

नेपाली निर्यातजन्य वस्तुहरुलाई नेपालका शुभचिन्तक मित्रदेशहरुले प्रदान गरेका जिएसपी सुविधा, शून्य भन्सारको सुविधा, विशेष आवधिक सहुलियतहरुका बारेमा प्रदेशस्तर र स्थानीय स्तरका उद्यमी व्यवसायीहरुलाई सहज जानकारीको व्यवस्थाको अभावमा उनीहरु निर्यात व्यापारमा प्रवेश गर्न सकिरहेका छैनन् । यस्ता जानकारीहरु प्रदेशभित्रका सबै व्यावसायीहरुलाई जानकारी दिने व्यवस्था गर्नु पर्ने विषय अर्को सराकोरको विषय हो ।

नेपाली निर्यातजन्य वस्तुहरुलाई नेपालका शुभचिन्तक मित्रदेशहरुले प्रदान गरेका जिएसपी सुविधा, शून्य भन्सारको सुविधा, विशेष आवधिक सहुलियतहरुका बारेमा प्रदेशस्तर र स्थानीय स्तरका उद्यमी व्यवसायीहरुलाई सहज जानकारीको व्यवस्थाको अभावमा उनीहरु निर्यात व्यापारमा प्रवेश गर्न सकिरहेका छैनन् । यस्ता जानकारीहरु प्रदेशभित्रका सबै व्यावसायीहरुलाई जानकारी दिने व्यवस्था गर्नु पर्ने विषय अर्को सराकोरको विषय हो ।

व्यावसायी वातावरणमा सुधार सम्वन्धी विषयहरुः

विश्व वैकले प्रकाशित गरेको नेपालाको व्यावसायिक वातवारण सुचकाँकको अवस्था सन्तोषजनक छैन । प्रक्रिया, नियम कानुन नीति, रणनीति, कार्यक्रम, बजेट, कार्ययोजना प्रतिस्पर्धाको स्तर, प्रतिस्पर्धात्मक वातावरण, सुशासन (कानुनको शासन, पारदर्शिता, सहभागिता, उत्तरदायित्व, जिम्मेवारीपना, समता, समानता, समावेशिता), सुरक्षा, श्रम उद्योगी सहसम्वन्ध, उद्यमशील संस्कार, क्षेत्रगत सूचकाँकहरुको स्थितिले व्यापार प्रवर्द्धन सम्वद्ध वातावरण निर्धारण गर्दछ। उक्त प्रतिवेदनले उजागर गरेका विषयहरुमा प्रदेशस्तरमा सुधार गर्न सकिने विषयहरुमा प्रदेश सरकारहरुले पहलकदमी लिन जरुरी छ । यस्ता पहलकदमीले

प्रदेशस्तरमा व्यवसाय गर्ने वातावरणमा सुधार आई वैदेशिक व्यापारको व्यवस्थापन गर्न सहज हुने देखिन्छ ।

कृषि अनुदान र प्रोत्साहन सम्वन्धी विषय

आफ्ना विश्व बजारमा प्रतिस्पर्धी बनाउन कृषि लगायतका क्षेत्रमा विश्व भरी नै संरक्षणात्मक उपायहरु अँगीकार गर्ने प्रचलन रहेको छ । नेपाली उत्पादनहरुलाई पनि संरक्षणात्मक उपायहरुका माध्यमबाट विश्व बजारमा प्रतिस्पर्धी बनाउन जरुरी छ । यस विषयलाई प्रदेश सरकारहरुले उपयुक्त नीतिबाट संवोधन गर्न जरुरी छ ।

व्यापार सम्वद्ध पूर्वाधारमा लगानीः

निर्यात प्रवर्द्धनमा व्यापार सम्वद्ध पूर्वाधार अति महत्वपूर्ण विषयका रुपमा रहेको छ । संस्थागत पूर्वाधारतर्फ भन्सार, गोदाम, गुणस्तर नियमन तथा नियन्त्रण निकायहरु, शैक्षिक तथा सीपमुलुक तालीम केन्द्रहरु, निजीक्षेत्रका सँघसंस्थाहरु (वस्तुगत, प्रतिनिधिमुलुक संघसंस्थाहरु, निर्यातक सँघ, आयातक सँघ) पर्दछ भने भौतिक पूर्वाधारतर्फ सडक, विजुली, वन्दरगाह, भन्सार विन्दू, सूचना र प्रविधि, जलापूर्ति, विशेष आर्थिक क्षेत्र, निर्यात प्रवर्द्धन क्षेत्र र औद्योगिक क्षेत्र जस्ता संरचनाहरु पर्दछन् । यी दुवै क्षेत्रमा प्रदेश सरकारले आफ्ना तर्फबाट संवोधन गर्ने विषयमा संलग्न हुन जरुरी छ । विशेष गरी न्युन साधनश्रोत भएका भन्सारविन्दूहरु भएका प्रदेशका भन्सारविन्दूहरुलाई साधानश्रोतयुक्त बनाउने विषयलाई सँघ र प्रदेश सरकारले संयुक्त पहलबाट सम्वोधन गर्न जरुरी छ ।

लजिष्टक सेवामा सुधारः

व्यापार प्रवर्द्धनको अर्को महत्वपूण विषय भनेको उत्कृष्टस्तरको लजिष्टिक सेवा पनि हो । अवरोधविहीन यातायात, वेष्टन, बहुविधिक यातायात, समय व्यवस्थापन, भन्सार, लजिष्टक सेवा, समय, वैदेशिक कार्गो सिपमेन्टको दक्षता र सहजता, लजिष्टिकजन्य संरचना र ट्र्याकिङ प्रणालीहरु पर्दछन् । लजिष्टक सेवा जति चुस्त, दुरुस्त र गतिशील हुन्छ मुलुकको निर्यात व्यापार पनि त्यत्तिकै सहज र मूल्यमैत्री हुन्छ । यस विषयमा पनि संघ र प्रदेशले संयुक्त पहल लिन जरुरी छ । वागमती को उत्तरतर्फका भन्सारविन्दूहरुको स्तरोन्नत्ति, दक्षिणतर्फको भन्सारविन्दूलाई तेश्रो मुलुकतर्फ समेत आयात निर्यात गर्न सकिने व्यवस्था भएको छ ।

व्यापार सम्वद्ध अनुसन्धानः

सरकारका अँगहरु, प्राज्ञिक क्षेत्र र निजी क्षेत्रका मेधावीहरुयुक्त संयुक्त समुह बजार अनुसन्धान निर्यात प्रवर्द्धनको महत्वपूर्ण विषय हो । तथ्याँक, सूचना, ज्ञान, मेधा र बुद्धिमत्तामा आधारित निष्कर्षहरु निर्यात प्रवर्द्धनको मष्तिष्क हो जसले निर्यात प्रवर्द्धनका प्रयासका लागि ज्योतिको कार्य गर्दछ,, नीति निर्माताका लागि आँखा, निजीक्षेत्रका लागि हिड्ने बाटो तय गर्ने यो अनुसन्धान कार्य निर्यात प्रवर्द्धनको महत्वपूर्ण अँगका रुपमा रहेको छ । यस विषयमा पनि प्रदेशस्तरमा पनि गतिशील संयन्त्रको व्यवस्था हुन जरुरी छ ।

प्रदेशस्तरको व्यापार सम्वद्ध डाटावेसको व्यवस्थाः

प्रदेशस्तरमा हुने उत्पादन, वितरण र एक प्रदेशबाट अर्को प्रदेशमा हुने व्यापार र सम्वन्धित प्रदेशमा उत्पादन भई अन्य प्रदेशका भन्सार विन्दूहरुबाट वस्तुहरु भएर निर्यात हुने वस्तुहरुको अभिलेख राख्ने व्यवस्थाको लागि प्रदेशस्तरमा पनि एउटा संयन्त्र हुन जरुरी छ ताकि प्रदेशबाट निकासी हुने वस्तुहरुको यथार्थ चित्रण होस् र प्रदेशस्तरमा निकासी प्रवर्द्धनका भावी दिशा तय गर्न वस्तुगत आधार प्राप्त हुन सकोस् ।

भौगोलिक संकेत, पेटेण्ट राइट र ट्रेडमार्क सम्वन्धी विषयहरुः

नेपालका धेरै उत्पादनहरु विशिष्ट खालका छन् जसलाई भौगोलिक संकेत, पेटेण्ट राइट र ट्रेडमार्क जस्ता विषयबाट संबोधन हुन जरुरी छ । प्रदेश सरकारले यी विधिहरुबाट विशेष पहिचान दिन सक्ने वस्तु तथा सेवाहरुको पहिचान गरी ती वस्तु तथा सेवाहरुलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मूलप्रवाहमा स्थापित गर्न पहलकदमी लिन आवश्यक देखिन्छ ।

गुणस्तर सम्वन्धी विषयहरुः

नेपाली वस्तुहरुलाई वाह्य बजारमा प्रतिस्पर्धी बनाउन गुणस्तर सम्वन्धी व्यवस्थाहरुले महत्वपूर्ण भूमिका खेलेका हुन्छन् । नेपाली उत्पादनहरुहरुलाई लक्षित बजारमा विद्यमान गुणस्तरका प्रावधानहरु अनुरुप गुणस्तरमैत्री बनाउन संस्थागत, कानुनी र जनशक्तिका पक्षमा सुधार, स्तरोन्नत्ति आदि गर्न आवश्यक हुन जान्छ । यी विषयहरुलाई सम्वोधन गर्न प्रदेश सरकारले विशेष व्यवस्था गर्न जरुरी छ ।

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको आ.व. २०७४।७५ को निर्यात र आयात सम्बन्धी विवरण अनुसार उक्त आ.व मा १२४५ अर्व बरावरको आयात र मात्र ८१ अर्वको निर्यात भएको देखिन्छ । निर्यातको तुलनामा आयातमा ११६४ अर्वले बढी हो ।

वाणिज्यसँग सम्बन्धित नीतिहरु

वाणिज्य नीति २०६५

नेपालको वाणिज्य नीति राष्ट्रिय अर्थतन्त्रमा बाणिज्य क्षेत्रको योगदान बढाई आर्थिक वृद्धिमा सहयोग पुऱ्याउने उद्देश्यका साथ वस्तु तथा सेवाहरुको विकास तथा प्रवर्द्धन गर्न तर्जूमा गरिएको छ ।

१ अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी तुल्याउने गरी व्यापार व्यवसायको प्रवर्द्धन गर्ने अनुकूल वातावरणको सिर्जना गर्ने ।

२ आयातलाई निर्यात व्यापार वृद्धि उन्मूख गराउँदै विश्व बजारमा मूल्य अभिवृद्धियुक्त वस्तुको निकासी वढाई व्यापार घाटा कम गर्ने ।

३ वस्तु तथा सेवा व्यापारलाई प्रतिस्पर्धी एवं सुदृढ बनाई आय तथा रोजगारीका अवसर वढाउने र गरिवी घटाउन सहयोग पुऱ्याउने माध्यमको रुपमा उपयोग गर्ने ।

वाणिज्य नीतिमा समावेश गरिएका वस्तु तथा सेवाहरु

वाणिज्य नीति	
अदुवा/सुठा	अलैंची
ऊनी तथा गलैंचा	औषधि, औषधिजन्य जडिबुटी तथा सारयुक्त तेल
कार्पेट	कफी
च्याङ्ग्रा पश्मिना तथा रेशमजन्य वस्तुहरू	चिनी
चिया	जुत्ता
टेक्सटायल	तरकारी, तरकारीको बीउ
तयारी चाउचाउ	तयारी पोशाक
दुग्ध उत्पादन	प्रशोधित छाला
पश्मिना	पुष्प (फूल)
फलफूल	फलाम र इस्पातका वस्तुहरू
मह	दाल
सिमेन्ट	सुनचाँदीका गहना तथा बहुमूल्य रत्नपत्थर
हस्तकलाका वस्तुहरू	हाते कागज र सोको उत्पादन सेवा
इन्जिनियरिङ्ग	जलविद्युत
पर्यटन	शिक्षा
सूचना प्रविधि तथा बिजिनेस प्रोसेस आउटसोर्सिङ्ग	स्वास्थ्य सेवा
श्रम शक्ति (दक्ष र अर्धदक्ष)	

स्रोतः व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

आयात प्रतिस्थापन

वस्तु आयात निर्यातको विवरण तथा विश्लेषण

नेपालबाट निर्यात भएका प्रमुख वस्तुहरु

नेपालको निकासी वस्तुहरुमा टेक्स्टाइल वस्तुहरुले अग्र स्थान ओगटेको छ । धागो, ऊनी गलैंचा, तयारी पोशाक, फेल्ट, कपडा, पश्मिना शल, जुटका झोला तथा बोराहरु आदि जस्ता औद्योगिक टेक्स्टाइल वस्तुहरुको निकासीले करीव ३५ प्रतिशत भन्दा बढी रहेको छ ।

नेपालमा आयात भएका प्रमुख वस्तुहरु

नेपालको प्रमुख आयातका वस्तुहरुमा पेट्रोलियम पदार्थ, फलाम तथा फलामका उत्पादनहरु, मेशिनरी तथा पार्ट्स्, यातायातका साधन तथा पार्ट्स्, इलेक्ट्रिक तथा इलेक्ट्रोनिक्स सामानहरु, सञ्चारका औजार तथा पार्ट्स तथा हवाईजहाज तथा पार्ट्स्हरुले अग्र स्थान ओगटेको छ । तल दिएको तालिका हेर्दा नेपालमा कूल १२ खर्व ४५ अर्व १९ करोड २ लाख ४७ हजार बराबरको सामा आयात भएको छ ।

बागमती का प्रमुख निकासीका वस्तु तथा सेवाहरुको विश्लेषण

पश्मिना शल वस्तु

विश्व बजारमा **पश्मिना शल वस्तु** अमेरिकी डलर १ अर्व १५ करोड ८० लाख ९ हजार करोड ५९ लाख बरावरको पश्मिना शल वस्तु आयात भएको देखिन्छ । जसमध्ये सबैभन्दा ठूलो बजार जापानले मात्र अमेरिकी डलर १६ करोड ९८ लाख ८३ हजार मुल्य बरावरको **पश्मिना शल वस्तु** आयात गरेको छ । यसै गरी फ्रान्स, संयूक्त राज्य अमेरिका, चीन, ह्ङकङ, चीन तथा इटालीले क्रमशः अमेरिकी डलर १२६३९६, ९८०६२, ९६३०४, ९४४२१ तथा ८०२५४ मुल्य बरावरको **पश्मिना शल वस्तु** आयात गरेका छन् । तसर्थ विश्व बजारमा निकासी भएको करीव रु १२६ अर्व भन्दा बढी मुल्यको **पश्मिना शल वस्तु** निकासीको बजार देखिएको हुनाले नेपाली गलैंचा निकासी १ प्रतिशत भन्दा कम रहेको अवस्थामा यसको उत्पादन बढाएर निर्यात प्रवर्द्धन गरिने हो भने नेपाली गलैंचाको अझै धेरै परिमाण तथा मुल्य बरावरको **पश्मिना शल वस्तु**को सम्भावना रहेको देखिन्छ । विश्व बजारमा **पश्मिना शल वस्तुको** माग परिमाणमा बढ्दै गएको देखिन्छ । माग बढ्दै गएको मुलुकहरुमा जापान, चीन, ह्ङकङ, चीन तथा ईटाली ५ प्रतिशत भन्दा बढी दरले विगत २०१४ देखि २०१८ मा (५ वर्ष) बढ्दै गैरहेको छ । संयूक्त राज्य अमेरिका तथा चीनमा निकासीमा गिरावट आएको देखिन्छ । साधारणतया **पश्मिना शल वस्तु**को आयातमा तल उल्लेखित शिर्ष आयातकर्ता मुलुकरुले भन्सार दर २.२ प्रतिशत देखि चीनमा १६ प्रतिशत भन्दा बढी देखिए तापनि नेपाली **पश्मिना शल वस्तु** निकासीमा भने शुन्य भन्सार दर कायम रहेको छ । तसर्थ नेपाली **पश्मिना शल वस्तु** निकासीमा विशेष ग्रह्यता प्राप्त भै निकासी बृद्धिको सम्भावना रहेको छ ।

ऊनी गलैंचा

विश्व बजारमा ऊनी गलैंचा अमेरिकी डलर ६४ करोड ५९ लाख ६४ हजार बरावरको ऊनी गलैंचा आयात भएको देखिन्छ । जसमध्ये सबैभन्दा ठूलो बजार संयूक्त राज्य अमेरिकाले मात्र अमेरिकी डलर ३१ करोड २ लाख २७ हजार मुल्य बरावरको ऊनी गलैंचा आयात गरेको छ । यसै गरी जर्मनी, जापान, इटाली, संयूक्त अधिराज्य, स्वीजरल्याण्ड तथा क्यानाडाले क्रमशः अमेरिकी डलर ३१०२२७, ६२३०९, २८७५३, २०६८३, १८८६९, १८१४९ तथा १५६३० मुल्य बरावरको ऊनी गलैंचा आयात गरेका छन् । तसर्थ विश्व बजारमा निकासी भएको

करीव रु ७१ अर्वको ऊनी गलैंचा देखिएको हुनाले नेपाली गलैंचा निकासी सरदर १० प्रतिशत भन्दा कम निकासीको अवस्था देखिएको हुनाले यसको उत्पादन बढाएर निर्यात प्रवर्द्धन गरिने हो भने नेपाली गलैंचाको अझै धेरै परिमाण तथा मुल्य बरावरको गलैंचा निकासीको सम्भावना रहेको देखिन्छ। यद्यपी विश्व बजारमा ऊनी गलैंचाको माग परिमाणमा संयूक्त राज्य अमेरिका तथा संयूक्त अधिराज्यमा १० प्रतिशतका दरले विगत २०१४ देखि २०१८ मा (५ वर्ष) बढ्दै गैरहेको छ। यस बाहेक अन्य मुलुकहरुमा निकासीमा गिरावट आएको देखिन्छ। साधारणतया ऊनी गलैंचाको आयातमा तल उल्लेखित शिर्ष आयातकर्ता मुलुकरुले भन्सार दर लगाउने गरेको छ भने नेपाली गलैंचा निकासीमा भने शुन्य भन्सार दर कायम रहेको छ। तसर्थ नेपाली गलैंचा निकासीमा विशेष ग्रह्यता प्राप्त भै निकासी बृद्धिको सम्भावना रहेको छ।

फेल्टका सामान

विश्व बजारमा **फेल्टका सामान** अमेरिकी डलर ८ करोड ६३ लाख ३२ हजार बरावरको आयात भएको देखिन्छ। जसमध्ये सबैभन्दा ठूलो बजार संयूक्त राज्य अमेरिका जसले अमेरिकी डलर २ करोड १७ लाख ९४ हजार मुल्य बरावरको **फेल्टका सामान** आयात गरेको छ। यसै गरी जर्मनी, इटाली तथा जापानले क्रमशः अमेरिकी डलर ७,२८०, ६,०१२ तथा ५,१७८ मुल्य बरावरको **फेल्टका सामान** आयात गरेका छन्। तसर्थ विश्व बजारमा रु ९ अर्वको **फेल्टका सामान** निकासी भएको देखिएको हुनाले नेपाली **फेल्टका सामान** सरदर १२ प्रतिशतको निकासी भएको देखिएको हुनाले यसको उत्पादन बढाएर निर्यात प्रवर्द्धन गरिने हो भने नेपाली **फेल्टका सामान**को अझै धेरै परिमाण तथा मुल्य बरावरको गलैंचा निकासीको सम्भावना रहेको देखिन्छ। विश्व बजारमा **फेल्टका सामान** को माग परिमाणमा ४ प्रतिशतले बढ्दै गएको देखिन्छ। त्यस्तै बढ्दो माग भएको मुलुकहरुमा संयूक्त राज्य अमेरिक, ईटाली तथा जापान रहेको छ जहाँ विगत २०१४ देखि २०१८ मा (५ वर्ष) ८ प्रतिशत भन्दा बढी मुल्यमा बढ्दै गैरहेको छ। जर्मनीमा भने २ प्रतिशतका दरले निकासीमा गिरावट आएको देखिन्छ। साधारणतया **फेल्टका सामान**को आयातमा तल उल्लेखित शिर्ष आयातकर्ता मुलुकरुले भन्सार दर १.९ प्रतिशत देखि जर्मनीमा करीव १४.९ प्रतिशत देखिए तापनि नेपाली **फेल्टका सामान** निकासीमा भने शुन्य भन्सार दर कायम रहेको छ। तसर्थ नेपाली **फेल्टका सामान** निकासीमा विशेष ग्रह्यता प्राप्त भै निकासी बृद्धिको सम्भावना रहेको छ।

तयारी पोशाक वस्तु

विश्व बजारमा **निटेड तयारी पोशाकका वस्तुहरु** अमेरिकी डलर २१८ अर्व १८ करोड २४ लाख ८४ हजार बरावरको आयात भएको देखिन्छ। जसमध्ये सबैभन्दा ठूलो बजार संयूक्त राज्य अमेरिका जसले अमेरिकी डलर ४७ अर्व ७४ करोड ५० लाख २७ हजार मुल्य बरावरको **निटेड तयारी पोशाकका वस्तुहरु** आयात गरेको छ। यसै गरी जर्मनी, जापान, संयूक्त अधिराज्य, फ्रान्स, नेदरल्याण्ड, इटाली, स्पेन, हङकङ-चीन, क्यानाडाले क्रमशः अमेरिकी डलर १९,२९३,८९४, १३,७५०,३८९, १३,००८,६३१, ११,६८५,१९३, ८,९८०,९८९, ८,४९६,७७९, ८,३८५,६७८, ६,१२१,७२५ तथा ५,०६८,६६१ मुल्य बरावरको **निटेड तयारी पोशाकका वस्तुहरु** आयात गरेका छन्। तसर्थ विश्व बजारमा रु २१८ अर्व भन्दा बढी मुल्यको **निटेड तयारी पोशाकका वस्तुहरु** निकासी भएको देखिएको हुनाले नेपाली **निटेड तयारी पोशाकका वस्तुहरु** ०.००१ प्रतिशत भन्दा कम मुल्यको मात्र निकासी हुने गरेको हुनाले यसको उत्पादन बढाएर निर्यात प्रवर्द्धन गरिने हो भने नेपाली **निटेड तयारी पोशाकका वस्तुहरु** निकासीको सम्भावना रहेको देखिन्छ। विश्व बजारमा **निटेड तयारी पोशाकका वस्तुहरु** को माग मुल्यमा विगत २०१७ देखि २०१८ मा (१ वर्ष) ६ प्रतिशतले बढेको देखिन्छ। त्यस्तै बढ्दो माग भएको मुलुकहरुमा संयूक्त राज्य अमेरिका, ईटाली तथा जापान रहेको छ जहाँ विगत २०१७ देखि २०१८ मा (१ वर्ष) १ प्रतिशत जर्मनीमा आयातमा तथा १३ प्रतिशत नेदरल्याण्डमा मुल्यमा बढेको छ। साधारणतया

निटेड तयारी पोशाकका वस्तुहरु को आयातमा तल उल्लेखित शिर्ष आयातकर्ता मुलुकरुले भन्सार दर जर्मनी, जापान, संयूक्त अधिराज्य, फ्रान्स, नेदरल्याण्ड, इटाली, स्पेन, हङकङ-चीन, क्यानाडामा ३.३ प्रतिशतदेखि १०.४ प्रतिशतसम्म भएतापनि नेपाली **निटेड तयारी पोशाकका वस्तुहरु** निकासीमा भने यी बजारहरुमा शुन्य भन्सार दर कायम रहेको छ । तसर्थ नेपाली **निटेड तयारी पोशाकका वस्तुहरु** निकासीमा विशेष ग्रह्यता प्राप्त भै निकासी बृद्धिको सम्भावना रहेको छ ।

नेपाली हस्तकलाका सामान

नेपाली हस्तकला वस्तुको बजारमा हस्तकला वस्तुहरुले मुलुककै साँस्कृतिक, मौलिक कलाको पहिचान गर्दछ । तसर्थ यसको विशेष महत्व तथा बजार रही आएको छ । परम्परागत रुपमा उत्पादन देखि आधुनिक युगको माग अनुसारको हस्तकलाका वस्तुहरुको उत्पादन तथा निकासी हुँदै आएको छ । प्रदेश ३ मा यसको विशेषता बेग्लै रहेको छ । साथै प्रदेश ३ को ललितपुर जिल्लाको खोकनामा हस्तकला ग्राम नै छुट्ट्याइएको छ । तसर्थ यस प्रदेशमा हस्तकला व्यवसाय विशेष तवरले फस्टाएको छ । साथै निरन्तर उत्पादन तथा निकासी हुँदै आएको छ । माथि तालिकामा देखाए जस्तै आव.व २०७४।७५ मा नेपालबाट निकासी भएको हस्तकलाका सामानहरु करीव रु ६८ करोड २ लाख ७६ हजारको निकासी भएको छ ।

नेपालमा उत्पादन भईरहेका तर आयात पनि भई रहेका प्रमुख कृषिजन्य उत्पादनहरु

धान र मकै

यस प्रदेशमा कुल ५,१०,८९६ मेट्रिक टन धान उत्पादन भएको छ । यो आँकडा कुल उत्पादनको ९.८५ प्रतशत हो । नेपालमा धानको उत्पादकत्व ३,३६९ के.जी प्रति हेक्टर छ भने यस प्रदेशको धानको उत्पादकत्व भने ३,६१८ के.जी प्रति हेक्टर छ । यो आँकडा नेपालको औसत उत्पादकत्व भन्दा २४९ के.जी प्रति हेक्टरले बढी हो ।

यसैगरी सोही आ.व.मा कुल २३,००१२१ मेट्रिक टन मकै उत्पादन भएकोमा यस प्रदेशमा कुल ५,३१,७६२ मेट्रिक टन मकै उत्पादन भयो । यो आँकडा कुल मकै उत्पादनको २३.१ प्रतिशत हो । नेपालमा मकैको उत्पादकत्व २,५५५ के.जी प्रति हेक्टर छ । यस प्रदेशकको मकैको उत्पादकत्व भने २,८२६ के.जी प्रति हेक्टर छ । यो आँकडा नेपालको औसत उत्पादकत्व भन्दा २७१ के.जी प्रति हेक्टरले बढी हो । प्रमुख खाद्यान्नको उत्पादन लगायतका विवरण तल तालिकामा छ ।

गहुँ र जौ

आर्थिक वर्ष २०७३।०७४ मा नेपालमा कुल १८,७९,१९१ मेट्रिक टन गहुँ उत्पादन भएकोमा यस प्रदेशमा मात्र कुल १,६१,२१२ मेट्रिक टन गहुँ उत्पादन भयो जुन कुल उत्पादनको ८.६ प्रतिशत हो । नेपालमा गहुँको उत्पादकत्व २५५४ के.जी प्रति हेक्टर छ । यस प्रदेशको गहुँको उत्पादकत्व भने २८२५ के.जी प्रति हेक्टर छ, जुन नेपालको औसत भन्दा २७१ के.जी प्रति हेक्टर बढी हो । त्यसै गरी सोह ीआ.व.मा कुल ३०,५१० मेट्रिक टन जौ उत्पादन भयो भने यस प्रदेशमा कुल २,४९० मेट्रिक टन जौ उत्पादन भयो जुल कुल जौ उत्पादनको ८.२ प्रतिशत हो । नेपालमा जौको उत्पादकत्व १,११५ के.जी प्रति हेक्टर छ । यस प्रदेशको जौको उत्पादकत्व भने १,२४६ के.जी प्रति हेक्टर छ जुन नेपालको औसत भन्दा १३१ के.जी प्रति हेक्टरले बढी हो । यस सम्बन्धी विवरण तल तालिकामा छ ।

खाद्यवस्तुहरु निर्यातमा गुणस्तरका प्रावधानहरु

ट्रेसेबिलिटी (Traceability) सम्वन्धी प्रावधानहरु

खाद्य सुरक्षा धेरै देशहरुका नागरिकहरुका लागि बढ्दो सरोकारको विषय भएको छ । जनावरमा लागेका रोगहरु र खाद्य वस्तुहरुमा प्रयोग हुने विषादीले खाद्य सुरक्षालाई प्रभावित गरिहेको सन्दर्भमा प्रदुषित खाद्यहरुको पहिचान हुनु अति आवश्यक भई सकेको छ । यसैका लागि खाद्य वस्तुहरुमा Traceability को अवधारणाको विकास भई विभिन्न विकसित देशहरुले यस अवधारणालाई आफ्नो मुलुकको खाद्य आपूर्ति प्रणालीको अभिन्न अँगका रुपमा अँगीकार गरेका छन् ।

आइएसओ अनुसार Traceability भन्नाले खाद्य पदार्थको उत्पादन, प्रशोधन र वितरण प्रत्रियाको गतिलाई अनुगमन गर्ने प्रक्रिया हो भन्ने बुझिन्छ । Traceability प्रणालीले उत्पादन, प्रशोधन र वितरण प्रक्रियामा हरेक तहको सूचनाहरु समावेश गरेको हुनाले यो प्रणाली लागु गरेको खण्डमा उत्पादित खाद्य वस्तुहरुको विश्वसनियतामा वृद्धि भई उक्त वस्तुहरुको निर्यात सहज हुने देखिन्छ ।

युरोपियन युनियन, संयुक्त राज्य अमेरिका, जापान, अष्ट्रेलिया, क्यानडा लगायतका विकसित देशहरुमा Traceability प्रणाली लागु गरी खाद्य वस्तुको गुणस्तरसम्वन्धी एकीन गर्ने व्यवस्था भएको हुँदा ती नेपालले पनि खाद्य वस्तुको उत्पादन, प्रशोधन, ढुवानी, भण्डारण र वितरण लगायतका क्षेत्रमा Traceability प्रणालीलाई लागु गर्नु आवश्यक देखिन्छ । यसका लागि उत्पादक कृषक, संकलक, प्रशोधन उद्योग, ढुवानीकर्ता र वितरकहरुलाई Traceability प्रणालीमा पोख्त बनाउन उनीहरुको क्षमता अभिवृद्धि गर्नु आवश्यक छ ।

अन्य गैर भन्सार मापनहरु

(१) भारतका खाद्य पदार्थ निर्यात गर्न देहायका प्रक्रियाहरु पुरा गर्नुपर्दछ ।

(क) भारतीय खाद्य प्रयोगशालाको प्रमाणपत्र लिन जरुरी छ ।

(ख) घ्यु, तेल र प्रशोधित खाद्यवस्तुहरु निर्यात गर्दा भारतीय Food Safety and Standards (Packaging and Labelling) Second Amendment Regulations, 2013 को प्रावधान बमोजिम fat content उल्लेख गर्नु जरुरी छ ।

(ग) General Grading and Marking Rules, 1988 को प्रावधान बमोजि कृषि उत्पादनको गुणस्तरका बारेमा लेबलिङको व्यवस्था गरिएको हुनपर्दछ ।

(घ) Food Safety and Standards (Food Import) Regulations, 2016 को प्रवधान अनुसार हरेक खाद्यान्नको मिति सहितको म्याद तोकिएको अनिवार्य हुनुपर्दछ ।

(ङ) Food Safety and Standards (Packaging and Labelling) Regulations, 2011 को प्रावधान अनुसार प्याकेजिङ स्टाण्डर्ड, पोषक तत्व, खुद परिमाण, उत्पादन मिति, माँशाहारी पदार्थ प्रयोग भएको भए सो समेत उल्लेखित,उत्पादनको नाम र ठेगाना तथा प्रयोग गरी सक्नुपर्ने मिति समेत स्पष्ट उल्लेख भएको हुनुपर्दछ ।

(च) क्वारेण्टाइन सम्वन्धी प्रावधानहरु

(२) इयु देशहरुमा खाद्य पदार्थ निर्यात गर्न देहायका प्रक्रियाहरु पुरा गर्नुपर्दछ

(क) युरोपियन कमिशनको MRLs सम्वन्धी प्रावधानहरु

(ख) इयु देशहरुमा खाद्य वस्तुको गुणस्तर निश्चित गर्न लागु गरेको Traceability सम्वन्धी प्रावधानहरु

(ग) खाद्य वस्तुहरुको लेवलिङ सम्वन्धी देहायका प्रावधानहरुः

- allergens in the list of ingredients;
- energy value
- the amounts of fat, saturates, carbohydrate, sugars, protein and salt

(३) मुस्लीम देशहरुमा खाद्य वस्तुहरु निर्यात गर्दा हलाल प्रमाणपत्र

(४) चीनतर्फ निर्यात गर्दा Import and Export Commodity Inspection Law of the Peoples Republic of China, मा उल्लेखित प्रावधानहरु

(५) संयुक्त राज्य अमेरिकामा खाद्य सामाग्रीहरु निर्यात गर्दा त्यहाँको Food & Drug Administration Act मा उल्लेखित प्रावधानहरु पूरा गर्न जरुरी छ ।

खाद्यान्नको उपलब्धता र आवश्यकता

नेपालका चामल, मकै, कोदो, फापर, गहुँ र जौ लगायतका खाद्यान्नको आवश्यकता ५५,००,२३३ मेट्रिक टन छ । यो तथ्यांक अनुसार नेपालमा ८९८,११५ मेट्रिक टन खाद्यान्न बचत देखिन्छ । यस प्रदेशको तथ्यांक भने फरक छ । यस प्रदेशमा उल्लेखित खाद्यान्नको उपलब्धता ८,५२,६८० मेट्रिक टन छ भने खाद्यान्न आवश्यकता १२,४२,६४१ मेट्रिक टन छ । यो तथ्यांक अनुसार यस प्रदेशमा ३८९,९६१ मेट्रिक टन खाद्यान्न नपुग देखिन्छ । खाद्यान्नको उपलब्धता लगायतका विवरण तल तालिकामा छ ।

त्यसै गरी बागमती मा आ.व २०७३।७४ मा ३ लाख ४७ हजार ४ साय ९ मे.टन धान उत्पादन भएको तथ्यांक छ । यस प्रदेशमा उपभोग भने ८ लाख ६४ हजार ३ सय २७ मे.टन धान भएको देखिन्छ भने नपुग धान ५ लाख १६ हजार ९ सय १८ मे.टन धान अन्य प्रदेशबाट अन्तरप्रदेशीय व्यापार गर्न सकिन्छ । प्राप्त गर्न सक्ने अथवा धानको उत्पादन बढी गर्ने खालको नीति तथा कार्यक्रम समावेश भए आयात प्रतिस्थापन गर्न सकिने देखिन्छ ।

भूमिको अवस्था तथा क्षमता

यस प्रदेशकको कुल भूभाग मध्ये ९.८ प्रतिशत कृषिका लागि उपयुक्त रहेको छ भने २३.६ प्रतिशत भूभागमा कान्ला बनाएर कृषि गर्न सकिने खालको छ । चरण क्षेत्रका लागि २२.६ प्रतिशत भूभाग उपयुक्त छ भने ३०.६ प्रतिशत भूभाग प्रकृति र वन्यजन्तु संरक्षणका लागि उपयुक्त छ ।

तालिकाः यस प्रदेशको भू-उपयोगको अवस्था

भु- उपयोगको अवस्था	क्षेत्रफल (हेक्टर)	क्षेत्रफल (प्रतिशत)
खेती भएको जमिन	४९४०८४	२४.३४
वन	१०९००८५	५३.७०
झाडी/बुटयान	१५३७५९	७.५७
निर्माण भएको जमिन	२७२०	०.१३
खुल्ला जमिन	२३१३२४	११.४०
हिमनदी/ हिमताल (glacier)	७३९५	०.३६
ताल पोखरी	३०७	०.०२
बालुवा	१११३३	०.५५
जल क्षेत्र (water body)	३९१९३	१.९३
जम्मा	**२०३००००**	**१००.००**

स्रोतः भू तथा जलाधार संरक्षण विभाग, काठमाडौं

आयात प्रतिस्थापन गर्न सकिने वस्तु तथा सेवाहरु

वर्गीकरण	विवरण
वस्तु	
औद्योगिक वस्तुहरु	तयारी पोशाक, दैनिक उपभोग्य सामानहरु, प्लाष्टिकका सामानहरु, फर्निचर, आदि ।
कृषिजन्य उत्पादनहरु	तेल, मकै, गहुँ, दुध तथा दुग्ध पदार्थ आदि ।
अन्य उत्पादन	हस्तकलाका सामान
सेवा	
सेवा	**IT** तथा **BPO**
	विजुली

वागमती प्रदेशबाट निर्यात गर्न सकिने सम्भाव्य वस्तु तथा सेवाको रुपमा देखिएका छन्

वर्गीकरण	विवरण
वस्तु	
औद्योगिक वस्तुहरु	गलैंचा, तयारी पोशाक, हस्तकलाजन्य वस्तुहरु, प्लाष्टिकका सामानहरु, फर्निचर
कृषिजन्य उत्पादनहरु	तेल, मकै, जौ तथा फापर, कोदो, गहुँ, दुध तथा दुग्ध पदार्थ आदि ।
अन्य औद्योगिक वस्तुहरु	चाउचाउ, आलु चिप्स, दन्तमञ्जन, तेल, आदि ।
सेवा	
Software	**IT** तथा **BPO**

अन्तरप्रदेश व्यापार सम्भावना भएको वस्तुहरु तथा सेवाहरु

वर्गीकरण	विवरण
वस्तु	
कृषिजन्य उत्पादनहरु	छाला, धान, दाल, मासु, अन्य खाद्यान्न, आदि ।
वन जन्य वस्तु	काठ, रोजिन, दाउरा, आदि ।
औद्योगिक वस्तुहरु	तयारी पोशाक, गलैंचा, धागो, तेल, प्लाष्टिकका सामान, आदि
सेवा	
	विद्युत

यातायात पूर्वाधार

सडक

चीनीयाँ बजारको लागि सडक सञ्जालबाट चीनीयाँ बजारका वेल्ट एण्ड रोड **Belt and Road Initiatives (BRI)** आर्थिक करिडोरका रुपमा विकसित हुँदै गरेको हुनाले यस सडक सञ्जालबाट चीनीयाँ भूभाग भै विश्वबजार प्रवेशद्वारका रुपमा पनि वागमती रहिआएको छ ।

यस प्रदेशका सबै जिल्ला सदरमुकामहरुलाई कालोपत्रे सडकले जोडेको छ । जिल्ला सदरमुकामदेखि स्थानीय तहसम्म कुनै न कुनै किसिमको सडकले छोएको छ । नेपालको कुल राष्ट्रिय सडकमध्ये १९.०१ प्रतिशत र कुल ग्रामिण सडकहरुमध्ये २५.१२ प्रतिशत यस प्रदेशमा पर्दछ । यस सम्बन्धी संक्षिप्त विवरण तल तालिकामा र विस्तृत विवरण अनुसूचिमा संलग्न छ ।

तालिकाः जिल्लागत रुपमा राष्ट्रिय र ग्रामिण सडक तथा सडक घनत्व

क्र.सं.	जिल्ला	राष्ट्रिय सडक (कि.मी)	ग्रामीण सडक (किमी)	ग्रामीण सडक घनत्व प्रती १०० बर्ग कि.मी क्षत्रमा सडक (कि.मी)	राष्ट्रिय सडक घनत्व ९ प्रती १०० बर्ग किमी क्षत्रमा सडक (कि.मी)
१	सिधुली	२७८.६	८२६.१४	३३.१६५	११.१८४
२	रामेछाप	१०७.९	१३१६.११	८५.१९५	६. ९७९
३	दोलखा	१४९.७५	८५३.२४	३८. ९४३	६.८३५
४	सिन्धुपाल्चोक	२०६.६७	२४०१.३४	९४.४६७	८.१३०
५	काभ्रेपलान्चोक	१५५.१२	२१९४.६	१५७.२०६	११.११२
६	ललितपुर	१३१.३९	५३५.८८	१३९.१९०	३४.१२७
७	भक्तपुर	११५.०६	१९२.२	१६१.५१३	९.६६८९
८	काठमाडौं	२४७.७	७१५.७८	१८१.२१०	६२.७०९
९	रशुवा	६६.२	३०९.१२	२०.०२१	४.२८८
१०	नुवाकोट	२११.३८	१३२९.२३	११८.५७५	१८.८५६
११	धादिङ	२१९.०८	१३३६.०४	६९.३६९	११.३७५
१२	मकवानपुर	३२९.३४	६८०.१९	२८.०३८	१३.५७५
१३	चितवन	२३३.३९	१७८८.१६	८०.६२०	१०.५२३

स्रोतः राष्ट्रिय सडक, (सडक विभाग)

विमानस्थल

यस प्रदेशमा नेपालको एक मात्र अन्तराष्ट्रिय विमानस्थल, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र अन्य ५ वटा आन्तरिक विमानस्थल छन् ।

तालिमा : वागमती प्रदेशमा रहेका विमानस्थल

क्र.सं.	विमानस्थलको नाम	ठेगाना	धावनमार्गको लम्बाई, चौडाई (मि.)	कैफियत
१	त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल	काठमाडौं	३०५०X४६	
२.	भरतपुर	भरतपुर महानगरपालिका, चितवन	१२००X३०	
३.	रामेछाप	मन्थली नगरपालिका, रामेछाप	५४०X२०	
४.	लाङटाङ	गोसाईंकुण्ड गाउँपालिका, रसुवा	४२०X३०	सञ्चालनमा नरहेको
५.	जिरी	दोलखा	३६८X१८	सञ्चालनमा नरहेको
६.	मेघौली	मेघौली, चितवन	१०६७X३०	सञ्चालनमा नरहेको

स्रोतः भौतिक पूर्वाधार मन्त्रालय, वागमती

राष्ट्रिय तथा प्रादेशिक गौरवका आयोजना

नेपालका राष्ट्रिय गौरवका २१ व्टा आयोजनामध्ये यस प्रदेशमा देहायका १० वटा आयोजनाहरु पर्दछन् । १० मध्ये ४ वटा आयोजनाहरु प्रदेशभित्रमात्र सिमित छन् भने ६ वटा आयोजनहरु अन्तरप्रादेशिक छन् । यसको विस्तृत विवरण तल तालिकामा छ ।

तालिका : वागमती प्रदेशमा रहेका राष्ट्रिय गौरवका आयोजनाहरु

क्र.सं.	राष्ट्रिय गौरवका आयोजनाहरु	कैफियत
१.	बुढी गण्डकी जलविद्युत आयोजना	अन्तर प्रादेशिक
२.	मेलाम्ची खानेपानी आयोजना	
३.	पशुपति क्षेत्र विकास कोष	
४.	राष्ट्रति चुरे-तराई मधेश संरक्षण विकास समिति	अन्तर प्रादेशिक
५.	गल्छी-त्रिशुली-मैलुङ्ग-स्याफ्रुवेशी-रसुवागढी सडक आयोजना	
६.	पुष्पलाल राजमार्ग (मध्ये पहाडी राजमार्ग)	अन्तर प्रादेशिक
७.	काठमाडौं-तराई मधेश फाष्ट ट्रयाक	अन्तर प्रादेशिक
८.	हुलाकी राजमार्ग (पुलहरु समेत)	अन्तर प्रादेशिक
९.	रेल, मेट्रो रेल तथा मोनो रेल विकास आयोजना	अन्तर प्रादेशिक
१०.	माथिल्लो तामाकोशी जलविद्युत आयोजना (४५६ मे.वा)	

स्रोतः अर्थ मन्त्रालय

प्रदेशको सिंचाई अवस्था

तालिकाः वागमती प्रदेशमा सिंचित जग्गाको क्षेत्रफल

बिवरण	जम्मा		सिन्चित		
	कृषिचलन	क्षेत्रफल (हे.)	कृषिचलन	क्षेत्रफल (हे.)	सिन्चित जमिनको प्रतिशत
jfudtL	६५८७७६	३२८२९७४	३७८४१३	११३९७३ .७	३४.७२
नेपाल	३८३१०९३	२५२५६३९.२	२४७२२९६	१३१३४०६ .३	५२.००

पर्यटन

यो प्रदेश पर्यटनको प्रचुर सम्भावना बोकेको प्रदेश हो । विश्व सम्पदा सूचिकृत विश्वभर रहेका ६ सय ३० वटा सम्पदाहरुमध्ये नेपालमा १० वटा र ती मध्ये ८ वटा सम्पदाहरु यस प्रदेशमा पर्दछन् । यस प्रदेशमा चाँगुनारायण, भक्तपु। दरवार क्षेत्र, स्वयम्भू स्तूपा, पशुपति मन्दिर क्षेत्र, पाटन दरवार क्षेत्र, हनुमानढोका दरवार, बौद्ध महाचैत्य र चितवन राष्ट्रिय निकुञ्ज रहेका छन् । यस प्रदेशमा पर्यटक आकर्षित हुने धार्मिक स्थलहरु, प्रमुख पर्यटकीय शहरहरु तथा केन्द्रहरु, पर्यापर्यटन स्थलहरु, प्रमुख सिमसार क्षेत्रहरु, हाईकिङ गन्तव्यहरु र पर्यटक पदमार्गहरु रहेका छनज् । पर्यटकको लागि उपलब्ध होटल संख्या तथा पर्यटकीय गन्तव्यहरु, मुख्य पदयात्रा स्थलहरु र हाईकिङ गन्तव्यहरु क्रमशः तल तालिकामा राखिएको छ ।

पर्यटनमा हिम पर्यटन तथा धार्मिक पर्यटनको हिसाबले वागमती मा अवस्थित एक मात्र अन्तर्राष्ट्रिय विमानस्थलबाट विश्वको पर्यटकहरु सहजै भ्रमण गर्न सक्षम भएको छ । विश्वका हिन्दू र बौद्ध, बोन धर्मावलम्वीहरुको आस्थाका केन्द्रका रुपमा रहेको चीनको मानसरोबर जाने सहज प्रवेशमार्ग पनि वागमती को तातोपानी तथा केरुङ्ग नाकाबाट भैरहेको छ । संघीय नेपालकै ठूला औद्योगिक क्षेत्रहरु भएकोले वागमती उपभोग्य वस्तु तथा निकासीयोग्य वस्तुहरुको उत्पादन तथा विक्रिवितरण गर्नु पूर्व संकलन केन्द्रको थलो भएकोले यस प्रदेशको महत्वपूर्ण भूमिका छ ।

धार्मिक पर्यटन

यस प्रदेशमा पशुपतिनाथ र स्वयम्भू लगायतका महत्वपूर्ण धार्मिक स्थलहरु छन् । यो धार्मिक स्थानहरुको नामावलीा देहाय अनुसार छ । जिल्ला अनुसारका महत्वपूर्ण धार्मिक स्थलहरुको विवरण अनुसूचि १.३ मा छ ।

१. पशुपतिनाथ
२. बुढानिलकण्ठ
३. चाँगुनारायण
४. गोसाँइकुण्ड
५. कालिन्चोक भगवती
६. भिमेश्वर मन्दिर
७. पलाञ्चोक भगवती
८. देवघाट
९. स्वयम्भू
१०. बौद्ध
११. नमोबुद्ध

पशुपतिनाथ

बौद्ध

बुढानिलकण्ठ

चाँगुनारायण मन्दिर

गोसाँइकुण्ड

कालिन्चोक भगवती

तालिकाः पर्यटकका लागि उपलब्ध होटल संख्या तथा पर्यटकीय गन्तव्यहरु

बिषय क्षेत्र	प्रदेशको स्थिती
होटेल विवरण	पाँच तारे होटेल (८ वटा), चार तारे होटेल २४) वटा , तिन तारे होटेल (६५ वटा) दुई तारे होटेल (१७) वटा , एकतारे होटेल (७) वटा सन २०१६ मा जम्मा तारे होटल १२० वोटा र अन्य होटेल ९४२ वटा र सन २०१७मा तारे होटेल १२५ र अन्य होटेल ९७७ वटा रहेका छन
टुरिस्ट स्ट्याण्डर्ड होटेल	१०५ वटा
होम स्टे	१०१ वटा (सामुदायिक होमस्टे २८ वटा , निजी होमस्टे ७२ वटा)
विस्वसम्पदा सुचिमा समावेश पर्यटकिय स्थलहरु	८ वटा (चाँगुनारायण मन्दिर , भक्तपुर दरबार क्षेत्र ,सोयम्भुनाथ स्तुपा , पशुपती मन्दिर क्षेत्र, पाटन दरबार क्षेत्र , हनुमान्ढोगा दरबार, बौध्हनाथ महाचैत्य र चितवन राष्ट्रिय निकुन्ज
प्रमुख धार्मिक स्थलहरु	पशुपतिनाथ मन्दिर, कालिन्चिवोक भागअवती, दोलखा,भिम्शेन ,गोसाइकुन्ड देवीघाट दुप्चेस्वर जालपादेवी ,वेत्रावती,खाँडादेवी, उमाकाण्ड,लच्छीगुम्चा, गौरती भिमेस्वर, पाल्चोकी माइ, पाचपोखरी
प्रमुख पर्यटकीय शहरहरु तथा केन्द्रहरु	काठमाण्डु,भक्तपु,ललितपुर,(विश्व सम्पदा सुचिमा सुचिक्रित) सौराहा, नगरकोट,जिरि,तातोपानि,हेलम्बु
पर्यापर्यटन स्थलहरु	ककनी, सौरहा, नगरकोट, हेलम्बु, ततोपानि, जिरी क्षेत्र, चितवन र लाङ्टाङ राष्ट्रिय निकुन्ज, पर्सा राष्ट्रिय निकुन्ज (मध्यवर्ती क्षेत्रका केही भाग) गौरिशन्कर सङरक्षण क्षेत्र र रामसार क्षेत्रहरु
प्रमुख सिमसार क्षेत्रहरु	बिसहजारी ताल , गोसाइकुण्ड, ईन्द्रसरोवर ताल, तातोपानी, रानीपोखरी, कमलपोखरी, नाग्पोखरी , उमाकाण्ड, पाँचपोखरी

स्रोतः पार्श्वचित्र, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वागमती

हिम पर्यटन

प्रमुख हिमश्रृखला र हिमालहरु

यस प्रदेशमा रहेको लाङटाङ हिमश्रृंखला र गौरीशंकर हिमश्रृंखला गरी दुईवटा हिमश्रृंखला पर्यटकका दुष्ट्रिकोणले महत्वपूर्ण रहेका छन् । नेपालमा ५००० मिटर भन्दा माथिका हिमचुचुराको संख्या ४१४ वटा रहेकोमा यस प्रदेशमा ६१ वटा छन् । यस प्रदेशमा रहेको अग्लो चुचुरा लाङटाङ लिरुङ् ७२२७ मिटर, लाङटाङ र ७२०५ मिटर, गौरीशंकर ७१३५ मिटर उचाई रहेको छ । यस प्रदेशमा रहेको प्रमुख हिमचुचुराको विवरण अनुसूचि १.४ मा संलग्न छ ।

जुगल हिमाल

लाङटाङ हाईकिङ

शिक्षा तथा साक्षरता दर

शिक्षा राष्ट्रिय विकासको आधारशिला हो । नेपालको सन्दर्भमा यो गरिवी निवारणको एक सशक्त माध्यम पनि हो । यस प्रदेशमा ३८ लाख ३० हजार ६ सय ५४ साक्षर संख्या छ जुन नेपालको कुल साक्षर संख्याको २४.२८ प्रतिशत हो । यस प्रदेशका १३ जिल्लामध्ये सबैभन्दा बढी साक्षरत ८६.२५ प्रतिशत काठमाडौंको छ भने सबैभन्दा कम साक्षरता ५३.६० प्रतिशत रसुवा जिल्लाको रहेको छ । नेपालको साक्षरता दर ६५.९४ छ भने यस प्रदेशको साक्षरता दर ७४.८५ प्रतिशत रहेको छ । यो दर राष्ट्रिय साक्षरता दर भन्दा ८.९१ प्रतिशतले बढी हो । यस प्रदेशमा महिला साक्षरता दर ६७.०४ छ भने पुरुषको साक्षरता दर ८२।८२ छ ।

काठमाडौं विश्वविद्यालय

स्वास्थ्य सेवा प्रदायकहरु

कृषिजन्य वस्तुहरुमा अलैंची,, अदुवा, दलहन, जुट र चियालाई सुचीकृत गरिएको छ । यसैगरी वन्यजन्य क्षेत्रमा जडीबुटी तथा सुगन्धित वनस्पति, रोजिन र टर्पेन्टाइन, लोक्ताबाट बनेको हाते कागज रहेका छन् । यसैगरी ठूला उद्योगका निर्यातजन्य वस्तुहरुमा फलाम तथा स्टिल, धागो तथा कपडा र तयारी पोशाकलाई समेटिएको छ । साना तथा घरेलु उद्योगका उत्पादनहरुमा गलैंचा, गहना, पश्मिना, पास्ता, ऊनबाट बनेका फेल्ट लगायत सामानहरुलाई नेपाल व्यापार एकीकृत रणनीतिमा समावेश गरिएको छ ।

उदीयमान क्षेत्रमा सुगन्धित तेल, हिमालयन स्प्रिंग वाटर, तरकारी, फलफूल र तिनका प्रशोधित सामग्री, मसलाहरू, (दालचिनी, बेसार, लसुन, केसर, जीरा, मरिच र तेजपात), हस्तकला, लामा रेशाका कपडाहरू (अल्लो र हेम्पका रेशाहरू), कफी, पिपिसी सिमेन्ट, छुर्पी तथा महलाई समेटिएको छ ।

नयाँ तथा भविष्यमा सम्भावना हुन सक्ने वस्तुहरुमा हाइड्रोजन ऊर्जा, बहुमूल्य पत्थर, ढुंगा तथा ढुंगाजन्य उत्पादनहरु, सरोकारवालाहरुसँगको समन्वयमा आवश्यक नीतिगत तथा कानुनी परिमार्जन गरी हेम्प वा हेम्पजस्तै वनस्पति एवम सो बाट बनेका औषधीय गुण भएका वा सुगन्धित वस्तुहरुलाई समावेश गरिएको छ ।

सेवा व्यापार निर्याततर्फ पर्यटन, सूचना प्रविधि र इन्टरनेटमा आधारित सेवा, जलविद्युत्, निर्माण सेवा तथा दक्ष तथा अर्धदक्ष श्रम सेवा (विप्रेषण आउने सेवा) ५ वटा क्षेत्रहरुको पहिचान यस नेपाल एकीकृत व्यापार रणनीति २०२३ उल्लेख गरिएका छन् ।

सेवा निर्यातको प्रवर्द्धनको लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा कुनै प्रबन्ध नभएको पृष्ठभूमिमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको मौजुदा दरबन्दीभित्रै रही विद्यमान संगठन संरचनामा सामान्य फेरबदल गरी बहुपक्षीय व्यापार तथा व्यापार सहायता महाशाखा अन्तर्गत नेपाल व्यापार एकीकृत रणनीतिको प्रभावकारी कार्यान्वयन, वस्तु तथा सेवा निर्यात प्रवर्द्धन तथा व्यापार सहजीकरणका लागि प्रशासन समूहको एकजना उपसचिव, दुईजना शाखा अधिकृत र एकजना तथ्यांक अधिकृतको दरबन्दी हुने बजार विद्वता तथा निर्यात प्रवर्द्धन (Market Inteligence and Export Pormotion) शाखा राख्न यस रणनीतिमा सिफारिस गरिएको देखिन्छ ।

नेपाल व्यापार एकीकृत रणनीतिको प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्यांकन, समन्वय तथा मार्गदर्शन गर्न नेपाल व्यापार एकीकृत रणनीति कार्यान्वयनको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने, स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट संशोधन गर्ने, नेपाल व्यापार एकीकृत रणनीति कार्यान्वयनको प्रगति समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने र मार्गदर्शन दिने तथा नेपाल सरकारले समय समयमा तोकेका अन्य कार्य गर्ने गरी उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रीको अध्यक्षतामा २१ सदस्यीय राष्ट्रिय निर्देशक समितिको पनि प्रस्ताव गरिएको छ ।

यसैगरी नेपाल व्यापार एकीकृत रणनीतिको कार्यान्वयन र समन्वय गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको बहुपक्षीय व्यापार तथा व्यापार सहायता महाशाखाका सहसचिव संयोजक रहने गरी प्राप्त बजेट सीमाको आधारमा वार्षिक कार्यक्रम तथा बजेट निर्माण गर्ने, वार्षिक कार्ययोजना तयार गर्ने र प्रत्येक कार्यान्वयन निकायलाई अख्तियारी दिनुपर्ने रकमको निर्णय गर्ने, रणनीति कार्यान्वयनको प्रगति अनुगमन गर्ने र त्रैमासिक तथा वार्षिक प्रगति विवरण तयार गर्ने, कार्यान्वयनको क्रममा देखिएका समस्याको बारेमा छलफल गर्ने, समाधान खोज्ने र कार्यान्वयन गर्ने निकायलाई सहयोग गर्ने, साझेदार निकायसँग समन्वय गर्ने तथा राष्ट्रिय निर्देशक समितिले तोकेका अन्य कार्य गर्ने गरी राष्ट्रिय कार्यक्रम कार्यान्वयन इकाई गठन गर्न प्रस्ताव गरिएको छ ।

नेपाल एकीकृत व्यापार रणनीति २०२३ लाई क्षेत्रगत अवधारणा (SWAp) अनुरूप कार्यान्वयन गर्ने ढाँचा अपनाउन सिफारिस गरिएको छ भने नेपाल व्यापार एकीकृत रणनीति कार्यान्वयन गर्न छुट्टै बजेट उपशीर्षकको व्यवस्था गर्न प्रस्ताव गरिएको छ । रणनीतिको आधारमा तयार गरिएको वार्षिक कार्यक्रमको लागि यसै उपशीर्षकमा बजेट प्रबन्ध गर्ने र बजेटको अख्तियारी राष्ट्रिय कार्यक्रम कार्यान्वयन इकाईलाई दिने व्यवस्था गर्न प्रस्ताव गरिएको छ । इकाईले सम्बन्धित कार्य कार्यान्वयनको लागि जिम्मेवार निकायलाई स्वीकृत कार्यक्रम अनुसार बजेटको अख्तियारी विधिलाई पनि रणनीतिमा प्रस्ताव गरिएको छ ।

यसै गरी बजेट तर्जुमा गर्दा रणनीति कार्यान्वयन बजेट सीमाको आधारमा राष्ट्रिय कार्यक्रम कार्यान्वयन इकाईले सम्बन्धित निकायलाई बजेट सीमा सहित कार्यक्रम प्रस्ताव गर्न अनुरोध गर्ने, सम्बन्धित निकायबाट प्राप्त प्रस्तावको आधारमा वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गरी राष्ट्रिय निर्देशक समितिबाट स्वीकृत गराई अर्थ मन्त्रालय तथा राष्ट्रिय योजना आयोगमा कार्यक्रम तथा बजेट प्रस्ताव गरिने विधिलाई यस रणनीतिमामा प्रस्ताव गरिएको छ ।

यो रणनीति कार्यान्वयन गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत रहेका स्वायत्त संस्था, निजी क्षेत्रका छाता संस्था तथा मातहतका निकायहरू, विषयगत मन्त्रालय तथा निकायहरू, विदेशस्थित नेपाली कूटनीतिक नियोगहरू, अवैतनिक वाणिज्यदूत र नेपालस्थित विदेशी कुटनीतिक नियोग र मुलुकका अवैतनिक वाणिज्यदूत, विकास साझेदारबीचको सहकार्य, सहयोग र समन्वयलाई प्रभावकारी आवश्यक रहेको पक्षलाई आत्मसात् गर्दै यसका लागि पनि रणनीतिमा कार्यान्वयन विधिको प्रस्ताव समेत गरिएको छ ।

गण्डकी प्रदेशको सामान्य परिचय

नेपालको शासनव्यवस्था सुदृढीकरणका लागि संविधान सभाबाट नेपालको संविधान जारी भयो । यसै संविधान बमोजिम नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य कायम हुन पुग्यो । नेपालको संविधान बमोजिम नेपाललाई ७ प्रदेशमा विभाजन गरियो । यी मध्ये साविकका धौलागिरी अञ्चलका ४ जिल्ला, गण्डकी अञ्चलका ६ जिल्ला र लुम्बिनी अञ्चलको नवलपरासी जिल्लालाई टुक्र्याइ सुस्ता पुर्वको भू-भाग समेटेर नवलपुर जिल्ला बनाइ कुल ११ जिल्लाको गण्डकी प्रदेश कायम भयो ।

भौगोलिक रुपमा यस प्रदेशले हिमाल, पहाड र तराई गरी तिनै धरातलीय स्वरुपलाई समेटेको छ । भौगोलिक अवस्थितिलाई हेर्दा यो प्रदेश २७◦२०' उत्तरी अक्षांश देखि २९◦२०' उत्तरी अक्षांश र ८२◦५२' पूर्वी देशान्तर देखि ८५◦१२' पूर्वी देशान्तरका बीच रहेको छ । यस प्रदेशको सबैभन्दा अग्लो भू-भागको रुपमा धौलागिरी हिमाल र होचो भू-भागको रुपमा नवलपुरको त्रिवेणी सुस्ता रहेको छ ।

नेपालको कुल क्षेत्रफल १,४७,१८१ वर्ग कि.मि .मध्ये गण्डकी प्रदेशले २१,७३३ वर्ग कि.मि .अर्थात् १४.६६ % क्षेत्रफल ओगटेको छ । प्रदेशको कुल क्षेत्रफल मध्य हिमाली भू-भाग ५,८१९ वर्ग कि.मि) .२६.८(%, पहाडी भू-भाग १४,६०४ वर्ग कि.मि) .६७.२ (%र तराई भू-भाग १,३१० वर्ग कि.मि) .६ (%पर्दछ । यस प्रदेशमा पहाडी भु-भाग बढी रहेको छ ।

यो प्रदेश नेपाल राज्यको करीब मध्य भागमा पर्दछ । नेपालकै सबैभन्दा ठूलो महानगरपालिकाको रुपमा रहेको पोखरा समेत यस प्रदेशमा रहेको छ । यस प्रदेशको सिमाना पूर्वमा वाग्मति प्रदेशका रसुवा, धादिङ्ग र चितवन जिल्ला, पश्चिममा लुम्विनि प्रदेशका पूर्वी रुकुम, रोल्पा, प्यूठान, गुल्मी, पाल्पा र नवलपरासी (सुस्ता बर्दघाट पश्चिम) र कर्णाली प्रदेशको डोल्पा जिल्ला पर्दछन् । त्यस्तै उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा लुम्बिनि प्रदेशको पाल्पा जिल्ला र भारतको विहार राज्य रहेका छन् ।

नेपालको प्राकृतिक एवं धरातलीय स्वरुपका आधारमा तीन भागमा विभाजन गरिए अनुसार यो प्रदेश पनि धरातलिय रुपमा तीन भागमा विभक्त छः

हिमाली प्रदेश नेपालको तथा यस प्रदेशको पनि उत्तरी भेगमा रहेको मोडदार पर्वतिय क्षेत्र हो ।साधारणतया ३००० मिटर देखि माथिको भू-भाग यस क्षेत्रमा पर्दछ। विश्वकै प्रशिद्ध अन्नपूर्ण धौलागिरी तथा माछापुच्छ्रे यसै प्रदेशमा पर्दछन । विश्वको सबैभन्दा गहिरो गल्छी अन्ध गल्छी (५७९१ मिटर) यसै प्रदेशको म्याग्दी जिल्लामा पर्दछ। गण्डकी प्रदेशका हिमालपारिका २ जिल्ला मनाङ्ग र मुस्ताङ्ग पनि यस प्रदेशमा पर्दछन्।

उत्तरमा हिमाल र दक्षिणमा तराईको भू-भाग बीच पर्ने साधारणतया ६०० मिटर देखि ३००० मिटर सम्मको क्षेत्र पहाडी प्रदेशका नामले चिनिन्छ। यसमा नदी निर्मित फाँट एंव उपत्यका बेसी टार तथा महाभारत पर्वतका श्रृंखलाहरु समेत पर्दछन्।ग्रामिण बस्तीहरुको बाहुल्यता भएको यस क्षेत्रमा गण्डकी प्रदेशमा म्याग्दी, पर्वत, बाग्लुङ्ग, लमजुङ्ग, गोरखा, तनहुँ, कास्की र स्यांजा गरी जम्मा ८ जिल्लाहरु रहेका छन्।

नेपालको दक्षिणी भागमा अस्थित समथर भूमि मध्य यस प्रदेशमा अत्यन्तै थोरै भू-भाग अर्थात १३१० बर्ग कि.मि. क्षेत्रफल रहेको छ । साविकको नवलपरासी जिल्लालाई दुई भागमा विभाजन गरी पूर्वी भाग अर्थात नवलपुर जिल्ला (बर्दघाट सुस्ता पूर्व) यस प्रदेशमा पर्दछ। त्रिवेणी सुस्ता नाका यस प्रदेशलाई भारतसँग जोड्ने एक मात्र अन्तराष्ट्रिय नाकाका रुपमा रहेको छ ।

हावापानी

यस प्रदेशमा तराईको समथर भू-भाग देखि ८१६७ मिटर उचाईमा रहेको धौलागिरी हिमाल सम्म फैलिएको हुँदा नेपालमा पाइने सबै प्रकारको हावापानी पाइन्छ। उचाई, वर्षा एवं पक्रमका आधारमा यहाँको जलवायुलाई उष्ण प्रदेशिय हावापानी न्यनो समशीतोष्ण हावापानी ठन्डा, समशीतोष्ण हावापानी, लेकाली हावापानी र अल्पाइन हावापानी गरी वर्गीकरण गर्न सकिन्छ ।

अ. **उष्ण प्रदेशीय हावापानीः**-ग्रीष्म ऋतुमा अति गर्मी र जाडोमा अति चिसो (शीतलहर चल्ने) गर्मीमा तापक्रम ४० डिग्री भन्दा माथि रहने र वर्षा २०० मी.लि. को हाराहारीमा हुने गर्दछ ।

आ. **न्यानो समशीतोष्णा हावापानीः**- औसत तापक्रम २१ डिग्रीको हाराहारीमा रहने मध्यम खालको जलवायु रहेको वर्षामा बढी पानी पर्ने र हिँउदमा कम पर्ने क्षेत्र पर्दछ ।

इ. **ठण्डा समशीतोष्ण हावापानीः–** महाभारत पर्वतको माथिल्लो खण्ड र हिमालयको तल्लो क्षेत्र वार्षिक औसत तापक्रम १७ डिग्रीको हाराहारीमा रहने जाडोमा ० डिग्री सम्म झर्ने र औसत वर्षा १५० मी.लि .सम्म हुने क्षेत्र पर्दछ ।

ई. **लेकाली हावापमनीः–** ग्रीष्ममा तापक्रम १३ डिग्री सेल्सीयस सम्म पुग्ने हुदा केही न्यानो हुने तर हिउँदमा ० डिग्री सेल्सीयस भन्दा कम हुने हुँदा अतिनै चिसो वर्षाको तुलनामा हिमपात बढी हुने क्षेत्र पर्दछ।

उ. **अल्पाइन (टुन्ड्रा) हावापानीः–** उच्च हिमाली क्षेत्रमा पाइने हावापानी ध्रुवीय क्षेत्रको हावापानीसँग मेल खाने वर्षभरि नै हिँउ परिरहने अत्यधिक चिसो क्षेत्र पर्दछ ।

प्राकृतिक सम्पदा

गण्डकी प्रदेशमा हिमालबाट उत्पत्ती भएर बग्ने हिमनदीहरुमा कालीगण्डकी, बुढीगण्डकी, मर्स्याङ्दी, मादी, दरौदी, सेती, मर्दी, मोदी, म्याग्दी खोला, आँधिखोला, बढीगाड, उत्तरगंगा जस्ता ठूला नदीहरु रहेका छन। यसै गरी प्रमुख तालतलैयाहरु फेवाताल, वेगनासताल, रुपा ताल, तिलिचो ताल, दामोदर कुण्ड, खयरवराह ताल, तातोपानीका दह आदि विभिन्न प्रसिद्ध ताल तथा कुण्डहरु यस प्रदेशमा रहेका छन। त्यस्तै धौलागिरी, माछापुछ्रे, अन्नपूर्ण, निलगिरी, मनास्लु, गणेश, हिमाल जस्ता प्रसिद्ध हिमाल र हिमश्रृखलाहरु समेत यस प्रदेशमा रहेका छन।

गण्डकी प्रदेशको निर्यात संभावना र अन्तरप्रदेश व्यापार सम्वन्धि SWOT विश्लेषण

प्रदेश सरकार र निजी क्षेत्रसँग गरिएको अन्तरक्रिया तथा सन्दर्भ सामाग्री अध्ययनका आधारमा गण्डकी प्रदेशका समग्र पक्ष (सबलता, दुर्बलता, अवसर र हाँक) को विश्लेषण गर्दा देहाय बमोजिमको निचाडहरु प्राप्त भएका छन् ।

सबल पक्ष (Strength)	दुर्वल पक्ष (Weakness)
क. भौगोलिक विविधतायुक्त प्रदेश, ख. मलिलो खेती योग्य जमीन, ग. चीन र भारत जस्ता ठूला बजार , घ. कृषि तथा वनजन्य उत्पादनको प्रचुर सम्भावना, ङ. एक स्थानीय तह एक उद्योग ग्राम च. कास्कीको पोखरामा विशाल औद्योगिक क्षेत्रको स्थापना, छ. चीनलाई जोड्ने कोरला नाका र भारतलाई जोड्ने त्रिवेणि सुस्ता नाका ज. हिन्दू तथा बौद्ध धर्मावलम्वीहरुको लागि धार्मिक महत्वको प्रदेश, झ. साहसिक, धार्मिक तथा ऐतिहासिक पर्यटनका लागि आकर्षक गन्तव्य, ञ. नेपालको एक मात्र ढोरपाटन शिकार आरक्ष ट. पर्यटकहरुका लागि स्तरीय होटल लगायत होमस्टेको व्यवस्था भएको ठ. पोखरामा निर्माणाधिन अन्तर्राष्ट्रिय विमानस्थल, ड. जलविद्युतको प्रचुर सम्भावना	ढ. जनशक्तिको अभाव, ण. सिंचाई सुविधाको कमी, त. आधुनिक प्रविधिको कमी, थ. शहरतर्फ बसाइँ सराईको बढ्दो क्रम द. कृषियोग्य जमीन बाँझिदै जानु ध. भौगोलिक विकटताका कारण उत्पादित वस्तुहरुको बजारसम्म ढुवानी गर्न उपयुक्त भौतिक पूर्वाधारको कमी, न. व्यापारका पूर्वाधारको विकासमा कमी (शीतगृह, संकलन केन्द्र आदि)
अवसर (Opportunities)	**चुनौती (Threat)**
क. चीन तथा भारतको बजार सम्मको सहज पहुँच, ख. धार्मिक, साहसिक पर्यटन तथा पदयात्राको लागि उपयूक्त ग. सामुदायीक होमस्टेमा पर्यटन पुर्वाधार सम्वन्धि कार्य गराउन पुजिगत अनुदान दिने सम्वन्धि कार्यविधि २०७५	छ. छिमेकी मुलुकमा कृषि एवं औद्योगिक क्षेत्रलाई प्राप्त सुविधा (अनुदान, प्रोत्साहन, ढुवानी, बीमा, ऋणमा छुट, न्युनतम समर्थन मूल्य, खरिदको प्रत्याभूति आदि सुविधा) ले गर्दा

घ. भारतीय बजारमा निकासी प्रवद्र्धन गर्न समान ङ. भाषा, संस्कृति र रहनसहनका कारण सहज, च. कोरलाबाट चीन र त्रिवेणि सुस्ता नाकाबाट भारत तर्फको बजार पहुँचको संभावना,	नेपाली कृषि उत्पादन मूल्यको आधारमा कम प्रतिस्पर्धी हुनु ज. इकोनोमी अफ स्केल (ठूलो परिमाणमा उत्पादन हुँदा प्रति इकाई लागत मूल्यमा हुने कमी)का कारण भारतीय वस्तुहरुसँग नेपाली वस्तुको लागत मुल्य तुलनात्मक रुपमा बढी हुनु झ. युवा जनशक्ति विदेश पलायन हुने क्रमले गर्दा कृषि तथा औद्योगिक क्षेत्रमा जनशक्तिको कमी हुनु ञ. चीन तथा भारतको सरकारहरुले नेपालको प्रमुख वस्तुहरुमा उच्च प्राथमिकताका साथ कार्यक्रमहरु सञ्चालन गरिरहेको,

प्रमुख कृषिजन्य उद्योगहरु

गण्डकी प्रदेशमा चिनी, सूर्ती/चुरोट, जुस एवं खाद्य प्रशोधन (दालमिल, तेलमिल, चामलमिल आदि) लगायतका केही उद्योगहरु स्थापना भएका छन् । औद्योगिक गणना २०६९ अनुसार गण्डकी प्रदेशमा ३९३ ओटा उद्योगहरु रहेको पाइन्छ ।

प्रमुख म्यानुफ्याक्चरिङ्ग उद्योगहरु

गणडकी प्रदेशमा एउटा मात्र औद्योगिक क्षेत्र पोखरा औद्योगिक क्षेत्र रहेको छ। ५०१ रोपनी जग्गामा रहेको यस औद्योगिक क्षेत्रमा औद्योगिक क्षेत्रको ४ करोड र निजी क्षेत्रबाट ४०० करोड गरी जम्मा ४०४ करोडको लगानिमा ७२ वटा उद्योग प्रतिस्ठानहरु संचालनरत छन। हाल यस औद्योगिक क्षेत्र भित्र दुध तथा दुग्धजन्य पदार्थ चाउचाउ, काठ तथा फलामका फर्निचर, विस्कुट, चकलेट, मिनरल वाटर, बेकरी, दाना, ह्याचरी, प्रिन्टिङ्ग तथा प्याकेजिङ्ग, विजुलीको तार, मेटल फेव्रिकेशन, टायल तथा व्लक, होजियारी, प्लास्टिकको पेट वोतल, सिरक डसना, सावुन, पेनस्टक, पाइप, पेन्टस, ह्युम पाइप, ट्रान्सफर्मर उत्पादन उद्योगहरु रहेका छन।,अन्य जिल्लाहरुमा पनि साना तथा ठुला स्केलका उद्योगहरु स्थापना भइ सन्चालनमा रहेका छन ।गोरखामा रहेको गोरखकाली रवर उद्योग हाल बन्द अवस्थामा रहेको छ भने गोरखा आयुर्वेदीक कम्पनीले विभिन्न किसिमका आयुरवेदिक औषधि तयार गरी स्वदेश एवं विदेशमा विक्रि गर्दै आएको छ।यसै गरी नवलपुरमा रहेको नेपालको एक मात्र कागज उद्योग समेत वन्द अवस्थामा रहेको छ।होंसी सिमेन्ट, चौधरी उद्योग ग्राम, नवलपुरमा संचालनमा आएको छ। सूर्य टोवाको कम्पनीले तनहुँबाट चुरोट उत्पानदन गर्दै आएको छ।त्यसैगरी मुस्ताङ्गमा स्याउको सर्वत वनाउने उद्योग संचालनमा रहेका छन। उद्योग व्यवसायलाई आर्थिक विकासको मेरुदण्डको रुपमा लिइ गण्डकी प्रदेश सरकारले एक स्थानिय तह एक उद्योग ग्रामको नीति अघि सारेकोले पनि यस प्रदेशमा उद्योग स्थापनाको लागि उपयुक्त अवसरको रुपमा लिनु पर्दछ। उद्योग स्थापनाको लागि उपयुक्त वातावर एवं कच्चा पदार्थको उपलव्धता भएतापनि यस प्रदेशमा उद्योग क्षेत्रमा लगानी आकर्षित हुन

सकेको छैन। यस प्रदेशमा जडिवुटी, फलफुल, खनिज पदार्थमा आधारित उद्योगको सम्भावना अधिक देखिन्छ। पर्यटन तथा जलविद्युत लगायतका क्षेत्रमा आधारित उद्योगको प्रचुर सम्भावना रहेको हुँदा यसमा लगानी आकर्षित गर्न आवश्यक देखिन्छ।

जिल्ला	उद्योगको संख्या	रोजगारीको संख्या	उत्पादन
गोरखा	९	५४५	खाद्य -२, कास्ठ -२ ,अधातु खनिज- ३
लम्जुङ्ग	३	४००	फर्निचर- १, अधातु खिनज-२
तनहुँ	६२	१०४१	फर्निचर -१३, अधातु खनिज -३४, खाद्यय- ८, पेय पदार्थ-१, धातु खनिज -६
स्याङ्गजा	४५	५६६	फर्तनचर -३३, खाद्य -३१, अधातु खनिज- ४, पेयपदार्थ -३
कास्की	१९८	४७०६	फर्निचर- ६९, खाद्य -३१, फेव्रिकेटेड धातु -३०, अधातु खनिज- १७, कास्ठ- ११, रेकर्ड मेडिया -८, टेक्टाइल- ५, वायरिङ सामाग्री- ५, पेय पदार्थ- ४, कागज -३, रसायनिक-३, प्लास्टिक -३, आधारमुत खनिज -२, मेसिनरी -२, छाला -१
मनाङ्ग	०	०	०
मुस्ताङ्ग	३	५३	पेयपदार्थ -२, फर्निचर १
म्याग्दी	६	११४	फर्निचर -६
पर्वत	२३	३१४	फर्निचर -१०, खाद्य- ३, अधातु खनिज -३, पेयपदार्थ -२, कास्ठ -२, कागज -१, फेव्रिकेटेड खनिज- १
बाग्लुङ्ग	५	१०३	फर्निचर -३, खाद्य -१, फेव्रिकेटेड खनिज -१
नवलपुर	३९	६५८	अधातु खनिज -१६, खाद्य -१०, फर्निचर- ३, फेव्रिकेटेड धातु खनिज -१, पेय पदार्थ -२, कास्ठ- १, कागज- २, प्लास्टिक-२, धातु खनिज- २, रासायनिक- २, चुरोट- १
गण्डकी	३९३	८५००	

गण्डकी प्रदेश स्थितिपत्र

जलविद्युत Hydro electricity

मुलुकमा उत्पादित कुल जलविद्युत आयोजना मध्य १ मे.वा. क्षमता भन्दा माथिका जम्मा ७५ वटा योजनाहरुबाट कुल १००४.८ मे.वा. विद्युत उत्पादन भएकोमा गण्डकी प्रदेशमा मात्र २२ योजनाहरुवाट जम्मा ४७५.१ मे.वा. अर्थात ४७.२८ प्रतिशत विद्युत उत्पादन हुदै आएको छ । गण्डकी प्रदेशमा संचालित १ मे.वा .भन्दा माथि क्षमता भएका योजनाहरुको विवरण अनूसुची २ मा उल्लेख गरिएको छ।

गण्डकी प्रदेशमा संचालित उद्योग एवं औद्योगिक क्षेत्रको विवरणः

यस प्रदेशमा स्थापित ठूला उद्योगको संख्या न्यून रहे पनि घरेलु तथा साना उद्योग भने लगभग सवै जिल्लाहरुमा उल्लेखनिय रहेको पाइन्छ।समस्टिगत रुपमा यस प्रदेशमा सेवामुलक उत्पादनमुलक पर्यटनमुलक उर्जामुलक

कृषि र वन पैदावार तथा सूचना प्रविधिमा आधारित गरी १२७ किसिमका उद्योगहरु जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालयहरुमा दर्ता भएको देखिन्छ ।

क्र.सं.	उद्योग	जिल्ला	संचालन अवस्था
१	पोखरा औद्योगिक क्षेत्र	कास्की पोखरा	संचालन
२	भृकुटी कागज कारखाना	नवलपुर	वन्दअवस्था
३	गोरखकाली रवर उद्योग	मजुवादुउराली गोरखा	वन्दअवस्था
४	सूर्य टोवाको कम्पनी	तनहुँ	संचालन
५	होंग्सी सिमेन्ट	नवलपुर	निर्माणाधिन

गण्डकी प्रदेश स्थिति पत्र

जस अनुसार २८२५४ ओटा साना उद्योग व्यवसाय दर्ता भएका छन। यस वाहेक अ.व. २०७२/७३ को अन्त्य सम्ममा नवलपुर वाहेकका जिल्लामा रहेका ४३७ ओटा उद्योगहरु उद्योग विभागमा दर्ता भइसकेका छन।यस्तै पोखरा औद्योगिक क्षेत्रमा ७२ ओटा उद्योग चालु अवस्थामा ५ ओट उद्योग निर्माणाधिन अवस्थामा ३ ओटा वन्द अवस्थामा र ९ ओटा विभिन्न संघ सस्था गरी कुल जम्मा ८९ ओटा उद्योग छन।

क्र.स.	जिल्ला	दर्ता भएका उद्योग संख्या	रोजगारी संख्या
१.	गोरखा	२५३३	७७१२
२.	लम्जुङ्ग	२२०२	५१६२
३.	तनहुँ	४४८४	१२७५९
४.	स्याङ्गजा	२७४६	९११५
५.	कास्की	८४९१	१९४३८
६.	मनाङ्ग	२८९	५७८
७.	म्याग्दी	६०२	२३७०
८.	मुस्ताङ्ग	६७३	१८००
९.	पर्वत	१८३७	५५०७
१०.	बाग्लुङ्ग	१७८८	६१२६
११.	नवलपुर	२६०९	६७५९
जम्मा		**२८२५४**	**७७३२६**

गण्डकी प्रदेश स्थितिपत्र

खनिज

खानी तथा भूगर्भ विभागका अनुसार गण्डकी प्रदेशमा उपलब्ध खनिज पदार्थ देहाय बमोजिम रहेका छन् । यस प्रदेशमा सिमेन्टको कच्चा पदार्थको रुपमा प्रयोग हुने चुन ढुंगा, तामा, सुन, फलाम, सिसा, ग्रेनाइट, नुन जस्ता अधिक आयात हुने वस्तुका कच्चा पदार्थको खानी रहेका छन।

क्र.सं.	जिल्ला	खनिजको नाम
१.	गोरखा	Rear Earth Metal, Bismuth ,तामा ,सुन, Tantalum-Niobium, Feldspar pyrite, ग्रेनाइट र साइनाइट
२.	लम्जुङ्ग	Geothermal hot springs, नुन, Tourmaline
३.	तनहुँ	फलाम, तामा, सुन, सिसा, जिंक, पाइराइट, खरी पाउडर, लाइमस्टोन र स्लेट
४.	कास्की	Common salt brine seeps र Talc
५.	स्याङ्गजा	चुनढुंगा
६.	मुस्ताङ्ग	युरेनियम, सुन ,नुन, ग्रेनाइट, जिप्सम, स्लेट, साइनाइट, तेल, ग्याँस र कोइला
७.	मनाङ्ग	नुन, Aquamarine/Beryl Tourmaline र ग्रेनाइट
८.	पर्वत	फलाम, तामा, सुन, सिसा, फल्डस्पार र क्वार्ज ।
९.	बाग्लुङ्ग	Quartzite , तामा, फलाम, सिसा, जिंक, खरी र स्लेट
१०.	म्याग्दी	फलाम, तामा, सुन, जिंक, पाइराइट, खरी पाउडर, लाइमस्टोन, स्लेट र Geothermal hot springs
११.	नवलपुर	फलाम

स्थितिपत्र /खानी तथा भुगर्भ विभाग

खानिजन्य उद्योग

गण्डकी प्रदेशमा संचालित उद्योगहरु मध्य आफ्नै देशको कच्चा पदार्थमा आधारित खानिजन्य उद्योगहरुको संख्या कम भएपनि यसले मुलुकको आर्थिक मामिलामा महत्व राख्दछ। यस प्रदेशमा चुनढुंगामा आधारित उद्योगबाट सिमेन्ट उत्पादन हुदै आएको छ । रातोमाटो कार्जाइट र टल्क सम्वन्धि उद्योगहरु पनि संचालनमा आएका छन । चुनढुंगा उद्योगबाट

उद्योगको किसिम	जिल्ला	राजश्व रु.
चुनढुङ्गा उद्योग	गोरखा र तनहुँ	२२७९२५०
रातोमाटो उद्योग	पालुङ्गटार गोरखा	११४७२.५
कार्जाइट	बाग्लुङ्ग र पर्वत	-
टल्क	तनहुँ र म्याग्दी	-

गण्डकी प्रदेश स्थितिपत्र

सेवा व्यापार

पर्यटनः

पर्यटन क्षेत्र रोजगारी श्रीजना गर्न गरिवीनिवारण गर्न निर्यात बढाउन तथा समग्र अर्थ व्यवस्थालाई सुदृढ बनाउन धेरै जसो देशहरुले प्राथमिकतामा राखेको क्षेत्र हो ।विश्व यात्रा र पर्यटन परिषदले सन् २०१८ मा गरेको अध्ययन अनुसार सन् २०१७ मा विश्व अर्थतन्त्रमा पर्यटन क्षेत्रले कुल ग्राहस्त उत्पादनको १०.५ प्रतिशत योगदान गरेको थियो।भने ३१ करोड ३० लाख रोजगारी श्रीजना गरेको थियो। सोही अध्ययन अनुसार सन् २०१७ मा समग्र पर्यटन क्षेत्रले नेपालको कुल ग्राहस्त उत्पादनमा प्रत्यक्ष ४.० प्रतिशत र अप्रत्यक्ष ३.८ प्रतिशत गरी कुल ७.८ प्रतिशत योगदान गरेको अनुमान थियो। यसैगरी प्रत्यक्ष ४९५५०० र अप्रत्यक्षमा ५,२९,५०० गरी कुल

१०,२७,००० रोजगरी श्रीजना गरेको अनुमान छ। आ.व. २०७३/७४ मा गण्डकी प्रदेशमा जंगली जनावर अवलोकन गर्न १,५०३१७ जना पर्यटकहरु आएका थिए १३,६६८ जना विभिन्न स्थानमा पदयात्राका लागि आएका थिए भने १९,२७१ पोखरा क्षेत्रमा प्याराग्लाइडिङ्गका लागि कुल १८३२५६ जनाले गण्डकी प्रदेशको भ्रमण गरेका थिए।

क्र.सं.	क्षेत्र	
१.	जंगली जनावर अवलोकनका लागि आएका पर्यटक	१५०३१७
२.	पदयात्री	१३६६८
३.	प्याराग्लाइडिङ्ग	१९२७१
जम्मा		१८३२५६

गण्डकी प्रदेश स्थितिपत्र

वि.स. २०७४/७५ मा नेपालमा आएका कुल विदेशी पर्यटक संख्या ९४०२१८ थियो । नेपाल आउने कुल पर्यटक मध्य ४० प्रतिशत पर्यटक गण्डकी प्रदेशमा आएको अनुमान गर्न सकिन्छ। तालिका अनुसार गण्डकी प्रदेशमा भित्रिने पर्यटक वि.स.२०७०/७१ देखि २०७४/७५ को तथ्थांक नियाल्दा वि.स.०७२/७३ मा भुकम्प गएको कारण पर्यटक आवागमनको संख्या घट्न गएको अनुमान गर्न सकिन्छ भने अरु वर्षहरुमा क्रमिक रुपमा बृद्धि भएको पाइन्छ

गण्डकी प्रदेशमा संचालित होटल र होमस्टेको विवरणः

यस प्रदेशको राजधानी पोखरामा २ वटा पाँच तारा ,२ वटा ३ तारा ,११ वटा २ तारा ,२ वटा १ तारा र ३५८ वटा पर्यटक स्टान्डरका होटलहरु रहेका छन। ३७९१ जनाले रोजगारी पाएका छन।पर्यटन प्रवर्द्धनका लागि गण्डकी प्रदेशले १०० पर्यटकीय गन्तव्यहरु पहिचान गरेको छ ।

पर्यटकको वसाइ लम्व्याउन गण्डकी प्रदेशका १२५ स्थानहरुमा होमस्टे संचालन गरिएको छ । होमस्टे कार्यक्रम मार्फत पर्यटकहरुलाई आकर्षित गर्न प्रदेश सरकारले होमस्टे संचालकहरुलाई आर्थिक सहयोग गरी घर, कोठा, सौचालय जस्ता भौतिक पुर्वाधार सुधार कार्य अघि सारेको छ।

गण्डकी प्रदेशका पर्यटकीय गन्तव्यहरु अनूसुची -३ मा उल्लेख गरिएको छ।

होटल र होमस्टेको विवरणः

सि.नं	विवरण	संख्या	कोठा संख्या	रोजगारी
१.	५ तारा	२	२४३	११०
२.	३ तारा	२	१२९	५०
३.	२ तारा	११	२६८	१८९
४.	१ तारा	२	५६	६०
५.	पर्यटक होटल	३५८	४७८५	३३८२
६.	रेष्टुरेन्ट	५		०
७.	होमस्टे	६८	५०७	०
८.	होटल लज रेष्टुरेन्ट	८१	८२६	०
९.	घरेलु समितिमा दर्ता भइ जिल्लाहरुमा संचालित होटल लज रेष्टुरेन्ट	७१२०	०	०
जम्मा		**७६४९**	**६९१४**	**३७९१**

गण्डकी प्रदेश स्थितिपत्र

गण्डकी प्रदेशमा उत्पादन हुने, निर्यात सम्भावना भएका, आयात प्रतिस्थापन गर्न सकिने तथा अन्तरप्रदेश व्यापार सम्भावना भएका वस्तुहरुको विश्लेषण

अन्तरप्रदेश व्यापार तथा आयात प्रतिस्थापन गर्न सकिने वस्तुहरुः

चामलः

आधुनिक खेती प्रणाली, अत्याधुनिक कृषि औजारको प्रयोग, उन्नत जातको विऊ, मल र सिंचाइको उचित व्यवस्था गरी धानको उत्पादकत्वमा बृद्धि गरी प्रदेशमा धानको उत्पादन वढाउन सकिन्छ। पहाडभन्दा तराइको उत्पादकत्व वढि हुने हुदा यस प्रदेशको एक मात्र तराइ भुभाग नवलपुरमा धानको उत्पादन राम्रो हुने भएकोले धान खेती तर्फ प्रोत्साहन गरी उत्पादन वृद्धी गर्न सकिन्छ। यसरी चामलको वढ्दो आयात कम गर्न मद्दत पुग्ने देखिन्छ।

गहुँ

नेपालको अर्को महत्वपुर्ण खाद्यबालीमा गहुँ पर्दछ ।



यो बचत रहेको गहुँ अन्तरप्रदेश व्यापार तथा अन्य खाद्य उद्योगमा प्रयोग गर्न सकिने सम्भावना रहेको छ ।

मकै

नेपालको अर्को प्रमुख खाद्यबालीमा मकै पर्दछ । विश्वको कुल मकै उत्पादनमा नेपालको हिस्सा करीव ०.२० प्रतिशत रहेको छ । कृषि तथा पशुपक्षी विकास मन्त्रालयको तथ्याँक अनुसार गण्डकी प्रदेशमा मकै उत्पादन बचत भएको देखिन्छ । यो परिमाण अन्तरप्रदेश व्यापार तथा अन्य खाद्य उद्योगमा प्रयोग गर्न सकिने सम्भावना रहेको छ । यस प्रदेशको मकै उत्पादनको हिस्सा नेपालको कुल मकै उत्पादनमा १७ प्रतिशत रहेको देखिन्छ । उत्पादन उपभोग र सन्तुलनको तथ्यांक अनूसुची -४ मा उल्लेख गरिएको छ।

कोदो

नेपालको अर्को प्रमुख खाद्यबालीमा कोदो पनि पर्दछ । अन्तरप्रदेश व्यापार तथा अन्य खाद्य उद्योगमा प्रयोग गर्न सकिने सम्भावना रहेको छ ।

यस प्रदेशको कोदो उत्पादनको हिस्सा नेपालको कुल उत्पादनमा ३२ प्रतिशत रहेको देखिन्छ ।

फापर

नेपालको अर्को खाद्यान्न बालीमा फापर पनि पर्दछ । कृषि तथा पशुपक्षी मन्त्रालयको तथ्याँक अनुसार गण्डकी प्रदेशमा फापर उत्पादन २७२९ मे.ट रहेको र फापरको औसत राष्ट्रिय उपभोगका आधार ०.१के.जी./वर्ष/व्यक्तीका दरले हिसाव गर्दा यस प्रदेशमा २६२ मे.ट. कोदो उपभोग भई २४६७ मे.ट. बचत भएको देखिन्छ । यो

परिणाम अन्तरप्रदेश व्यापार तथा अन्य खाद्य उद्योगमा प्रयोग गर्न सकिने सम्भावना रहेको छ । यस प्रदेशको फापर उत्पादनको हिस्सा नेपालको कुल उत्पादनमा २३ प्रतिशत हिस्सा रहेको देखिन्छ ।

यो परिमाण अन्तरप्रदेश व्यापार तथा अन्य खाद्य उद्योगमा प्रयोग गर्न सकिने सम्भावना रहेको छ । उत्पादन उपभोग र सन्तुलनको तथ्यांक अनूसुची -४ मा उल्लेख गरिएको छ।

जौ

नेपालको अर्को खाद्यन्न बालीमा जौ पनि पर्दछ । कृषि तथा पशुपक्षी मन्त्रालयको तथ्याँक अनुसार गण्डकी प्रदेशमा जौ उत्पादन २६४८ मे.ट रहेको र औसत राष्ट्रिय उपभोगका आधार ०.१ के.जी./वर्ष/व्यक्तीका दरले हिसाव गर्दा यस प्रदेशमा २६२ मे.ट. जौ उपभोग भई बाँकी २ हजार ३ सय ८६ मे.ट. बचत भएको देखिन्छ ।

यो परिमाण अन्तरप्रदेश व्यापार तथा अन्य खाद्य उद्योगमा प्रयोग गर्न सकिने सम्भावना रहेको छ । यस प्रदेशको जौ उत्पादनको हिस्सा नेपालको कुल उत्पादनमा ९ प्रतिशत रहेको देखिन्छ । उत्पादन उपभोग र सन्तुलनको तथ्यांक अनूसुची -४ मा उल्लेख गरिएको छ।

अदुवा Ginger

H.S.Code: *091011*

Ginger, neither crushed nor ground

बैज्ञानिक नामः Zingiber officinale

अदुवा खेतीका लागि समुद्र सतहबाट ६ सयदेखि १ हजार ६ सय मिटरसम्म उचाइ भएको मध्यपहाडी भू भाग-उपयुक्त हुन्छ। यस प्रदेशका नवलपुर, तनहु, कास्की र स्यांजा अदुवा उत्पादन हुने प्रमुख जिल्लाहरु हुन।

अदुवा औद्योगिक बालीका रूपमा परिमार्जित हुँदै गएको छ । पछिल्ला वर्षमा जुस, क्याण्डी, बास्नादार तेल तथा स्याम्पुमा अदुवाको प्रयोग हुन थालेको छ । आयुर्वेदिक औषधि तथा शृङ्गारका सामग्री बनाउन पनि यसको प्रयोग बढेको छ । औषधि तथा मसलाका रूपमा बढी प्रयोग हुने अदुवाको व्यावसायिक खेती नेपालमा ६५ जिल्लामा भइसकेको छ ।

अदुवाको प्रयोग

अदुवा खास गरेर मसलाको रूपमा प्रयोग गरिन्छ । आयुर्वेदिक औषधि, बिस्कुट, केक, पाउरोटी, बियर, मदिरा आदिमा पनि प्रयोग गर्ने गरिन्छ। खोकी लागेको, रुघा लागेको, अपच, निमोनिया, श्वासको समस्या, पेट दुखेको, स्वर बसेको, जोर्नी दुखेकोलगायत अन्य थुप्रै समस्याको निदानका लागि अदुवालाई औषधिका रूपमा प्रयोग गर्ने गरिन्छ । ताजा अदुवालाई सोझै अथवा सुठोको धुलोका रूपमा प्रयोग गर्ने गरिन्छ ।

अदुवाबाट तयार गर्न सकिने वस्तुहरुः क्याण्डी, अचार, सर्वत, पेष्ट, सुठो, पाउडर र तेल

अदुवा निर्यातको लागि चालिनु पर्ने कदमहरुः

- स्टोरेज एवं संकलन केन्द्रको स्थापना
- ब्राण्डिङ, लेवलिङ र प्याकेजिङ्गको व्यवस्था
- गुणस्तर प्रमाणीकरणको लागि अन्तराष्ट्रिय मान्यता प्राप्त प्रयोगशालाको स्थापना
- उचित किसिमको ढुवानीको व्यवस्था
- आवस्यकता अनुसार धुलाइ/ड्राइङ्ग केन्द्र स्थापना
- मुल्य श्रृंखला (Value Chain) मा जोड
- बजार अध्ययन/अनुसन्धान गर्नु पर्ने

- भौतिक पुर्वाधारको विकास सडक विद्युत पानी आद्युनिक औजर
- कृषकहरुलाई प्राविधिक सहयोग, तालीम, ढुवानी, व्याजदर, औजार, औषधी आदिमा सहयोग
- निर्यातकर्तालाई प्रोत्साहनको व्यवस्था
-

गुणस्तरः

- **Sanitary and PhytoSanitary (SPS) Measures** को सर्टिफिकेसन
- खाडीमुलुक विशेष गरी मुस्लिम देशमा खाद्यवस्तु निर्यात गर्दा हलाल सर्टिफिकेशन गराउनु पर्दछ।
- लेबलिङ आवश्यकताः स्टोरेजको अवस्था, सम्भावित हानीकारक तत्वको जानकारी, उपभोग्य मिति उत्पादन मिति आदि उल्लेख गरिनु पर्दछ।
- आयात अनुमति, आयात गरिने उत्पादन दर्ता

अदुवा निर्यातको लागि सम्भावित मुलुकः खाडी मुलुकका, बंगालादेश,पाकिस्तान, भारत आदि।

कफी Coffee

बैज्ञानिक नामः Coffea

H.S. Code: 0901 Coffee,
whether or not roasted or decaffeinated; coffee husks and skins; coffee substitutes

नेपाली कफीको अन्तर्राष्ट्रिय बजारमा माग बढ्दै गएको छ ।

स्वदेशमा पनि नेपाली कफीको माग दिन प्रतिदिन बढ्दै गएको छ । नेपालमा आन्तरिक मागको करिब आठ प्रतिशत मात्रै कफी उत्पादन हुँदै आएको छ । नेपालको कफी संसारमै सबैभन्दा उत्कृष्ट स्वाद मानिएकाले जापान, अस्ट्रेलिया, अमेरिका, कोरिया, जर्मनी, बेलायत, क्यानाडालगायत मुलुकमा निर्यात हुन्छ ।

अन्तर्राष्ट्रिय बजारमा नेपाली कफीको माग उच्च छ तर मागअनुसार उत्पादन नहुँदा निर्यात गर्न सकिएको छैन । चिया तथा कफि विकास बोर्डका अनुसार अन्तर्राष्ट्रिय बजारमा वार्षिक आठ हजार मेट्रिक टन कफीको माग छ ।नेपाली कफी विश्व बजारमा प्रतिकिलो १० डलरसम्ममा बिक्री हुन्छ । यो मूल्य अन्य मुलुकको कफीले पाउँदैन । नेपालमा हाल २२ वटा कफी प्रशोधन उद्योगहरु छन् । गण्डकी प्रदेशका गोरखा, लम्जुङ, तनहुँ स्याङजा, कास्की, पर्वत, म्याग्दी र बाग्लुङ्ग जिल्लामा कफीको व्यावसायिक खेती हुन्छ । कफिको निकासी प्रवर्द्धनका लागि नेपाल सरकारले एकिकृत व्यापार रणनीति अन्तरगत तुलनात्मक लाभको सूचीमा राखी कफिको प्रशोधन, गुणस्तर, वजारिकरण लगायत व्यापार सम्वद्ध क्रियाकलापद्धारा निर्यात अभिबृद्धि गर्ने हेतुले आवश्यक कार्यक्रम गर्दै आएको छ। नेपालमा कफि उत्पादन हुने जिल्लाहरुको विवरण अनूसुची -६ मा उल्लेख गरिएको छ।

नेपालमा ११ लाख हेक्टर जमिनमा कफि खेती गर्न सकिने भएतापनि हाल २६४६ हेक्टर भुमीमा लगाइएको छ। यो अंक संभावित खेतीयोग्य भुमीको ०.२४ प्रतिशत हुन आउँछ।गण्डकी प्रदेशका गोरखा, कास्की, लम्जुङ, म्याग्दी, पर्वत, स्यांजा र तनहुँ ७ जिल्लामा आ.व.२०७४/७५ मा ८४४ हेक्टर क्षेत्रफलमा कफि खेती गरि वार्षिक १५१ मे.ट. ग्रीन विन कफि उत्पादन भएको देखिन्छ।जसअनुसार गण्डकी प्रदेशमा कफिको उत्पादकत्व ०.१८ मे.ट./हेक्टर रहेको छ भने राष्ट्रिय उत्पादकत्व ०.१९ मे.ट./हेक्टर रहेको देखिएकोले यस प्रदेशमा कफी उत्पादनको लागि मलजल तथा स्याहार सुसार गरी उत्पादकत्वमा वृद्धि गर्न पर्ने देखिन्छ।कृषकहरुलाई यो व्यवसाय तर्फ आकर्षित गर्न सहुलियत कर्जा वालिविमा आधुनिक प्रविधिको उपलव्धताद्वारा उत्पादन वढाउन सकिन्छ।

क्र.सं.	जिल्ला	खेति गरिएको क्षेत्र हे.	उत्पादन मे.ट Green Bean	कृषक संख्या
१	गोरखा	५५	८	७५७
२	कास्की	१४९	३५	४२७५
३	लम्जुङ	१५५	१८	१३६९
४	म्याग्दी	३४	९	५०३
५	पर्वत	९५	२५	१९२१
६	स्यांजा	३१६	४५	३३२१
७	तनहुँ	४१	११	६२५
	Total	८४४	१५१	१२७७१

राष्ट्रिय चिया तथा कफि विकास वोर्ड

कफीको विश्व मागको अवस्था र यसको बजार

विश्वमा कफिको माग दिन प्रति दिन बृद्धि हुदै गएको छ।कफिको माग पुर्तिका लागि यु.यस.ए.ले सव भन्दा बढी रकम खर्चिने गरेको कुरा आइटिसीको सन् २०१४ देखी २०१८ को तथ्थाङ्कबाट थाहा पाउन सकिन्छ। सन् २०१४ मा यु.यस.ए.ले ६ अर्व १३ करोड अमेरिकी डलर वरावरको कफि आयात गरेको देखिन्छ। जर्मनी, फ्रान्स, इटली, नेदरल्याण्ड, जापान लगायतका देशले ठूलो धनरासी खर्च गरी वर्षेनी कफि आयात गरेको देखिन्छ। कफिको आयातकर्ता देशको विवरण अनूसुची -७ मा उल्लेख गरिएको छ।

कफि निर्यातको लागि चालिनु पर्ने कदमहरुः

- आवश्स्टोरेज एवं संकलन केन्द्रको स्थापना
- ब्राण्डिङ,लेवलिङ र प्याकेजिङ्गको व्यवस्था
- गुणस्तर प्रमाणीकरणको लागि अन्तराष्ट्रिय मान्यता प्राप्त प्रयोगशालाको स्थापना
- उचित किसिमको ढुवानीको व्यवस्था
- आवस्यकता अनुसार धुलाइ/ड्राइङ्ग केन्द्र स्थापना
- मुल्य श्रृंखला (Value Chain) मा जोड
- बजार अध्ययन /अनुसन्धान गर्नु पर्ने
- भौतिक पुर्वाधारको विकास सडक विद्युत पानी आद्युनिक औजर
- कृषकहरुलाई प्राविधिक सहयोग, तालीम, ढुवानी, व्याजदर, औजार, औषधी आदिमा सहयोग
- निर्यातकर्तालाई प्रोत्साहनको व्यवस्था

गुणस्तरः

- **Sanitary and Phyto Sanitary (SPS) Measures** को सर्टिफिकेसन
- खाडीमुलुक विशेष गरी मुस्लिम देशमा खाद्यवस्तु निर्यात गर्दा हलाल सर्टिफिकेशन गराउनु पर्दछ।
- लेबलिङ आवश्यकताः स्टोरेजको अवस्था, सम्भावित हानीकारक तत्वको जानकारी, उपभोग्य मिति उत्पादन मिति आदि उल्लेख गरिनु पर्दछ।
- आयात अनुमति, आयात गरिने उत्पादन दर्ता

निर्यातको लागि सम्भावित मुलुकः जर्मनी, फ्रान्स, इटली, नेदरल्याण्ड, जापान आदि।

अलैंची (Black cardamon)

बैज्ञानिक नामः *Amomum subulatum, Amomum costatum*

H.S.Code: 090831, Cardamoms, neither crushed nor ground

अलैंची नेपाल बाहेक भुटान, श्रीलङ्का, मलेशिया र चिनमा पनि खेती गरिन्छ भने विभिन्न प्रजातीका अलैंचीहरू चिन, उत्तरपूर्वी भारत तथा पूर्वी र पश्चिमी अफ्रिकामा पनि पाइन्छन् । नेपाल, भारत र भुटान विश्वका अत्याधिक परिमाणमा अलैंची उत्पादन गर्ने मुलुकमा पर्दछन् । यो मसला तथा घरेलु औषधिको रूपमा प्रयोग गरिन्छ । यो वनस्पति कुनै पनि भिरालो परेको जमीन या अग्ला अग्ला रुख भएको ठाउँमा पनि खेति गर्न सकिन्छ

खेती

अलैंची खेती गर्न समुद्री सतहबाट ७०० मिटरदेखि २२०० मिटरसम्मको उचाइ, ८ देखि २० डिग्री सेल्सियस तापक्रम, वार्षिक १५०० देखि ५००० मिलिमिटर वर्षा हुने सेपिलो उत्तर मोहडा भएको ठाउँ उपयुक्त मानिन्छ। 'डम्मरसाई', 'रामसाई', 'चिवेसाई', 'गोलसाई', 'राम्ला', 'साउने', आदि अलैंचीका प्रमुख जात हुन्।

उपयोग

- अलैंची एउटा मसला बाली भएकोले प्राचीन समय देखि नै यसलाई एक महत्वपूर्ण र महङ्गो मसलाको रूपमा प्रयोग गरिंदै आएको छ ।
- यसको सुगन्धित बीयाँबाट **Cineole** नामक उडनशील सुगन्धित औषधीय र मसलाको गुणयुक्त तेल प्राप्त हुन्छ । यसको तेल मिठाई, केक, पेष्टी आदिलाई सुगन्धित बनाउन प्रयोग गरिन्छ ।
- बीयाँ पानसंग पान मसालाको रूपमा खाईन्छ । आयुर्बेदिक र यूनानी चिकित्सामा घाँटीदुखेको, फोक्सोमा अवरोध रहेको, आँखाको ढकनी\पलक\Eye-lid) सुन्निएको, पाचन प्रणालीमा गडबडी, फोक्सोको क्षयरोग आदिको उपचार गर्न अलैंचीको प्रयोग गरिन्छ ।
- अरब देशहरूमा चिया र कफी बनाउन तथा युरोपियन देशहरूमा उच्चकोटिको मदिरा तयार गर्न टिन्चर र कफी बनाउन अलैंचीको प्रयोग गरिन्छ ।

अलैचीको व्यापार स्थितिः

विश्वव्यापार संगठनको तथ्याङ्क अनुसार अलैची सन् २०१८ मा २८८६८० हजार यु.यस.डलर वरावर ३१५८० टन निर्यात भएको देखिन्छ। अलैचीको भाउ सरदर प्रति टन ९१४१ यू.यस. डलरमा विक्रि भएको देखिन्छ।

नेपालको निर्यात स्थितिः

नेपालले सन् २०१८ मा भारत, साउथ अफ्रिका, जर्मनी, फ्रान्स लगायत विश्वका अन्य देशहरुमा अलैची निर्यात गरेको देखिन्छ । नेपाली अलैचीको ९९.९ प्रतिशत निर्यात भारतमा भएको र ०.१ प्रतिशत मात्र अरु मुलुकहरुमा निर्यात भएको छ। नेपाली अलैचीको वजार भारत मात्र भएको कुरा उक्त तातिकाबाट स्पस्ट हुन्छ।अलैचीको वार्षिक मुल्यमा ८ र परिमाण १६ प्रतिशतले बृद्धि भएको तथ्याङ्कले देखाउछ।यसले विश्ववजारमा अलैचीको भाउ राम्रो भएको बताउछ।

अलैची निर्यातको लागि चालिनु पर्ने कदमहरुः

- आवयकता अनुसार स्टोरेज एवं संकलन केन्द्रको स्थापना
- आवश्यक स्थानमा आधुनिक ड्रायर मेसिनको स्थापना
- ब्राण्डिङ,लेवलिङ र प्याकेजिङ्गको व्यवस्था
- गुणस्तर प्रमाणीकरणको लागि अन्तराष्ट्रिय मान्यता प्राप्त प्रयोगशालाको स्थापना
- उचित किसिमको ढुवानीको व्यवस्था
- मुल्य श्रृंखला (Value Chain) मा जोड
- बजार अध्ययन /अनुसन्धान गर्नु पर्ने
- भौतिक पुर्वाधारको विकास सडक, विद्युत, पानी, आद्युनिक, औजर आदि।
- व्यवसयीहरुलाई प्राविधिक सहयोग, तालीम, ढुवानी, बैक व्याजदर, औजार, आदिमा सहयोग
- निर्यातकर्तालाई प्रोत्साहनको व्यवस्था

गुणस्तरः

- **Sanitary and PhytoSanitary (SPS) Measures** को सर्टिफिकेसन
- खाडीमुलुक विशेष गरी मुस्लिम देशमा खाद्यवस्तु निर्यात गर्दा हलाल सर्टिफिकेशन गराउनु पर्दछ।
- लेबलिङ आवश्यकताः स्टोरेजको अवस्था, सम्भावित हानीकारक तत्वको जानकारी, उपभोग्य मिति उत्पादन मिति आदि उल्लेख गरिनु पर्दछ।
- आयात अनुमति, आयात गरिने उत्पादन दर्ता

लक्षित बजारःखाडी मुलुक, पाकिस्तान, बगालादेश, भारत आदि

सुन्तला oranges

वैज्ञानिक नामः Citrus sp

H.S.Code: ***080510 Fresh or dried oranges***

सुन्तला नेपालमा समुन्द्र सतहदेखि ८०० देखि १२०० मिटरसम्म व्यावसायिक रुपमा खेती गर्न सकिन्छ नेपालको पहाडी क्षेत्रमा सुन्तला जात फलफूलको खेती सफल रुपमा भइरहको उत्तर तथा पूर्वी मोहोडा भएका जग्गा यसको लागि उपयुक्त हुन्छ । ६० भन्दा बढी जिल्लामा सुन्तलाको खेती भइरहेको छ । सुन्तला जातभित्र सुन्तला, जुनार, कागति, निवुवा, मुन्तला आदि पर्दछन् । यी मध्य सुन्तला सवै भन्दा बढी उत्पादन भैरहेको छ।

सुन्तलामा पाइने तत्वहरुः फस्फोरस, म्याग्नोसियम, थाइमिन, माईसिन, प्रोटिन, फलाम, आदि पाईन्छ ।

सुन्तलाबाट निम्न प्रकारका प्रशोधित वस्तुहरू तयार गर्न सकिन्छ :

- जुस
- मदिरा
- क्यान्डी
- जाम/जेली
- पल्प

गुणस्तरीय सुन्तला उत्पादनको लागि चालिनु पर्ने कदमहरुः

- आवयकता अनुसार कोल्ड स्टोरेज, स्टोरेज एवं संकलन केन्द्रको स्थापना
- ब्राण्डिङ, लेवलिङ र प्याकेजिङ्गको उचित व्यवस्था
- गुणस्तर प्रमाणीकरणको लागि अन्तराष्ट्रिय मान्यता प्राप्त प्रयोगशालाको स्थापना
- उचित किसिमको ढुवानीको व्यवस्था
- मुल्य श्रृंखला (Value Chain) मा जोड
- भौतिक पुर्वाधारको विकास सडक, रोपवे, विद्युत, पानी, आद्युनिक, औजर आदि ।
- कृषक/व्यवसयीहरुलाई प्राविधिक सहयोग, तालीम, ढुवानी, बैक व्याजदर, औजार, औषधि आदिमा सहयोग

गुणस्तरः

- **Sanitary and PhytoSanitary (SPS) Measures** को सर्टिफिकेसन
- लेबलिङ आवश्यकताः स्टोरेजको अवस्था, सम्भावित हानीकारक तत्वको जानकारी, उपभोग्य मिति उत्पादन मिति आदि उल्लेख गरिनु पर्दछ।
- आयात अनुमति, आयात गरिने उत्पादन दर्ता

स्याउ ***Apple***

बैज्ञानीक नामः *Malus*

HS.Code: 080810 (Fresh apples)

स्याउ खेती शितोष्ण हावापानी भएकोठाँउमा उपयुक्त हुने गर्दछ । १६०० देखी २६०० मिटर उचाईमा स्याउको उत्पादन राम्रो हुन्छ। सरदर१००० देखी १४००० मि.मि. वार्षिक बर्षा हुने ठाँउमा स्याउको उत्पादन धेरै राम्रो हुने भएतापनि मुस्ताङको स्याउ अन्य ठाँउको भन्दा गुणस्तरीय मानिन्छ। नेपालमा वर्षा बढी हुने भन्दा कम हुने तर चिसो ठाँउमा स्याउको उत्पादनका साथै गुणस्तर राम्रो हुन्छ ।

गण्की प्रदेशका मुस्ताङ, मनाङ, गोरखा, बाग्लुङ्ग लम्जुङ्ग म्याग्दी र कास्की जिल्लामा स्याउ खेती गरिन्छ। नेपालमा माग अनुसार स्याउ उत्पादन हुनसकेको छैन । स्याउको माग पुर्ति गर्नको लागि विदेशबाट आयात गर्दै आइरहेको छ ।

स्याउबाट निम्न प्रकारका प्रशोधित वस्तुहरू तयार गर्न सकिन्छ :

- जुस
- मदिरा
- सुकुटी
- क्यान्डी
- जाम/जेली
- पल्प

चिन र भारतबाट आउने भन्दा नेपालको स्याउको गुणस्तर राम्रो हुनुका साथै स्वादिलो समेत छ।यस प्रदेशमा कुल १४७२ हेक्टर जमिनमा स्याउको खेती गर्न सकिन्छ त्यस मध्य ५२६ हेक्टर जमिन अर्थात ३५ प्रतिशत भुभागमा मात्र खेती गरिएको पाइन्छ।स्याउ उत्पादन हुने जिल्लहरु मध्य मुस्ताङ्गमा १११५ हेक्टर जमिनमा स्याउ खेती गर्दा ३६० मे.ट. उत्पादन भयो जसको उत्पादकत्व १३ मे.ट/हे. रह्यो। उत्पादन र उत्पादकत्वका हिसावले मुस्तङ्ग सवभन्दा राम्रो देखियो।त्यसपछि मनाङ्गको उत्पादन तथा उत्पादकत्व राम्रो देखियो यसैगरी गोरखा बाग्लुङ्ग लम्जुङ्ग म्याग्दीमा पनि स्याउको खेति वृद्धि गर्न मिल्ने जमिन प्रसस्तै रहेकोले यी प्रदेश अन्तरगतका जिल्लाहरुमा कुल १४७२ सम्भावित जमिनमा क्रमश खेति विस्तार गर्दै लगी उत्पादन वढाउन तर्फ लाग्नु पर्ने देखिन्छ।

आ.व. २०७३/७४ मा नेपालबाट अन्य मुलुकमा रु ४ लाख ३० हजार मुल्य वरावरको निकासी गरिएको देखिन्छ भने ५ अरव ५३ करोड भन्दा बढी मुल्यको स्याउ आयात भएको छ। नेपालमा स्याउ उत्पादनको लागि प्रयाप्त जमिन हुदा हुदै पनि उचित मात्रामा उत्पादन वढ्न सकेको छैन भने अर्को तिर उत्पादित स्याउ

ढुवानी गरी वगैचाबाट बजार सम्म पुर्याउन बाटो घाटोको विकास नहुदा बोटमा कुहिएर खेर गएको सुनिन्छ। त्यसैगरी स्याउलाई लामो समय सम्म जोगाएर राख्न कोल्ड स्टोरेजको समस्या तेतिकै छ। बजार सम्म आइपुगेको स्याउ उचित प्याकेजिङ्ग नहुदा उपभोक्ता सम्म पुग्दा कुहिने र बचेको स्याउ पनिको रंग रोगन फिका देखिने र चाउरी पर्ने हुदा उपभोक्ताहरुको रोजाइमा नेपाली स्याउ पर्दैन। यसको उत्पादन वढाउन र समयमा उचित तरीकाले ढुवानी गरी बजार ल्याउन सकेको अवस्थामा स्याउको बढ्दो आयात कम गरी व्यापार घाटा कम गर्न मद्दत मिल्दछ ।

गुणस्तरीय स्याउ उत्पादनको लागि चालिनु पर्ने कदमहरु:

- आवयकता अनुसार कोल्ड स्टोरेज, स्टोरेज एवं संकलन केन्द्रको स्थापना
- ग्रेडिङ्ग, ब्राण्डिङ, लेवलिङ र प्याकेजिङ्गको उचित व्यवस्था
- गुणस्तर प्रमाणीकरणको लागि अन्तराष्ट्रिय मान्यता प्राप्त प्रयोगशालाको स्थापना
- उचित किसिमको ढुवानीको व्यवस्था
- मुल्य श्रृंखला (Value Chain) मा जोड
- भौतिक पुर्वाधारको विकासः सडक, रोपवे, विद्युत, पानी, आद्युनिक, औजर आदि।
- कृषक/व्यवसयीहरुलाई प्राविधिक सहयोग, तालीम, ढुवानी, बैक व्याजदर, औजार, औषधि आदिमा सहयोग

गुणस्तरः

- **Sanitary and PhytoSanitary (SPS) Measures** को सर्टिफिकेसन
- लेबलिङ आवश्यकताः स्टोरेजको अवस्था, सम्भावित हानीकारक तत्वको जानकारी, उपभोग्य मिति आदि उल्लेख गरिनु पर्दछ।

जडीवुटी Medicinal Herbs

H.S. Code: 121190

विश्ववजारमा सन् २०१४ मा जडिवुटीको २९३ करोड यु.यस.डलर वरावरको निकासी भएकोमा नेपालबाट १ करोड ३० लाख अर्थात विश्ववजारको कुल निकासीको ०.४४ प्रतिशत भएको देखिन्छ। यसै गरी २०१५ मा ०.२० २०१६मा ०.२३ २०१७मा ०.२७ र २०१८मा ०.३३ प्रतिशत वश्वमा निकासीको हिस्सा रहेको देखिन्छ।

जडिवुटी निर्यातका लागि चालिनु पर्ने कदमहरुः

- आवयकता अनुसार स्टोरेज एवं संकलन केन्द्रको स्थापना
- ब्राण्डिङ, लेवलिङ र प्याकेजिङ्गको उचित व्यवस्था
- गुणस्तर प्रमाणीकरणको लागि अन्तराष्ट्रिय मान्यता प्राप्त प्रयोगशालाको स्थापना
- सुरक्षाको दृष्टिकोणले जडिवुटी ढुवानीको लागि उचित व्यवस्था गर्नु पर्ने
- मुल्य श्रृंखला (Value Chain) मा जोड
- भौतिक पुर्वाधारको विकास सडक, रोपवे, विद्युत, पानी, आद्युनिक, औजर, हेलिप्याड, यरपार्ट आदि।
- उद्यमी/व्यवसयीहरुलाई प्राविधिक सहयोग, तालीम, ढुवानी, औजार, औषधि, सुरक्षा प्रवन्ध आदिमा सहयोग

गुणस्तरः

- **Sanitary and PhytoSanitary (SPS) Measures** को सर्टिफिकेसन
- लेबलिङ आवश्यकताः स्टोरेजको अवस्था, सम्भावित हानीकारक तत्वको जानकारी, उपभोग्य मिति उत्पादन मिति आदि उल्लेख गरिनु पर्दछ।
- आयात अनुमति, आयात गरिने उत्पादन दर्ता

लक्षित वजारः अमेरिका, जर्मनी ,हङ्गकङ्ग, जापान, ताइपेइ -चिन, र चिन

जडीवुटीको लागि संकलन तथा प्रशोधन केन्द्रको स्थापना गरी सोको मुल्यश्रृंखला थप गरेर विभिन्न औषधिजन्य वस्तु उत्पादन गरी निर्यातमा जोड दिनु पर्ने देखिन्छ।

पानी Mineral water

H.S.Cose: 220110

Mineral waters and aerated waters, not containing added sugar, other sweetening matter or flavoured

विश्वामा पिउनयोग्य पानी जम्मा ३ प्रतिशत रहेको र त्यस मध्य नेपालमा १ प्रतिशत रहेको अनुमान गरिएको छ ।अतः हामीसँग भएको पानीको सम्भावनालाई सदुपयोग गरेमा अहिले खाड़ी राष्ट्रले पेट्रोलियम पदार्थको आड़मा आफ्नो अर्थतन्त्र बलियो बनाएझैं हामीले पनि आउने केही वर्षपछि पानी निर्यात गरी अर्थतन्त्रमा सुधार ल्याउन सक्छौं ।नेपालमा अथाह पानीको श्रोत हुदाहुदै पनि सन् २०१३ देखी सन् २०१७ सम्म क्रमशः २३, १२६, ५८, २३२, ११३ हजार यु.यस.डलर वरावरको पानी आयात भएको देखिन्छ।

जस अनुसार खास गरी भारत र फ्रान्सबाट बढी मात्रामा पानीको आयात भएको थियो।बेलायत युरोप (नेदरल्याण्ड वाहेक) मलेसिया, संयुक्त अरव इमिरेट, चिन, जापान र यु.यस.ए.बाट समेत आयात गरिएको देखिन्छ। विश्ववजारमा सन् २०१७ मा पानीको माग ३.९४ अर्व डलर वरावर रहेकोमा गल्फ राष्ट्रमा मात्र सन् २०१७मा १७ करोड डलर वरावरको पानी अन्य मुलुकबाट आयात भएको देखिन्छ।नेपालबाट आ ७५ मा कुल पानी/२०७४ .व. निकासी १५ लाख रुपैया वरावर रहेको देखिन्छ।

पानी निर्यातको लागि चालिनु पर्ने कदमहरुः

- ब्राण्डिङ, लेवलिङ र प्याकेजिङ्गको व्यवस्था
- गुणस्तरीय वोतलको व्यवस्था
- स्प्रिङ्ग वाटरको लागि मापदण्ड तयार गर्नु पर्ने
- गुणस्तर प्रमाणीकरणको लागि अन्तराष्ट्रिय मान्यता प्राप्त प्रयोगशालाको स्थापना
- उचित किसिमको ढुवानीको व्यवस्था
- बजार अध्ययन/अनुसन्धान गर्नु पर्ने
- भौतिक पुर्वाधारको विकास सडक, विद्युत, पानी, आद्युनिक, औजर आदि।
- व्यवसयीहरुलाई प्राविधिक सहयोग, तालीम, ढुवानी, बैक व्याजदर, आदिमा सहयोग
- निर्यातकर्तालाई प्रोत्साहनको व्यवस्था

गुणस्तरः

- **Sanitary and PhytoSanitary (SPS) Measures** को सर्टिफिकेसन
- खाडीमुलुक विशेष गरी मुस्लिम देशमा खाद्यवस्तु निर्यात गर्दा हलाल सर्टिफिकेशन गराउनु पर्दछ।
- लेबलिङ आवश्यकताः स्टोरेजको अवस्था, सम्भावित हानीकारक तत्वको जानकारी, उपभोग्य मिति, उत्पादन मिति आदि उल्लेख गरिनु पर्दछ।
- आयात अनुमति, आयात गरिने उत्पादन दर्ता

लक्षित बजारः खाडी मुलुक, पाकिस्तान, बगालादेश, भारत आदि

जलविद्युत Hydro electricity

मुलुकमा उत्पादित कुल जलविद्युत आयोजना मध्य १ मे.वा. क्षमता भन्दा माथिका जम्मा ७५ वटा योजनाहरुबाट कुल १००४.८ मे.वा. विद्युत उत्पादन भएकोमा गण्डकी प्रदेशमा मात्र तपशिलमा उल्लेखित २२ योजनाहरुवाट जम्मा ४७५.१ मे.वा. अर्थात ४७.२८ प्रतिशत विद्युत उत्पादन भएको छ ।उत्पादित विद्युत मध्य नेपालकै सबैभन्दा ठूलो जलविद्युत आयोजना कालीगण्डकी ए (१४४ मेगावाट), मर्सयाङ्गदी (६९ मेगावाट), मध्यमस्याङ्गदी (७० मेगावाट) उपल्लो मस्याङ्गदी ५० मेगावाट, जस्ता विद्युत आयोजना यस प्रदेशमा रहेका छन।

छ। सरकार द्धारा विद्युत उत्पादनको लागि अध्ययन गरिएका योजनाहरुको क्षमता १२०९.१९ मे.वा तथा लाइसेन्स प्रदान गरिएको जलविद्युतको क्षमता १८२६.२२३ मे.वा. रहेको देखिन्छ।

नेपालमा हाल १००४.८ मे.वा मध्य गण्डकी प्रदेशमा ४७५.१ मे.वा जलविद्युत उत्पादन भएको देखिन्छ जुन कुल उत्पादित क्षेमताको ४७.२८ प्रतिशत हिस्सा ओगटेको छ। प्रदेशमा लाइसेन्स प्रदान गरिएको क्षमताका आधारमा निकट भविश्यमा १८२६.२२३ मे.वा जलविद्युत उत्पादन हुन सकेको खण्डमा मुलुकमा औद्योगिक पूर्वाधार निर्माणमा सहयोग हुनुका साथै पेट्रोलियम पदार्थको आयात प्रतिस्थापन गरी बढदो व्यापार घाटा कम गर्न मद्द पुग्नेछ। यसका साथै अन्तरप्रदेश व्यापारको प्रचुर सम्भावना रहेको छ।

विवरण	उत्पादन क्षमता मे.वा.
सरकारी प्रसार प्रणालीमा आवद्ध	३६९.२५
सरकारद्धारा अध्ययन गरिएको	१२०९.१९
सरकारद्धारा उत्पादित (above 1 MW)	४७५.१
लाइसेन्स प्रदान गरिएको	**१८२६.२२३**

श्रोतः विद्युत विकास विभाग

ऊन Wool

गण्डकी प्रदेश भेडा पालनको लागि उपयूक्त मानिन्छ। यस प्रदेशका उच्च पहाडी र हिमाली जिल्लामा भेडा पाल्नको लागि उपयुक्त वातावरण रहेको छ। यस प्रदेशमा ११६३७६ ओटा भेडा पालिएका छन। कृषि तथा पशुपन्छी मन्त्रालयको आ.व.२०७३/७४ को तथ्यांक अनुसार गण्डकी प्रदेशमा वार्षिक ८७०६३ के.जि. ऊन उत्पादन हुने देखिनछ । यस प्रदेशको हिमाली जिल्लाहरु मनाङ्ग र मुस्ताङ्गमा भेडा पालनको लागि अति उत्तम मानिएतापनि उल्लेखनीय रुपमा भेडा पालन र ऊन उत्पादन कार्य हुन सकेको देखिदैन। यी जिल्लाका साथै अरु जिल्लाहरुमा पनि भेडापालन व्यवसायीक रुपमा गर्ने हो भने पनि यसबाट ठूलो परिमाणमा ऊनको आयायत प्रतिस्थापन भइ व्यापार घाटा न्यूनिकरणमा टेवा पुग्न जान्छ ।

ऊन उत्पादन वृद्धिमा चालिनु पर्ने कदमहरुः

- प्रदेशका हिमाली, पहाडी र उच्च पहाडी भुभागमा व्यवसायीक भेडा पालनको लागि युवा शक्तिलाई आकर्षित गर्नु पर्ने
- आवयकता अनुसार स्टोरेज एवं संकलन केन्द्रको स्थापना
- गुणस्तर प्रमाणीकरणको लागि अन्तराष्ट्रिय मान्यता प्राप्त प्रयोगशालाको स्थापना
- उचित किसिमको ढुवानीको व्यवस्था
- मुल्य श्रृंखला (Value Chain) मा जोड
- ब्राण्डिङ, लेवलिङ र प्याकेजिङ्गको व्यवस्था
- भौतिक पुर्वाधारको विकास सडक, विद्युत, पानी, आद्युनिक, औजर आदि।
- पशुपालक/व्यवसयीहरुलाई प्राविधिक सहयोग, तालीम, ढुवानी, बैक व्याजदर, औजार, आदिमा सहयोग

गुणस्तरः

- **Sanitary and PhytoSanitary (SPS) Measures** को सर्टिफिकेसन
- लेबलिङ आवश्यकताः स्टोरेजको अवस्था, सम्भावित हानीकारक तत्वको जानकारी, उपभोग्य मिति उत्पादन मिति आदि उल्लेख गरिनु पर्दछ।

अन्तरप्रदेश व्यापारको सम्भावना भएका तथा आयात प्रतिस्थापन गर्न सकिने वस्तु तथा सेवाहरुः

कृषि/वनजन्य	औद्योगिक वस्तु	सेवा व्यापार
ओखर	जलविद्युत	पर्यटनः होटल ,रेस्टुरेन्ट ,होमस्टे
उखु	सिमेन्ट	स्वास्थ्य
लप्सी	विस्कुट	शिक्षा
आलु	चाउचाउ	
फलफुल	चकलेट	
उवा	चुरोट	
तरकारी	पानी	
दुग्ध पदार्थ	सिमेन्ट /सिमेन्ट क्लिन्कर	
माछा	जुस	
ऊन	काठ र फर्निचर	
मह		

निकासी प्रवर्द्धन र अन्तरप्रदेश व्यापारका व्यवधानहरु

गण्डकी प्रदेशमा निकासी सम्भावना भएका वस्तुहरुमा कृषि सम्वन्धी वस्तुहरुको प्रधानता रहेको छ । यी वस्तुहरु लक्षित बजारमा निकासी गर्न गुणस्तरका प्रावधानहरु पुरा गरेको हुनुपर्ने देखिन्छ।यसै गरी गुणस्तर प्रमाणीकरणलाई लक्षित बजारमा मान्यताप्राप्त गरेको पनि हुनु पर्ने देखिन्छ।सम्वन्धित उद्योगहरुले उत्पादित वस्तुहरुको गुणस्तर प्रमाणीकरण पायक पर्ने स्थानमा हुन नसक्दा निकासीकर्ताहरुलाई समस्या परिरहेको छ।भारततर्फ कृषिजन्य वस्तु निकासी गर्न नेपाल भन्सारको पारीपट्टिका सीमावर्ती भारतीय भन्सार कार्यालयहरुमा क्वारेण्टाइन कार्यालयहरुको विषय निकासीकर्ताले लामो समयदेखि भोगिरहेको समस्या हो। निकासीजन्य उद्योगहरुमा गरिने व्यापार वित्त व्यवस्थापन पनि सहज हुन सकिरहेको छैन।निकासीकर्ता उद्यमीहरुले चर्को व्याजदरको सामाना गर्नु परिरहेको छ।निकासीजन्य उद्योगलाई चाहिने दक्ष जनशक्तिको कमी पनि टड्कारो देखिन्छ।प्रदेशमास्थित निकासीकर्ता उद्यमीहरुलाई बजारको ताजा सूचनाको प्रवाह पनि हुन सकिरहेको छैन । कृषकहरुलाई समयमै पर्याप्त मल,उन्नत जातको वीऊ,वाह्रमास सिंचाईको सुविधाको कमी,काष्ठउद्योगका लागि चाहिने काठको वृक्षारोपणका लागि चाहिने विरुवा वितरणमा आएको रोकावट जस्ता समस्याका कारण प्रदेशबाट सोंचे अनुसार निकासी प्रवद्र्धन र अन्तरप्रदेश व्यापार हुन सकिरहेको छैन।

लागत न्युनीकरणमा प्रदेश सरकारले गर्नुपर्ने सहयोगहरु

क. वाह्य मुलुकहरुमा कृषि उत्पादनहरुलाई प्रतिस्पर्धी बनाउन कृषकहरुलाई विभिन्न किसिमा सहयोग, अनुदान,प्रोत्साहन र संरक्षणको व्यवस्था गरिएको हुन्छ । नेपालको कृषि उत्पादनको प्रतिस्पर्धी भारतीय कृषि उत्पादन सरह प्रतिस्पर्धी बनाउन प्रदेश सरकारले पनि आफ्ना कृषकहरुलाई कम्तीमा भारतीय कृषकहरुले पाए सरहरका सुविधाहरु प्रदान गर्नु आवश्यक देखिन्छ ।

ख. निकासीजन्य उद्योगहरुलाई सहुलियत दरमा व्याजको व्यवस्था गरिनु पनि आवश्यक छ

ग. सामुहिक कृषि प्रणालीलाई प्रोत्साहन हुने नीति र कार्यक्रमहरु लागु गरिनुपर्दछ ।

घ. निश्चित समयावधिका लागि निकासीजन्य उद्योगहरुलाई करहरुमा विशेष छुटको व्यवस्था गरिनु पर्दछ।

ङ. उद्योग स्थापनाका लागि चाहिने पूर्वाधारमा सरकारबाट पर्याप्त लगानी गरिनुपर्दछ ।

निस्कर्ष

नेपालको कुल ग्राहस्त उत्पादनको ८.३२ प्रतिशत हिस्सा गण्डकी प्रदेशको रहेको छ। गण्डकी प्रदेशको कुल ग्राहस्त उत्पादनमा कृषि तथा वन क्षेत्रको २९.८१ प्रतिशत हिस्सा रहेको छ। यहाँका हिमाली भुभागमा स्याउ, जडिवुटी, भेडापालन र पानी उत्पादन प्रशोधन र प्रवर्द्धन तर्फ ध्यान केन्दीत गर्नु पर्दछ।

प्रदेशको पहाडी भुभागमा अलैची, अदुवा, कफी, सुन्तला, फलफुल र उखु वालीको वैज्ञानीक एवं व्यवसायीक खेति प्रणाली अवलम्न गरी उत्पादन बृद्धि गर्न तिर लाग्नु पर्ने देखिन्छ। यस प्रदेशको गर्भमा खनिज पदार्थको भण्डारण रहेकोले फलाम, चुनढुंगा, विभिन्न बहुमुल्य रत्नपत्थर, कोइला, स्लेट ,रातोमाटो आदिबाट सिमेन्ट उद्योग पत्थर प्रशोधन उद्योग, फलाम उद्योग आदि जस्ता खनिज पदार्थमा आधारित उद्योग स्थापना गरी वस्तु उत्पादन गर्नु पर्ने देखिन्छ। अलैची, अदुवा, वेसार, लसुनको उत्पादन क्षेत्र विस्तर गरी यी वस्तुको मुल्यसृंखला थप गरी विक्रीवितरण गर्नु पर्ने आवश्यकता देखिन्छ। सेरामेकिका वस्तुहरु उत्पादन उद्योग स्थापनाको सम्भावना देखिएको छ । पर्यटन तर्फ जलयात्र, पदयात्रा, धार्मिक, सास्कृतिक तथा एतिहासिक स्थलको संरक्षण तालतलैयाहरुको संरक्षण गरी पर्यटन प्रवर्द्धन गर्न सकिन्छ ।

तराइ भेगमा उखु ,धान ,गहुँ, मकै, तरकारी वालीको उत्पादन विस्तार गर्नु पर्दछ। वेमौसमी तथा टनेल खेती प्रणाली अपनाइ उत्पादन बृद्धि गर्न अग्रसर हुनु पर्दछ।

अत हिमाली क्षेत्रका स्याउ एवं स्याउजन्य उत्पादन, वहमुल्य जडिवुटीको प्रशोधन तथा संकलन केन्द्र हिमालबाट निन्तर वग्ने पानी प्रशोधन उद्योगको स्थापना गर्नुपर्ने। पहाडमा वैत्ज्ञानिक खेती प्रणालीद्धरा सुन्तलाजातका फलफुल, अलैची, अदुवा जस्ता उच्च मुल्य प्राप्त वस्तुमा आधारित उद्योग स्थापनामा जोड दिनु पर्ने देखिन्छ। त्यसैगरी तराइमा उखु सुर्ति कपास वालीको उत्पादकत्वमा वृद्धि गरी सोमा आधारित उद्योग स्थापना गर्न जरुरी देखिन्छ।

यसरी उत्पादनमा जोड दिएको खण्डमा एक प्रदेशमा वचत भएको वस्तु अर्को अपुग भएको प्रदेशम दिने र अपुग वस्तु अर्को प्रदेशबाट पुर्ति अन्तरप्रादेशिक व्यापार गरी आयात प्रतिस्थापन गर्न सकिने छ। भने प्राकृतिक श्रोतमा आधारित औद्योगिक वस्तु सिमेन्ट, फलाम लगायत धातुहरु, पानी, रत्नपत्थर लगायत आदि उत्पादनको निर्यात गर्न सकिने देखिन्छ।

सुझाव

क. गण्डकी प्रदेशमा उत्पादन भई अन्य प्रदेशहरुमा पठाउन सकिने र ल्याउन सकिने वस्तुहरुको प्रभावकारी व्यवस्थापन हुन पनि जरुरी छ ।

ख. गण्डकी प्रदेशमा व्यापार सम्वद्ध पूर्वाधारहरुको विकासमा ध्यान जानु पनि जरुरी छ ।

ग. निकासीजन्य, आयातप्रतिस्थापन गर्न सकिने तथा अन्तरप्रदेश व्यापार सम्भावना भएका वस्तु तथा सेवाहरुको उत्पादनमा प्रदेश सरकारले प्रोत्साहनात्मक, संरक्षणात्मक व्यवस्थाहरु गर्नु पनि आवश्यक छ ।

घ. निकासी प्रवद्र्धनमा निकासीकर्ताहरुलाई समय समयमा अन्तर्राष्ट्रिय बजारको अवस्था, गुणस्तर मापदण्डहरु, लेवलिङ, प्याकेजिङ, ब्राण्डिङ जानकारी उपलव्ध गराउने व्यवस्थाहरु गर्न पनि जरुरी छ ।

ङ. निकासीजन्य, आयातप्रतिस्थापन गर्न सकिने तथा अन्तरप्रदेश व्यापार सम्भावना भएका वस्तु तथा सेवाहरुको विकास, मूल्य श्रृंखलाको विकासमा प्रदेश सरकारले आवश्यक लगानी गर्नु पर्ने देखिन्छ ।

च. शीतगृह भण्डारण संकलन केन्द्रको स्थापना र त्यसको प्रभावकारी सञ्चालनमा प्रदेश सरकारको सहयोगको आवश्यकता देखिन्छ ।

छ. खाद्य प्रशोधन उद्योगाको विस्तार, विकास, स्तरोन्नत्तिका लागि आर्थिक, प्राविधिक तथा भौतिक पूर्वाधारमा प्रदेश सरकारको सहयोग आवश्यक देखिन्छ ।

ज. निकासी प्रवद्र्धनका लागि प्रदेशस्तरमा पनि प्रवद्र्धनात्मक संयन्त्रको स्थापना गर्नु पर्ने जरुरी देखिन्छ

झ. खाद्यवस्तुहरु निर्यातमा गुणस्तरका प्रावधानहरु

ट्रेसेबिलिटी (Traceability) सम्वन्धी प्रावधानहरु

खाद्य सुरक्षा धेरै देशहरुका नागरिकहरुका लागि बढ्दो सरोकारको विषय भएको छ । जनावरमा लागेका रोगहरु र खाद्य वस्तुहरुमा प्रयोग हुने विषादीले खाद्य सुरक्षालाई प्रभावित गरिहेको सन्दर्भमा प्रदुषित खाद्यहरुको पहिचान हुनु अति आवश्यक भई सकेको छ । यसैका लागि खाद्य वस्तुहरुमा Traceability को अवधारणाको विकास भई विभिन्न विकसित देशहरुले यस अवधारणालाई आफ्नो मुलुकको खाद्य आपूर्ति प्रणालीको अभिन्न अँगका रुपमा अँगीकार गरेका छन् ।

आइएसओ अनुसार Traceability भन्नाले खाद्य पदार्थको उत्पादन, प्रशोधन र वितरण प्रत्रियाको गतिलाई अनुगमन गर्ने प्रक्रिया हो भन्ने बुझिन्छ । Traceability प्रणालीले उत्पादन, प्रशोधन र वितरण प्रक्रियामा हरेक तहको सूचनाहरु समावेश गरेको हुनाले यो प्रणाली लागु गरेको खण्डमा उत्पादित खाद्य वस्तुहरुको विश्वसनियतामा वृद्धि भई उक्त वस्तुहरुको निर्यात सहज हुने देखिन्छ ।

युरोपियन युनियन, संयुक्त राज्य अमेरिका, जापान, अष्ट्रेलिया, क्यानडा लगायतका विकसित देशहरुमा Traceability प्रणाली लागु गरी खाद्य वस्तुको गुणस्तरसम्वन्धी एकीन गर्ने व्यवस्था भएको हुँदा ती नेपालले पनि खाद्य वस्तुको उत्पादन, प्रशोधन, ढुवानी, भण्डारण र वितरण लगायतका क्षेत्रमा Traceability प्रणालीलाई लागु गर्नु आवश्यक देखिन्छ । यसका लागि उत्पादक कृषक, संकलक, प्रशोधन उद्योग, ढुवानीकर्ता र वितरकहरुलाई Traceability प्रणालीमा पोख्त बनाउन उनीहरुको क्षमता अभिवृद्धि गर्नु आवश्यक छ ।

अन्य गैर भन्सार मापनहरु

(Non Tariff Measures) (NTM)

(१) भारतमा खाद्य पदार्थ निर्यात गर्न देहायका प्रक्रियाहरु पुरा गर्नुपर्दछ ।

(क) भारतीय खाद्य प्रयोगशालाको प्रमाणपत्र लिन जरुरी छ ।

(ख) घ्यु, तेल र प्रशोधित खाद्यवस्तुहरु निर्यात गर्दा भारतीय Food Safety and Standards (Packaging and Labelling) Second Amendment Regulations, 2013 को प्रावधान बमोजिम fat cjontent उल्लेख गर्नु जरुरी छ ।

(ग) General Grading and Marking Rules, 1988 को प्रावधान बमोजि कृषि उत्पादनको गुणस्तरका बारेमा लेबलिङको व्यवस्था गरिएको हुनपर्दछ ।

(घ) Food Safety and Standards (Food Import) Regulations, 2016 को प्रवधान अनुसार हरेक खाद्यान्नको मिति सहितको म्याद तोकिएको अनिवार्य हुनुपर्दछ ।

(ङ) Food Safety and Standards (Packaging and Labelling) Regulations, 2011 को प्रावधान अनुसार प्याकेजिङ स्टाण्डर्ड, पोषक तत्व, खुद परिमाण, उत्पादन मिति, माँशाहारी पदार्थ प्रयोग भएको भए सो

समेत उल्लेखित,उत्पादनको नाम र ठेगाना तथा प्रयोग गरी सक्नुपर्ने मिति समेत स्पष्ट उल्लेख भएको हुनुपर्दछ ।

(च) क्वारेण्टाइन सम्वन्धी प्रावधानहरु

(२) इयु देशहरुमा खाद्य पदार्थ निर्यात गर्न देहायका प्रक्रियाहरु पुरा गर्नुपर्दछ

(क) युरोपियन कमिशनको MRLs सम्वन्धी प्रावधानहरु

(ख) इयु देशहरुमा खाद्य वस्तुको गुणस्तर निश्चित गर्न लागु गरेको Traceability सम्वन्धी प्रावधानहरु

नेपाल एकीकृत व्यापार रणनीति २०२३ लाई क्षेत्रगत अवधारणा (SWAP) अनुरूप कार्यान्वयन गर्ने ढाँचा अपनाउन सिफारिस गरिएको छ भने नेपाल व्यापार एकीकृत रणनीति कार्यान्वयन गर्न छुट्टै बजेट उपशीर्षकको व्यवस्था गर्न प्रस्ताव गरिएको छ । रणनीतिको आधारमा तयार गरिएको वार्षिक कार्यक्रमको लागि यसै उपशीर्षकमा बजेट प्रबन्ध गर्ने र बजेटको अख्तियारी राष्ट्रिय कार्यक्रम कार्यान्वयन इकाईलाई दिने व्यवस्था गर्न प्रस्ताव गरिएको छ । इकाईले सम्बन्धित कार्य कार्यान्वयनको लागि जिम्मेवार निकायलाई स्वीकृत कार्यक्रम अनुसार बजेटको अख्तियारी विधिलाई पनि रणनीतिमा प्रस्ताव गरिएको छ ।

यसै गरी बजेट तर्जुमा गर्दा रणनीति कार्यान्वयन बजेट सीमाको आधारमा राष्ट्रिय कार्यक्रम कार्यान्वयन इकाईले सम्बन्धित निकायलाई बजेट सीमा सहित कार्यक्रम प्रस्ताव गर्न अनुरोध गर्ने, सम्बन्धित निकायबाट प्राप्त प्रस्तावको आधारमा वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गरी राष्ट्रिय निर्देशक समितिबाट स्वीकृत गराई अर्थ मन्त्रालय तथा राष्ट्रिय योजना आयोगमा कार्यक्रम तथा बजेट प्रस्ताव गरिने विधिलाई यस रणनीतिमामा प्रस्ताव गरिएको छ ।

यो रणनीति कार्यान्वयन गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत रहेका स्वायत्त संस्था, निजी क्षेत्रका छाता संस्था तथा मातहतका निकायहरू, विषयगत मन्त्रालय तथा निकायहरू, विदेशस्थित नेपाली कूटनीतिक नियोगहरू, अवैतनिक वाणिज्यदुत र नेपालस्थित विदेशी कुटनीतिक नियोग र मुलुकका अवैतनिक वाणिज्यदूत, विकास साझेदारबीचको सहकार्य, सहयोग र समन्वयलाई प्रभावकारी आवश्यक रहेको पक्षलाई आत्मसात् गर्दै यसका लागि पनि रणनीतिमा कार्यान्वयन विधिको प्रस्ताव समेत गरिएको छ ।

प्रदेशको संक्षिप्त परिचय



नेपाल अधिराज्यको संविधान २०७२ को धारा ५६ ले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको राज्य संरचना बनाएको छ। उक्त संविधान वमोजिम बर्दघाट पश्चिमको नवलपरासी, रुपन्देही, पाल्पा, कपिलवस्तु, गुल्मी, अर्घाखाँची, प्यूठान, रोल्पा, पूर्वी रुकुम, दाङ्ग, बाँके र बर्दिया गरी १२ जिल्ला समावेश भएको लुम्बिनी प्रदेश बनेको छ। तराईमा ६, पहाडमा ५ र हिमालमा १ गरी १२ जिल्ला यस प्रदेशमा रहेका छन्। पूर्वी रुकुम जिल्लामा पुथा र सिस्ने हिमालहरु अवस्थित छन् भने रुपन्देहीमा अन्तराष्ट्रिय जगतले चिरपरिचित विश्व शान्तिका अग्रदूत गौतमबुद्धको जन्मस्थान समेत यसै प्रदेशमा रहेको छ।

सिमाना

पूर्व : गण्डकी प्रदेश

पश्चिम : सुदूरपश्चिम प्रदेश

उत्तर : गण्डकी र कर्णाली प्रदेश

दक्षिण : भारत

प्राकृतिक बनावट

अक्षांश : २७ डिग्री २०' उत्तरदेखि २९ डिग्री ०'

देशान्तरः ८१ डिग्री २१' पूर्वदेखि ८४ डिग्री ०२'

भौगोलिक अवस्थितिः

उचाइका आधारमा	प्रतिशत	भूगोगको आधार	प्रतिशत
५०० मिटर भन्दा कम	४३.३	उच्च हिमाल	३.१
५००-१०००	२०.४	उच्च पहाड	९.१
१०००-२०००	२४.१	मध्य पहाड	३२.२
२०००-३०००	७.४	शिवालिक	२७.९
३०००-४०००	३.०	तराई	२७.६
४०००-५०००	१.६		
५००० मिटरभन्दा माथि	०.३		

राष्ट्रिय निकुञ्ज र संरक्षण क्षेत्रहरु बाहेक यस प्रदेशको क्षेत्रफल १७,८१० वर्ग कि.मी. रहेको छ। तर समग्रमा यस प्रदेशको क्षेत्रफल २२,२८८ वर्ग कि.मी. रहेको छ जस अनुसार यो प्रदेश तेस्रो ठूलो प्रदेशको रुपमा रहेको छ। यस प्रदेशले नेपालको कूल क्षेत्रफलको १५.१ प्रतिशत हिस्सा ओगटेको छ। यस प्रदेशको करीव ५४ प्रतिशत भूभाग तराई तथा भित्री मधेशमा पर्दछ।

हवाई तथा सडक यातायात

हवाई यातायात : निर्माणाधिनगौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, भैरहवा

सडक यातायात : यस प्रदेशमा ८६०३ कि.मि. स्थानीय सडकहरु रहेका छन् जस मध्ये ४१३३ कि.मी. जिल्ला सडक, ४४७० कि.मी. ग्रामिण सडक रहेका छन्।

प्रमुख पर्यटकीय क्षेत्रहरु :

ऐतिहासिक र धार्मिक क्षेत्रहरु : लुम्बिनी, तिलौराकोट, जितगढी, देवदह, कुदान, निल्गिहवा, गोटीहवा, शिवगढी, तानसेन दरवार, रानीमहल, रामपिथेकस क्षेत्र, अर्घाकोट दरवार, मसिकोट दरवार, थवाङ, ओखरकोट, कोइलावास, सिद्धबाबा, त्रिवेणीधाम, रामग्राम, रुरु क्षेत्र, स्वर्गद्वारी, ठाकुरद्वार, केदोरेश्वर धाम मणिमुकुन्दसेन पार्क, श्रीनगर, सुनछहरा झरना, दाङ्ग देउखरी उपत्यका बाँके र बर्दिया राष्ट्रिय निकुञ्ज पुथा हिमाल (७२४६ मि.), दोगारी हिमाल (६५३६ मि.), सिस्ने हिमाल (५९११ मि.)

प्रमुख उत्पादनहरु :

(क) कृषिजन्य वस्तु :

खाद्यान्नहरु : धान, गहुँ, मकै, कोदो, जौं फापर

दलहन : मुसुरो, केराउ, चना, रहर, मास, भटमास, गहत, सिमी, बोडी

तेलहन : तोरी, सर्स्यू, रायो सूर्यमुखी, भटमास, तिल, बदाम, आलस, झुसेतिल

नगदेबाली : आलु, कफि, उखु, जुट, कपास, रबर

मसलाबाली : अदुवा, लुसुन, बेसार, खुर्सानी, धनियाँ, अलैंची

फलफूल : केरा, आप, सुन्तला, अम्बा, मेवा, भुईकटहर, लिची, अनार, स्याउ, नासपाँती, रुखकटहर, खरबुजा, आलुबखडा, खुर्पानी, ओखर

तरकारी : आलु, प्याज, बन्दा, काउली, ब्रोकाउली, गोलभेडा, गाजर, सलगम, भेडेखुर्सानी, केराउ, घ्यू सिमी, बोडी, कुरिलो, मूला, काक्रो, फर्सी, भेण्टा, भिण्डी, तितेकलेरा, घिरौला, चिचिण्डो, लौका, काकरी, स्कुस, सहजन, तरुल, पिडालु तथा हरियो सागसब्जीहरु

(ख) **पशुपक्षीजन्य**: दुध, दही, घ्यू, मासु (कुखुरा, बंगुर, राँगो, खसी/बोका, भेडा, अष्ट्रिज), माछा, सुकुटी, अण्डा, छाला

(ग) **वनजन्य** : टिमुर, हर्रो, तेजपात, अमला, काउलो, बोभ्mो, गुर्जो, अल्लो, रिठ्ठा, सतुवा, चिराईतो, लोक्ता, सिस्नु, ओखर, पाखनवेद, कत्था, खोटो

(घ) **हस्तकलाजन्यः** ढाका, अल्लोबाट निर्मित वस्तुहरु, करुवा, काठ एवं वेतबाँसबाट निर्मित वस्तु, साबुन

(ङ) **औद्योगिकजन्यः** सिमेण्ट, छड, मैदा, चिनी, कुखुराको दाना, प्लाष्टिकजन्य उत्पादन, कागज, प्याईउड, फोम, फुटवयर, मदिरा, जुस, विस्कुट, चाउचाउ, सेन्टेथिक धागो, औषधी, तयारी पोशाक, तारपिन तेल र रोजिन

(च) **खानी तथा खनिजजन्यः** चुनढुङ्गा, कोईला, फलाम, सुन, तामा, स्लेट, जिङ्क, रोडाढुङ्गा

(छ) **सेवाजन्य** : पर्यटन, रियलस्टेट, वित्तीय, यातायात र सञ्चार, शिक्षा र स्वास्थ्य तथा उर्जा

प्रमुख शहरहरु

घोराही, तुल्सीपुर, नेपालगञ्ज, बुटवल, तिलोत्तमा, कपिलवस्तु, वाणगंगा, लुम्बिनी साँस्कृतिक, कोहलपुर, वर्दिया, शिवराज, गुलरिया, बुद्धभूमि, सिद्धार्थनगर, कृष्णनगर, राजापुर, रामग्राम, बान्सगढी, सैनामैना, सुनवल ।

लुम्बिनी प्रदेश को SWOT विश्लेषण

साहित्य पुनरावलोकन, प्रदेश सरकार र निजी क्षेत्रसँग गरिएको अन्तरक्रियाका आधारमा लुम्बिनी प्रदेश का सबलता, दुर्बलता, अवसर र हाँक देहाय बमोजिम रहेका छन् ।

सबल पक्ष (Strength)	**दुर्बल पक्ष** (Weakness)
भौगोलिक विविधतायुक्त प्रदेश	जनशक्तिको अभाव
उर्वरा भूमि	सिंचाई सुविधाको कमी
अन्तर्राष्ट्रियस्तरमा परिचित विश्व शान्तिका अग्र दुत गौतम बुद्धको जन्मस्थान लुम्बिनी	आधुनिक प्रविधिको कमी
एशियाको सबैभन्दा ठूलो र सुन्दर उपत्यका दाङ्ग	कृषियोग्य जमीन बाँभ्mो र घडेरी बनाउने प्रवृत्ति एवं बसाई सराईको क्रम बढ्दो
साहसिक पदयात्रा, धार्मिक तथा ऐतिहासिक स्थलहरुमा स्वदेशी तथा विदेशी पर्यटनका लागि आकर्षक गन्तव्य	भौगोलिक विकटताका कारण उत्पादित वस्तुहरुको बजारसम्म ढुवानी गर्न उपर्युक्त भौतिक पूर्वाधारको कमी,
निर्माण सामाग्रीहरुको खानी	
बैदेशिक लगानी बृद्धि गर्न सक्ने औद्योगिक वातावरण	

कृषि, नगदेवाली, जडिबुटी तथा औद्योगिक उत्पादनको केन्द्रको रुपमा परिचित, एक स्थानीय तह एक औद्योगिक ग्राम नेपालको पहिलो विशेष आर्थिक क्षेत्र भैरहवा तथा बुटवल र नेपालगञ्ज गरी २ वटा औद्योगिक क्षेत्रको सञ्चालन जमुनाह नाकामा सुख्खा बन्दरगाह निर्माण भैरहेको तथा भैरहवा भन्सार नाका र बेलहिया-बुटवल व्यापारिक मार्गको स्तरोन्नती कार्य भैरहेको एक गाउँ एक उत्पादन र एक पालिका एक शीत भण्डार कार्यक्रम बाँके र बर्दिया गरी २ वटा राष्ट्रिय निकुञ्जहरु, कृष्णसार (बर्दिया) संरक्षण क्षेत्र तथा ढोरपाटन (रुकुम पूर्व) शिकार आरक्षण क्षेत्र हिन्दु तथा बौद्ध धर्मावलम्वीहरुको लागि धार्मिक महत्वको प्रदेश, राष्ट्रिय गौरवका २१ आयोजनाहरु मध्ये ५ वटा आयोजना प्रदेशमा रहेको आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा टेवा पुर्‍याउने ठूला उद्योग स्थलसम्म पुग्ने सडक र अन्य पूर्वाधारको स्तरोन्नति ।	औद्योगिक क्षेत्रबाट निष्कने प्रदुषणले पर्यटन क्षेत्रलाई असर पर्नु, व्यापार पूर्वाधारको विकासमा कमी (शीतगृह, संकलन केन्द्र आदि) भारतसंगको खुल्ला सिमानाको कारण अबैद्य मार्गबाट सामान ओसार पोसार
अवसर (Opportunities) भारतको बजारसम्मको सहज पहुँच, भारतको ठूलो जनसंख्यायुक्त बजार भारतीय बजारमा निकासी प्रवर्द्धन गर्न समान भाषा, संस्कृति र रहनसहनका कारण सहज प्रदेशमा उत्पादन हुने निकासीयोग्य वस्तुहरुको अन्तर्राष्ट्रिय बजारमा अत्यधिक माग चीनको कोरलानाका हुँदै लुम्बिनीसम्मको धार्मिक पर्यटनको सम्भावना	**हाँक** (Threat) छिमेकी मुलुकमा कृषि एवं औद्योगिक क्षेत्रलाई प्राप्त सुविधा (अनुदान, प्रोत्साहन, ढुवानी, बीमा, ऋणमा छुट, न्युनत्तम समर्थन मूल्य खरिदको प्रत्याभूति सहित) ले गर्दा नेपाली कृषि उत्पादन मूल्यको आधारमा कम प्रतिस्पर्धी हुनु इकोनोमी अफ स्केल (ठूलो परिमाणमा उत्पादन हुँदा प्रति इकाई लागत मूल्यमा हुने कमी)का कारण भारतीय वस्तुहरुसँग नेपाली वस्तुको लागत मुल्य तुलनात्मक रुपमा बढी हुनु

चीन र भारत जोड्ने उत्तर दक्षिण (काली गण्डकी) कोरिडोर तथा पूर्व पश्चिम जोड्ने मदन भण्डारी राजमार्गको संगम पाल्पा रामपुर हुनु	श्रमिकहरुको बढ्दो अन्तर्राष्ट्रिय मुलुक विशेष गरी खाडी मुलुकहरुमा माग हुनु भारत सरकारले नेपालमा उत्पादन हुने प्रमुख वस्तुहरुमा स्वतः उत्पादन तथा प्रतिस्पर्धाका लागि उच्च प्राथमिकताका साथ कार्यक्रमहरु सञ्चालन गर्न थालेको नेपालमा बढी उत्पादन हुने वस्तुमा भारतको निरुत्साहन गर्ने प्रवृत्ति रहेको

प्रदेशको आर्थिक परिदृष्य

लुम्बिनी प्रदेशको कुल ग्राहस्थ उत्पादन रु ७६२ अर्ब ९७ करोड रहेको छ।

लुम्बिनी प्रदेशको कुल ग्राहस्थ उत्पादन (आँकडा अर्बमा)	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	**हिस्सा प्रतिशत मा**
औद्योगिक वर्गीकरण						
कृषि, वन, मत्स्यपालन	१४४.९३	१४८.७७	१६५.९२	१८०.१६	१९८.१२	२५.९७
औद्योगिक वर्गीकरण	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	
खनिज	३.५३	३.२३	३.२३	३.६७	३.८२	०.५०
औद्योगिक वर्गीकरण	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	
म्यानुफ्याक्चर	३१.०१	२८.११	३३.५४	३८.५५	४०.२०	५.२७
औद्योगिक वर्गीकरण	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	
विद्युत, ग्याँस,, वाष्प तथा वातानुलित आपूर्ति	२.४७	२.९२	३.०२	४.१४	४.६८	०.६१
औद्योगिक वर्गीकरण	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	
जलापूर्ति, ढल, फोहर व्यवस्थापन, सरसफाई क्रियाकलाप	३.६२	३.६९	३.८०	३.८७	३.९५	०.५२
औद्योगिक वर्गीकरण	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	
निर्माण	४१.१०	३७.३०	३८.८९	४२.८४	४५.२४	५.९३
औद्योगिक वर्गीकरण	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	
थोकविक्रय, खुद्रा विक्रय, गाडी, मोटरसााइकल मर्मत,	५५.२७	५२.०२	५८.५६	६९.४९	७३.०२	९.५७
औद्योगिक वर्गीकरण	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	
यातायात र भण्डारण	३२.२०	२६.९१	२९.३१	३८.३५	४७.५८	६.२४
औद्योगिक वर्गीकरण	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	
आवास तथा खाद्य सेवा क्रियाकलाप	८.९८	५.९८	६.९७	८.५७	११.०४	१.४५
औद्योगिक वर्गीकरण	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	
सूचना तथा सञ्चार	११.६४	१२.०८	१२.९८	१३.८१	१४.५४	१.९१
औद्योगिक वर्गीकरण	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	
वित्तीय तथा विमा सेवा	२०.४९	२५.८९	२७.६१	३१.८१	३७.८५	४.९६
औद्योगिक वर्गीकरण	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	
घरजग्गा कारोबार	२१.८५	२३.८६	२४.६५	२६.४४	२९.२४	३.८३

लुम्बिनी प्रदेशको कुल ग्राहस्थ उत्पादन (आँकडा अर्बमा) औद्योगिक वर्गीकरण	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	हिस्सा प्रतिशत मा
पेशागत, वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप	२.५८	२.७८	२.९२	३.२१	३.५८	०.४७
औद्योगिक वर्गीकरण	**२०७५/७६**	**२०७६/७७**	**२०७७/७८**	**२०७८/७९**	**२०७९/८०**	
प्रशासनिक तथा सहायता सेवा क्रियाकलाप	१.७५	१.९०	२.००	२.०८	२.३२	०.३०
औद्योगिक वर्गीकरण	**२०७५/७६**	**२०७६/७७**	**२०७७/७८**	**२०७८/७९**	**२०७९/८०**	
सार्वजनिक प्रशासन र रक्षा, अनिवार्य सामाजिक सेवा	३६.७०	४६.४५	४८.३०	५३.५२	६४.२४	८.४२
औद्योगिक वर्गीकरण	**२०७५/७६**	**२०७६/७७**	**२०७७/७८**	**२०७८/७९**	**२०७९/८०**	
शिक्षा	४४.३२	५०.७९	५२.२३	५९.४८	६७.९४	८.९०
औद्योगिक वर्गीकरण	**२०७५/७६**	**२०७६/७७**	**२०७७/७८**	**२०७८/७९**	**२०७९/८०**	
मानव स्वास्थ्य तथा सामाजिक क्रियाकलाप	८.३६	१०.१३	१०.९६	१२.४६	१५.११	१.९८
औद्योगिक वर्गीकरण	**२०७५/७६**	**२०७६/७७**	**२०७७/७८**	**२०७८/७९**	**२०७९/८०**	
कला, मनोरञ्जन तथा आमोदप्रमोद, अन्य सेवा क्रियाकलाप र गृहस्थ क्रियाकलापहरु	२.०६	२.४५	२.६३	२.८८	३.१८	०.४२
औद्योगिक वर्गीकरण	**२०७५/७६**	**२०७६/७७**	**२०७७/७८**	**२०७८/७९**	**२०७९/८०**	
कुल ग्राहस्थ उत्पादन	५४०.००	५५१.३२	६१६.७७	६९७.८६	७६२.९७	१००.००

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग Regional (Provincial) National Accounts 2019

लुम्बिनी प्रदेश स्थित भन्सार कार्यालयहरु माफर्त को वैदेशिक व्यापार स्थितिः

संघीय सरकार अन्तर्गत यस प्रदेशस्थित भैरहवा, नेपालगञ्ज, कृष्णनगर, कोईलावास, महेशपुर र राजापुर भन्सार कार्यालयहरु मार्फत हुने निर्यात आयात यस प्रदेशको अतिरिक्त अन्य प्रदेशहरुलाई समेत लक्षित गरी आयात निर्यात हुने गर्दछ ।:

निर्यात भएका मालवस्तुहरुः

भैरहवा, नेपालगञ्ज, कृष्णनगर, कोईलावास, महेशपुर र राजापुर भन्सार कार्यालयहरुबाट निकासी हुने प्रमुख १० वस्तुहरुमा रेजिन र रोजिन एसिड, यार्न र फेब्रिक (छोटो रेशा सिन्टेथिक), बीऊ विजन र जडिबुटी,

कपडाका उत्पादनहरु, चिया, कफी तथा मसलाजन्य वस्तुहरु, फिलामेन्ट यार्न (लामो रेशा सिन्टेथिक), कत्था, पिना र धुटो, सारयुक्त तेल तथा टुथपेष्ट रहेका छन् ।

आयात भएका मालवस्तुहरुः

भैरहवा, नेपालगञ्ज, कृष्णनगर, कोईलावास, महेशपुर र राजापुर भन्सार कार्यालयहरुबाट आयात भएको प्रमुख १० वस्तुहरुमा पेट्रोलियम पदार्थ, मेशिनरी तथा पार्ट्स, यातायातका साधन तथा पार्ट्स, फलाम तथा फलामका उत्पादनहरु, अन्न, खनिज पदार्थ, सिमेन्टका क्लिङ्कर आदि, प्लाष्टिक तथा प्लाष्टिकबाट बनेका सामानहरु, इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स सामानहरु, दलहन र तरकारी तथा सेरामिक्सबाट निर्मित सामानहरु रहेका छन् ।

लुम्बिनी प्रदेशका केही प्रमुख वस्तुहरुको उत्पादन स्थिति

(क) खाद्यान्न बालीको उत्पादन स्थिति

यो प्रदेशलाई खाद्यान्न भण्डारको प्रदेशको रुपमा लिन सकिन्छ । यस प्रदेशको मुख्य खाद्यान्न बालीको रुपमा धान, मकै, गहुँ, गोदो, फापर, र जौं उत्पादन हुने गर्दछ । समग्रमा खाद्यान्न बचत हुने प्रदेशमा २ नं प्रदेश पछि यो प्रदेश पर्दछ ।

जिल्लागत रुपमा प्रमुख खाद्यान्न बालीको उत्पादन स्थिति

जिल्लाहरु	धान			गहुँ			मकै		
	क्षेत्रफल (हजार हे.)	उत्पादन (हजार मे. टन)	उत्पादकत्व (मे.टन प्रतिहे.)	क्षेत्रफल (हजार हे.)	उत्पादन (हजार मे. टन)	उत्पादकत्व (मे.टन प्रति हे.)	क्षेत्रफल (हजार हे.)	उत्पादन (हजार मे. टन)	उत्पादकत्व (मे.टन प्रति हे.)
नवलपरासी (पश्चिम)	७,७७५	२९,६२१	३.८१	५,७८६	१३,५७२	२.३५	२१,६४३	५५,७७९	२.५८
रुपन्देही	८,१९०	२४,९२४	३.०४	६,५१७	१९,३८६	२.९७	२२,४४५	६८,२६९	३.०४
कपिलवस्तु	७,१६४	२१,९४२	३.०६	७,३४०	१९,९५५	२.७२	१६,९५५	५४,९७५	३.२४
पाल्पा	१९,६३९	७२,४७२	३.६९	७,६३८	२२,३०३	२.९२	४,४६६	१५,४१९	३.४५
अर्घाखाँची	६३,८७३	२४९,१५१	३.९०	२६,११८	१०३,१६७	३.९५	२,७५१	१०,७५२	३.९१
गुल्मी	६६,२६१	२११,४८४	३.१९	२६,२९२	९८,१८४	३.७३	१,३३४	४,४५१	३.३४
रुकुम पूर्व	३५,११४	१२९,९०३	३.७०	१२,६९०	३९,६९४	३.१३	२४,९००	७७,८४७	३.१३
रोल्पा	३३,८९६	७८,३१६	२.३१	२३,५००	७९,०००	३.३६	१९,५४५	६२,१९२	३.१८
प्यूठान	४९,५५७	१४६,९७१	२.९७	२३,५००	७९,५००	३.३८	५,३५०	२०,००८	३.७४
दाङ्ग	१,७२०	४,५२३	२.६३	३,२७३	८,९५२	२.७४	५,०३७	१४,५५९	२.८९
बाँके	६,०२९	१८,५९७	३.०८	८,६९०	२४,९५९	२.८७	१२,१५८	३५,६२६	२.९३
बर्दिया	४,४०७	११,६१७	२.६४	८,५९६	२४,४००	२.८४	१२,३३५	३८,५००	३.१२
जम्मा	**३०३,६२६**	**९९९,५२२**	**३.२९**	**१५९,९४०**	**५३३,०७२**	**३.३३**	**१४८,९२०**	**४५८,३७६**	**३.०८**

(ख) दलहन र तेलहन उत्पादनको स्थिति

यस प्रदेशका सबै जिल्लामा तेलहन र दलहनको उत्पादन भए पनि तराईका जिल्लाहरुमा तेलहन र दलहनको उत्पादन राम्रो रहेको छ । तेलहनमा दाङ्ग अग्र स्थानमा रहेको छ । तत्पश्चात बर्दिया, बाँके, रुपन्देही,

कपिलवस्तु र नवलपरासीमा तेलहनबालीको राम्रो उत्पादन भएको देखिन्छ । दलहनको उत्पादनको स्थिति पनि तेलहनको जस्तै यस प्रदेशका तराईका जिल्लाहरुमा बढी हुने गरेको छ ।

जिल्लागत रुपमा तेलहन र दलहन बालीको उत्पादन स्थिति

जिल्लाहरु	**तेलहन**			**दलहन**		
	क्षेत्रफल (हजार हे.)	**उत्पादन (हजार मे. टन)**	**उत्पादकत्व (मे.टन प्रति हे.)**	**क्षेत्रफल (हजार हे.)**	**उत्पादन (हजार मे. टन)**	**उत्पादकत्व (मे.टन प्रति हे.)**
नवलपरासी (पश्चिम)	१,१७०	१,१९९	१.०२	१,१०९	१,०८७	०.९८
रुपन्देही	७३४	७२३	०.९८	७३६	८०३	१.०९
कपिलवस्तु	१,५२२	१,५३५	१.०१	५९१	५६०	०.९५
पाल्पा	४,६२९	४,९१८	१.०६	५,२९८	६,५६५	१.२४
अर्घाखाँची	७,३८१	७,५५४	१.०२	७,५८२	१०,६२१	१.४०
गुल्मी	३,८६५	४,५०९	१.१७	९,४०६	११,४१२	१.२१
रुकुम पूर्व	१९,६२८	२३,०३०	१.१७	२६,६५६	३३,६७३	१.२६
रोल्पा	७,७९८	८,७४८	१.१२	१४,४२९	१९,०८९	१.३२
प्यूठान	१६,८१६	१७,७५३	१.०६	१७,४९०	२०,२७८	१.१६
दाङ्ग	३७५	३९१	१.०४	६६९	६३७	०.९५
बाँके	९९८	१,१०७	१.११	१,२५२	१,६४३	१.३१
बर्दिया	४१४	३८८	०.९४	९०७	१,०१३	१.१२
जम्मा	**६५,३२७**	**७१,८५२**	**१.१०**	**८६,१२६**	**१०७,३८२**	**१.२५**

स्रोतः कृषि विकास मन्त्रालय (२०१८)

(ग) मसला बाली

मसलाबालीको रुपमा अदुवा उत्पादनमा यो प्रदेश समग्रमा तेस्रो स्थानमा रहेको छ ॥ जिल्लागत रुपमा मसलाबालीको उत्पादन निम्नानुसार रहेको छः

जिल्लाहरु	**अदुवा**			**लसुन**			**बेसार**		
	क्षेत्रफल (हजार हे.)	**उत्पादन (हजार मे. टन)**	**उत्पादकत्व (मे.टन प्रति हे.)**	**क्षेत्रफल (हजारहे.)**	**उत्पादन (हजार मे. टन)**	**उत्पादकत्व (मे.टन प्रति हे.)**	**क्षेत्रफल (हजार हे.)**	**उत्पादन (हजार मे. टन)**	**उत्पादकत्व (मे.टन प्रति हे.)**
नवलपरासी (पश्चिम)	१,४०५	१५,५११	११.०४	९४	५०३	५.३५	१०६	१,००३	९.५०
रुपन्देही	३१०	२,९९२	९.६५	३९	२५४	६.५०	९५	९३१	९.८०
कपिलवस्तु	४००	३,९७५	९.९४	१२०	८७६	७.३०	१५९	१,७११	१०.७७
पाल्पा	२६०	३,०१९	११.६१	९१	७८९	८.७०	६४	५९१	९.१९
अर्घाखाँची	२८	३८२	१३.६४	१९०	१,६२६	८.५६	१२९	१,५५०	१२.०४
गुल्मी	२०१	१,८३६	९.१४	१९५	१,२५६	६.४४	११८	१,२५०	१०.६०

जिल्लाहरु	अदुवा			लसुन			बेसार		
	क्षेत्रफल (हजार हे.)	उत्पादन (हजार मे. टन)	उत्पादकत्व (मे.टन प्रति हे.)	क्षेत्रफल (हजारहे.)	उत्पादन (हजार मे. टन)	उत्पादकत्व (मे.टन प्रति हे.)	क्षेत्रफल (हजार हे.)	उत्पादन (हजार मे. टन)	उत्पादकत्व (मे.टन प्रति हे.)
रुकुम पूर्व	२४०	३,००९	१२.५४	४६	२९३	६.४२	४७	५३०	११.३४
रोल्पा	८९	९०७	१०.१६	१८८	१,१७०	६.२२	८६	८५६	१०.००
प्यूठान	१५९	१,४९१	९.३८	२८०	२,००३	७.१५	८७	८६५	९.९४
दाङ्ग	४१०	५,५०२	१३.४२	४१२	२,३९०	५.८०	१६५	१,९२१	११.६४
बाँके	२२	२६५	१२.०५	१६०	१,२८०	८.००	१२०	१,५८०	१३.१७
बर्दिया	२३५	३,००८	१२.८०	२४१	१,५१५	६.३०	२००	२,२६७	११.३३
जम्मा	**३,७५९**	**४१,८९६**	**११.१५**	**२,०५५**	**१३,९५५**	**६.७९**	**१,३७५**	**१५,०५४**	**१०.९५**

(घ) नगदेवाली

कफी, कपास उत्पादन स्थिति

यस प्रदेशको गुल्मी जिल्ला कफी खेतीको लागि राष्ट्रिय प्रख्यात जिल्ला हो । त्यस अतिरिक्त यस प्रदेशका अर्घाखाँची, पाल्पा र प्यूठानमा कफी उत्पादन हुने गरेको छ ॥ त्यसैगरी व्यवसायीक रुपमा कपास खेती नेपालको ३ जिल्ला दाङ्ग, बाँके, बर्दियामा गरेको पाईन्छ । यी तीनवटै जिल्ला यसै प्रदेशमा पर्दछ ।

जिल्ला	कफी			जिल्ला	कपास		
	क्षेत्रफल (हे)	उत्पादन (मे.टन)	उत्पादकत्व (के.जी/हे)		क्षेत्रफल (हे)	उत्पादन (मे.टन)	उत्पादकत्व (के.जी/हे)
गुल्मी	१,९६५	२५६	३१	दाङ्ग	१३७	१४९	१.०९
अर्घाखाची	१,७०५	१३०	१६	बाँके	८	९	१.१३
पाल्पा	२,३२५	१२४	१७.३	बर्दिया	२	२	१.००
प्यूठान	१७५	३७	४.५	जम्मा	१४७	१६०	१.०९

स्रोतः कृषि विकास मन्त्रालय (२०१८)

(ङ) तरकारी

यस प्रदेशको सबै जिल्लामा तरकारी उत्पादन हुने गर्दछ । तर तरकारी उत्पादनमा तराइका जिल्लाहरुले नै अग्रणी भूमिका खेलेको पाईन्छ । रुपन्देही सबैभन्दा अग्रस्थानमा रहेको छ, तत्पश्चात् बाँके र बर्दिया रहेका छन् । सबैभन्दा कम तरकारी उत्पादन गुल्मी र रुकुममा हुने गरेको देखिन्छ । तरकारीको रुपमा बढी आलुको प्रयोग गरेको पाईन्छ ।

वस्तु	लुम्बिनी			नेपाल कुल		
	क्षेत्र	उत्पादन	उपज	क्षेत्र	उत्पादन	उपज
फूलगोभी	७,०८६	११४,७६०	१६.२	**३९,२१४**	**६११,०१५**	**१५.५८**
बन्दकोबी	६,४६७	१२१,७३६	१८.८३	**३४,३१४**	**५८७,६६८**	**१७.१३**

वस्तु	लुम्बिनी			नेपाल कुल		
	क्षेत्र	उत्पादन	उपज	क्षेत्र	उत्पादन	उपज
ब्रोकाउली	३४८	४,२१४	१२.११	२,६६५	३०,५२३	११.४५
टमाटर	३,६७०	६०,३४७	१६.४५	२२,९११	४२२,७०३	१८.४५
मूला	३,०२४	४९,०१५	१६.२१	१८,१७५	२८९,५५८	१५.९३
फराकिलो पात तोरी	१,३१५	१७,२९४	१३.१५	११,६५८	१७१,२१५	१४.६९
गाजर	३२८	४,४३३	१३.५	३,२६४	३७,१७६	११.३९
शलजम	१८९	२,७२२	१४.४२	४५७	५,९००	१२.९२
क्याप्सिकम	५०९	४,०२३	७.९०१	१,९३१	२०,००२	१०.३६
मटर	१,३२७	११,४०४	८.५९४	८,४२५	७७,१२१	९.१५
फ्रान्सेली बीन्स	८०५	५,१२४	६.३६५	३,०११	२७,७२८	९.२१
फ्रेन्च बीन्स - पोल प्रकार	७५५	५,६४९	७.४८२	३,९७५	४१,७६९	१०.५१
फ्रान्सेली बीन्स - बुश प्रकार	८२९	५,४५१	६.५७६	१,४६१	१२,७३८	८.७२
फ्रान्सेली बीन्स - तरवार प्रकार	४७२	२,७९८	५.९२८	१,४१३	११,७०१	८.२८
फराकिलो बीन्स	१११	७५०	६.७४८	१,६८२	१२,७८४	७.६०
Asparagus बीन्स	९६७	११,५८३	११.९७	४,५६३	४९,७५७	१०.९०
काउपी	१,४११	१२,३६७	८.७६५	३,८१४	३५,५०८	९.३१
अन्य (फलफूल)	१९६	१,३१२	६.६९२	१,५८८	१३,७६३	८.६६
Asparagus	२८	१६७	६.०४८	१७५	१,२५८	७.१९
टमाटरको रूख	१२	८५	७.०८३	१३८	१,३८३	१०.०१
मिर्च अकाबरे	९७	७३९	७.६३७	१,७२८	११,२२४	६.४९
खुर्सानी	१,२५३	७,५१८	५.९९९	७,९४५	७५,६६४	९.५२
भिंडी	१,७९१	१५,९३३	८.८९६	९,३९७	११२,२६०	११.९५
बैंगन	९९४	१०,६३६	१०.७	८,८७१	१२९,९३८	१४.६५
प्याज	१,३००	१६,९०६	१३	१३,१८९	१६६,९०४	१२.६५
काकडी	१,३७७	२१,६४६	१५.७२	१०,३०९	१५९,६२५	१५.४८
कद्दू	७२०	८,७४५	१२.१५	७,२३८	१०८,५३३	१५.००

वस्तु	लुम्बिनी			नेपाल कुल		
	क्षेत्र	उत्पादन	उपज	क्षेत्र	उत्पादन	उपज
स्क्वास	४९५	५,२२७	१०.५५	२,७६८	३९,५८१	१४.३०
तिते करेला	१,०४२	१०,८५०	१०.४२	९,७२८	१३४,११२	१३.७९
पोइन्ट गर्ड	१४३	१,१८३	८.२७१	३,८५८	५१,४६८	१३.३४
स्पन्ज लौकी	६८६	६,८८६	१०.०३	६,८५७	९२,५९४	१३.५०
लौकी	९१	७७२	८.४९३	१,४७०	१८,१२३	१२.३३
सर्प लौकी	९८	१,२५७	१२.७७	१,७१६	२३,२५४	१३.५५
बोतल लौकी	९८९	१५,८९३	१६.०७	७,९१८	१२९,६०२	१६.३७
खरानी लौकी	१५	९८	६.३९२	७१४	९,८२७	१३.७६
बलसम लौकी	–	–		२३२	२,२६२	९.७४
काकारी	१७	१२१	७.११८	२०१	२,७८८	१३.८६
कुन्द्रु	२८	२९४	१०.५	१०७	१,२८२	१२.०३
चायोटे	७०	६६०	९.४८३	१,६८९	२८,१३२	१६.६५
तरबूज	३४८	८,१४८	२३.४१	२,४७३	५२,५५०	२१.२५
अन्य (Ccurbits)	११६	१,४२६	१२.२९	८३६	९,७३३	११.६५
ड्रमस्टिक्स	२६	२७४	१०.५४	१५६	२,८२७	१८.१६
सलाद	२४	१०५	४.४४	९७	८१७	८.३८
फनेल पात	८	४७	५.५६६	१५९	१,५४२	९.७१
धनियाको पात	४५०	३,१८१	७.०६३	१,८१८	१७,२३६	९.४८
पालक	४१७	३,५६७	८.५५२	१,७८१	१९,०७४	१०.७१
क्रेस	२२१	२,२९४	१०.४	१,३८१	१३,२५८	९.६०
अमरान्थस	७४	६५०	८.७४१	१,४४१	१४,७५८	१०.२४
मेथीको पात	१९२	१,५८८	८.२७९	१,०९७	९,५४३	८.७०
स्विसचार्ड	१३०	८५२	६.५४५	५७३	४,९८४	८.७०
अन्य (पातदार तरकारी)	११८	१,१५२	९.७८	१,५९३	१९,१२७	१२.००
कोलोकासिया	७६२	९,८६८	१२.९६	४,८३८	५७,८७४	११.९६
याम	१०३	१,४६२	१४.१६	१,३२३	१९,७६६	१४.९४
याम	२७	४०२	१५.०१	८८०	१६,८१०	१९.१०
अन्य कन्द	७२	४९९	६.९३	९७१	१२,८१९	१३.२०

वस्तु	लुम्बिनी			नेपाल कुल		
	क्षेत्र	उत्पादन	उपज	क्षेत्र	उत्पादन	उपज
अन्य (शाकाहारी)	१३४	९२३	६.८८७	७,७०४	१२४,८१७	१६.२०
कुल	२१,१८४	३१२,०१७	१४.७३	२८९,८३९	४,१५३,१५७	१४.३३

(च) फलफूल उत्पादनको स्थिति

यस प्रदेशका जिल्लाहरुमा सुन्तला मौसम, कागती, निबुवा, आँप, कोरा, अम्बा, मेवा, रुखकटहरु, भूईँकटहर, लिचि, स्याउ, नासपाती, ओखर, आरुवखठा, खुर्पानी आदि उत्पादन भएको पाइन्छ। व्यावसायिक रुपमा ठूलो स्केलमा उत्पादन भने त्यति हुन सकेको छैन।

जिल्लागत रुपमा फलफूल उत्पादनको स्थिति (मे.टन आ.ब. २०७१/७२)

जिल्ला	सुन्तला	आँप	केरा	अम्बा	मेवा	भुइकटहर	लिची	स्याउ
नवलपरासी (पश्चिम)	०	४२३७.६	४४१०	३५	१५०	५६	८०५	
रुपन्देही	०	३०७८	१५७५०	७४७	६५३	११९	८६०	
कपिलवस्तु	०	४५७२	२६४०	७५६.८	९६	१०८	१९८	
पाल्पा	५०७०	७७३	८४९	५५१	५६	३१०	११२०	
अर्घाखाची	५३८०	८९७	१४३९.१	५३७.९	२९४.६	६१.७	४९६	
गुल्मी	२७५०	३००	६३०	२०		१२	३००	८
रुकुम पूर्व	८९२.५	४९३.५	१०९.७	७.१	१२०.१		७.१	१७४४
रोल्पा	२२११	६०८	३३५.५	२७७.२	३३९.९	५०.५२	३००	१५२२.५
प्यूठान	८९०	१५३५	२६६०	१९०	१२०	९	१०८	८.८
दाङ्ग	०	८२२५	१७९८	२२५.५	७९७	८९	७९८	
बाँके	०	३८६९	७५३.५	२९८.८	६६	७५	११७.६	
बर्दिया	०	६१००	४६००	४३५	४५२	८६	३३०	
प्रदेश नं ५	१७३५६	३४६८८.२	३५९७४.८	४०८१.३	३१४४.६	९७६.२	५४३९.७	३२८३.३

जिल्लागत रुपमा हेर्दा फलफूल उत्पादनको उत्पादकत्वमा भिन्नता रहेको छ । सुन्तला उत्पादनको उत्पादकत्वमा पाल्पा, अर्घाखाँची र रुकुम अग्रस्थानमा देखिन्छ।

(छ) माछा

आ.ब. २०७३/७४ को मत्स्य विकास निर्देशानलयको वार्षिक प्रतिवेदन अनुसार यस प्रदेशमा पूर्वी रुकुम बाहेक सबै जिल्लाहरुमा माछा पोखरीहरु रहेका छन्। जिल्लागत माछा उत्पादन विवरण निम्नानुसार रहेको छः

जिल्ला	पोखरी संख्या	जलाशय क्षेत्रफल (हे.)	उत्पादन	उत्पादकत्व (के.जी. प्रति हेक्टर)
नवलपरासी (पश्चिम)	६५९	१८५.९६	८९७.२	४८२५
रुपन्देही	४०६०	८६१.९	४२३२.१	४९०९

जिल्ला	पोखरी संख्या	जलाशय क्षेत्रफल (हे.)	उत्पादन	उत्पादकत्व (के.जी. प्रति हेक्टर)
कपिलवस्तु	१००५	४४२.५५	२१२९.१	४८११
पाल्पा	१०८	१२.५१	२७.३	२१७९
अर्घाखाची	६३	६.४४	१३.१	२०२८
गुल्मी	१२९	१०.७२	२४.६	२२९३
रुकुम पूर्व				
रोल्पा	८४	४.२	८.०	१९०५
प्यूठान	११५	१०.०	२३.५	२३५०
दाङ्ग	१२८१	२४२.०	११३४.७	४६८९
बाँके	१३५४	२५५.३५	११३४.५	४४४३
बर्दिया	१९५१	४०५.०८	१९२७.०	४७५७
जम्मा	१०८०९	२४३६.७१	११५५०.०	४७४०

स्रोतः मत्स्य तथ्याङ्क तथा वार्षिक प्रगति प्रतिवेदन २०७३/७४, मत्स्य विकास निर्देशनालय

(ज) दूध, अण्डा र मासु

यस प्रदेशको सबै जिल्लाहरुमा दूध, अण्डा र मासु उत्पादन हुने गरेको पाईन्छ, जसको जिल्लागत उत्पादन निम्नानुसार रहेको छ :

जिल्ला	दूध (मे.टन)	अण्डा (वटा ०००)	मासु (मे.टन)
नवलपरासी (पश्चिम)	२७०३०	२२९४९	३६७२
रुपन्देही	४३११८	४३५२२	८९०८
कपिलवस्तु	३६६२५	२०४३६	६५०६
पाल्पा	२९५०५	१३५०६	४९२३
अर्घाखाची	२९७९५	८४००	४८६०
गुल्मी	१८९९२	४९५७	२७९८
रुकुम पूर्व	५०७९	२७२	१०६६
रोल्पा	१४४७७	२१९६	२९१६
प्यूठान	१८५४३	५२१३	३२४७
दाङ्ग	२८०३२	१२९७८	८९५९
बाँके	४२३०२	२४४७५	६५९१
बर्दिया	३९००९	१४७५०	६४२१
जम्मा	३३२५०७	१७३६५३	६०८६६

स्रोतः कृषि विकास मन्त्रालय (२०१८)

उद्योगहरुको स्थिति

औद्योगिक गणना २०६८ अनुसार यस प्रदेशमा १० जना भन्दा बढी रोजगारी दिएका उद्योगहरु ८८२ रहेका छन् र दोस्रो धेरै उद्योगहरु भएको प्रदेशमा यो पर्दछ । यस प्रदेशको रुपन्देही जिल्लामा ठूला उद्योगहरु धेरै संख्यामा रहेका छन् । यसैगरी लुम्बिनी प्रदेश को वस्तुस्थिति विवरणमा उल्लेख भएअनुसार यस प्रदेशमा

४२,८७४ वटा घरेलु तथा साना उद्योगहरु रहेका छन् । आर्थिक सर्वेक्षण २०७४/७५ को अनुसार यस प्रदेशमा साना ११०, मझौला ३९ र ठूला उद्योग २९ गरी १७८ वटा उद्योगमा विदेशी लागानी रहेका छन् । त्यसैगरी बुटवल औद्योगिक क्षेत्रमा ६४, नेपालगञ्ज औद्योगिक क्षेत्रमा २८ र भैरहवा विशेष आर्थिक क्षेत्रमा १ वटा उद्योग सञ्चालनमा रहेका छन् । साथै खानी खोजतलासका लागि जारी भएको लाईसेन्स संख्या ८६ र खानी उत्खनन लागि जारी भएको लाईसेन्स संख्या ३३ रहेका छन् जसको विवरण निम्नानुसार रहेको छः

उद्योग	संख्या
घरेलु तथा साना उद्योग	४२,८७४
ठूला उद्योग (१० जना भन्दा बढी रोजगारी दिएका)	८८२
विदेशी लगानीका उद्योग (साना ११०, मझौला ३९, ठूला २९)	१७८
बुटवल औद्योगिक क्षेत्र (रोजगारी १६१७ (२२.१ हे.)	६४
नेपालगञ्ज औद्योगिक क्षेत्र - रोजगारी ९९४ (११.९ हे)	२८
भैरहवा विशेष आर्थिक क्षेत्र - ५२ विगाहा	१
शक्ति मिनरल्स उद्योग -रोजगारी प्रत्यक्ष १५५ अप्रत्यक्ष ५०० (www.onlinekhabar.com)	
खानी खोजतलासका लागि जारी भएको लाईसेन्स	८६
खानी उत्खनन लागि जारी भएको लाईसेन्स	३३

स्रोतः प्रदेश योजना आयोग (वस्तुस्थिति विवरण)

१० जनाभन्दा बढी रोजगारी दिने उद्योगहरुबाट सिमेन्ट, छड, मैदा, कुखुराको दाना, ह्याचरी, प्लाष्टिकजन्य उत्पादन, कागज, प्याईउड, फोम, फुटवयेर, मदिरा, जुस, प्रशोधित पानी विस्कुट, चाउचाउ उत्पादन हुने गर्दछन् ।

यस प्रदेशमा विभिन्न खानी तथा खनिजजन्य पदार्थहरु रहेका छन् जसमा चुनढङ्गा, कोइला, फलाम, सुन, तामा, स्लेट, जिङ्क, रोडाढुङ्गा उपलब्ध छन् ।

यस प्रदेशमा ८६ जना व्यक्ति तथा संस्थाहरुले विभिन्न खोजतलास कार्यको लागि लाईसेन्स लिएका छन् र खानी उत्खनन्का लागि ३३ जना व्यक्ति तथा संस्थाहरुले लाईसेन्स लिएका छन् । उक्त व्यक्ति तथा संस्थाहरुले कोइला, डोलामाइट, फलाम, लाइमस्टोन र क्यारजाएट, सुन, सिसा, रेड क्ले, सिलाका स्याण्ड खोजतलास एवं उत्खननका लागि लाईसेन्स प्राप्त गरेका छन ।

सेवा व्यापार तर्फ

(क) पर्यटन क्षेत्र

यस प्रदेशमा प्रमुख पर्यटकीय क्षेत्रहरु लुम्बिनी, तिलौराकोट, जितगढी, देवदह, कुदान, निग्लिहवा, गोटीहवा, शिवगढी, तानसेन दरवार, रानीमहल, रामपिथेकस क्षेत्र, अर्घाकोट दरवार, मसिकोट दरवार, थवाङ, ओखरकोट, कोइलावास, सिद्धबाबा, त्रिवेणीधाम, रामग्राम, रुरु क्षेत्र, स्वर्गद्वारी, ठाकुरद्वार, केदोरेश्वर धाम,मणिमुकुन्दसेन पार्क, श्रीनगर, सुनछहरा झरना, दाङ्ग देउखरी उपत्यका,बाँके र बर्दिया राष्ट्रिय निकुञ्ज, पुथा हिमाल (७२४६ मि.), दोगारी हिमाल (६५३६ मि.), सिस्ने हिमाल (५९११ मि.) रहेका छन् । यी पर्यटकीय क्षेत्रहरु मध्ये यस प्रदेशमा धार्मिक पर्यटकहरु बढी आउने गर्दछन् ।

(ख) वित्तीय क्षेत्र

यस प्रदेशमा २०७५ मंसिर महिनासम्ममा ४७६ वाणिज्य बैंकहरुका, २९७ विकास बैंकका र २९ वित्त कम्पनीहरुका गरी ८०२ वटा शाखाहरु तथा लघुवित्त कम्पनीका ९ शाखा एवं ४००० भन्दा बढी सहकारी संस्थाहरु रहेका छन् । औसतमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुको एक शाखाले ६१९१ जनालाई बैंकिङ्ग सेवा पुर्‍याएको छ जुन राष्ट्रिय औसत (६४१०) भन्दा बढी हो ।

वाणिज्य बैंक शाखा	४७६
विकास बैंक शाखा	२९७
वित्त कम्पनी शाखा	२९
लघुवित्त कम्पनी शाखा	९
सहकारी संस्था	४,००० भन्दा बढी

स्रोतः प्रदेश योजना आयोग -वस्तुस्थिति विवरण

(ग) जलविद्युत तथा ऊर्जा

यस प्रदेशमा ३६.४५ मे.वा. को जलविद्युत उत्पादन भैरहेको छ । तुलनात्मक रुपमा अन्य प्रदेशभन्दा यो प्रदेश जलविद्युत उत्पादनमा कमजोर प्रदेशको रुपमा पाईन्छ । साथै १५.९९ मे.वा.को जलविद्युत आयोजनाहरु निर्माणाधिन अवस्थामा रहेका छन् । त्यसैगरी ११३.९३ मे.वा. क्षमताका ९ वटा आयोजनाहरुलाई सर्वेक्षण अनुमित प्रदान गरेको पाईन्छ । साथै यस प्रदेशमा नौमुरे, माडी, अपर झिमरुक कालीगण्डकी, उत्तरगंगा, भेरी ववई ड्राईभर्सन लगायतका करीव ३००० मे.वा. क्षमताका जलविद्युत उत्पादनका लागि सम्भावना रहेका छन् ।

संचालनमा रहेका जलविद्युत आयोजनाहरु

स्रोतः नेपाल विद्युत प्राधिकरण

संस्था	**स्थान**	**क्षमता (मे.वा.)**
गण्डक	परासी	१५.०
बुटवल पावर कम्पनी	तिनाउ, पाल्पा	१.०
बुटवल पावर कम्पनी	झिमरुक, प्यूठान	१२.३
गौतम वुद्ध हाइड्रोपावर	सिस्ने खोला, पाल्पा	०.७५
रिडी हाइड्रोपावर विकास कम्पनी	रिडी, गुल्मी	२.४
रुरु हाइड्रोपावर आयोजना	उपल्लो हूग्दी खोला, गुल्मी	५.०
जम्मा		३६.४५

(घ) शिक्षा क्षेत्र

यस प्रदेशमा त्रिभुवन विश्वविद्यालयका १७२ वटा, नेपाल संस्कृत विश्वविद्यालय ६ वटा, काठमाडौं विश्वविद्यालयका २ वटा, पूर्वाञ्चल विश्वविद्यालयका ४ वटा, पोखरा विश्वविद्यालयका १२ वटा, लुम्बिनी बौद्ध विश्वविद्यालयका १ वटा गरी जम्मा १९७ वटा विश्वविद्यालयहरु रहेका छन् । बढी विश्वविद्यालयहरु भएको प्रदेशमा यस प्रदेश दोस्रो स्थानमा रहेको छ । जुन निम्नानुसार रहेको छ :

त्रिभुवन विश्वविद्यालयका	१७२ वटा
नेपाल संस्कृत विश्वविद्यालय	६ वटा
काठमाडौं विश्वविद्यालयका	२ वटा
पूर्वाञ्चल विश्वविद्यालयका	४ वटा
पोखरा विश्वविद्यालयका	१२ वटा
लुम्बिनी बौद्ध विश्वविद्यालयका	१ वटा
जम्मा	**१९७ वटा**

स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,

(ङ) स्वास्थ्य क्षेत्र

यस प्रदेशमा ४ वटा मेडिकल कलेजहरु सञ्चालनमा रहेका छन् जसमध्ये २ वटा रुपन्देही जिल्लामा, १ वटा लुम्बिनी मेडिकल कलेज, पाल्पामा र १ वटा बाँकेमा सञ्चालनमा रहेका छन् । यस प्रदेशमा ठूला अस्पतालको रुपमा लुम्बिनी प्रादेशिक अस्पताल, लुम्बिनी प्रादेशिक अस्पताल, राप्ती प्रादेशिक अस्पताल, सिद्धार्थ बच्चा तथा महिला अस्पताल रहेका छन् ।

मेडिकल कलेजहरु	ठूला अस्पतालहरु
देवदह मेडिकल कलेज, रुपन्देही	लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल
युनिभर्सल मेडिकल कलेज, रुपन्देही	भेरी प्रादेशिक अस्पताल, नेपालगञ्ज
नेपालगञ्ज मेडिकल कलेज, कोहलपुर	राप्ती प्रादेशिक अस्पताल, तुल्सीपुर
लुम्बिनी मेडिकल कलेज, कोहलपुर	सिद्धार्थ बच्चा तथा महिला अस्पताल, बुटवल

लुम्बिनी प्रदेशबाट आयात प्रतिस्थापन गर्न सकिने तथा अन्तरप्रदेश व्यापार सम्भावना भएका वस्तु तथा सेवाहरुको विश्लेषण

यस प्रदेशमा उत्पादन भएका उपर्युक्त वस्तु तथा सेवाहरुको विवरणहरु, वाणिज्य नीति, २०७२, नेपाल व्यापार एकीकृत रणनीति-२०१६, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रम, लुम्बिनी प्रदेश का सरकारी एवं निजी क्षेत्रसंगको अन्तरकृयालाई दृष्टिगत गर्दा यस प्रदेशबाट धान चामल, गहुँ, मकै,मैदा, आटा, सुजी, चोकर, दलहन, माछा, दुध, अण्डा, कुखुराको मासु, केरा, आलु, आँप, बेल (जुस), चिनी, जडिबुटीहरु सिमेण्ट, चाउचाउ, मदिरा, चुनढुङ्गा, क्लिडकर, ईटा, कार्डबोड (कार्टुन), पर्यटन, शिक्षा र स्वास्थ्य जस्ता वस्तु तथा सेवाहरुलाई यस प्रदेशबाट आयात प्रतिस्थापन गर्न सकिने तथा अन्तरप्रदेश व्यापार सम्भावना भएका वस्तु तथा सेवाहरुको रुपमा छनौट गरिएको छ ।

उपरोक्त छनौट गरिएका वस्तु र सेवाहरु मध्ये वस्तुहरु तर्फ धान चामल, मकै, गहुँ, आलु, केरा, माछा, सिमेण्ट, चुनढुङ्गा, क्लिडकर तथा सेवा तर्फ शिक्षा (मेडिकल) विश्लेषण गरिएको छः

(१) धान चामलः

यस प्रदेशको पूर्वमा गण्डकी र उत्तरमा गण्डकी र कर्णाली प्रदेश रहेको र यी प्रदेशहरुमा चामलको माग अत्याधिक देखिएकोले दुरी, समय ढुवानीलाई मध्यनजर गर्दा यस प्रदेशबाट गण्डकी प्रदेशमा माग भएको चामललाई पूर्ति गर्न उपयुक्त देखिन्छ । साथै यस प्रदेशमा चामलको उत्पादन बृद्धि गर्न सकिएमा यसको बजार कर्णाली प्रदेश समेत रहेको छ ।

यी दक्षिण एशियाली मुलुकहरुको तुलनामा यस प्रदेशको उत्पादकत्व कम रहेको देखिन्छ । समयमा सिंचाई, मल, उन्नत वीऊको व्यवस्था गर्न सकेको खण्डमा दक्षिण एशियाली राष्ट्र बरावर यस प्रदेशले उत्पादकत्व बृद्धि गर्न सक्नेछ ।

धानको उत्पादकत्व स्थिति

जिल्लाहरु	धान		
	(क्षेत्रफल हे.)	उत्पादन (मे. टन)	उत्पादकत्व (मे.टन प्रति हे.)
नवलपरासी (पश्चिम)	३८,३५०	१०३,१६१	२.६९
रुपन्देही	४०,७८०	११७,२६२	२.८८
कपिलवस्तु	३२,६९५	९८,२८७	३.०१
पाल्पा	३१,९८१	११०,४४५	३.४५
अर्घाखाँची	९२,८६२	३६३,२६८	३.९१
गुल्मी	९४,०८१	३१४,४६५	३.३४
रुकुम पूर्व	७२,७९८	२४७,५५१	३.४०

जिल्लाहरु	धान		
	(क्षेत्रफल हे.)	उत्पादन (मे. टन)	उत्पादकत्व (मे.टन प्रति हे.)
रोल्पा	७६,९४९	२१९,५२०	२.८५
प्यूठान	७८,४१५	२४६,४९१	३.१४
दाङ्ग	११,७९५	३०,०२१	२.५५
बाँके	२९,८२९	८२,९०१	२.७८
बर्दिया	२७,१८६	७६,७३५	२.८२
जम्मा	**६२७,७२४**	**२,०१०,१०७**	**३.२०**

स्रोतः कृषि विकास मन्त्रालय,

नेपालको धान, चामल आयातः मुलुक कृषि प्रधान भएतापनि ठूलो परिमाणमा धान चामल विदेशबाट आयात भई रहेको छ। नेपालको कुल धान चामल आयातमा भारतको हिस्सा करिव ९९ प्रतिशत रहेको छ।

नेपालको धान चामल आयातको विवरण				
देश	**परिमाण मे.ट.मा**	**मूल्य रु अर्बमा**	**प्रतिशत हिस्सा**	**प्रति केजी मूल्य रु मा**
भारत	७८९,२६०.५९	३६.४०	९९	४६
अन्य	२,४७१.३०	०.२६	१	१०५
कुल	७९१,७३१.८९	३६.६६	१००	४६

यो धान चामलहरु मानव उपभोगका साथै विभिन्न मदिरा जन्य उद्योग, गाँइ वस्तुको दाना, फेल्क्स आदिमा उपयोग भइरहेको छ।

यदि मुलुकमा सिंचाइका लागि ट्युवेल, तथा नहरहरुको व्यवस्था एवं बाह्रैमास सिंचाईको सुविधा भएमा उन्नत जातको बीउ र समयमा मलहरु पुऱ्याउन सकिएमा र छिमेकी मुलुक भारतले कृषि क्षेत्रमा प्रदान गरेको अनुदान, प्रोत्साहन, ढुवानी, बीमा, ऋणमा छुट, न्युनत्तम समर्थन मूल्य खरिदको प्रत्याभूति भएका अधिक मात्रामा धान उत्पादन भई आयातलाई न्यून गर्न सकिन्छ।

(२) गहुँ

गहुँको उत्पादन, उपभोग र सन्तुलनको अवस्था

प्रदेश	उत्पादन मे.ट.	उपभोग	सन्तुलन
कोशी	१,७९,६९५	१,०१,६४९	७८,०४७
मधेष	५,३९,९००	१,२५,८८९	४,१४,०११
वाग्गमती	१,६१,२१२	१,३२,९७३	२८,२३९
गण्डकी	९०,२५९	५३,१६३	३७,०९६
लुम्बिनी	४,९३,३८०	१,०९,९४०	३,८३,४४०
कर्णाली	१,२०,७११	३०,२४४	९०,४६७
सुदूरपश्चिम	२,९४,०३४	५९,२८९	२,३४,७४५
जम्मा	१८,७९,१९१	६,१३,१४७	१२,६६,०४४

उत्पादकत्व (गहुँ) :

गहुँ उत्पादनमा तुलनात्मक रुपमा यो प्रदेश अब्बल रहेको छ । यस प्रदेशका सबै जिल्लाहरुमा गहुँ उत्पादन भएपनि विषेश गरी तराईका जिल्लाहरु रुपन्देही, बर्दिया, कपिलबस्तु, बाँके र दाङ्गलाई गहुँ उत्पादनको मुख्य केन्द्रको रुपमा लिन सकिन्छ । यस प्रदेशमा आर्थिक वर्ष २०७३/७४ मा करीव ४५७.३ हजार मे.टन गहुँ उत्पादन भएको थियो । गहुँ उत्पादकत्वको हिसाबले राष्ट्रिय औसत (२.५५ मे.टन प्रति हेक्टर) भन्दा बढी रहेको छ । यस प्रदेशको गहुँको औसत उत्पादकत्व करीब २.९६ मे.टन प्रति हेक्टर रहेको छ । www.fao.org/faostat/en/#data/QCsf अनुसार गहुँको उत्पादकत्व सन् २०१६ मा भारतमा, बंगलादेशमा ३ मे.टन प्रति हेक्टर भन्दा बढी छ । यी दक्षिण एशियाली मुलुकहरुको तुलनामा यस प्रदेशको उत्पादकत्व कम रहेको देखिन्छ । समयमा सिंचाई, मल, उन्नत वीऊको व्यवस्था गर्न सकेको खण्डमा दक्षिण एशियाली राष्ट्र बरावर यस प्रदेशले उत्पादकत्व बृद्धि गर्न सक्नेछ ।

गहुँको उत्पादकत्व

जिल्लाहरु	गहुँ		
	क्षेत्रफल (हजार हे.)	उत्पादन (हजार मे. टन)	उत्पादकत्व (मे.टन प्रति हे.)
नवलपरासी (पश्चिम)	९.०	२०.९	२.३२
रुपन्देही	२८.१	८९.०	३.१७
कपिलवस्तु	२५.६	९३.५	३.६५
पाल्पा	६.१	१३.८	२.२५
अर्घाखाँची	७.१	१५.०	२.०९
गुल्मी	७.७	१८.५	२.३९
रुकुम पूर्व	३.९	८.३	२.१४
रोल्पा	८.६	२१.२	२.४७
प्यूठान	८.७	२४.२	२.८०
दाङ्ग	१२.६	२५.८	२.०५
बाँके	१९.१	६१.०	३.२०
बर्दिया	१७.८	६६.३	३.७२
जम्मा	१५४.३	४५७.३	२.९३

नेपालको गहुँ आयातः मुलुक कृषि प्रधान भएतापनि ठूलो परिमाणमा गहुँ विदेशबाट आयात भई रहेको छ। नेपालको कुल गहुँ आयातमा भारतको हिस्सा करिव ९९.९९ प्रतिशत रहेको छ।

नेपालमा गहुँ आयातको विवरण (आर्थिक वर्ष २०७४/७५)				
देश	**परिमाण मे.ट.मा**	**मूल्य रु अर्बमा**	**प्रतिशत हिस्सा**	**प्रति केजी मूल्य रु मा**
भारत	१०४८९५.५	२.८४	९९.९९	२७.०९
अन्य	३.५२७८	०.००	०.०१	७०.५७
कुल	१०४८९९.१	२.८४	१००.००	२७.०९

कृषि तथा पशुपंक्षी मन्त्रालय उत्पादन सम्बन्धी तथ्याङ्क तथा केन्द्रिय तथ्याङ्क विभागको मानवले प्रतिदिन उपभोग गर्ने परिमाण (प्रति वर्ष प्रति व्यति १७५.० के.जी) लाई हेर्दा नेपालमा गहुँ बचतमा रहेको छ। नेपालले आ.व २०७४।७५को आयात तथ्याङ्क हेर्दा मुलुकमा करिव २.८४ अरव रुपैया बराबरको १०४८९९.१ मे. टन गहुँ आयात गरेको देखिन्छ। यो गहुँ मानव उपभोगका साथै विभिन्न मदिरा जन्य उद्योग, पशुपक्षीको आहार (दाना), चाऊचाऊ, विस्कुट, ओट्स, पाउरोटी आदिमा प्रयोग भइरहेको छ।

यदि मुलुकमा सिंचाइका लागि ट्युवेल, तथा नहरहरुको व्यवस्था एवं बाह्रैमास सिंचाईको सुविधा भएमा उन्नत जातको बीउ र समयमा मलहरु पुऱ्याउन सकिएमा र छिमेकी मुलुक भारतले कृषि क्षेत्रमा प्रदान गरेको अनुदान, प्रोत्साहन, ढुवानी, बीमा, ऋणमा छुट, न्युनत्तम समर्थन मूल्य खरिदको प्रत्याभूति भएका अधिक मात्रामा गहुँ उत्पादन भई आयातलाई न्यून गर्न सकिन्छ।

(३) मकै

नेपालको अर्को प्रमुख खाद्यबालीमा मकै पनि पर्दछ। विश्वको कुल मकै उत्पादनमा नेपालको हिस्सा करीव ०.२० प्रतिशत रहेको छ। कृषि तथा पशुपक्षी मन्त्रालयको तथ्याँक अनुसार लुम्बिनी प्रदेश मा मकै उत्पादन ३ लाख ८ हजार मे.ट रहेको छ जुन राष्ट्रिय औसत (२.५ मे.टन प्रति हेक्टर) भन्दा कम रहेको छ। यसको उत्पादन बृद्धिको लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रम अनुसार सुपरजोन दाङ्ग र जोनमा गुल्मी र बाँके जिल्ला रहेका छन्।

मकैको उत्पादन, उपभोग र सन्तुलनको अवस्था

प्रदेश	उत्पादन (मे.टन)	उपभोग	सन्तुलन
कोशी	६,६०,९७५	८३,९०८	५,७७,०६७
मधेश	१,२०,४८७	१,०३,९१८	१६,५६९
बागमती	५,३१,७६२	१,०९,७६६	४,२१,९९६
गण्डकी	३,८४,३१२	४३,८८५	३,४०,४२७
लुम्बिनी	३,५५,५०१	९०,७५२	२,६४,७४८
कर्णाली	१,४८,१३८	२४,९६६	१,२३,१७२
सुदूरपश्चिम	९८,९४७	४८,९४१	५०,००६
जम्मा	२३,००,१२१	५,०६,१३६	१७,९३,९८५

मकैको उत्पादकत्वको हिसाबले यस प्रदेश पाँचौ स्थानमा रहेको छ । मकैको उत्पादकत्व बंगलादेशमा ७.८ मे.टन प्रति हेक्टर र पाकिस्तानमा ४.६ प्रति हेक्टर भएको पाइएको छ ।

मकैको उत्पादकत्व

जिल्लाहरु	मकै		
	क्षेत्रफल (हजार हे.)	उत्पादन (हजार मे. टन)	उत्पादकत्व (मे.टन प्रति हे.)
नवलपरासी (पश्चिम)	४.२	९.७	२.३१
रुपन्देही	२.५	९.०	३.५७
कपिलवस्तु	२.४	७.८	३.२५
पाल्पा	२०.२	४२.०	२.०८
अर्घाखाँची	१६.५	५१.३	३.११
गुल्मी	२३.९	५२.३	२.१९
रुकुम पूर्व	५.४	११.८	२.१८
रोल्पा	१२.६	३०.६	२.४२
प्यूठान	११.९	२३.७	२.००
दाङ्ग	२३.४	४५.७	१.९५
बाँके	८.५	१७.३	२.०४
बर्दिया	२.५	६.७	२.६६
जम्मा	१३४.१	३०८.०	२.३०

नेपालमा मकै आयातको अवस्था

नेपालमा मकै आयातको विवरण				
देश	परिमाण मे.ट.मा	मूल्य रु अर्बमा	प्रतिशत हिस्सा	प्रति केजी मूल्य रु. मा
भारत	४६०,२२८	११.५	९६.७	२५.०३
अन्य	६,६२४	०.४	३.३	५९.३६
कुल	४६६,८५२	११.९	१००.०	२५.५१

कृषि तथा पशुपंक्षी मन्त्रालय उत्पादन सम्बन्धी तथ्याङ्क तथा केन्द्रिय तथ्याङ्क विभागको मानवले प्रतिदिन उपभोग गर्ने परिमाण (प्रति वर्ष प्रति व्यति २१.२ के.जी) लाई हेर्दा नेपालमा मकै बचत रहेको छ ॥ यो मकै मानव उपभोगका साथै विभिन्न मदिरा जन्य उद्योग, पशुपक्षीको आहार (दाना), ओट्स, फेल्क्स आदिमा उपयोग भइरहेको छ । यदि मुलुकमा सिंचाइका लागि ट्युवेल, तथा नहरहरुको व्यवस्था एवं बाह्रैमास सिंचाईको सुविधा भएमा उन्नत जातको बीउ र समयमा मलहरु पुऱ्याउन सकिएमा र छिमेकी मुलुक भारतले कृषि क्षेत्रमा प्रदान गरेको अनुदान, प्रोत्साहन, ढुवानी, बीमा, ऋणमा छुट, न्युनत्तम समर्थन मूल्य खरिदको प्रत्याभूति भएका अधिक मात्रामा धान उत्पादन भई आयातलाई न्यून गर्न सकिन्छ ।

४. आलु

धान, मकै, गहुँ, कोदो पछि नेपालको पाँचौ मुख्य बाली आलु रहेको छ भने विश्वका लागि यो चौथो मुख्य बालीमा पर्दछ ।विश्वको कुल आलु उत्पादनमा नेपालको हिस्सा २६ औं स्थान सहित नेपालको कुल हिस्सा करीव ०.७ प्रतिशत रहेको छ ।

जिल्लागत रुपमा हेर्दा यस प्रदेशका सबै जिल्लामा आलु उत्पादन हुने गरेको छ । सबैभन्दा बढी आलु उत्पादन बर्दियामा र त्यसछि रुपन्देहीमा हुने गर्दछ । आलु उत्पादनको उत्पादकत्व भने प्यूठानमा बढी रहेको छ ।

जिल्लाहरु	**आलु**		
	क्षेत्रफल (हजार हे.)	**उत्पादन (मे. टन)**	**उत्पादकत्व**
नवलपरासी (पश्चिम)	८२८	९,१०३	११.००
रुपन्देही	३,९३५	५५,७१२	१४.१६
कपिलवस्तु	२,५१५	२६.४५०	१०.५२
पाल्पा	७३०	९,१२५	१२.५०
अर्घाखाँची	६९५	५,७४३	८.२५
गुल्मी	५१२	४,७१०	९.२०
रुकुम पूर्व	५३१	७,८४३	१४.७७
रोल्पा	१,०९८	१३,१७६	१२.००
प्यूठान	९५०	१३,८००	१४.५३
दाङ्ग	२३,००	३४,५००	१५.००
बाँके	२३,००	३४,५००	१५.००
बर्दिया	४२,००	५०,७६५	११.९४
जम्मा	**२०,६४४**	**२६५,४१८**	**१२.८६**

स्रोतः प्रदेश योजना आयोग-वस्तुस्थिति विवरण

नेपालमा आलु आयातको विवरण:

नेपालमा आलु आयातको विवरण				
देश	**परिमाण मे.ट.मा**	**मूल्य रु अर्बमा**	**प्रतिशत हिस्सा**	**प्रति केजी मूल्य रु. मा**
भारत	३६०,२९७	५.९५	९६.३४	१६.५०
बङ्गलादेश	१७,४७९	०.२३	३.६६	१२.९४
अन्य	१	०.००	०.००	२४.१४

स्रोतः व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

यस प्रदेश लगायत सातै प्रदेशमा आलुको उत्पादकत्व राम्रो रहेकोले समयमा कृषकहरुले हावापानी एवं माटो सुहाउँदो उन्नत जाको आलुको बीउ छनौट गर्न सकेमा, खेती प्रविधिहरु खास गरी रोप्ने तरिका, मलको मात्रा र प्रयोग गर्ने तरिका, सिंचाई, रोग तथा कीरा व्यवस्थापन, आलुको भण्डारणका लागि शीतगृहको निर्माण भएमा यस प्रदेश एवं सिङ्गो नेपाल आलुमा आत्मनिर्भर भई आयात प्रतिस्थापन हुने देखिन्छ।

५. केरा

पहाड तथा तराई दुबै भागमा खेती गर्न सकिने यो फलफुल काँचो तथा पाकेको दुबै अवस्थामा खान योग्य भए तापनि वढी मात्रामा पाकेको केरा नै प्रयोगमा ल्याइन्छ। फाइबर युक्त यस फलफुलमा भिटामिन ए, बी, सी, B6 र चिल्लो एवम् खनिज पदार्थ प्रचुर मात्रामा पाईन्छ। यस प्रदेशका सबै जिल्लामा केराको उत्पादन हुने गरेतापनि तराईका जिल्लाहरु रुपन्देही, दाङ्ग, बाँके बर्दियामा बढी उत्पादन भएको पाईन्छ। यस प्रदेश अन्तर्गतको जिल्लागत रुपमा केराको उत्पादकत्व हेर्दा सबैभन्दा बढी रुपन्देही, कपिलवस्तु, पाल्पा, प्यूठान, गुल्मी जिल्लाहरु नै अगाडि देखिन्छ। यसको उत्पादन बृद्धिको लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रम अनुसार ब्लकमा बर्दिया जिल्ला रहेको छ।

जिल्लागत रुपमा फलफूल उत्पादनको स्थिति

जिल्ला	**केरा**	
	उत्पादन (मे.टन)	**उत्पादकत्व (मे.टन/हेक्टर)**
नवलपरासी (पश्चिम)	४४१०	१२.६०
रुपन्देही	१५७५०	२५.००
कपिलवस्तु	२६४०	१६.५०
पाल्पा	८४९	१५.४४

जिल्ला	केरा	
	उत्पादन (मे.टन)	उत्पादकत्व (मे.टन/हेक्टर)
अर्घाखाची	१४३९.१	११.७०
गुल्मी	६३०	१४.००
रुकुम पूर्व	१०९.७	१२.२६
रोल्पा	३३५.५	१३.४२
प्यूठान	२६६०	१४.३८
दाङ्ग	१७९८	८.९९
बाँके	७५३.५	१२.३५
बर्दिया	४६००	७.६७
लुम्बिनी	**३५९७४.८**	**१४.५**

स्रोतः फलफूल विकास निर्देशनालय,

यस जिल्लाका धेरै स्थानहरुको हावापानी केरा खेतीको लागि उपयुक्त भएकोले यसको उत्पादन विकासको सम्भाब्यता प्रवल रहेको छ । यसको ब्यवसायिक खेती विकासको लागि आवश्यक पर्ने आधुनिक खेती प्रणाली सम्वन्धी तालिम, उन्नत कृषि प्रविधि, बजार ब्यवस्था र यातायात जस्ता आधारभूत ब्यवस्था गर्न सकेमा यस केरा तथा केराका खाद्य परिकारहरु र यसका रेशाबाट निर्मित हस्तकलाका वस्तुलाई निकासीयोग्य वस्तुको रुपमा विकास गर्न सकिने सम्भावना छ ।

(६) माछा

यस प्रदेश अन्तरगतका जिल्लाहरु मध्ये रुकुम पूर्व बाहेक अन्य सबै ११ वटा जिल्लामा माछा पालन हुने गरेको पाईन्छ भने रुपन्देहीको छपियाँमा व्यवसायीक रुपमा माछा पालन गरेको पाईन्छ । त्यसपछि कपिलबस्तु, दाङ्ग, बाँके, बर्दिया र नवलपरासीमा माछा पालन बढी हुने गरेको पाईन्छ । माछा पालनको उत्पादकत्व समेत यी तराईका ६ जिल्लाहरुमा नै बढी रहेको देखिन्छ । मत्स्य विकास निर्देशानलयको वार्षिक प्रतिवेदन अनुसार यस प्रदेशमा रुकुम पूर्व बाहेक सबै जिल्लाहरुमा माछा पोखरीहरु रहेका छन् । यस प्रदेशमा माछा उत्पादन निम्नानुसार रहेको छः

माछा उत्पादन सम्बन्धी तथ्याङ्क

जिल्ला	पोखरी संख्या	जलाशय क्षेत्रफल (हे.)	उत्पादन	उत्पादकत्व (के.जी. प्रति हेक्टर)
नवलपरासी (पश्चिम)	६५९	१८५.९६	८९७.२	४८२५
रुपन्देही	४०६०	८६१.९	४२३२.१	४९०९
कपिलवस्तु	१००५	४४२.५५	२१२९.१	४८११
पाल्पा	१०८	१२.५१	२७.३	२१७९
अर्घाखाची	६३	६.४४	१३.१	२०२८
गुल्मी	१२९	१०.७२	२४.६	२२९३
रुकुम पूर्व	०	०	०	०
रोल्पा	८४	४.२	८.०	१९०५
प्यूठान	११५	१०.०	२३.५	२३५०
दाङ्ग	१२८१	२४२.०	११३४.७	४६८९
बाँके	१३५४	२५५.३५	११३४.५	४४४३
बर्दिया	१९५१	४०५.०८	१९२७.०	४७५७
जम्मा	**१०८०९**	**२४३६.७१**	**११५५०.०**	**४७४०**

समग्रमा यस प्रदेशमा १०८०९ वटा माछाका पोखरीहरु रहेका छन् जुन पोखरीहरुले करीब २४३७ हेक्टर जलाशय क्षेत्रफल ओगटेका छन् । जसमध्ये रुपन्देहीको उत्पादन बढी रहेको छ । यस प्रदेशमा माछाको उत्पादन बृद्धिको लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रम अनुसार जोनमा रुपन्देही र ब्लकमा बर्दिया जिल्ला छनौट भएको देखिन्छ ।

समग्रमा प्रदेशहरुको माछापालन स्थितिलाई नियाल्दा प्रदेश नं. २ पछि सबैभन्दा बढी माछा पोखरी भएको प्रदेशमा यो प्रदेश रहेको देखिन्छ । तर प्रति हेक्टर माछा उत्पादनको हिसावले यो प्रदेशको उत्पादकत्व ४.७४ मे.टन प्रति हेक्टर रहेको छ जुन राष्ट्रिय उत्पादकत्व (४.९ मे.टन. प्रति हेक्टर) भन्दा कम रहेको छ । तुलनात्मक रुपमा उत्पादकत्वको हिसावले ७ वटा प्रदेशमा यस प्रदेश चौथो स्थानमा रहको देखिन्छ । नेपालमा भारतीय माछाहरु समेत आयात भएको देखिन्छ ।

यस प्रदेशमा माछाको उत्पादन बृद्धिको लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रम रुपन्देही र बर्दिया जिल्ला तथा प्रदेश सरकारको नीति तथा कार्यक्रममा पहाडी जिल्लाहरुमा ट्राउट र असला माछा उत्पादन विकासमा जोड दिने उल्लेख भएवमोजिम कार्यान्वयन भएको खण्डमा यस प्रदेशले निकट भविष्यमा माछामा आत्मनिर्भर रही अन्तरप्रदेश एवं अन्तरदेशीय व्यापार अभिबृद्धि गर्न टेवा पुर्‍याउने सम्भावना देखिन्छ ।

(७) सिमेन्ट

यस प्रदेशहका तराई र पहाडका जिल्लाहरुमा विभिन्न किसिमका खानी तथा खनिजजन्य पदार्थहरु रहेका छन् । यस प्रदेशमा चुनढुङ्गा, कोइला, फलाम, सुन, तामा, स्लेट, जिङ्क, रोडाढुङ्गाको सम्भावना प्रचुरमात्रामा रहेको छ । सिमेण्ट उद्योगलाई आवश्यक पर्ने चुनढुङ्गा पाल्पा, अर्घाखाँची, रोल्पा, प्यूठान र दाङ्ग जिल्लामा बढी रहेको पाईन्छ । यी जिल्लाका ७० व्यक्ति तथा संस्थाहरुले चुनढुङ्गा खोजतलासको लागि लाईसेन्स लिएका छन् भने २० व्यक्ति तथा संस्थाहरुलाई चुनढुङ्गाको उत्खनन् कार्यको लागि लाईसेन्स जारी भएको छ । यस प्रदेशमा २१ सिमेण्ट उद्योगहरु सञ्चालनमा रहेका छन् जसमा ६ वटा सिमेण्ट उद्योगहरुले कच्चा पदार्थ आफै उत्खखन गरी सिमेण्ट उत्पादन गरिरहेको छ ।

नेपालमा सरकारी लगानीमा सन् १९७५ मा हिमाल सिमेन्ट कारखाना स्थापाना भएको छ । हाल सरकारी र निजी क्षेत्रको गरी १३३ वटा सिमेन्ट उद्योग दर्ता रहेका छन् । उद्योग विभागका अनुसार ६५ वटा सिमेन्ट उद्योग सञ्चालनमा छन् भने अन्य ८ वटा निर्माणाधीन अवस्थामा रहेको छ । यी उद्योगहरुमा हालसम्म २ अर्ब रुपैयाँ बराबरको लगानी भैसकेको पाईन्छ ।

यस प्रदेशमा सिमेन्टको लागि आवश्यक कच्चा पदार्थको खानी रहेकोले खानी खोजतलास एवं उत्खननको आवश्यकता देखिन्छ । प्रदेशमा लाईसेन्स प्राप्त व्यक्ति तथा संस्थाहरुले कच्चा पदार्थको उत्खनन् भएका यस प्रदेश आत्मनिर्भर रही सिमेन्टको अन्तरप्रदेश व्यापारको सम्भावना बढी रहेको देखिन्छ ।

लुम्बिनी प्रदेश मा निर्यात भैरहेका र निकासी सम्भावना भएका वस्तु तथा सेवाहरु को विश्लेषण

यस प्रदेशमा उत्पादन भएका उपर्युक्त वस्तु तथा सेवाहरुको विवरणहरु, वाणिज्य नीति, २०७२, नेपाल व्यापार एकीकृत रणनीति-२०१६, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रम, लुम्बिनी प्रदेश का सरकारी एवं निजी क्षेत्रसंगको अन्तरकृया, अन्तर्राष्ट्रिय बजारको माग एवं नेपालबाट निकासी भैरहेका वस्तुहरु समेतलाई दृष्टिगत गर्दा रोजिन र रेजिन एसिड, सारयुक्त तेल, कत्था, पि.पि.ओभन फेब्रिक, चाउचाउ, धागो, अदुवा, कफी, मुसुरो, मकैको बीऊ, तरकारीको बीऊ, जडिबुटी, पिना र धुटो, रोडा, ढुङ्गा, बालुवा, गिट्टी (हाल निकासी बन्द गरिएको), पर्यटन, शिक्षा (मेडिकल) र स्वस्थ्य (आँखा) वस्तु तथा सेवाहरुलाई यस प्रदेशबाट निर्यात भैरहेका एवं निकासी सम्भावना भएका वस्तु तथा सेवाहरु छनौट गरिएको छ :

उपरोक्त छनौट गरिएका वस्तु र सेवाहरु मध्ये वस्तुहरु तर्फ रोजिन र रेजिन एसिड, धागो, अदुवा, कफी तथा सेवा तर्फ पर्यटन (लुम्बिनी) को विश्लेषण गरिएको छ :

१. रेजिन एण्ड रोजिन एसिड

H.S. Code: 380610

रोजिन एण्ड रोजिन एसिड स्वदेशमा पाईने कच्चा पदार्थलाई पूर्ण रुपमा प्रशोधनबाट तयार हुने वनजन्य वस्तु
हो । यो वस्तु तयारका लागि आवश्यक कच्चा पदार्थ पहाडी जिल्लाहरुका वनहरुबाट सहज रुपमा संकलन गरिने सल्लाको खोटो हो । पहाडका जङ्गलहरुमा त्यतिकै खेर जाने सल्लाको खोटो प्रशोधन गरेर तारपिन तेल तथा रोजिन र रेजिन एसिड उत्पादन गरी निर्यात गरेको पाईन्छ । तारपिन तेल ९०% उत्पादन नेपालकै रङ्ग उद्योगहरुमा प्रयोग हुने गर्दछ भने रोजिन र रेजिन एसिड फेसियल, कस्मेटिक, मसी, औषधी आदि उद्योगहरुले कच्चा पदार्थको रुपमा प्रयोग गर्ने गरेको पाईन्छ । यस प्रकारका उद्योगहरुबाट बाइप्रोडक्टका रुपमा फिनेल बनाउने तरल पदार्थ पनि उत्पादन हुन थालेको पाईन्छ ।

सरकारी र निजी क्षेत्रसंगको अन्तरक्रिया कार्यक्रमको अवसरमा यस प्रदेश अन्तर्गतको रुपन्देही तिलोत्तमा १६ स्थित माउण्ट एभरेष्ट कत्था मिलका सञ्चालकले खयरका काठ प्रशोधन गरेर कत्था तथा सल्लाको खोटो प्रशोधन गरेर तारपिन एवं रोजिन र रेजिन एसिड उत्पादन गरी भारत निर्यात गर्दै आएको बताएका छन् । उक्त उद्योगको सञ्चालकको भनाई अनुसार भारतसंग नेपालको व्यापार घाटा कम गर्न सहयोग पुर्‍याउने उद्योगको रुपमा यस उद्योग रहेको बताउँछन् । उक्त उद्योगले वर्सेनी ५० करोडभन्दा बढी भारतीय रुपैयाँ नेपाल भित्र्याईरहेको दावी गर्दछन् । यस उद्योगले एक वर्षमा २५ सय टन खोटो खरीद गर्ने गरेको छ ।

उद्योगले विशेष गरी दुर्गम पहाडी जिल्लाका सामुदायिक वन र निजी वनबाट खोटो र खयर संकलन गर्दै आएको छ । खोटो र खयर संकलन गर्न ७ सय जना र उद्योगका ३ प्लाण्टमा ३ सयजना गरी १ हजार मानिसले प्रत्यक्ष रोजगारी पाएको उद्योग सञ्चालक बताउँछन् । उक्त उद्योगले सल्लाको खोटो र खयरका काठ संकलन बापत सामुदायिक वनहरुलाई प्रति केजी १२ रुपैंयाँका दरले रोयल्टी बुझाउँदै आएको बताउँछन् ।

(२) पोलिष्टर यार्न

H.S. Code: 550922

पोलिष्टर यार्न विश्व कपडा उद्योगमा बढी प्रयोग गरिएको व्यावसायीक फाईबर मध्ये एक हो । यो बलियो सिन्थेटिक फाइबर हो । यो यार्न कपडा बुनाई तथा सिलाईका लागि प्रयोग हुने गरेको पाईन्छ । यस यार्नले विश्व अन्य यार्नसंग मुल्य एवं गुणस्तरमा प्रतिस्पर्धा गर्न सक्ने क्षमता रहेको देखिन्छ । नेपालमा हाल ३ वटा धागो मिलहरु सञ्चालनमा रहेका छन् जसमध्ये यस प्रदेशस्थित रुपन्देही भैरहवामा जगदम्बा स्पिनिङ मिल रहेको छ भने अन्य प्रदेश १ अन्तर्गत रिलायन्स स्पिनिङ मिल, खनार सुनसरी र प्रदेश २ अन्तर्गत त्रिवेणी स्पिनिङ मिल प्रा.लि, बारामा रहेको छ । नेपालको यी र्यान उद्योगहरुमा रु १५ अर्व लगानी भएको र १० हजार जति मानिसहरुलाई रोजगारी उपलब्ध गराएको देखिन्छ। यी उद्योगहरुले यार्न उत्पादनको लागि कच्चा पदार्थ बाहिरी मुलुकहरुबाट ल्याउने गरेको देखिन्छ भने यी उद्योगहबाट यार्न उत्पादन प्रकृयामा ४० देखि ५० प्रतिशतसम्म मूल्ययोग हुने गरेको छ । साथै यी उद्योगहरुबाट वार्षिक रुपमा ४० हजार मे.टन उत्पादन भैरहेको पाईन्छ। यी उद्योगहरुले स्वीकृत क्षमताको आधाभन्दा कम उत्पादन गर्दै आएकोले हाल सञ्चालनमा रहेका उद्योगहरुको क्षमता बृद्धि भएमा २ गुणा उत्पादन बढाउन सक्ने सम्भावना रहेको छ ।

उपर्युक्त तथ्याङ्कलाई हेर्दा नेपालको पोलिष्टर यार्न निकासीमा टर्की र भारतमा मात्र बजार नभई सार्क राष्ट्रका अन्य मुलुक बंगलादेश र पाकिस्तानमा समेत यसको बजार रहेको देखिन्छ । नेपालले निकासी गर्ने प्रति इकाई मुल्यभन्दा बढी २८७० अमेरिकी डलरमा बंगलादेशले आयात गरिरहेको, हरेक वर्ष मूल्य तथा परिमाणमा समेत आयातित माग बढ्दै गएको परिप्रेक्ष्यमा र फुलबारी बंगलाबन्ध पारवहन मार्ग प्रयोग गर्ने वातावरण सृजना भएमा बंगलादेश नेपालको लागि यस वस्तुको मुख्य बजार हुने सम्भावना देखिन्छ ।

बंगलादेशमा यस वस्तु निर्यात गर्दा नेपालले चीन, भारत, मेलेसिया, इन्डोनेसिया, यु.एस.ए र दक्षिण कोरियासंग प्रतिस्पर्धी गर्नु पर्ने देखिन्छ। साथै टर्कीमा निकासी गर्दा भारत, इन्डोनेसिया, बंगलादेश, श्रीलंका,

इजिप्ट र चीनसंग प्रतिस्पर्धा गर्नुपर्दछ भने भारतमा यस वस्तु निकासी गर्दा चीन, दक्षिण कोरिया, जापान र इन्डोनेसियासंग प्रतिस्पर्धा गर्नुपर्ने देखिन्छ ।

३. कफी

यस प्रदेशको गुल्मी जिल्ला कफी खेतीको लागि राष्ट्रिय प्रख्यात जिल्ला हो । त्यस अतिरिक्त यस प्रदेशका अर्घाखाँची, पाल्पा र प्यूठानमा कफी उत्पादन हुने गरेको छ । ती जिल्लाहरुमा कफीको क्षेत्रफल, उत्पादन, उत्पादकत्व र संलग्न किसानहरुको संख्या बढ्दै गएको छ । आन्तरीक खपतदेखि निर्यात गर्न सकिने कफीको उत्पादनलाई यी जिल्लाहरुमा थप विस्तार गर्न सकिन्छ ॥ कफीको उत्पादकत्व दक्षिण एशियाका अन्य देशहरु जस्तै भारतमा ८७७ के.जी प्रति हेक्टर र श्रीलंकामा ६५९ केजी प्रति हेक्टरको तुलनामा यस प्रदेशको कफी उत्वादकत्व ज्यादै कम रहेको देखिन्छ ।

यस प्रदेशमा उत्पादन भएको कफी विशेष गरी जापानमा निर्यात हुँदै आएको छ । यस प्रदेशमा उत्पादित कफीले जापानको माग समेत पूर्ति गर्न सकेको देखिदैन । कफीको अन्तर्राष्ट्रिय बजारमा मात्र नभई स्वदेशमा स्वदेशमा समेत माग बढ्दै गएको छ । नेपालमा आन्तरिक मागको करिब आठ प्रतिशत मात्रै कफी उत्पादन हुँदै आएको छ । नेपालको कफी संसारमै सबैभन्दा उत्कृष्ठ स्वाद मानिएकाले जापान, अस्ट्रेलिया, अमेरिका, कोरिया, जर्मनी, युके, क्यानाडालगायत मुलुकमा निर्यात हुने गरेको पाईन्छ ।

नेपालबाट निर्यात हुने कफी मुख्यतया जर्मनी, जापान, अमेरिका स्वीट्जरल्याण्डस्, ताईपेयी, चीन र ईटली रहेका छन् । यसै गरी कफीको प्रति टन बढी मूल्य भएका देशहरुमा इटली, ताईपेयी, चीन, नेदरल्याण्ड्स रहेका छन् । यी मुलुकहरुमा कफी निर्यातको परिमाण न्युन देखिएको छ । यी मुलुकहरुमा कफी निर्यात विविधिकरण गर्दा नेपाललाई थप लाभ हुने देखिन्छ । मुलुकमा अझ गुणस्तरीय कफी उत्पादन गर्न सकेमा थप मूल्यमा निकासी भई यस वस्तुले मुलुकको व्यापार घाटा कम गर्न सहयोग पुर्‍याउनेछ ।

४. अदुवा

H.S.Code:091011

अदुवा नगदे एवं मसलाबालीको रुपमा दैनिक प्रयोग गरिने वस्तु हो । यो वस्तु मध्यपहाडी क्षेत्रमा व्यवसायीक रुपमा सजिलैसंग खेती गर्न सकिने, रोग र किराको आक्रमण त्यति नहुने तथा आक्रमण भइहाले पनि नियन्त्रण गर्न सकिने वालीको रुपमा लिने गरेको पाईन्छ। यस वस्तुलाई कृषकहरुले आफुलाई खानभन्दा पनि बिशेषगरी बिक्री बितरण गरी तुरुन्त आय आर्जनको लागि खेती गर्ने गरेको पाईन्छ। अदुवामा मानिसलाई चाहिने प्राय सम्पूर्ण छ वटै तत्वहरु (कार्वोहाईड्रेड, प्रोटिन, चिल्लो पदार्थ, भिटामिन, खनिज पदार्थ, पानी) पाईनुका साथै रेसा तथा अन्य औषधीयुक्त तत्वहरु समेत प्रशस्त मात्रामा पाईन्छन् ।

उक्त अवधिमा नेपालबाट निकासी भएका प्रमुख वस्तुहरुमा पामतेल, पोलिष्टर तथा अन्य धागो, ऊनी गलैंचा, फलाम तथा फलामका उत्पादनहरु, भटमासको तेल, अलैंची, जुट तथा जुटका सामानहरु, तयारी पोशाक, जुस, ऊनी फेल्टका उत्पादन, चिया, कुकुर विरालाका आहारा, पश्मिना शल, कपडा, चाऊचाऊ, रोजिन एण्ड रेजिन एसिड, जडीबुटी, नेपाली हातेकागज, अदुवा र जुत्ताचप्पल प्रमुख रुपमा रहेका छन्।

समीक्षा अवधिमा पामतेलको निर्यातमा ५०.१ प्रतिशतले ह्रास आई रु २० अर्ब ५१ करोडमा झरेको छ। समीक्षा अवधिमा भटमासको तेलको निर्यातमा ८२.४ प्रतिशतले ह्रास आई रु. ८ अर्ब ४८ करोडमा सीमित भएको छ। समीक्षा अवधिमा पोलिष्टर यार्नको निर्यातमा ८.१२ प्रतिशतले वृद्धि भई रु. ११ अर्ब ९२ करोड पुगेको छ। ऊनी गलैंचाको निर्यातमा समीक्षा अवधिमा २०.३ प्रतिशतले वृद्धि भई रु. ११ अर्ब ५१ करोड पुगेको छ।, फलाम तथा तिनका उत्पादनको निर्यातमा १७९.१ प्रतिशतले वृद्धि भई रु १० अर्ब ८२ करोड पुग्न गएको छ। तयारी पोशाकको निर्यातमा समीक्षा अवधिमा १५.९ प्रतिशतले वृद्धि भई रु. ७ अर्ब ५२ करोड पुगेको छ। जुट तथा जुटका उत्पादनको निर्यातमा समीक्षा अवधिमा ४.१ प्रतिशतले ह्रास आई रु. ७ अर्ब ६४ करोडमा सीमित भएको छ। यसै गरी अर्को प्रमुख निर्यातजन्य वस्तु ऊनी फेल्टको निकासीमा समीक्षा अवधिमा ५.८ प्रतिशतले वृद्धि भई रु ५ अर्ब २३ करोड पुगेको छ। समीक्षा अवधिमा जुसको निकासीमा ९.२ प्रतिशतले वृद्धि भई रु. ६ अर्ब ६३ करोड पुगेको छ।

कृषिजन्य वस्तुको निर्यातमा अग्रणी स्थान हासिल गरिरहेको उत्पादन अलैंचीको निर्यातमा समीक्षा ७१.९ प्रतिशतले वृद्धि भई रु ८ अर्ब २८ करोड पुगेको छ। यसै गरी कृषिजन्य वस्तुको निर्यातमा अग्रणी स्थान हासिल गरिरहेको अर्को उत्पादन चियाको निर्यातमा पनि समीक्षा अवधिमा १४.६ प्रतिशतले वृद्धि भई रु ३ अर्ब ९४ करोड पुगेको छ।

समीक्षा अवधिमा पामको तेल, भटमासको तेल तथा सुर्यमुखीतेल मा ६४ अर्ब २७ करोड बराबरको निकासी मूल्यमा ह्रास आएको हुँदा कुल निर्यातमा ह्रासको अवस्था देखिएको हो।

आर्थिक वर्ष २०७९/८० मा प्रशोधित खाद्य तेल (भटमासको तेल, पामतेल, सुर्यमुखीतेल) को निर्यात नेपालको कुल निर्यातमा १९.७३ प्रतिशतको हिस्सा ओगट्दै प्रमुख निर्यातजन्य वस्तुका रुपमा कायमै रहेको छ। यस अवधिमा यी वस्तुहरुको कुल निर्यात रु २९ अर्ब ४३ करोड रहेको छ। प्रशोधित खाद्य तेलको निर्यात मध्ये पामतेल,

भटमासको तेल तथा सूर्यमुखीतेलको निर्यातको हिस्सा नेपालको कुल निर्यातमा क्रमशः: १३.१ प्रतिशत, ५.४ र ०.३ प्रतिशत रहेको छ ।

आर्थिक वर्ष *२०७९/८० मा प्लाइउडको निर्यातमा समीक्षा अवधिमा ५०९ प्रतिशतले वृद्धि भएको छ । प्लाइउडको प्रमुख निर्यात गन्तव्य मुलुकमा भारत रहेको छ ।*

नेपालको निकासी व्यापारमा प्रमुख स्थान आगट्ने भारततर्फको निर्यातमा समीक्षा अवधिमा ३१.३ प्रतिशतले ह्रास आई रु १०६ अर्ब ७० करोडमा झरेको छ। भारततर्फको निकासीमा ह्रास आउनुमा भारततर्फ हुने पाम, भटमास तथा सूर्यमुखी तेलमा रु.६४ अर्ब २७ करोड बराबरको ह्रास आउनु नै प्रमुख कारणका रुपमा रहेको छ ।

भारत बाहेकका अन्य मुलुकहरुको तर्फको निर्यातमा भने १२.६ प्रतिशतले वृद्धि देखिएको छ ।

नेपालको कुल निकासीमा अघिल्लो आर्थिक वर्षको सोही अवधिमा भारततर्फको हिस्सा ७७.६० प्रतिशत रहेकोमा चालु आर्थिक वर्षको सोही अवधिमा सो हिस्सा ६७.८९ प्रतिशतमा झरेको छ । नेपालको निर्यात व्यापारमा महत्वपूर्ण रहेका अन्य मुलुकहरुमा संयुक्त राज्य अमेरिका, जर्मनी, युके, टर्की, फ्रान्स, क्यानडा, चीन, अष्ट्रेलिया, जापान, इटाली, नेदरलेण्ड्स, युएइ र डेनमार्क, प्रमुख रुपमा रहेका छन् ।

पैठारीतर्फ आ.व. २०७९/८० मा अघिल्लो आर्थिक वर्षको तुलनामा पेट्रोलियम पदार्थको आयातमा ७.३ प्रतिशतले ह्रास आई रु. ३०९.७० अर्ब पुगेको छ । समीक्षा अवधिमा फलाम तथा स्टील र तिनका उत्पादनहरुको आयातमा ९.७७ प्रतिशतले ह्रास आई रु. १६७.२९ अर्ब, मशिनरी तथा पार्ट्समा ३०.१ प्रतिशतले ह्रास आई रु. १००.९८ अर्बमा झरेको छ। सूनको आयातमा २.८ प्रतिशतले वृद्धि भई रु ४३.९० अर्ब पुगेको छ। इलेक्ट्रिक र इलेक्ट्रोनिक सामाग्रीहरुमा ५.४ प्रतिशतले ह्रास आई रु. ६५.१७ अर्बमा सीमित रहेको छ । यातायातका साधन र तिनका पार्टपुर्जाको आयातमा ४७.७ प्रतिशतले ह्रास आई रु. ५१.९७ अर्बमा झरेको छ। कच्चा भटमास तेलको आयातमा ३६.७ प्रतिशतले ह्रास आई रु. ३५.५८ अर्बमा झरेको छ । अन्नको आयातमा २३.८ प्रतिशतले ह्रास आई ५६.६३ अर्बमा झरेको छ। समीक्षा अवधिमा औषधीको आयातमा ३७.९ प्रतिशतले ह्रास आई रु. ४४.६४ अर्बमा खुम्चिएको छ । दुरसञ्चारका सामाग्रीको आयातमा ३२.३ प्रतिशतले ह्रास आई रु ३६.३१ अर्बमा झरेको छ । यसैगरी रासायनिक मलको आयातमा ९०.४ प्रतिशतले वृद्धि भई रु ४०.७० अर्ब पुगेको छ । पाम तेलको आयातमा ३४.१ प्रतिशतले ह्रास आई २५.९१ अर्बमा सीमित भएको छ। नेपालको पैठारी व्यापारमा प्रमुख मुलुकहरुमा भारत, चीन, इण्डोनेशिया, युएई, अर्जेन्टिना, मलेशिया, संयुक्त राज्य अमेरिका, अष्ट्रेलिया, युक्रेन,, कतार, थाइलेण्ड, ओमान, बेल्जियम र साउदी अरेबिया प्रमुख रुपमा रहेका छन् ।

चालु आर्थिक वर्ष २०७९/८० मा अघिल्लो आर्थिक वर्षको तुलनामा समग्र पैठारीमा ह्रास आउँदा व्यापारघाटामा सुधार भएको छ। यस अवधिमा व्यापारघाटामा १५.५ प्रतिशतले ह्रास आई कुल व्यापारघाटा रु. १४५४.५९ अर्बमा झरेको छ ।

आर्थिक वर्ष	निर्यात रु. अर्बमा	आयात रु. अर्बमा	व्यापार घाटा रु. अर्बमा
२०६५/६६	६८।६०	२९१।००	२२२।४०
२०६६/६७	६०।९५	३७५।६१	३१४।६६
२०६७/६८	६४।५६	३९७।५४	३३२।९७
२०६८/७९	७४।०९	४९८।१६	४२४।०७
२०६९/७०	७७।३५	६०१।२१	५२३।८६
२०७०/७१	९१।३६	७२२।७८	६३१।४२
२०७१/७२	८६।६४	७८४।५८	६९७।९४
२०७२/७३	७१।१४	७८१।१५	७१०।०१
२०७३/७४	७३।१३	९८५।९५	९१२।८३
२०७४/७५	८१।३३	१,२४५।१९	१,१६३।८६
२०७६/७७	९७.७१	१,१९६.८०	१,०९९.०९

आर्थिक वर्ष	निर्यात रु. अर्बमा	आयात रु. अर्बमा	व्यापार घाटा रु. अर्बमा
२०७७/७८	१४१.१२	१,५३९.८४	१,३९८.७१
२०७८/७९	२००.०३	१,९२०.४५	१,७२०.४२
२०७९/८०	१५७.१४	१,६११.७३	१,४५४.५९

श्रोतः व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

यसै गरी नेपालमा आयात हुने प्रमुख वस्तुहरुमा पेट्रोलियम पदार्थ, फलाम तथा स्टील र तिनका उत्पादनहरु, मशिनरी तथा पार्ट्स, यातायातका साधन र तिनका पार्टपुर्जा, इलेक्ट्रिक र इलेक्ट्रोनिक सामाग्रीहरु, अन्न, हवाईजहाज तथा हवाईजहाजका पार्ट्स, तयारी पोशाक, सुन, चाँदी र हिरा, औषधी पोलिथिन ग्रेन्युल्स, रासायनिक मल, सिमेन्ट क्लिङ्कर, दुरसञ्चारका सामाग्रीहरु रहेको पाइन्छ। नेपालको पैठारी व्यापारमा भारत, चीन, युएई, फ्रान्स, इण्डोनेशिया, थाइलेण्ड, क्यानडा, मलेशिया, स्वीट्जरलेण्ड, संयुक्त राज्य अमेरिका, अर्जेन्टिना, भियतनाम, साउदी अरेबिया, युक्रेन प्रमुख रुपमा रहेका छन्।

नेपालको निर्यातमा झिनो आकारको वृद्धि तथा सानो आयातन एवम् आयातमा विद्यमान ठूलो आकार र भारी वृद्धिका कारण मुलुकको व्यापार घाटा बर्षेनी भारी दरले वृद्धि भई रहेको छ । तर यो व्यापारघाटाका पछाडि सकारात्मक पक्षहरु पनि अन्तरनीहित रहेका छन्। भौतिक संरचना निर्माणका सामाग्रीहरु जस्तै फलाम, स्टील तथा तिनका सामानहरु, सिमेन्ट, आलुमुनियम, तामा जस्ता वस्तुहरुको आयातमा भएको वृद्धिले मुलुकको विकासमा सकारात्मक योगदान दिएको देखिन्छ । यसै गरी मुलुकका लागि अति आवश्यक औद्योगिक कच्चापदार्थहरु जस्तै कच्चा पाम आयल, सिमेन्ट क्लिंकर, पोलिथिन ग्यानुअल, रबर, रसायन जस्ता वस्तुहरुको आयात उल्लेख्य रुपमा भएको छ। मलको आयातमा वृद्धि देखितापनि यस्तो आयातले कृषि उत्पादन वृद्धिमा ठूलो भूमिका खेलिरहेको देखिन्छ।

पेट्रोलियम पदार्थको आयातमा वृद्धि भए तापनि पेट्रोलियम पदार्थको अधिकाँश आयात औद्योगिक उत्पादन, मालवस्तु ढुवानी तथा सार्वजनिक यातायातमा खर्च भई रहेको सन्दर्भमा यी वस्तुहरुको आयातले पनि मुलुकको अर्थतन्त्रलाई सबल बनाउन महत्वपूर्ण योगदान दिएको पाइन्छ।

नेपालले विगतमा निर्यात गरिरहेका तर वर्तमानमा आयात गरिरहेको वस्तुहरु

विगत केही दशक यता नेपालको निर्यात व्यापारमा सँरचतनागत परिर्वतनहरु देखा परेका छन्। कृषिजन्य काष्ठजन्य वस्तुहरुको खुद निर्यातकर्ता मुलुक हाल आएर यी उत्पादनहरुको खुद आयाताकर्ता भएको छ। निर्यातकर्ता व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको तथ्याँक अनुसार नेपालमा विगतमा धान, चामल, जुट तथा जुटका सामानहरु, गहुँको पीठो उल्लेख्य मात्रा निकासी गरिहेको पाइए तापनि हाल आएर यी वस्तुको आयात भारी मात्रा हुने गरेको छ। उक्त वस्तुहरु मध्ये धान, चामल आदि भारतमा निकासी भई रहेका हुन्थे भने गहुँको पीठो चीनतर्फ निकासी हुने गर्थ्यो। हाल कच्चा जुट विदेशबाट आयात गरेर जुटका प्रशोधित उत्पादनहरु निकासी गरिहेको छौं।

कुनै समय भारतमा ठूलो परिमाणमा काठ निकासी भईरहे तापनि हाल आएर म्यानमार, इण्डोनेशिया जस्ता मुलुकहरुबाट काठहरु आयात भईरहेको छ । नेपालले विगतमा निकासी गरेका र हाल आयात गरिरहेका वस्तुहरुको उत्पादनलाई बृद्धि गर्ने सम्भावना रहि आएको परिप्रेक्षमा ती वस्तुहरुको उत्पादन अभिबृद्धि गरी पुनः निकासी तथा अन्तरप्रदेश व्यापार गर्न सकिन्छ।

नेपाल एकीकृत व्यापार रणनीति २०८० का विशेषता

आधार वर्ष आ.व. २०७८/७९ मा रहेको व्यापार र कुल गार्हस्थ्य उत्पादनको अनुपात ४८.१ प्रतिशतबाट २०८४/८५ मा ५५ प्रतिशत पुर्‍याउने तथा आधार वर्ष आ.व. २०७८/७९ मा रहेको वस्तु तथा सेवाको निर्यात र कुल गार्हस्थ्य उत्पादनको अनुपात ६.३ प्रतिशतबाट २०८४/८५ मा २० प्रतिशत पुर्‍याउने लक्ष्य सहितको नेपाल एकीकृत व्यापार रणनीति २०२३ प्रकाशित भएको छ।

वाणिज्य नीतिको साथै विश्व व्यापार संगठनमा प्रवेश गर्ने तयारीसँगै नेपालले सन् २००३ मा नेपाल व्यापार तथा प्रतिस्पर्धात्मक क्षमता अध्ययनको पछिल्लो प्रयास नेपाल व्यापार एकीकृत रणनीतिको तेश्रो सँस्करणका रुपमा नेपाल व्यापार रणनीति २०२३ सावर्जनिक भएको छ। विगतका दुई रणनीतिहरुले अपेक्षित लक्ष्यहरु प्राप्त गर्न प्रभावकारी नभएको विगतको अनुभव एवम् विगतका व्यापार एकीकृत रणनीतिले पहिचान गरेका वस्तु तथा सेवाको निर्यात वृद्धि दर कमजोर रहेको, नेपाल विकासशील राष्ट्रमा स्तरोन्नति हुने निर्णयसँगै सन् २०२६ पछि नेपालले अतिकम विकसित राष्ट्रको हैसियतले अन्तर्राष्ट्रिय व्यापारमा पाइरहेको सुविधा कटौतीको अवस्था, मुलुक संघीय शासन पद्धतिमा उपलब्ध आन्तरिक आपूर्ति तथा मूल्य श्रृंखला निर्माणमा नयाँ अवसर सिर्जना, गरिबी निवारण, समावेशी विकास एवम् लैंगिक सशक्तीकरण र सामाजिक समावेशीकरणको अवधारणा अनुरूप व्यापार रणनीतिको परिमार्जन गर्नुपर्ने परीस्थितिको पृष्ठभूमिमा नेपाल व्यापार एकीकृत रणनीति, २०८० को तर्जुमा गरिएको छ।

यस रणनीतिमा समेटिएका ११ वटा विषयहरुको मिहीन विश्लेषण गरिएको छ। अन्तर्राष्ट्रिय व्यापार विस्तार र विश व बजारसँग व्यापार एकीकरणको लागि समष्टिगत आर्थिक तथा विकास नीतिको दृष्टिकोण र सुधारको समीक्षा, संघीयता, विकासशील राष्ट्रमा स्तरोन्नति र आर्थिक कूटनीतिका विषयलाई व्यापारिक क्षमता अभिवृद्धि गर्न अवलम्बन गर्नुपर्ने उपायको खोजी, व्यापारमा प्रतिस्पर्धात्मक क्षमता निर्माण र व्यापारबाट हुने लाभको समन्यायिक वितरणको लागि श्रम, सामाजिक समावेशिता र विपन्नको लागि बजारसँग सम्बन्धित विषय र गर्नुपर्ने सुधार, व्यापारिक पूर्वाधार विकास र व्यापार सहजीकरणको विद्यमान अवस्था र गर्नुपर्ने सुधार, नेपालका व्यापार साझेदार मुलुकका खाद्य तथा बाली गुणस्तर सम्बन्धी मापदण्डको सन्दर्भमा नेपाली उत्पादनलाई ती बजारमा प्रवेश गर्न र प्रतिस्पर्धी हुन सहज बनाउन गर्नुपर्ने सुधार, औद्योगिक उत्पादनको गुणस्तर मापन गर्ने पूर्वाधारमा सुधार र गुणस्तर सम्बन्धी मापदण्ड परिपालना सुनिश्चित गर्न आवश्यक नीति तथा संस्थागत सुधारका विषय, वैदेशिक लगानी प्रवर्द्धनको लागि असल नियामकीय वातावरण, लगानी सहजीकरण, सुशासन र बौद्धिक सम्पत्तिको रक्षा सम्बन्धी सुधारका विषय, उत्पादन तथा व्यापारको लागत न्यूनीकरण गर्न र उत्पादित वस्तुको गुणस्तर तथा आपूर्तिमा नियमितताको लागि चौथो र पाँचौं पुस्ताका औद्योगिक प्रविधि-उद्योग ४.० र उद्योग ५.० को उपयोगको सम्भावना, गर्नुपर्ने तयारी र सुझाव जस्ता विषयहरु उपर यस रणनीतिमा व्यापक अध्ययन र विश्लेषण गरिएको छ।

यसैगरी अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्नसक्ने वस्तुको पहिचान तथा उदीयमान वस्तुको विकासका उपाय, अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्नसक्ने सेवाको पहिचान तथा सेवा क्षेत्रको विकासको लागि गर्नुपर्ने कार्य, रणनीति कार्यान्वयनको संयन्त्र तथा विधिका क्षेत्रमा समेत अध्ययन केन्द्रित गरिएको छ।

यस रणनीति कार्यान्वयन गर्न रु ४ खर्ब ६३ अर्ब २५ करोड ७ लाख २० हजारको लागत लाग्ने अनुमान यो रणनीतिको विशेष आकर्षक पक्ष रहेको छ।

विश्व माग सूचकलाई शून्य दशमलव ३५ अँक भार र निर्यात सम्पादन सूचकलाई शून्य दशमलव ६५ अँक भार दिई सो आधारमा वस्तु र सेवाको चयन गरिएको छ। यसरी ५० वटा उच्च अंक प्राप्त गर्ने वस्तुको पहिचान गरी सूचीमा पर्न गएका धातुको स्क्र्याप, पिना र खाद्य उद्योगको खेर गएका सामग्रीलाई हटाएर सम्भावना भएका विद्यमान वस्तु, उदीयमान वस्तु र पछि निर्यात बढ्न सक्ने वस्तुको अनुसार ६ अंकको एचएस

कोडका आधारमा वस्तुहरु चयन गरिएका छन् । विद्यमान वस्तुहरुलाई समेत कृषिजन्य, वनजन्य, ठूला उद्योगजन्य, साना उद्योगजन्य गरी चार वर्गमा वगीकृत गरिएको छ ।
कृषिजन्य वस्तुहरुमा अलैंची,, अदुवा, दलहन, जुट र चियालाई सुचीकृत गरिएको छ। यसैगरी वन्यजन्य क्षेत्रमा जडीबुटी तथा सुगन्धित वनस्पति, रोजिन र टर्पेन्टाइन, लोक्ताबाट बनेको हाते कागज रहेका छन् । यसैगरी ठूला उद्योगका निर्यातजन्य वस्तुहरुमा फलाम तथा स्टिल, धागो तथा कपडा र तयारी पोशाकलाई समेटिएको छ। साना तथा घरेलु उद्योगका उत्पादनहरुमा गलैंचा, गहना, पश्मिना, पास्ता, ऊनबाट बनेका फेल्ट लगायत सामानहरुलाई नेपाल व्यापार एकीकृत रणनीतिमा समावेश गरिएको छ ।

उदीयमान क्षेत्रमा सुगन्धित तेल, हिमालयन स्प्रिंग वाटर, तरकारी, फलफूल र तिनका प्रशोधित सामग्री, मसलाहरू, (दालचिनी, बेसार, लसुन, केसर, जीरा, मरिच र तेजपात), हस्तकला, लामा रेशाका कपडाहरू (अल्लो र हेम्पका रेशाहरू), कफी, पिपिसी सिमेन्ट, छुर्पी तथा महलाई समेटिएको छ ।
नयाँ तथा भविष्यमा सम्भावना हुन सक्ने वस्तुहरुमा हाइड्रोजन ऊर्जा, बहुमूल्य पत्थर, ढुंगा तथा ढुंगाजन्य उत्पादनहरु, सरोकारवालाहरुसँगको समन्वयमा आवश्यक नीतिगत तथा कानुनी परिमार्जन गरी हेम्प वा हेम्पजस्तै वनस्पति एवम सो बाट बनेका औषधीय गुण भएका वा सुगन्धित वस्तुहरुलाई समावेश गरिएको छ।
सेवा व्यापार निर्याततर्फ पर्यटन, सूचना प्रविधि र इन्टरनेटमा आधारित सेवा, जलविद्युत्, निर्माण सेवा तथा दक्ष तथा अर्धदक्ष श्रम सेवा (विप्रेषण आउने सेवा) ५ वटा क्षेत्रहरुको पहिचान यस नेपाल एकीकृत व्यापार रणनीति २०२३ उल्लेख गरिएका छन् ।

सेवा निर्यातको प्रवर्द्धनको लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा कुनै प्रबन्ध नभएको पृष्ठभूमिमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको मौजुदा दरबन्दीभित्रै रही विद्यमान संगठन संरचनामा सामान्य फेरबदल गरी बहुपक्षीय व्यापार तथा व्यापार सहायता महाशाखा अन्तर्गत नेपाल व्यापार एकीकृत रणनीतिको प्रभावकारी कार्यान्वयन, वस्तु तथा सेवा निर्यात प्रवर्द्धन तथा व्यापार सहजीकरणका लागि प्रशासन समूहको एकजना उपसचिव, दुईजना शाखा अधिकृत र एकजना तथ्यांक अधिकृतको दरबन्दी हुने बजार विद्वता तथा निर्यात प्रवर्द्धन (Market Inteligence and Export Pormotion) शाखा राख्न यस रणनीतिमा सिफारिस गरिएको देखिन्छ ।
नेपाल व्यापार एकीकृत रणनीतिको प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्यांकन, समन्वय तथा मार्गदर्शन गर्न नेपाल व्यापार एकीकृत रणनीति कार्यान्वयनको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने, स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट संशोधन गर्ने, नेपाल व्यापार एकीकृत रणनीति कार्यान्वयनको प्रगति समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने र मार्गदर्शन दिने तथा नेपाल सरकारले समय समयमा तोकेका अन्य कार्य गर्ने गरी उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रीको अध्यक्षतामा २१ सदस्यीय राष्ट्रिय निर्देशक समितिको पनि प्रस्ताव गरिएको छ । यसैगरी नेपाल व्यापार एकीकृत रणनीतिको कार्यान्वयन र समन्वय गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको बहुपक्षीय व्यापार तथा व्यापार सहायता महाशाखाका सहसचिव संयोजक रहने गरी प्राप्त बजेट सीमाको आधारमा वार्षिक कार्यक्रम तथा बजेट निर्माण गर्ने, वार्षिक कार्ययोजना तयार गर्ने र प्रत्येक कार्यान्वयन निकायलाई अख्तियारी दिनुपर्ने रकमको निर्णय गर्ने, रणनीति कार्यान्वयनको प्रगति अनुगमन गर्ने र त्रैमासिक तथा वार्षिक प्रगति विवरण तयार गर्ने, कार्यान्वयनको क्रममा देखिएका समस्याको बारेमा छलफल गर्ने, समाधान खोज्ने र कार्यान्वयन गर्ने निकायलाई सहयोग गर्ने, साझेदार निकायसँग समन्वय गर्ने तथा राष्ट्रिय निर्देशक समितिले तोकेका अन्य कार्य गर्ने गरी राष्ट्रिय कार्यक्रम कार्यान्वयन इकाई गठन गर्न प्रस्ताव गरिएको छ ।

नेपाल एकीकृत व्यापार रणनीति २०२३ लाई क्षेत्रगत अवधारणा (SWAp) अनुरूप कार्यान्वयन गर्ने ढाँचा अपनाउन सिफारिस गरिएको छ भने नेपाल व्यापार एकीकृत रणनीति कार्यान्वयन गर्न छुट्टै बजेट उपशीर्षकको व्यवस्था गर्न प्रस्ताव गरिएको छ । रणनीतिको आधारमा तयार गरिएको वार्षिक कार्यक्रमको लागि यसै उपशीर्षकमा बजेट प्रबन्ध गर्ने र बजेटको अख्तियारी राष्ट्रिय कार्यक्रम कार्यान्वयन इकाईलाई दिने व्यवस्था गर्न प्रस्ताव गरिएको छ। इकाईले सम्बन्धित कार्य कार्यान्वयनको लागि जिम्मेवार निकायलाई स्वीकृत कार्यक्रम अनुसार बजेटको अख्तियारी विधिलाई पनि रणनीतिमा प्रस्ताव गरिएको छ ।

यसै गरी बजेट तर्जुमा गर्दा रणनीति कार्यान्वयन बजेट सीमाको आधारमा राष्ट्रिय कार्यक्रम कार्यान्वयन इकाईले सम्बन्धित निकायलाई बजेट सीमा सहित कार्यक्रम प्रस्ताव गर्न अनुरोध गर्ने, सम्बन्धित निकायबाट प्राप्त प्रस्तावको आधारमा वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गरी राष्ट्रिय निर्देशक समितिबाट स्वीकृत गराई अर्थ मन्त्रालय तथा राष्ट्रिय योजना आयोगमा कार्यक्रम तथा बजेट प्रस्ताव गरिने विधिलाई यस रणनीतिमामा प्रस्ताव गरिएको छ ।

यो रणनीति कार्यान्वयन गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत रहेका स्वायत्त संस्था, निजी क्षेत्रका छाता संस्था तथा मातहतका निकायहरू, विषयगत मन्त्रालय तथा निकायहरू, विदेशस्थित नेपाली कूटनीतिक नियोगहरू, अवैतनिक वाणिज्यदूत र नेपालस्थित विदेशी कुटनीतिक नियोग र मुलुकका अवैतनिक वाणिज्यदूत, विकास साझेदारबीचको सहकार्य, सहयोग र समन्वयलाई प्रभावकारी आवश्यक रहेको पक्षलाई आत्मसात् गर्दै यसका लागि पनि रणनीतिमा कार्यान्वयन विधिको प्रस्ताव समेत गरिएको छ ।

प्रदेशको सामान्य परिचयः

१.२ प्रदेशको परिचय

नेपालको संविधानले नेपालको शासकीय स्वरुप र राज्य पुन:संरचनाको खाका कोरेको छ। सोही संविधानबमोजिम नेपाललाई सात प्रदेशमा विभाजन गरिएको छ। प्रदेश विभाजनको क्रममा ७५ जिल्लाबाट दुईवटा जिल्ला थप गरी ७७ पुऱ्याइएको छ। त्यसमध्ये छैठौं नम्बरमा रहेको यो प्रदेशलाई कर्णाली प्रदेश बनाइएको छ भने साविकको मध्यपश्चिमाञ्चल विकासक्षेत्रको सदरमुकामको रुपमा रहेको सुर्खेत जिल्लाको वीरेन्द्रनगरलाई यस प्रदेशको राजधानी बनाइएको छ।कर्णाली प्रदेश जुम्ला, हुम्ला, मुगु, डोल्पा, कालिकोट, पश्चिम रुकुम, सल्यान, जाजरकोट, दैलेख र सुर्खेत गरी १० जिल्लामा विभाजित छ। यस प्रदेशमा २५ नगरपालिका र ५४ गाउँपालिका रहेका छन्। यस प्रदेशको नाम नेपालको प्रख्यात कर्णाली नदी तथा साविकका मध्यपश्चिमाञ्चल विकासक्षेत्रका हिमाली क्षेत्रको भूगोलको प्रतिनिधित्व हुने गरी कर्णाली कायम गरिएको छ भने साविकको मध्यपश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकामको रुपमा रहेको वीरेन्द्रनगरलाई राजधानी तोकिएको छ। कर्णाली प्रदेशमा रहेका १० जिल्लाको नेपालको कूल भू-भागको १९.७ प्रतिशत ३०३१३ वर्ग किलोमिटर भू-भाग ओगटेको छ।

अहिलेको अवस्थामा कर्णालीको अर्थ अभाव, गरिबी, अशिक्षा, रुढी, परम्परा हो भन्ने बुझ्नु पर्छ। कर्णाली प्रदेशको पहिचान यही नै हो। प्रदेश स्वायत्त बन्न नसकेतापनि प्राप्त पहिचानलाई आधार मानेर संघीय वा प्रादेशिक सरकारले काम गर्न सक्यो भने मात्र प्रदेश र प्रदेशबासीको भलो हुने विश्वास गर्न सकिन्छ। यस प्रदेशमा खसहरू (बाहुन, क्षेत्री) को बाहुल्यता भए पनि मगर, गुरुङ्ग, दसनामी, कामी-दमाई, थारु, राजी, बोटे लगायतका जातजातिहरूको पनि बसोबास भएकाले खसान शब्दले सबैलाई समेट्दैनथ्यो होला जति कर्णालीले समेटेकोछ। यहाँ ६८८३ मिटर उचाईको कान्जिरोवा हिमसृङ्खला, ६५७३ मिटर उचाईको त्रिपुरा हिउँचुली, ६१३९ मिटर अग्लो शेस शिखर, ५९६० मिटर अग्लो कागमारा प्रथम जस्ता हिमसृङ्खलाहरू पर्छन्। त्यसैगरी नेपालको सबैभन्दा ठूलो तालको रुपमा प्राकृतिक राराताल रहेको छ। यसको लम्बाई ५.१ किलोमिटर र चौडाई २.७ किलोमिटर रहेको छ। यो समुद्र सतहबाट २९९० मिटरको उचाईमा छ र यस तालको गहिराई १६७ मिटर रहेको छ। नेपालमा सबैभन्दा गहिरो तालको रुपमा रहेको डोल्पा जिल्लाको शे-फोक्सुण्डो ताल यसै प्रदेशमा पर्छ। यसको उत्तर दक्षिण लम्बाई ४.८ किलोमिटर र पूर्व पश्चिम चौडाई १.६ किलोमिटर रहेको छ। यसको गहिराई ६५० मिटर अनुमान लगाइएको छ। एवंप्रकारले सल्यानको कुभिण्डे दह, रुकुमको बासीकोट गाउँपालिकाको स्यार्पु ताल, सानी भेरी, मौराखारा दह, पोखरा दह, साँख दह, चौरजहारी उपत्यका, मुगुकै ऋणमोचन दह, सुर्खेतको बराह ताल र जाजुरा दह, बुलबुले ताल रहेका छन्।

प्रदेश राजधानी सुर्खेतः

सुर्खेत जिल्ला २४५१ वर्ग किलोमिटरमा पूर्व– पश्चिम फैलिएको छ। सुर्खेत जिल्ला नेपालको संघीय राजधानी काठमाडौदेखि करिब ६०० किलोमिटर उत्तरपश्चिममा पर्छ। डोल्पा र रुकुम भएर बग्ने भेरी र जुम्ला र कालिकोट भएर बग्ने कर्णाली नदीले यसलाई अँगालोमा बाँधेको छ। कचौरा आकारको वीरेन्द्रनगर उपत्यका ८८ वर्ग किलोमिटरमा फैलिएको सानो उपत्यका हो। वीरेन्द्रनगर नगरपालिकाको क्षेत्रफल २४५.८५ वर्ग किलोमिटर रहेको छ। सुर्खेत जिल्ला समुद्र सतहबाट १९८ मिटरदेखि २३६७ मिटरको उचाईमा पर्छ भने वीरेन्द्रनगर उपत्यका समुद्र सतहबाट ६६५ मिटर उचाईमा रहेको छ। यहाँको साक्षरता दर ७९.६५ प्रतिशत छ। यहाँको अधिकतम तापक्रम ४२.८ ० से. (१४ जुन २०१२) र न्यूनतम ०.७ ० से. (९ जनवरी २०१३) र औषत बार्षिक अधिकतम तापक्रम २८.१ र औषत न्यूनतम तापक्रम १५.३ रहने हुनाले तराईबाट गर्मी छल्न आउनेहरूका लागि तथा हिमाल र पहाडबाट जाडो छल्न आउनेहरूका लागि पनि वीरेन्द्रनगर उपत्यका उपयुक्त छ। यहाँको जलवायु समशितोष्ण छ। कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर उपत्यका विगतमा ठूलै नगरको

रुपमा थियो भन्ने कुरा यहाँका पौराणिक र पुरातात्विक वस्तुहरूले झल्काए छन् । यसको प्रमाण मंगलगढी जलकुण्ड, काँकेविहार, लाटिकोइलीको शिव मन्दिर र जन मा.वि. वीरेन्द्रनगर पूर्वतर्फको पुरातात्विक क्षेत्र हुन् ।

जलवायुः

भौगोलिक अवस्था जस्तै जलवायुको दृष्टिले पनि कर्णाली प्रदेश जत्तिको जटिल छ उत्तिकै मनमोहक पनि छ । यहाँको जलवायु शीत र समशीतोष्ण रहेको छ । यस प्रदेशमा तराई नजोडिएको कारणले उष्ण जलवायु पाइँदैन । उत्तरी हिमाली भेगमा बाह्रै महिना चिसो र दक्षिणी पहाडी, उपत्यका तथा दूनहरूमा समशीतोष्ण जलवायु पाइन्छ । उत्तर-दक्षिण जोड्ने सडक यातायात र रोप-वेहरूको समुचित विकास भयो भने केही घण्टाभित्रै चिसोबाट गर्मी ठाउँमा र गर्मीबाट चिसो ठाउँमा पुग्न सकिने भएकाले यो प्रदेश तराईको प्रचण्ड तातो जलवायुमा रहने र अत्यन्त चिसो हिमाली भेगमा बस्नेहरूका लागि पनि उपयुक्त मानिन्छ ।

प्रशासनिक र पुरातात्विक दृष्टिले यस प्रदेशका जुम्ला, सुर्खेत, दैलेख, जिल्लाहरू महत्वपूर्ण मानिन्छन् । एघारौं शताब्दीतिर खस राज्यको राजधानी जुम्लाको सिंजा थियो । यो राज्य १३औं र १४औँ शताब्दीतिर विस्तार भएको भन्ने भनाई छ । यो राज्य पश्चिममा गडवाल, उत्तरमा तिब्बतको मानसरोवर र राकशलेक, पूर्वमा गोर्खा, नुवाकोट र दक्षिणमा कपिलवस्तुसम्म विस्तार भएको भनाई छ ।

प्रदेशमा ४० प्रादेशिक निर्वाचन क्षेत्र र १२ संघीय प्रतिनिधिसभा निर्वाचन क्षेत्र कायम गरिएकोछ । यहाँको मानव विकास सूचकाङ्क ०.४६९ मात्र रहेको छ । यो सूचकाङ्क न्यून हुनुका कारण परम्परागत कृषि र पशुपालन, उद्योग धन्दातर्फ ठूलो लगानीकर्ताको ध्यानाकर्षण हुन नसक्नु, उत्पादनका स्रोत तथा सामग्रीको पहुँचका लागि सडक र विद्युत पुग्न नसक्नु, चेतनाको स्तर उठ्न नसक्नु आदि धेरै कारणहरू रहेका छन् । सुशासन र समृद्धिलाई यसले पनि प्रभाव पार्छ ।

जलस्रोतको विकासः

यस प्रदेशको सबैभन्दा ठूलो नदी कर्णाली हो । यस नदीको प्रभाव क्षेत्र करिब ४९००० वर्ग किलोमिटर छ । यो नदीको लम्बाई ५०७ किलोमिटर छ । यससँग जोडिएका यसका सहायक नदीहरू हुम्ला कर्णाली, मुगु कर्णाली, तिला नदी हुन् । डोल्पाबाट बग्ने ठूली भेरी, रुकुमबाट बग्ने सानीभेरी, डोटीबाट पूर्व बगेर कर्णालीमा समाहित हुने सेती नदी लगायत महाभारत पाखोबाट करिब ४८०० वर्ग किलोमिटर लामो शारदा नदी, पातु, सेवार र सुसाउने आदि मिसिएर बग्छ जो बाँके र बर्दियाको उब्जाउ भूमि सिंचाईका लागि प्रयोग भएको छ । त्यसो त सुर्खेतबाट पश्चिमतर्फ बगेर कर्णाली नदीमा मिसिने भेरी नदीको करिब पचास प्रतिशत पानी बबई नदीमा मिसिएर बाँके-बर्दियाको सिंचाईमा प्रयोग हुने भए तापनि बाँकी पानी कर्णालीमा मिसिने हुनाले भेरीले पनि कर्णालीको सहायक नदी बन्ने सौभाग्य अझै पनि पाएको छ । अन्य प्रदेशहरूको तुलनामा यहाँ जलविद्युत बढी उत्पादन हुने सम्भावना रहेकाले यसलाई सेतो सुनको प्रदेश पनि भन्ने गरिन्छ । यहाँका जनताको आर्थिक पछौटेपन, स्थानीय लगानीकर्ताको अभाव, भौगोलिक कठिनाई जस्ता तमाम प्रतिकूल परिस्थिति र चुनौति भएर पनि सम्भावना पनि त्यत्तिकै आशालाग्दो रहेको छ, त्यसैले यहाँ करिब २०००० मेगावाट विद्युत उत्पादन हुन सक्ने सम्भावना रहेको छ । यस प्रदेशका बहुउपयोगी यी नदीनालामा कायाकि¨, क्यानोनि¨, ¥याफ्टि¨ र जेट बोटका लागि सानी भेरी, ठूली भेरी मिसिएर बनेको भेरी र तिला लगायत विभिन्न नदी मिसिएर बनेको कर्णाली नदी उपयोगमा ल्याउन सकिन्छ ।

पर्यटकीय क्षेत्रको विकासः

यो प्रदेश पर्यटकीय दृष्टिले ज्यादै महत्वपूर्ण डोल्पाको बाउलीगाठ झरना १६८ मिटर, सुलीगाडको झरना १६७ मिटर, छारीखोला झरना दैलेख ६१ मिटर, कर्णाली वन्यजन्तु आरक्षण ३६३ वर्ग किलोमिटर, रारा राष्ट्रिय निकुञ्ज रहेका छन् । त्यस्तै यहा“ प्रसिद्ध रारा ताल, हिमाली चितुवा र हिमाली भालु पाइन्छन् । शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज डोल्पा र मुगुको केही भाग समेटेर बनेको नेपालको सबैभन्दा ठूलो निकुञ्ज हो । यसको क्षेत्रफल ३५५५ वर्ग किलोमिटर (३५५५००) हेक्टर रहेको छ । सन् १९८० मा प्रस्तावित र १९८४ मा स्थापित यो निकुञ्जमा फोक्सुण्डो ताल पनि रहेको छ । यहा“ निलो भेडा, कस्तुरी, मृग, जंगली याक, तिब्बती ग्याजेल, नाउर आदि पाइन्छन् । जुम्लाको चन्दननाथ, हुम्लाको यलवा¨ गुम्वा, सुर्खेतको जाजुरा दह, बराहताल र विभिन्न मन्दिर, मस्जिद सल्यानको कुभिण्डे दह, दैलेखको शिरस्थानको ज्वाला, ट्रेकि¨का लागि कर्णाली अञ्चलका सबै जिल्ला महत्वपूर्ण मानिएका छन् ।

व्यापार व्यवसायका पूर्वाधारको विकास र उद्योग स्थापनाः

कर्णाली अञ्चलका हुम्ला, जुम्ला, कालिकोटबाट हाटबजारका लागि सिधैं भेडाच्याङ्ग्रा र घोडाबाट नेपालगञ्जबाट खाद्यान्न तथा अन्य नून लगायतका उपभोग्य सामग्री ढुवानी गर्ने गरिएकोमा सुर्खेत नेपालगञ्ज २०२० सालमा राजा महेन्द्रको भ्रमणको समयमा बनेको कच्ची सडकको २०३४ सालमा सुधार भएर मोटरबाटो बनेपछि हिमाली क्षेत्रका जिल्लाहरूलाई व्यापार व्यवसाय गर्न केही सजिलो भयो भने सुर्खेत पनि नेपालगञ्ज जस्तै व्यापारिक हब बन्न पुग्यो । अहिले यस प्रदेशका प्रायःजसो सदरमुकाम र घना बस्ती भएका भू-भागहरूमा बजार व्यवसाय विस्तार हुनुका साथै विभिन्न लघुउद्योगहरू पनि सञ्चालन हु“दै आएका छन् । कर्णाली प्रदेश जटिल भू-भागले बनेको छ । सीमित समथर भू-भाग, ससाना उपत्यका, केही नदी किनारका उर्बरा भूमि, केही चट्टान र घा“से मैदानहरूको प्रधानता रहेको छ । राज्यले समयमा नै शिक्षा, स्वास्थ्य, सञ्चार लगायत यातायातका लागि सडक सञ्जाल निर्माण गर्न नसकेका कारण उच्च शिक्षा लगायत आयआर्जन, उद्योगधन्दा र रोजगारीका अवसरहरूबाट यस क्षेत्रका बासिन्दाहरू बन्चित हुन पुगेका हुन् । त्यसैले यो प्रदेशको अनिवार्यता दक्षिण भारतस“ग नभएर उत्तर चीनस“ग सीमाना जोडिएकाले चीनसँग व्यापारिक सम्बन्ध विस्तार गर्नुपर्ने देखिन्छ । उत्तरका नाका नखोलिएका र दक्षिणतिर पा“च नम्बर प्रदेशले यो प्रदेश घेरिएर बन्द प्रदेश तथा भू-परिवेष्ठित मुलुकको कठिन भौगोलिक र आर्थिक अवस्था भएको प्रदेश बन्न पुगेको छ । उत्तरी नाका खोल्नेवित्तिकै स्वतः सडक सञ्जालले भरिने, गरिबी र अभावबाट उत्पीडित जनताले रोजगारीका अवसर प्राप्त गर्ने, सक्नेले लगानीको अवसर पनि पाउने देखिन्छ । त्यतिमात्र नभएर यस प्रदेशमा उत्पादित औद्योगिक तथा अन्य उपभोग्य वस्तुले पनि चिनीया“ बजार पाउन सक्छ । यस अर्थमा पनि व्यापारिक केन्द्र बन्ने सम्भावना बोकेको कर्णाली प्रदेशको उत्तरी हिमाली क्षेत्र भूगोलको नाताले मात्र महत्वपूर्ण नबनी आय-आर्जनका दृष्टिले पनि स्वतः महत्वपूर्ण बन्ने र यस प्रदेशको आर्थिक समुन्नतिको ढोका खोलिनेछ भन्ने अपेक्षा राख्न सकिन्छ ।

प्रदेशको सामान्य आर्थिक परिदृष्य

केन्द्रीय तथ्याँक विभागको प्रादेशिक कुल ग्राहस्थ उत्पादन सम्वन्धी प्रकाशित आर्थिक वर्ष २०७९।८० को तथ्याँक अनुसार नेपालको कुल ग्राहस्थ उत्पादन (रु. ५३ खर्ब ४९ अर्ब कर्णाली प्रदेशको कुल ग्राहस्थ्य उत्पादन रु २ खर्ब २१ अर्ब रहेको छ । क्षेत्रगत रुपमा हेर्दा प्रदेश नं. २ को कुल ग्राहस्थ उत्पादनको संरचना देहाय बमोजिम रहेको छ ।

कर्णाली प्रदेशको कुल ग्राहस्थ उत्पादन (आँकडा अर्बमा)						
औद्योगिक वर्गीकरण	2075/76	2076/77	2077/78	2078/79	2079/80	हिस्सा प्रतिशतमा
कृषि, वन, मत्स्यपालन	43.98	45.87	50.79	55.73	59.50	26.86
खनिज	0.79	0.31	0.31	0.35	0.36	0.16
म्यानुफ्याक्चर	1.57	1.53	1.80	2.04	2.10	0.95
विद्युत, ग्याँस,, वाष्प तथा वातानुलित आपूर्ति	0.40	0.46	0.78	0.98	1.41	0.64
जलापूर्ति, ढल, फोहर व्यवस्थापन, सरसफाई क्रियाकलाप	1.11	1.13	1.17	1.18	1.21	0.54
निर्माण	12.87	12.21	12.73	14.02	14.76	6.66
थोकविक्रय, खुद्रा विक्रय, गाडी, मोटरसााइकल मर्मत,	9.41	8.80	9.91	11.76	12.36	5.58
यातायात र भण्डारण	3.42	2.85	3.11	4.07	5.05	2.28
आवास तथा खाद्य सेवा क्रियाकलाप	4.25	2.83	3.30	4.05	5.22	2.36
सूचना तथा सञ्चार	2.11	2.19	2.35	2.50	2.63	1.19
वित्तीय तथा विमा सेवा	1.92	2.59	2.91	3.40	4.05	1.83
घरजग्गा कारोबार	2.49	2.72	2.81	3.20	3.74	1.69
पेशागत, वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप	0.48	0.51	0.54	0.59	0.66	0.30
प्रशासनिक तथा सहायता सेवा क्रियाकलाप	0.26	0.28	0.29	0.31	0.34	0.15
सार्वजनिक प्रशासन र रक्षा, अनिवार्य सामाजिक सेवा	24.29	30.74	31.97	35.42	42.52	19.19
शिक्षा	1.68	22.54	23.18	26.40	30.15	13.61
मानव स्वास्थ्य तथा सामाजिक क्रियाकलाप	3.36	4.07	4.40	5.00	6.07	2.74
कला, मनोरञ्जन तथा आमोदप्रमोद, अन्य सेवा क्रियाकलाप र गृहस्थ क्रियाकलापहरु	0.61	0.72	0.78	0.85	0.89	0.40
कुल ग्राहस्थ उत्पादन	**151.89**	**161.53**	**179.52**	**201.90**	**221.53**	**100.00**

कर्णाली प्रदेशका SWOT विश्लेषण

साहित्य पुनरावलोकन, प्रदेश सरकार र निजी क्षेत्रसँग गरिएको अन्तरक्रियाका आधारमा कर्णाली प्रदेशका समग्र पक्ष (सबलता, दुर्बलता, अवसर र हाँक) को विश्लेषण गर्दा देहाय बमोजिमको निचाडहरु प्राप्त भएका छन् ।

सबल पक्षः (Strength)

- भौगोलिक विविधतायुक्त प्रदेश,
- चीन र भारतको ठूलो जनसंख्यायुक्त बजार ,
- उच्च मूल्य प्राप्त हुने ,कृषि तथा जडीबुटीजन्यवस्तुहरुको उत्पादनको केन्द्रको रुपमा परिचित,
- हिल्सा नाका,
- नेपाली भाषाको उत्पत्ती स्थल, सिन्जा,
- हिन्दू तथा बौद्ध धर्मावलम्वीहरुको लागि धार्मिक महत्वको प्रदेश,
- साहसिक, धार्मिक तथा ऐतिहासिक पर्यटनका लागि आकर्षक गन्तव्य,
- जलविद्युतको लागि अधिक संभावना भएको प्रदेश,
- खनीज पदार्थहरुको भण्डार,

दुर्बल पक्ष (Weakness)

- जनशक्तिको अभाव,
- सिंचाई सुविधाको कमी,
- आधुनिक प्रविधिको कमी,
- भौगोलिक विकटताका कारण उप्पादित वस्तुहरुको बजारसम्म ढुवानी गर्न उपयुर्क्त भौतिक पूर्वाधारको कमी,
- व्यापार पूर्वाधारको विकासमा कमी (शीतगृह, संकलन केन्द्र आदि)
-

अवसर (Opportunity)

- धार्मिक, साहसिक पर्यटन तथा पदयात्राको लागि उपयूक्त प्रदेश,
- कैलाश मानसरोवरको यात्राको लागी प्रवेशद्धार,
- कर्णाली प्रदेशमा उत्पादित तथा संकलीत जडीबुटीहरुको छिमेकी राष्ट्रहरुमा अधिक माग,
- कर्णाली प्रदेशमा उत्पादन हुने जलविद्युत भारतीय बजार र अन्य मुलुकहरुमा निकासी गर्न सकिने
- हिल्सा नाकाबाट चीनको बजारमा निकासीको संभावना,

हाँक (Threats)

- छिमेकी मुलुकमा कृषि एवं औद्योगिक क्षेत्रलाई प्राप्त सुविधा (अनुदान, प्रोत्साहन, ढुवानी, बीमा, ऋणमा छुट, न्युनत्तम समर्थन मूल्य खरिदको प्रत्याभूति सहित) ले गर्दा नेपाली कृषि उत्पादन मूल्यको आधारमा कम प्रतिस्पर्धी हुनु
- इकोनोमी अफ स्केल (ठूलो परिमाणमा उत्पादन हुँदा प्रति इकाई लागत मूल्यमा हुने कमी)का कारण भारतीय वस्तुहरुसँग नेपाली वस्तुको लागत मुल्य तुलनात्मक रुपमा बढी हुनु
- युवा जनशक्ति विदेश पलायन हुने क्रमले गर्दा कृषि तथा औद्योगिक क्षेत्रमा जनशक्तिको कमी हुनु

केही प्रमुख कृषिजन्य वस्तुहरुको उत्पादन स्थिति

कर्णाली प्रदेशका केही प्रमुख कृषि उत्पादनको उत्पादनको वस्तुस्थिति देहाय बमोजिम रहेको छ ।

वस्तुको नाम	उत्पादन मे. ट.
चामल	72181
मकै	148138
कोदो	17914
फापर	2217
गहुँ	120711
जौ	11967
आलु	138314
काउलि	12562
गोलभेँडा	11691
बन्दा	11690
मुला	10130
काँक्रो	9329
रायो	7888
प्याज	7295
घिउसिमी	5992
फर्सी	5794
पिँडालु	5298

खनिज र खनिजका उत्पादनहरु

कर्णाली प्रदेशमा उपलब्ध खानीहरु देहाय बमोजिम रहेका छन् । यी खानीहरुको उत्खनन् तथा प्रशोधनबाट देहायमन वस्तुहरु उत्पादन गर्न सकिने सम्भावना रहेको छ ।

जिल्लाको नाम	खनिजको नाम	Final Products
जाजरकोट	Basic Rock	Cement, Glass
सुर्खेत	Gold, Copper, Iron, Limestone, Basic Rock, Barite, Clay, Dolomite, Talc	Cement, glass, bricks, and ceramics.
दैलेख	Kyanite, Basic Rock, Salt, Oil & Gas, Granite	Precious stone,
कालिकोट	Kyanite, Pyrite,	Precious stone,
जुम्ला	Basic Rock, Geothermal Hot Springs	heat and cool buildings
रुकुम (पश्चिम)	Copper, Gold	
सल्यान	Iron, Limestone, Copper, Calcite	Cememt
हुम्ला	Iron, Zinc, Quartz, Granite,Lead	
डोल्पा	Granite, Common Salt, Brine seeps	

कर्णाली प्रदेश अर्न्तरगतका जिल्लाहरुमा पाईने जडिबुटीहरुको विवरणः जडिबुटी यस प्रदेशको जलस्रोतपछिको आयआर्जनको महत्वपूर्ण स्रोत हो । हर्रो, बर्रो, चरिअम्लो, पा“चऔंले, सर्पगन्ध, जटामसी, तुलसी, रामतुलसी, झ्याउ, यार्सागुम्बा लगायतका तमाम जडिबुटी उत्पादन, संकलन तथा प्रशोधन गरी औषधि उत्पादन गर्ने काम गर्न सकिन्छ । यसका लागि हिमाली क्षेत्रका अत्यन्त विकट तर जडिबुटी उत्पादनका दृष्टिले उर्बर मानिने भू-भागमा बसोबास गर्ने बासिन्दा जहा“ बर्षमा एक बालीमात्र पाक्छ ।

सेवा व्यापारः

सेवा व्यापारका क्षेत्रमा कर्णाली प्रदेशमा पर्यटन र स्वास्थ्य सेवाका क्षेत्रमा बढी सम्भावनाहरु देखिएका छन् ।

(क) पर्यटन र धार्मिक स्थलः

कर्णाली प्रदेशमा स्वर्गकी अप्सराको रुपमा चिनिने मुगुको रारा ताल, विश्वको उच्च स्थानमा रहेको डोल्पाको से-फोक्सुण्डो ताल, दैलेखको शिरस्थान ज्वाला, सल्यानको कुभिण्डे दह, रुकुमको बासीकोट गाँउपालिकाको स्यार्पु ताल, सानी भेरी, मौराखारा दह, पोखरा दह, साँख दह, मुगुको ऋणमोचन दह, सुर्खेतको बराहा ताल, जाजुरा दह, बुलबुले ताल ऐतिहासिक तथा धार्मिक महत्व बोकेको सुर्खेतको काँक्रेविहार, देलैखको पंञ्चकोषी, जुम्लाको चन्दननाथ मन्दिर, पर्दछन् भने धार्मिक महत्व बोकेको मानसरोवर यात्राको प्रवेशद्धारको रुपमा समेत यो प्रदेश रहेको छ ।

सेवा व्यापारः सेवा व्यापारका क्षेत्रमा कर्णाली प्रदेशमा पर्यटनको संभावना अन्य प्रदेशको तुलनामा मजबूत रहेको छ । पर्यटन र धार्मिक स्थलः कर्णाली प्रदेशमा स्वर्गकी अप्सराको रुपमा चिनिने मुगुको रारा ताल, विश्वको उच्च स्थानमा रहेको डोल्पाको से-फोक्सुण्डो ताल, दैलेखको शिरस्थान ज्वाला, सल्यानको कुभिण्डे दह, रुकुमको बासीकोट गाँउपालिकाको स्यार्पु ताल, सानी भेरी, मौराखारा दह, पोखरा दह, साँख दह, मुगुको ऋणमोचन दह, सुर्खेतको बराहा ताल, जाजुरा दह, बुलबुले ताल, ऐतिहासिक तथा धार्मिक महत्व बोकेको सुर्खेतको काँक्रेविहार, देउती बजै, देलैखको पंञ्चकोषी, जुम्लाको चन्दननाथ मन्दिर, पर्दछन् भने धार्मिक महत्व बोकेको मानसरोवर यात्राको प्रवेशद्धारको रुपमा समेत यो प्रदेश रहेको छ ।

खासगरी भारतीय पर्यटकको मानसरोवरको यात्राको क्रममा यस प्रदेशका विभिन्न स्थानहरुमा हुने रात बसाईसँगै पर्यटकहरुले आफुलाई आवश्यक पर्ने सामाग्रीहरु खरीदमा खर्च हुने रकमले समेत प्रदेशलाई आर्थिक लाभ हुन गई यस क्षेत्रका नागरीकहरुको जिवनस्तर माथि उठाउन समेत सहयोग पुगेकोछ । यात्राका क्रममा स्थानीय स्तरमा उत्पादन भएको प्राकृतिक रेशाबाट निर्मित कपडा, नेपाली कागजका हस्तकलाका सामानहरु, जडिबुटी तथा रत्नपत्थरका सामाग्रीहरुको बिक्री वितरणले समेत यस क्षेत्रका गरीबिको रेखामुनी रहेका नागरीकहरुलाई केही हदसम्म राहात हुन गएको पाईन्छ । यस प्रदेशमा सन् २०१७ मा ७३६ जना Wild Life Tourist र १४८२८ Trekker ले भ्रमण गरेका थिए भने प्रति पर्यटक सरदर १२.६ दिनको लामो बसाई बस्नुका साथै प्रति पर्यटक प्रति दिन रु.५४ US$ खर्च गरेको २०१७ को पर्यटन मन्त्रालयको तथ्याङ्कबाट देखिन्छ ।

कर्णाली प्रदेशमा उत्पादन हुने, निर्यात सम्भावना भएका, आयात प्रतिस्थापन गर्न सकिने तथा अन्तरप्रदेश व्यापार सम्भावना भएका वस्तुहरुको विश्लेषण

कर्णाली प्रदेशमा उत्पादन हुने, निर्यात सम्भावना भएका, आयात प्रतिस्थापन गर्न सकिने तथा अन्तरप्रदेश व्यापार सम्भावना भएका वस्तुहरुको विश्लेषण

(१) गहुँ

नेपालको अर्को प्रमुख खाद्यबालीमा गहुं पनि पर्दछ। विश्वको कुल गहुँ उत्पादनमा नेपालको हिस्सा करीव ०.२४ प्रतिशत रहेको छ। कृषि तथा पशुपक्षी मन्त्रालयको तथ्याँक अनुसार कर्णाली प्रदेशमा गहुं उत्पादन १ लाख ५२ हजार ५ सय ८४ मे.ट रहेको र औसत राष्ट्रिय उपभोगका आधारमा हिसाव गर्दा यस प्रदेशमा गहुं बचत भएको देखिन्छ। यो परिणाम अन्तरप्रदेश व्यापार तथा अन्य खाद्य उद्योगमा प्रयोग गर्न सकिने सम्भावना रहेको छ। यस प्रदेशको गहुँ उत्पादनको हिस्सा नेपालको कुल गहुँ उत्पादनमा ८.९१ प्रतिशत र क्षेत्रफलमा ११.३७ प्रतिशत हिस्सा रहेको देखिन्छ। नेपालको गहुँको औसत राष्ट्रिय उत्पादकत्व प्रति हेक्टर २५५४ केजी रहेकोमा कर्णाली प्रदेशको उत्पादकत्व १८२४ केजी प्रति हेक्टर मात्र रहेको छ। यस प्रदेशको उत्पादकत्व राष्ट्रिय औसतमा पुऱ्याउन सकेको खण्डमा थप ६१ हजार मे.ट गहुँ उत्पादन हुने र यो अतिरिक्त उत्पादन औद्योगिक प्रयोजनका लागि अन्य प्रदेशमा पठाउन सकिने देखिन्छ। यस प्रदेशमा बचत रहेको गहुं अन्य नपुग भएका प्रदेशहरुमा विक्रिबाट अन्तरप्रदेश व्यापारमा टेवा पुग्न गई यस प्रदेशमा नपुग भएका मालवस्तुहरुको आपूर्तिमा सहयोग पुग्न जान्छ।

कृषि तथा पशुपंक्षी मन्त्रालय उत्पादन सम्बन्धी तथ्याङ्क तथा केन्द्रिय तथ्याङ्क विभागको तथ्यांक अनुसार मानवले प्रतिदिन उपभोग गर्ने परिमाण (प्रति वर्ष प्रति व्यति २१.२ के.जी) लाई हेर्दा नेपाल गहुँमा बचतमा रहेको छ। नेपालले यो गहुँ मानव उपभोगका साथै विभिन्न मदिरा जन्य उद्योग, पशुपक्षीको आहार (दाना), ओट्स, कन्फ्लेक्स आदिमा उपयोग भइरहेको छ। यदि मुलुकमा सिंचाइ, उन्नत जातको बीउ र समयमा मलहरु पुऱ्याउन सकिएमा अधिक उत्पादन भई आयातलाई न्यून गर्न सकिन्छ।

(२) मकै

नेपालको अर्को प्रमुख खाद्यबालीमा मकै पनि पर्दछ। विश्वको कुल मकै उत्पादनमा नेपालको हिस्सा करीव ०.२० प्रतिशत रहेको छ। कृषि तथा पशुपक्षी मन्त्रालयको तथ्याँक अनुसार कर्णालीमा मकै उत्पादन १ लाख ८९ हजार ७ सय ३६ मे.ट रहेको र औसत राष्ट्रिय उपभोगका आधारमा हिसाव गर्दा यस प्रदेशमा मकैको बचत भएको देखिन्छ। यो परिणाम अन्तरप्रदेश व्यापार तथा अन्य खाद्य उद्योगमा प्रयोग गर्न सकिने सम्भावना रहेको छ। यस प्रदेशको मकै उत्पादनको हिस्सा नेपालको कुल मकै उत्पादनमा ८.२५ प्रतिशत र क्षेत्रफलमा ९.७५ प्रतिशत हिस्सा रहेको देखिन्छ। मकैको औसत राष्ट्रिय उत्पादकत्व २५५५ केजी रहेकोमा कर्णाली प्रदेशमा मकैको उत्पादकत्व २१६१ केजी प्रति हेक्टर रहेको छ। यस प्रदेशको मकैको उत्पादकत्व राष्ट्रिय औसतमा पुऱ्याउन सकेको खण्डमा थप ३५ हजार मे.ट मकै यस प्रदेशमा उत्पादन हुने देखिन्छ। यो थप उत्पादन औद्योगिक प्रयोजन तथा पशु आहार उत्पादनमा प्रयोग गर्न सकिन्छ। कृषि तथा पशुपंक्षी मन्त्रालय उत्पादन सम्बन्धी तथ्याङ्क तथा केन्द्रिय तथ्याङ्क विभागको तथ्यांक अनुसार मानवले प्रतिदिन उपभोग गर्ने परिमाण (प्रति वर्ष प्रति व्यति १७.६ के.जी) लाई हेर्दा नेपाल मकैमा बचतमा रहेको छ। नेपालले यो मकै मानव उपभोगका साथै विभिन्न ह्ट मदिरा जन्य उद्योग, पशुपक्षीको आहार (दाना), ओट्स, कन्फ्लेक्स आदिमा उपयोग भइरहेको छ। यदि मुलुकमा सिंचाइ, उन्नत जातको बीउ र समयमा मलहरु पुऱ्याउन सकिएमा अधिक उत्पादन भई आयातलाई न्यून गर्न सकिन्छ।

(३) आलु

कर्णाली प्रदेश सबै मौसममा फल्ने आलुका लागि उपयुक्त प्रदेशका रुपमा रहेको छ । कृषि तथा पशुपक्षी मन्त्रालयको तथ्याँक अनुसार आलु उत्पादन हुने क्षेत्रफलका आधारमा प्रदेशको हिस्सा करिव ६ प्रतिशत रहेको छ भने मुलुकको कुल आलु उत्पादनमा यस प्रदेशको हिस्सा करिव ५ प्रतिशत रहेको छ । कर्णाली प्रदेशको आलुको उत्पादकत्व राष्ट्रिय औसतको भन्दा कम रहेकोले आलु उत्पादनको प्रविधिमा सुधार ल्याउन सकेको खण्डमा यस प्रदेशमा थप २६ हजार मे.ट. आलु उत्पादन हुन सक्ने देखिन्छ । यो थप उत्पादन अन्य प्रदेशतर्फ पठाउन सकिने र यसबाट आलुको आयातलाई केही हदसम्म प्रतिस्थापन गर्न सक्ने देखिन्छ ।

नेपालको प्रमुख तरकारीमा आलु पनि पर्दछ । विश्वको कुल आलु उत्पादनमा नेपालको हिस्सा २६ औं स्थान सहित नेपालको कुल हिस्सा करीव ०.७ प्रतिशत रहेको छ । कृषि तथा पशुपक्षी मन्त्रालयको तथ्याँक अनुसार कर्णाली प्रदेशमा आलु उत्पादन ज्ञ लाख ३८ हजार ३ सय १४ मे.ट रहेको छ ।

कुल आलु उत्पादन क्षेत्रफलमा कर्णाली प्रदेशको हिस्सा ६.११ प्रतिशत र कुल देशको उत्पादनमा ५.१३ प्रतिशत रहेको छ ।

(४) स्याऊ

नेपालको स्याऊ उत्पादनमा उपलब्ध क्षेत्रफल मध्ये कर्णाली प्रदेशको हिस्सा ६६ प्रतिशत रहेको छ भने कुल उत्पादित क्षेत्रफलमा यस प्रदेशको हिस्सा ५४ प्रतिशत रहेको छ । मुलुकको कुल स्याऊ उत्पादनमा कर्णाली प्रदेशको हिस्सा ४१ प्रतिशत द्दड रहेको छ । मुलुकको औसत राष्ट्रिय स्याऊ उत्पादकत्वलाई कायम गर्दै र स्याऊ उत्पादन हुने सबै क्षेत्रफलमा स्याऊ खेती विस्तार गर्न सक्ने हो भने यस प्रदेशमा करिव ४१ हजार मे.ट. थप स्याऊ उत्पादन हुन सक्दछ । यसरी उत्पादन हुने स्याऊले मुलुकको स्याऊ आयातको ठूलो हिस्सा प्रतिस्थापन गर्न सक्ने र अन्तरप्रदेश व्यापार हुने सम्भावना देखिन्छ । ज्ञल नेपालले चीन, भारत लगायतका अन्य मुलुकबाट स्याऊ आयात गरिरहेको छ । प्रधानमन्त्री कृषि आधुनिकरण परियोजनाले जुम्लालाई स्याउ खेतीको लागी सुपर जोनमा राखिएको छ । यसरी स्वदेशमा नै स्याउ खेतीलाई विस्तार गर्न सक्ने हो भने प्रदेशलाई स्याउ तर्फ आत्मनिर्भर गराउन समेत सकिने देखिन्छ ।

(५) ऊनः

कर्णाली प्रदेश भेडा पालनको केन्द्रको रुपमा रहेको छ । नेपालको कुल भेडाको संख्यामा यस प्रदेशको हिस्सा ४९ प्रतिशत र ऊन उत्पादनमा यस प्रदेशको हिस्सा ३६ प्रतिशत रहेको छ भने प्रति भेडा औसत ऊन उत्पादन ०.७४ केजी रहेको छ । न्युजीलेण्डको प्रतिभेडा प्रति वर्ष उत्पादन ५.४ केजी रहेको सन्दर्भमा उक्त स्तर कायम गर्ने गरी यस प्रदेशमा भेडापालन क्षेत्रको विकास गर्ने हो भने यस प्रदेशमा मात्रै करिव १ हजार २ सय मे.ट. थप ऊन उत्पादन गर्न सकिन्छ । यसबाट ठूलो परिमाणमा ऊनको आयायत प्रतिस्थापन गर्न सकिने अवस्था देखिन्छ । जसबाट आयात प्रतिस्थापन हुँदै व्यापार घाटा न्यूनिकरण गर्नमा टेवा पुग्न जान्छ ।

कर्णाली प्रदेशका हिमाली जिल्लाहरु डोल्पा, मुगु, हुम्ला, जुम्ला, जाजरकोट लगायतका जिल्लाहरुमा चरण क्षेत्र प्रशस्त रहेकाले भेडापालन व्यावसायको प्रचुर संभावना रहेको छ । यस क्षेत्रमा भेडा पालनलाई विस्तार गर्दै लैजान सकेमा हाल नेपालले चीन, न्यूजल्याण्ड, भारत लगायतका मूलूकहरुबाट आयात गरिरहेको ऊनलाई प्रतिस्थापन गर्दै व्यापार घाटा न्यूनिकरणमा सहयोग हुन जान्छ । जुम्लामा रहेको सरकारी भेडी फार्मले हाल ब्राजिल लगायत अन्य देशहरुबाट उन्नत जातका भेडा ल्याई ऊन उत्पादनको गुणात्मक वृद्धिका लागि निरररन्तर प्रयास गरिरहेको छ । यसरी हाल कृषकाले पालन गरिरहेका भेडाहरुबाट औषतमा कम उत्पादन हुँदै आएकोले पनि उन्नत जातका भेडाहरु ल्याई भेडा घज्ञ पालन व्यावसाय विस्तार गर्न सकिने देखिन्छ । भेडाका ऊनहरुबाट

खासगरी फेल्टका सामाग्री, गर्लैचा, सोईटर, मफलर, मोजा लगायतका ऊनीजन्य समाग्रीहरु निर्माण हुँदै आईरहेको पाईन्छ ।

(६) अदुवा

अदुवा खेतीका लागि समुद्र सतहबाट ६ सयदेखि १ हजार ६ सय मिटरसम्म उचाइ भएको मध्यपहाडी भू-भाग उपयुक्त हुन्छ। इलाम, पाल्पा, सल्यान, नवलपरासी, डोटी, मोरङ, अर्घाखाँची, तनहुँ, कास्की, स्याङ्जा र भोजपुर अदुवा उत्पादन हुने प्रमुख जिल्ला हुन्। अदुवा औद्योगिक बालीका रूपमा परिमार्जित हुँदै गएको छ। पछिल्ला वर्षमा जुस, क्याण्डी, बास्नादार तेल तथा स्याम्पुमा अदुवाको प्रयोग हुन थालेको छ। आयुर्वेदिक औषधि तथा शृङ्गारका सामग्री बनाउन पनि यसको प्रयोग बढेको छ। औषधि तथा मसलाका रूपमा बढी प्रयोग हुने अदुवाको व्यावसायिक खेती नेपालमा ६५ जिल्लामा व्यावसायिक खेती शुरू भइसकेको छ। अदुवाको प्रयोग अदुवा खास गरेर मसलाको रूपमा प्रयोग गरिन्छ। आयुर्वेदिक औषधि, बिस्कुट, केक, पाउरोटी, वियर, मदिरा आदिमा पनि प्रयोग गर्ने गरिन्छ। खोकी लागेको, रुघा लागेको, अपच, निमोनिया, श्वासको समस्या, पेट दुखेको, स्वर बसेको, जोर्नी दुखेको लगायत अन्य थुप्रै समस्याको निदानका घद्द लागि अदुवालाई औषधिका रूपमा प्रयोग गर्ने गरिन्छ। ताजा अदुवालाई सोझै अथवा सुठोको धुलोका रूपमा प्रयोग गर्ने गरिन्छ। नेपालमा अदुवाको उत्पादन स्थितिः नेपालमा २४२२६ हेक्टर क्षेत्रफलमा २७६१५० मे.ट. उत्पादन भई ११.४० मे.ट./हे. उत्पादकत्व रहेको देखिन्छ । अदुवाको उत्पादन तथा उत्पादकत्व उल्लेख्य रुपषले बढेको देखिदैन । अदुवाको उत्पादन तथा उत्पादकत्व उल्लेख्य रुपले बढेको देखिदैन ।

अदुवालाई प्रशोधन गरेर विभिन्न प्रकारका सुगन्धित तेल बनाउन सकिन्छ भने अर्कोतर्फ पाउडर, क्याण्डी, सूठो आदिको रुपमा पनि प्रशोधन गरी तयार गर्न सकिन्छ। नेपालको सम्पूर्ण अदुवा उत्पादन क्षेत्रमा खेती विस्तार गर्न सकेमा उत्पादनमा उल्लेख्य मात्रामा वृद्धि गर्न सकिने देखिन्छ। नेपालमा उत्पादन भएको अदुवालाई कच्चा पदार्थको रुपमा नभई मूल्यअभिवृद्धि गरेर निकासी गर्ने हो भने यसले चुलिँदो व्यापार घाटा कम गर्न केहि हदसम्म भएपनि सहयोग पुग्न जान्छ। कर्णाली प्रदेशमा कुल २९३६ हेक्टर क्षेत्रफलमा अदुवा खेती भई १२.८२ उत्पादकत्व रहन गएको छ भने ३७,६९१ मे.ट उत्पादन भएको देखिन्छ । जुन राष्ट्रिय उत्पादकत्व १२ मे.ट. भन्दा माथि रहेको छ। नेपालमा उत्पादन भएको अधिकांश अदुवा भारत निकासी हुने गरेको छ। विश्व व्यापार संगठनको ट्रेड म्यापको डाटालाई हेर्दा सबैभन्दा धेरै अदुवा आयात गर्ने देश यु.एस.ए. रहेको छ भनेसबै भन्दा बढी प्रतिटन मुल्यमा अयात गर्ने जर्मनी रहेको देखिन्छ। भारतले प्रति टन मुल्या ८८९ यु.एस.डलरका दरले अदुवा खरीद गरेको देखिन्छ जर्मनीले प्रति टन मुल्य २५८४ यु.एस.डलरमा खरीद गरेको देखिन्छ। यसबाट नेपाली अदुवालाई जर्मनीको बजारमा निकासी गर्न सकिने हो भने अधिक मुल्य प्राप्त हुन सक्ने देखिन्छ । यसबाट व्यापार घाटा कम गर्न सहयोग पुग्न जाने देखिन्छ ।

(७) जडिवुटी

हिमाली र उच्च पहाडि भु-बनोटबाट सिङ्गारिएको देश नेपालमा प्रशस्त उच्च हिमश्रङ्खला एवं उर्वर भूमि प्रशस्त मात्रामा रहेको छ । देशको ७ वटा प्रदेश मध्येमा कर्णाली प्रदेश जडिबुटीको खानीको रुपमा परिचित छ। यहाँका उच्च हिमाली भेगहरुमा विश्वमै दुलभ मानिने यार्सागुम्बा, पाँचऔले, सिलाजित, जटामसि, चिराईतो, सुगन्धवाल लगायतका जडिबुटीहरु प्रशस्त मात्रामा रहेको छ । यसरी प्राप्त हुने जडिबुटीहरुको खेती प्रणाली अपनाउन ढिला गरी स्वतः प्रकृतिमा उपलब्ध जडीबुटीमा मात्र निर्भर रहेमा कालान्तरमा केही जडिबुटीहरु लोप हुन सक्ने हुँदा प्रदेशलाई मात्र नभएर राष्ट्रलाई नै घाटा हुन जाने देखिन्छ। तसर्थ जडिबुटीहरुको संरक्षण गदै कालान्तरसम्म निकासी गर्नको लागि व्यावसायीक जडिबुटी खेती प्रणाली तत्काल लागु गर्नुपर्ने देखिन्छ।

नेपालमा उत्पादन एवं सङकलन भएका अधिकांस जडिबुटीहरु भारत निकासी हुने गरेको छ । माथिको तालिकाबाट विश्वको जडिबुटी आयातको सन् २०१४ देखी २०१८ सम्मको तथ्यांक अध्ययन गर्दा अमेरिका, जर्मनी ,हङ्गकङ्ग, जापान, ताइपेइ-चिन, र हङकङ्ग-चिनले विश्वबाट जडिवुटीको ठुलो हिस्सा आयात गरेको देखिएकोले भारतको अलावा उल्लेखित वजारमा नेपाली जडिवुटी निकासी गर्न उपयुक्त हुने देखिन्छ ।

प्रदेशबाट हाल निर्यात भईरहेको वस्तुहरु :

(क) अदुवा

(ख) विभिन्न प्रकारका जडिबुटीहरु

(ग) प्रशोधित तथा अर्थप्रशोधित रत्नपत्थरहरु

(घ) गलैंचा

(ङ) प्राकृतिक रेशाजन्य वस्तुहरुबाट निर्मित कपडा, कागज

(च) टिमुर निर्यात सम्भाव्य वस्तु तथा सेवाहरु :

(क) बेसार द्धद्द

(ख) प्राकृतिक रेशाजन्य वस्तुबाट निर्मित सामानहरु (अल्लोको कपडा, लोक्ताबाट निर्मित हस्तकलाका सामानहरु)

(ग) मह

(घ) अलैंची

(ङ) दुधजन्य पदार्थ

(च) पर्यटन

(रारा ताल, से-फोक्सुण्डो ताल, काँक्रेविहार, बुलबुलेताल, चन्दननाथ मन्दिर, कुभिण्डे दह, यलवाङ्ग गुम्बा, दैलेखको शिरस्थानको ज्वाला आदि)

(छ) खनिजजन्य वस्तुहरु (Lime stone Basic Rock, Dolomite आदि)

आयात प्रतिस्थापन तथा अन्तरप्रदेश व्यापार सम्भावना भएका वस्तुहरु :

(क) जलविद्युत

(ख) स्याउ

(ग) ऊन

(घ) तिते/मिठे फापर

(ङ) मकै, कोदो, गहुँ (च) आलु (

छ) सिमि

(ज) खनिजजन्य वस्तुह? (Lime stone Basic Rock, Dolomite आदि)

(झ) मार्सि चामल

व्यापार सम्वद्ध सरोकारका विषयहरु

व्यापार प्रवर्द्धनमा सूचना प्रणालीको स्थापना

मुलुकबाट निर्यात गर्न सकिने उपलव्ध वस्तु तथा सेवाहरुको व्यवस्थित सूचना प्रवाह हुन अति जरुरी छ । यस्तो सूचना प्रणालीले सूचना र भूगोल र प्रयोगकर्ताबीच जुन सम्वन्ध स्थापित गर्ने गर्दछ त्यसले स्थान विशेषका विशेषताहरु, सूचनाहरु, तथ्याँकहरु प्रयोगकर्ताका लागि उपलव्ध गराउँछ । स्थानीय क्रेता र वाहिरका विक्रेताहरुलाई जोड्ने, स्थानीय उत्पादनहरुलाई सूचना प्रविधिको वैश्विक सञ्जालमा जोड्दै मूलप्रवाहीकरण

गर्ने यो कार्य गर्ने उपयुक्त माध्यमहरु मध्ये स्थानीय स्तरमा उपलव्ध वस्तु तथा सेवाहरुको भौगोलिक सूचना प्रणालीको स्थापना गर्ने, व्यवस्थित रुपमा स्थानीय र प्रदेशस्तरमा विद्युतीय संस्करणहरुमा तथ्याँक, सूचना र गतिविधिहरु प्रवाह गर्ने तथा मुलुकभित्र र वाहिरका क्रेता र विक्रेताहरुवीच भिडियो कन्फरेन्सको आयोजना गर्ने तथा मेला प्रदर्शनीहरुको नियम आयोजना गर्ने विषयहरु पर्दछन्। यी विषयहरुमा प्रदेश र स्थानीय तहहरुमा अलग्गै संयन्त्र बन्नु आवश्यक छ।

नेपाली वस्तुहरुलाई वाह्य बजारमा प्राप्त सुविधाहरुको जानकारी

नेपाली निर्यातजन्य वस्तुहरुलाई नेपालका शुभचिन्तक मित्रदेशहरुले प्रदान गरेका जिएसपी सुविधा, शून्य भन्सारको सुविधा, विशेष आवधिक सहुलियतहरुका बारेमा प्रदेशस्तर र स्थानीय स्तरका उद्यमी व्यवसायीहरुलाई सहज जानकारीको व्यवस्थाको अभावमा उनीहरु निर्यात व्यापारमा प्रवेश गर्न सकिरहेका छैनन् । यस्ता जानकारीहरु प्रदेशभित्रका सबै व्यावसायीहरुलाई जानकारी दिने व्यवस्था गर्नु पर्ने विषय अर्को सराकोरको विषय हो ।

निर्यात व्यापारमा नेपाललाई प्राप्त सुविधाहरु

(१) सामान्य ग्राह्यता प्रणाली
(२) शुन्य भन्सार दरको सुविधा
(३) इयु, स्वीट्जरलेण्ड, नर्बे र टर्कीमा नेपाली उत्पादनहरुलाई रेक्स सुविधा
(४) ७७ ओटा विभिन्न नेपाली उत्पादनहरुलाई संयुक्त राज्य अमेरिकाबाट प्राप्त विशेष सहुलियतयुक्त भन्सार छुटको सुविधा
(५) नेपाल, भारत, चीन र बँगलादेशका बन्दरगाहसम्मको सहज पहुँच
(६) विश्व व्यापार संगठन, साफ्टा सदस्यहरुमा नेपाली उत्पादनलाई अवसर प्रदान

व्यावसायी वातावरणमा सुधार सम्वन्धी विषयहरुः

विश्व वैकले प्रकाशित गरेको नेपालाको व्यावसायिक वातवारण सुचकाँकको अवस्था सन्तोषजनक छैन। प्रक्रिया, नियम कानुन नीति, रणनीति, कार्यक्रम, बजेट, कार्ययोजना प्रतिस्पर्धाको स्तर, प्रतिस्पर्धात्मक वातावरण, सुशासन (कानुनको शासन, पारदर्शिता, सहभागिता, उत्तरदायित्व, जिम्मेवारीपना, समता, समानता, समावेशिता), सुरक्षा, श्रम उद्योगी सहसम्वन्ध, उद्यमशील संस्कार, क्षेत्रगत सूचकाँकहरुको स्थितिले व्यापार प्रवर्द्धन सम्वद्ध वातावरण निर्धारण गर्दछ। उक्त प्रतिवेदनले उजागर गरेका विषयहरुमा प्रदेशस्तरमा सुधार गर्न सकिने विषयहरुमा प्रदेश सरकारहरुले पहलकदमी लिन जरुरी छ । यस्ता पहलकदमीले प्रदेशस्तरमा व्यवसाय गर्ने वातावरणमा सुधार आई वैदेशिक व्यापारको व्यवस्थापन गर्न सहज हुने देखिन्छ।

कृषि अनुदान र प्रोत्साहन सम्वन्धी विषयह

आफ्ना विश्व बजारमा प्रतिस्पर्धी बनाउन कृषि लगायतका क्षेत्रमा विश्व भरी नै संरक्षणात्मक उपायहरु अँगीकार गर्ने प्रचलन रहेको छ । नेपाली उत्पादनहरुलाई पनि संरक्षणात्मक उपायहरुका माध्यमबाट विश्व बजारमा प्रतिस्पर्धी बनाउन जरुरी छ। यस विषयलाई प्रदेश सरकारहरुले उपयुक्त नीतिबाट संवोधन गर्न जरुरी छ।

व्यापार सम्वद्ध पूर्वाधारमा लगानीः

निर्यात प्रवर्द्धनमा व्यापार सम्वद्ध पूर्वाधार अति महत्वपूर्ण विषयका रुपमा रहेको छ । संस्थागत पूर्वाधारतर्फ भन्सार, गोदाम, गुणस्तर नियमन तथा नियन्त्रण निकायहरु, शैक्षिक तथा सीपमुलुक तालीम केन्द्रहरु, निजीक्षेत्रका सँघसंस्थाहरु (वस्तुगत, प्रतिनिधिमुलुक संघसंस्थाहरु, निर्यातक सँघ, आयातक सँघ) पर्दछ भने भौतिक पूर्वाधारतर्फ सडक, विजुली, वन्दरगाह, भन्सार विन्दु, सूचना र प्रविधि, जलापूर्ति, विशेष आर्थिक क्षेत्र, निर्यात प्रवर्द्धन क्षेत्र र औद्योगिक क्षेत्र जस्ता संरचनाहरु पर्दछन् । यी दुवै क्षेत्रमा प्रदेश सरकारले आफ्ना तर्फबाट संवोधन गर्ने विषयमा संलग्न हुन जरुरी छ । विशेष गरी न्युन साधनश्रोत भएका भन्सारविन्दूहरु भएका प्रदेशका भन्सारविन्दूहरुलाई साधानश्रोतयुक्त बनाउने विषयलाई सँघ र प्रदेश सरकारले संयुक्त पहलबाट सम्वोधन गर्न जरुरी छ । यसका साथै जटही भन्सार कार्यालयलाई सुख्खा बन्दरगाह बनाउन पर्ने आवश्यकता देखिन्छ ।

लजिष्टक सेवामा सुधारः

व्यापार प्रवर्द्धनको अर्को महत्वपूण विषय भनेको उत्कृष्टस्तरको लजिष्टिक सेवा पनि हो । अवरोधविहीन यातायात, वेष्टन, बहुविधिक यातायात, समय व्यवस्थापन, भन्सार, लजिष्टक सेवा, समय, वैदेशिक कार्गो सिपमेन्टको दक्षता र सहजता, लजिष्टिकजन्य संरचना र ट्रयाकिङ प्रणालीहरु पर्दछन् । लजिष्टक सेवा जति चुस्त, दुरुस्त र गतिशील हुन्छ मुलुकको निर्यात व्यापार पनि त्यत्तिकै सहज र मूल्यमैत्री हुन्छ । यस विषयमा पनि सँघ र प्रदेशले संयुक्त पहल लिन जरुरी छ ।

व्यापार सम्वद्धअनुसन्धानः

सरकारका अँगहरु, प्राज्ञिक क्षेत्र र निजी क्षेत्रका मेधावीहरुयुक्त संयुक्त समुह बजार अनुसन्धान निर्यात प्रवर्द्धनको महत्वपूर्ण विषय हो । तथ्याँक, सूचना, ज्ञान, मेधा र बुद्धिमत्तामा आधारित निष्कर्षहरु निर्यात प्रवर्द्धनको मष्तिष्क हो जसले निर्यात प्रवर्द्धनका प्रयासका लागि ज्योतिको कार्य गर्दछ,, नीति निर्माताका लागि आँखा, निजीक्षेत्रका लागि हिड्ने बाटो तय गर्ने यो अनुसन्धान कार्य निर्यात प्रवर्द्धनको महत्वपूर्ण अँगका रुपमा रहेको छ । यस विषयमा पनि प्रदेशस्तरमा पनि गतिशील संयन्त्रको व्यवस्था हुन जरुरी छ ।

प्रदशस्तरको व्यापार सम्वद्ध डाटावेसको व्यवस्थाः

प्रदेशस्तरमा हुने उत्पादन, वितरण र एक प्रदेशबाट अर्को प्रदेशमा हुने व्यापार र सम्वन्धित प्रदेशमा उत्पादन भई अन्य प्रदेशका भन्सार विन्दूहरुबाट वस्तुहरु भएर निर्यात हुने वस्तुहरुको अभिलेख राख्ने व्यवस्थाको लागि प्रदेशस्तरमा पनि एउटा संयन्त्र हुन जरुरी छ ताकि प्रदेशबाट निकासी हुने वस्तुहरुको यथार्थ चित्रण होस् र प्रदेशस्तरमा निकासी प्रवर्द्धनका भावी दिशा तय गर्न वस्तुगत आधार प्राप्त हुन सकोस् ।

भौगोलिक संकेत, पेटेण्ट राइट र ट्रेडमार्क सम्वन्धी विषयहरुः

नेपालका धेरै उत्पादनहरु विशिष्ट खालका छन् जसलाई भौगोलिक संकेत, पेटेण्ट राइट र ट्रेडमार्क जस्ता विषयबाट संबोधन हुन जरुरी छ । प्रदेश सरकारले यी विधिहरुबाट विशेष पहिचान दिन सक्ने वस्तु तथा सेवाहरुको पहिचान गरी ती वस्तु तथा सेवाहरुलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मूलप्रवाहमा स्थापित गर्न पहलकदमी लिन आवश्यक देखिन्छ ।

गुणस्तर सम्वन्धी विषयहरुः

नेपाली वस्तुहरुलाई वाह्य बजारमा प्रतिस्पर्धी बनाउन गुणस्तर सम्वन्धी व्यवस्थाहरुले महत्वपूर्ण भूमिका खेलेका हुन्छन् । नेपाली उत्पादनहरुहरुलाई लक्षित बजारमा विद्यमान गुणस्तरका प्रावधानहरु अनुरुप गुणस्तरमैत्री बनाउन संस्थागत, कानुनी र जनशक्तिका पक्षमा सुधार, स्तरोन्नत्ति आदि गर्न आवश्यक हुन जान्छ । यी विषयहरुलाई सम्वोधन गर्न प्रदेश सरकारले विशेष व्यवस्था गर्न जरुरी छ ।

निकासी प्रवर्द्धन र अन्तरप्रदेश व्यापारका व्यवधानहरु

Kanchanpur	1,017	184	**840**	4,565
Sudurpaschim subtotal	**2,699**	**416**	**1,808**	**4,351**
Nepal	**49,862**	**14,137**	**77,320**	**5,469**

तरकारी

Fresh Vegetables by Province: Fiscal Year 2078/79			
Province	**Area**	**Production**	**Yield**
	(Ha.)	**(Mt.)**	**(Mt./Ha)**
Koshi	51,152	814,689	15.93
Madhesh	83,658	1,216,333	14.54
Bagmati	52,884	761,992	14.41
Gandaki	23,233	296,084	12.74
Lumbini	44,277	597,037	13.48
Karnali	13,450	155,006	11.52
Sudurpschhim	21,184	312,017	14.73
Total	**289,839**	**4,153,157**	**14.33**

तरकारी उत्पादन (मेट)

Commodity	**Koshi**	**Madhesh**	**Bagmati**	**Gandaki**	**Lumbini**	**Karnali**	**Sudurpaschim**	**Nepal Total**	**Yield Mt/Ha**
Cauliflower	123,400	199,745	99,583	28,356	114,760	14,644	30,527	611,015	15.58
Cabbage	132,898	147,066	106,972	30,661	121,736	13,058	35,277	587,668	17.13
Broccoli	5,094	2,408	12,350	4,831	4,214	944	682	30,523	11.45
Tomato	126,354	51,993	114,812	25,873	60,347	13,850	29,474	422,703	18.45
Radish	68,603	50,569	58,287	25,081	49,015	13,159	24,845	289,558	15.93
Broad Leaf Mustard	45,098	23,158	41,874	23,010	17,294	8,332	12,449	171,215	14.69
Carrot	5,530	4,058	15,766	4,827	4,433	1,745	818	37,176	11.39
Turnip	269	772	1,329	253	2,722	429	126	5,900	12.92
Capsicum	1,112	1,091	8,230	826	4,023	1,329	3,391	20,002	10.36
Peas	10,580	27,267	16,714	2,687	11,404	4,680	3,789	77,121	9.15
French Beans	-	4,158	6,159	3,912	5,124	5,714	2,661	27,728	9.21
French Beans -Pole Type	10,665	1,719	15,613	7,097	5,649	1,001	25	41,769	10.51
French Beans - BushType	852	932	3,697	759	5,451	1,034	13	12,738	8.72

Commodity	Koshi	Madhesh	Bagmati	Gandaki	Lumbini	Karnali	Sudurpaschim	Nepal Total	Yield Mt/Ha
French Beans - Sword Type	1,154	1,289	3,825	714	2,798	1,908	13	11,701	8.28
Broad Beans	2,017	6,266	2,043	1,226	750	339	143	12,784	7.60
Asparagus Beans	2,652	17,607	9,171	2,195	11,583	648	5,902	49,757	10.90
Cowpea	3,338	8,278	3,307	5,479	12,367	2,067	671	35,508	9.31
Other (Legumes)	3,518	1,472	2,525	2,875	1,312	2,053	8	13,763	8.66
Asparagus	140	-	830	90	167	4	26	1,258	7.19
Tree tomato	672	-	515	58	85	38	15	1,383	10.01
Chilli Akabare	7,783	-	1,185	731	739	746	41	11,224	6.49
Chilli	24,379	16,437	12,822	3,174	7,518	3,782	7,553	75,664	9.52
Okra	27,276	29,703	14,703	7,637	15,933	3,931	13,077	112,260	11.95
Brinjal	31,497	57,671	8,879	5,833	10,636	5,233	10,190	129,938	14.65
Onion	17,453	92,286	8,902	1,607	16,906	8,080	21,670	166,904	12.65
Cucumber	27,077	36,078	35,693	9,570	21,646	10,771	18,790	159,625	15.48
Pumpkin	20,316	20,756	28,635	9,582	8,745	6,163	14,336	108,533	15.00
Squash	5,398	566	14,206	5,846	5,227	4,204	4,133	39,581	14.30
Bitter Gourd	20,133	60,273	19,156	10,341	10,850	4,560	8,799	134,112	13.79
Pointed Gourd	11,179	31,138	7,755	66	1,183	84	62	51,468	13.34
Sponge Gourd	7,432	43,820	9,480	15,460	6,886	1,774	7,742	92,594	13.50
Ridge Gourd	426	8,830	1,533	64	772	186	6,310	18,123	12.33
Snake Gourd	174	853	7,287	4,524	1,257	2,542	6,616	23,254	13.55
Bottle Gourd	15,756	65,430	8,567	7,351	15,893	3,121	13,484	129,602	16.37
Ash Gourd	439	5,952	517	2,307	98	253	261	9,827	13.76
Balsam Gourd	555	-	396	260	-	758	294	2,262	9.74
Kakari	-	2,651	10	6	121	-	-	2,788	13.86
Kundru	87	152	685	65	294	-	-	1,282	12.03
Chayote	18,072	-	4,520	4,367	660	492	21	28,132	16.65
Watermelon	14,128	27,472	1,154	108	8,148	49	1,491	52,550	21.25
Other (Cucurbits)	3,080	3,122	969	795	1,426	201	139	9,733	11.65
Drumsticks	200	2,334	5	15	274	-	-	2,827	18.16
Lettuce	121	-	339	191	105	60	-	817	8.38
Fennel Leaf	31	16	1,010	167	47	246	25	1,542	9.71
Coriander Leaf	1,965	5,919	3,458	783	3,181	929	1,001	17,236	9.48
Spinach	1,569	4,541	2,352	894	3,567	920	5,230	19,074	10.71
Cress	1,004	1,755	5,311	809	2,294	528	1,558	13,258	9.60
Amaranthus	1,106	6,674	1,066	1,978	650	182	3,101	14,758	10.24
Fenugreek Leaf	428	2,890	552	972	1,588	545	2,568	9,543	8.70
Swisschard	76	-	1,944	983	852	703	425	4,984	8.70

Commodity	Koshi	Madhesh	Bagmati	Gandaki	Lumbini	Karnali	Sudurpaschim	Nepal Total	Yield Mt/Ha
Others (Leafy Veg.)	797	5,131	10,346	1,141	1,152	270	289	19,127	12.00
Colocasia	2,222	7,631	6,053	18,369	9,868	6,052	7,679	57,874	11.96
Yam	1,829	5,766	2,683	7,430	1,462	243	352	19,766	14.94
Elephant Foot Yam	5,445	8,821	1,973	170	402	-	-	16,810	19.10
Other (Tubers)	1,336	1,726	7,264	1,676	499	93	224	12,819	13.20
Others(veg.)	2,794	110,092	6,979	-	923	329	3,701	124,817	16.20
Total	814,689	1,216,333	761,992	296,084	597,037	155,006	312,017	4,153,157	14.33

अनुसूची ३ वैदेशिक व्यापार

प्रमुअ कृषिजन्य उत्पादनको आयात				रु अर्बमा
उत्पादन	**माछा**	**दुग्धपदार्थ**	**मह**	**तरकारी**
2008/09	0.19	1.02	0.01	1.29
2009/10	0.15	0.86	0.02	2.31
2010/11	0.23	0.91	0.01	2.05
2011/12	0.52	1.12	0.02	4.08
2012/13	0.67	0.97	0.05	5.65
2013/14	1.08	1.91	0.04	7.38
2014/15	1.15	2.10	0.06	9.38
2015/16	0.99	1.49	0.11	9.75
2016/17	1.37	2.42	0.10	12.12
2017/18	1.83	2.45	0.15	12.82
2018/19	1.89	1.61	0.13	15.13
2019/20	1.77	2.04	0.14	14.85
2020/21	1.70	1.67	0.29	16.84
2021/22	1.35	1.82	0.30	18.07
2022/23	1.03	2.38	0.15	17.76
उत्पादन	**दाल**	**ताजा फलफुल**	**कफी**	**चिया**
2008/09	2.83	0.52	0.01	0.04
2009/10	1.40	0.97	0.01	0.04
2010/11	2.32	1.22	0.01	0.04
2011/12	2.55	1.90	0.02	0.05
2012/13	4.07	2.58	0.03	0.06
2013/14	5.76	3.75	0.03	0.06
2014/15	6.55	5.00	0.06	0.09
2015/16	9.53	7.80	0.06	0.07
2016/17	10.53	8.97	0.05	0.09
2017/18	10.62	10.65	0.07	0.12
2018/19	13.54	14.59	0.10	0.12
2019/20	18.21	14.91	0.12	0.08
2020/21	21.66	16.53	0.11	0.15
2021/22	18.47	17.46	0.13	0.08
2022/23	14.11	16.16	0.33	0.13
उत्पादन	**मसला**	**गहुँ**	**जौ**	**मकै**
2008/09	1.63	0.01	0.00	0.26
2009/10	1.02	0.03	0.00	1.43
2010/11	1.75	0.02	0.01	2.42
2011/12	3.05	0.04	0.00	3.86
2012/13	4.06	1.26	0.00	5.01
2013/14	5.11	3.45	0.00	7.49

2014/15	4.12	2.05	0.01	7.68
2015/16	5.16	5.92	0.01	9.87
2016/17	7.06	5.23	0.01	10.64
2017/18	10.56	2.84	0.01	11.91
2018/19	11.42	5.81	0.01	12.95
2019/20	11.38	7.91	0.01	14.75
2020/21	9.23	11.98	0.01	16.02
2021/22	8.83	6.33	0.02	19.65
2022/23	8.32	2.01	0.03	17.17
उत्पादन	**धानचामल**	**कोदो**	**तेलहन**	**चिनी**
2008/09	1.85	0.07	3.57	1.23
2009/10	2.64	0.08	2.85	0.81
2010/11	2.41	0.13	5.62	1.41
2011/12	9.29	0.19	6.80	0.57
2012/13	14.34	0.26	7.29	2.08
2013/14	17.25	0.38	7.49	1.92
2014/15	24.83	0.44	7.92	1.45
2015/16	23.01	0.42	10.58	2.74
2016/17	23.87	0.34	10.93	4.55
2017/18	29.41	0.38	10.35	11.65
2018/19	32.60	0.43	14.22	0.93
2019/20	33.65	0.55	18.51	2.46
2020/21	50.79	0.78	19.19	10.19
2021/22	47.57	0.70	31.34	5.52
2022/23	36.66	0.73	23.06	2.71

TOTAL EXPORTS OF SOME MAJOR COMMODITIES					
Billion Rs					
		F.Y. (2078/79	**F.Y. 2079/80**	**% Change**	**% Share**
S.N	**Commodities**	**Value**	**Value**	**in value**	**F.Y. 2079/80**
1	Palm oil	41.06	20.51	-50.06	13.05
2	Yarns (Polyester, Cotton and others)	11.03	11.92	8.12	7.59
3	Woolen Carpet	9.57	11.51	20.26	7.32
4	Iron and Steel products	3.88	10.82	179.10	6.89
5	Soyabean oil	48.12	8.48	-82.39	5.39
6	Cardamom	4.81	8.28	71.95	5.27
7	Jute and Jute Products	7.97	7.64	-4.11	4.86
8	Readymade Garments	6.49	7.52	15.87	4.79
9	Juices	6.08	6.64	9.16	4.22
10	Woolen Felt Products	4.94	5.23	5.76	3.33
11	Tea	3.43	3.94	14.64	2.51
12	Dog or cat food	2.91	3.41	17.07	2.17

TOTAL EXPORTS OF SOME MAJOR COMMODITIES					
Billion Rs					
		F.Y. (2078/79	F.Y. 2079/80	% Change	% Share
S.N	**Commodities**	**Value**	**Value**	**in value**	**F.Y. 2079/80**
13	Woolen and Pashmina shawls	2.76	3.19	15.80	2.03
14	Fabrics	3.27	2.36	-27.82	1.50
15	Noodles, pasta and like	1.83	2.30	25.19	1.46
16	Oil-cake of low erucic acid rape or colza seeds	2.59	2.19	-15.50	1.39
17	Plywood	0.35	2.15	509.40	1.37
18	Medicinal Herbs	1.70	1.89	10.93	1.20
19	Rosin and resin acid	1.85	1.65	-10.86	1.05
20	Ginger	0.64	1.22	90.54	0.78
21	Nepalese paper and paper Products	1.82	1.14	-37.44	0.72
22	Footwear	1.13	1.08	-4.68	0.69
23	Broom grass (Amriso)	0.70	1.01	44.14	0.64
24	Handicrafts (Painting, Sculpture and statuary)	0.65	0.77	19.04	0.49
25	Essential Oils	0.76	0.74	-3.33	0.47
26	Woolen wovenwear	0.81	0.70	-13.65	0.44
27	Copper and articles thereof	0.49	0.67	37.71	0.43
28	Unwrought lead (excl refined and containi n antimony)	0.46	0.56	21.96	0.36
29	Dentifrices (toothpaste)	0.84	0.55	-35.06	0.35
30	Lentils	0.57	0.50	-12.05	0.32
31	Hides & Skins	0.51	0.46	-10.03	0.29
32	Sunflower Oil	4.51	0.44	-90.21	0.28
33	Stoppers, lids, caps and other closures of plastics	0.38	0.43	11.57	0.27
34	Cotton sacks and bags	0.57	0.40	-30.33	0.25
35	Articles of silver jewellery	0.37	0.22	-41.68	0.14
36	Gold Jewellery	0.53	0.19	-64.58	0.12
37	Brans, sharps and other residues of other cereals	0.58	0.04	-92.49	0.03
38	Others	19.03	24.41	28.31	15.54
	Total	200.03	157.14	**-21.44**	**100.00**

TOTAL IMPORTS OF SOME MAJOR COMMODITIES					
In Billion Rs					
S.N	**Commodities**	**F.Y. 2078/79**	**F.Y. 2079/80**	**% Change**	**% Share F.Y. 2079/80**
1	Petroleum Products	334.11	309.70	-7.30	19.22

TOTAL IMPORTS OF SOME MAJOR COMMODITIES					
In Billion Rs					
S.N	**Commodities**	**F.Y. 2078/79**	**F.Y. 2079/80**	**% Change**	**% Share F.Y. 2079/80**
2	Iron & Steel and products thereof	185.40	167.29	-9.77	10.38
3	Machinery and parts	144.35	100.98	-30.05	6.27
4	Electronic and Electrical Equipments	68.91	65.17	-5.43	4.04
5	Cereals	74.28	56.63	-23.77	3.51
6	Transport Vehicles and parts thereof	99.43	51.97	-47.73	3.22
7	Pharmaceutical products	71.94	44.64	-37.94	2.77
8	Gold	42.70	43.90	2.80	2.72
9	Fertilizers	21.37	40.70	90.41	2.53
10	Telecommunication Equipment and parts	53.61	36.31	-32.26	2.25
11	Crude soyabean oil	56.18	35.58	-36.67	2.21
12	Articles of apparel and clothing accessories	32.98	25.93	-21.39	1.61
13	Crude palm Oil	39.31	25.92	-34.08	1.61
14	Polythene Granules	29.85	25.42	-14.84	1.58
15	Man-made staple fibres (Synthetic, Polyester etc)	22.57	21.78	-3.50	1.35
16	Chemicals	21.99	19.24	-12.52	1.19
17	Crude sunflower oil	18.11	18.04	-0.35	1.12
18	Aluminium and articles thereof	14.36	15.01	4.52	0.93
19	Rubber and articles thereof	16.80	13.59	-19.11	0.84
20	Cotton (Yarn and Fabrics)	11.36	10.28	-9.52	0.64
21	Low erucic acid rape or colza seeds	12.39	9.37	-24.38	0.58
22	Copper and articles thereof	9.68	7.56	-21.93	0.47
23	Aircraft and parts thereof	6.16	6.12	-0.64	0.38
24	Zinc and articles thereof	0.36	5.56	1462.74	0.34
25	Wool, fine or coarse animal hair	5.08	4.85	-4.54	0.30
26	Silver	15.95	2.73	-82.88	0.17
27	Others	511.20	447.47	-12.47	27.76
	Total	1,920.45	1,611.73	**-16.08**	**100.00**

अनुसूची ४ नेपाल व्यापार एकीकृत रणनीति २०८० को वस्तुस्थिति

1	**Exisitng**					
1.1	**Agricultural Sector**					
	Products	**2075/76**	**2076/77**	**2077/78**	**2078/79**	**2079/80**
1.1.1	Lentils	1,289,524,806	949,121,604	564,513,306	566,555,804	498,122,575
1.1.2	Tea	3,163,097,113	2,718,440,831	3,768,513,230	3,415,895,250	3,906,422,778
1.1.3	Cardamom	4,284,198,521	4,019,214,328	7,022,493,467	4,813,464,559	8,276,850,393
1.1.4	Ginger	512,295,556	435,777,579	448,363,902	641,456,463	1,222,233,427
1.1.5	Jute	5,526,693,527	5,006,709,662	6,297,631,390	7,114,170,516	3,517,376,878
	Total	14,775,809,523	13,129,264,003	18,101,515,295	16,551,542,592	17,421,006,050
1.2	**Forest Sectors**					
	Products					
		Value in Rs	**Value in Rs**	**Value in Rs**	**Value in Rs**	**Value in Rs**
1.2.1	MAPS	1,439,851,591	1,565,146,241	1,695,037,985	1,701,746,203	1,887,672,303
1.2.2	Rosin and Tepentine	1,702,359,864	998,905,629	1,322,265,092	2,108,948,941	1,916,493,301
1.2.3	Handmade Paper from Lokta	117,595,085	241,272,937	343,299,329	527,205,840	561,823,669
	Total	3,259,806,541	2,805,324,806	3,360,602,405	4,337,900,983	4,365,989,273
1.3	Large Industries					
	Products	**Value in Rs**	**Value in Rs**	**Value in Rs**	**Value in Rs**	**Value in Rs**
1.3.1	Yarn and Fabrics	12,402,660,243	9,270,592,680	10,204,368,696	13,688,605,078	12,087,261,867
1.3.2	Readmade Garments	2,387,231,244	1,937,903,247	2,660,285,388	3,376,413,860	3,548,305,036
1.3.3	Footwear	899,140,187	740,759,181	694,871,834	924,125,011	741,946,546
1.3.4	Iron steel and products	6,407,322,049	2,928,181,013	2,150,431,576	3,876,757,475	10,820,104,055
	Total	22,096,353,723	14,877,436,122	15,709,957,495	21,865,901,423	27,197,617,504
1.4	**Large Industries**					
		2018/19	**2019/20**	**2020/21**	**2021/22**	**2022/23**
		Value in Rs	**Value in Rs**	**Value in Rs**	**Value in Rs**	**Value in Rs**
1.4.1	Pasta	1,122,316,622	1,030,223,179	1,789,813,863	1,766,538,226	1,740,640,089
1.4.2	Woolen products (Including Felts)	3,208,366,132	2,603,896,292	4,576,043,183	5,776,097,212	5,878,463,137
1.4.3	Carpets	7,403,315,622	6,221,315,479	7,402,040,547	9,830,686,051	11,525,963,153
1.4.4	Pashmina	2,910,450,407	2,826,307,139	3,789,276,056	4,412,744,757	5,028,738,556
1.4.5	Jewellery	437,883,835	287,813,011	230,683,445	421,724,143	215,244,298
	Total	15,082,332,618	12,969,555,099	17,787,857,093	22,207,790,390	24,389,049,232
2	**Emerging and Potential Products in Future**					
2.1	**Emerging Products**					
2.1.1	Honey	9,525,275	5,688,984	12,626,240	29,539,528	18,491,158
2.1.2	Vegetable	130,262,890	115,787,040	130,619,894	205,533,219	225,850,927
2.1.3	Garlic	1,138,310	7,380,199	104,167	39,240	5,577,621
2.1.4	Fruits and Porcessed	4,582,269,099	3,443,578,464	4,243,469,223	6,093,096,107	6,647,218,566

	Products of Fruits					
2.1.5	Coffee	99,616,154	57,728,133	96,003,328	117,083,545	130,441,047
2.1.6	Pepper	4,052,507	33,818	3,866,601	19,307,398	28,184,281
2.1.7	Cinnamon	112,502,495	111,993,651	257,771,603	230,494,901	262,289,101
2.1.8	Cumin Seeds	2,917,964	1,138,561	-	-	510,363
2.1.9	Saffron	93,000	15,373	-	-	279,000
2.1.10	Turmeric	681,650	29,550	-	5,406,756	6,381,404
2.1.11	Himalayan Spring water	4,552	186,682	2,072,865	5,782,196	1,451,046
2.1.12	Churpi(Dog or cat food)	1,052,876,039	1,228,355,612	1,965,045,893	2,911,939,248	3,409,073,179
2.1.13	PPC Cement	-	-	83,213	1,292,544	358,950,867
2.1.14	Essential Oil	407,999,835	432,912,180	918,861,905	764,657,863	739,232,763
2.1.15	Handicraft	1,554,507,335	988,530,837	1,157,513,875	1,505,242,799	1,759,470,298
2.1.16	Hemp Fiber and Fabrics	3,605,445	12,255,992	14,595,998	18,539,245	12,766,273
	Total	7,962,052,550	6,405,615,074	8,802,634,805	11,907,954,591	13,606,167,894
2.2	**Potential Products in Future**					
2.2.1	**Hydrogen Energy**					
2.2.2	Precious Stones	159,861	17,463	254,314	5,985	36,076
2.2.3	Stone and stone products from Mines, River and Forest	51,805,367	40,125,103	15,491,343	11,539,799	24,577,127
	Total	**51,965,228**	**40,142,567**	**15,745,657**	**11,545,784**	**24,613,202**

सुदूरपश्चिम प्रदेशमा निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापन र अन्तरप्रदेश व्यापार संभावना भएका वस्तु तथा सेवाहरूको प्रोफाइल

२०८१

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

विषय-सूची

क्र.स.	विवरण	पेज नं
१.	पृष्ठभूमि	१
२.	नेपालको समग्र आर्थिक परिदृष्य	३
३.	सुदुरपश्चिम प्रदेशको सामान्य परिचय	११
४.	सुदुरपश्चिम प्रदेशमा उत्पादन हुने, निर्यात सम्भावना भएका, आयात प्रतिस्थापन गर्न सकिने तथा अन्तरप्रदेश व्यापार सम्भावना भएका वस्तुहरुको विश्लेषण	२१
५.	सुदुरपश्चिम प्रदेशमा निर्यात सम्भाव्य वस्तु तथा सेवाहरुको विश्लेषण	२८
६.	निर्यात प्रवर्द्धन गर्न सकिने सेवाहरु	४५
७.	निष्कर्ष	६०
८.	सुझाव	६०
९	सिफारिस	६१
१०.	अनुसूची १ : कृषिजन्य उत्पादनको समग्र वस्तुस्थिति	६४
११.	अनुसूची २ : प्रादेशीक तथ्याँक	७०
१२.	अनुसूची ३ : बैदेशिक व्यापार	९०
१३.	अनुसूची ४ : नेपाल व्यापार एकीकृत रणनीति २०८० को वस्तुस्थिति	९४

पृष्ठभूमिक

नेपालको संविधान अनुसार मुलुक संघीय संचरनामा प्रवेश गरे सँगै प्रादेशिक सरकारको अवधारणा अुनसार मुलुकमा सातवटा प्रदेशहरुको व्यवस्था गरेको छ । यस व्यवस्था अन्तर्गत प्रदेशभित्रको व्यापार प्रदेशभित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापन, कृषि तथा पशु विकास,कलकारखाना, औद्योगिकीकरण, व्यापार व्यवसाय, यातायात,उद्योग तथा खनिज र भौतिक पूर्वाधार पर्यटन, औद्योगीकरण अन्तरप्रादेशिक रूपमा फैलिएको जंगल, हिमाल, वन संरक्षण क्षेत्र जल उपयोग जस्ता विषयहरु प्रदेश सरकार संलग्न हुने क्रियाकलापका रुपमा संविधानको अनुसूचिमा व्यवस्था गरिएको छ ।

समानुपातिक विकास, प्रदेशभित्रका संभावनाहरुलाई उजागर गर्दै ती संभावनालाई कार्यान्वयनायोग्य बनाई आर्थिक वृद्धिबाट सम्वृद्धि हासिल गर्ने मुल मर्म प्रादेशिक संरचनाको व्यवस्थाभित्र अन्तरनीहित छ । यसकारण व्यवस्थित अध्ययनमा आधारित संभावनाको पहिचान गरी सोलाई मूर्त रुप दिने व्यवहारिक कार्यक्रमको आवश्यकता देखिन्छ । एकातिर कुनै प्रदेशका उत्पादनहरुले बजार पाई नरहेको अवस्था छ भने अर्कोतिर अन्य प्रदेशहरुमा ती वस्तुहरुको आपूर्तिमा न्युन हुन गई विदेशबाट हुने आयातबाट पूर्ति गरिरहनु परेको अवस्था विद्यमान छ । प्रदेशस्तरमा रहेको उत्पादनको यथार्थ अवस्था, उत्पादन वृद्धिका संभावनाहरु, नयाँ उत्पादन क्षेत्रको पहिचान र विद्यमान समस्याहरु तथा उत्पादन वृद्धिका कार्यक्रमहरु सञ्चालन गर्दा प्रदेश अनुसार अपनाउनु पर्ने विधिको पहिचानको आवश्यताका पनि त्यत्तिकै टड्कारो रुपमा देखा परेको छ ।

मुलुकको आयात दिनानुदिन तीव्रगतिमा बढिरहेको छ भने निर्यातमा झिनो र स्थीर प्रकृतिको वृद्धिले गर्दा मुलुकको व्यापारघाटा चिन्ताजनक रुपमा बढिरहेको छ । यसरी बढ्दो व्यापारघाटालाई न्युन गर्न नयाँ सम्भावनाहरुको पहिचान गर्न जरुरी भइसकेको छ ।

उपरोक्त पृष्ठभूमिमा प्रदेशमा उत्पादन हुने प्रमुख वस्तु तथा सेवाहरुको पहिचान गर्ने, सो का आधारमा आयात प्रतिस्थापन गर्न सक्ने तथा निकासी संभावना भएका भएका वस्तु तथा सेवाहरुको प्रोफाइल तयार गर्ने र अन्तरप्रादेशिक व्यापारको सम्भावना समेत पहिचान गर्नु पर्ने देखिन्छ । यही विषयलाई सम्वोधन गर्न नेपाल सरकारले आर्थिक वर्ष २०७४।७५ मा यस सम्वन्धी अध्ययन गरी प्रतिवदेन तयार गर्न कार्यक्रम वार्षिक बजेटमा समावेश गरेको परिप्रेक्ष्यलाई समेत दृष्टिगत गर्दै प्रदेशस्तरमा उपलब्ध निर्यात सम्भाव्य, आयात प्रतिस्थापन गर्न सकिने र अन्तरप्रदेश व्यापार सम्भावना भएका वस्तु तथा सेवाहरुको प्रोफाइल तयार गर्न लागिएको हो ।

अध्ययनको उद्देश्य र अपेक्षित उपलव्धी

उपरोक्त पृष्ठभूमिमा प्रदेशस्तरमा विद्यमान सम्भावनाहरुको खोजी र ती संभावनाहरुलाई व्यवहारमा उतारी विशेष गरी प्रदेशको आर्थिक उन्नत्ति र समग्रमा देशकै आर्थिक समुन्नत्तिका लागि पहल थाल्नु आवश्यक देखिन्छ । यही पलहकदमीको एउटा पाटोको रुपमा प्रदेशस्तरमा निर्यात सम्भावना भएका, ायातप्रतिस्थापन गर्न सकिने र अन्तरप्रदेश व्यापार सम्भावना भएका वस्तुहरु तथा सेवाहरुको प्रोफाइल तयार गर्न अध्ययनको थालनी गरिएको हो । यस अध्ययनको उद्देश्य र अध्ययनबाट प्राप्त उपलव्धी देहाय बमोर्जिम रहेको छ ।

उद्देश्यः

यस अध्ययनको उद्देश्य देहाय बमोजिम रहेको छ ।

(१) प्रदेशलाई आर्थिक रुपमा आत्मनिर्भर बनाई निर्यात अभिवृद्धि मार्फत मुलुककोबढ्दो व्यापारघाटालाई कम गर्न सहयोग पुचाउने

(२) अन्तर प्रादेशिक व्यापारलाई अभिवद्धि गर्ने

(३) आयातित मालवस्तुहरुलाई प्रदेशमा उत्पादित मालवस्तुहरुले प्रतिस्थापन गर्ने,

(४) प्रदेशस्तरमा सम्भावना भएका वस्तु तथा सेवा व्यापारका अवसरहरुलाई पहिचान गरी व्यापार प्रवर्द्धन तथा नीतिहरु तर्जूमा गर्न सहयोग पुचाउने ।

(५) भविष्यमा गरिने अध्ययनका लागि आधार दस्तावेजको रुपमा विकास गर्ने

उपलव्धीः

यो अध्ययन प्रतिवेदनबाट समग्रमा सिंगो मुलुकलाई र विशेषतः यस प्रदेशलाई देहाय बमोजिमका उपलव्धी हुने देखिएको छ ।

(१) प्रदेशका निर्यात सम्भावना भएका वस्तु तथा सेवाहरुको जानकारी हुने,

(२) प्रदेशमा आयात प्रतिस्थापन गर्न सकिने वस्तु तथा सेवाहरुको पहिचान हुने

(३) अन्तर प्रदेश व्यापारका सम्भावित वस्तु तथा सेवाहरुका सूचि तयार हुने

(४) उपरोक्त सूचिका आधारमा निर्यात सम्भावना भएका, आयात प्रतिस्थापन हुने र अन्तर प्रदेश व्यापार सम्भावनाका बारेमा प्रदेशलाई नीति तर्जुमा गर्न उपयोगी हुने

(५) भविष्यमा समान प्रकृतिका अध्ययन गर्न सन्दर्भ सामाग्री रुपमा प्रयोग गर्न सकिने

अध्ययनको विधिः

यो अध्ययन गर्दा सर्वप्रथम विभिन्न श्रोतहरु जस्तै कृषि तथा पशुपंक्षी मन्त्रालय, प्रदेश सरकारबाट प्रकाशित दस्तावेजहरु, उद्योग विभाग, कम्पनी रजिष्टारको कार्यालय, कृषि विभाग, खानी तथा भूगर्भ विभाग, केन्द्रीय तथ्याङ्क विभाग, वन विभागबाट विद्युत विकास विभाग, खाद्य तथा कृषि संगठन, आइटिसी, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र लगायतका विभिन्न उपलव्ध द्धितीयक तथ्याङ्क (Secondary Data) उपयोग गरिएको छ। अध्ययनका क्रममा संख्यात्मक (Quantitative) र गुणात्मक (Qualitative) तथ्याँकहरु दुवै प्रयोग गरिएको छ । संख्यात्मक तथ्याँकहरु उपलव्ध हुन नसकेको अवस्थामा गुणात्मक तथ्याँकलाई समेत प्रयोग गरिएको छ । उक्त तथ्याङ्कबाट प्राप्त उत्पादन सम्बन्धी विवरण, उद्योग सम्बन्धी विवरण, खानी सम्बन्धी विवरणलाई तालिकिकरण तथा वर्गिकरण गर्ने कार्य गरियो । तत्पश्चात उक्त तथ्याङ्क तथा विवरणहरु उपर प्रदेश स्थित विभिन्न उद्योग वाणिज्य संघ, उद्यमी, व्यवसायीहरुसंग अन्तरक्रिया गरी रुजु गर्ने कार्य सम्पन्न गरियो । त्यसबाट प्राप्त निस्कर्षहरुबाट प्रारम्भिक प्रतिवेदन तयार गरी उक्त प्रतिवेदनमा उल्लेखित विषयहरु उपर सरोकारवाला सरकारी निकायहरु, प्रदेश स्थित उ।वा। संघको सहभागितामा प्रदेशको राजधानीमा प्रस्तुतिकरण गर्नुका अतिरिक्त राय सुझाव संकलन गर्ने कार्य गरियो ।सम्पूर्ण राय सुझावलाई समेटी यो प्रतिवेदन तयार गरिएको छ ।

अध्ययनका सीमाहरु

यस अध्ययनका क्रममा देहाय बमोजिमका सीमाहरु रहेका छन् । यी सीमाहरुभित्र रही अध्ययनलाई सम्पन्न गरिएको छ ।

(१) द्धितीयक (Secondary) तथ्याँकको अधिक प्रयोग

(२) म्यानुफ्याक्चरिङतर्फ उत्पादनको तथ्याँक कमीले सूचनामा बढी निर्भर हुनु

(३) कृषि क्षेत्रको उत्पादन तथ्याँक २०७८/७९ मा सीमित रहनु

(४) सेवा व्यापारतर्फको क्षेत्रगत तथ्याँक उपलव्ध हुन नसक्नु

(५) प्रदेशस्तरमा उपभोगको तथ्याँक उपलव्ध नहुनु

१.६ अध्ययनका चुनौतिहरु

(१) प्रदेशमा वस्तुको माग र आपूर्तिको तथ्याँक संकलन गर्न,

(२) आयातित वस्तुहरुको खपतको तथ्याँक संकलन गर्न,

(३) भविष्यमा उत्पादनको अनुमानर प्रक्षेपण गर्न,

(४) लगानीका अवसरहरुको खोजी गर्न ।

नेपालको समग्र आर्थिक परिदृष्य

कुल ग्राहस्थ उत्पादन

केन्द्रीय तथ्याँक विभागको प्रादेशिक कुल ग्राहस्थ उत्पादन सम्वन्धी प्रकाशित सन् २०७९८० को तथ्याँक अनुसार नेपालको कुल ग्राहस्थ उत्पादन रु. ५३ खर्ब ४९ अर्ब करोड रहेको छ। आर्थिक वर्ष २०६७६८ मा नेपालको कुल ग्राहस्थ उत्पादन रु. १५ खर्ब ५९ रहेको थियो ।



यस अवधिमा कुल ग्राहस्थ उत्पादनमा पनि संरचनागत परिवर्तनहरु देखा परेका छन्। कुल ग्राहस्थ उत्पदनमा कृषि र बन क्षेत्रको योगदान क्रमश घट्दै गएको देखिन्छ भने कुल ग्राहस्थ उत्पादनमा गैरकृषि क्षेत्रको योगदानमा वृद्धि भईरहेको देखिन्छ ।

नेपालको वैदेशिक व्यापारको परिदृष्य

विगत दश वर्षको नेपालको वैदेशिक व्यापार तथ्याँक (वस्तुतर्फ)लाई हेर्दा आयातमा भारी वृद्धि देखिएको छ भने निर्यातको आकार र वृद्धिदर दुवै सानो देखिएको छ । विगत केही वर्षको तथ्याँकलाई हेर्दा नेपालबाट निर्यात भई रहेका प्रमुख वस्तुहरुमा पोलिष्टर तथा अन्य धार्गो, फलाम तथा स्टील र तिनका उत्पादनहरु, ऊनी गलैचा, तयारी पोशाक, जुट तथा जुटका उत्पादन, जुस, चिया, टेक्सटाइल, अलैंची, पशिमना सल, फेल्ट, जडिवुटी, मुसुरोको दाल र जुत्ता रहेका छन् ।नेपालको निकासी व्यापारमा

भारत, संयुक्त राज्य अमेरिका, जर्मनी, टर्की, युके, चीन, फ्रान्स, बंगलादेश, इटाली, जापान, क्यानडा, अष्ट्रेलिया, नेदरलेण्ड्स डेनमार्क आदि प्रमुख रुपमा रहेका छन् । नेपालको विगत दश वर्षको वस्तु व्यापार तर्फको वैदेशिक व्यापारको संचरना देहाय अनुसार रहेको छः ।

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको प्रारम्भिक तथ्याँक अनुसार आ.व. २०७९/८० मा नेपालको कुल वैदेशिक व्यापार अघिल्लो वर्षको सोही अवधिको तुलनामा १६.६ प्रतिशतले ह्रास आई रु १७६८.८७ अर्वमा झरेको

छ । कुल व्यापारमा निकासी तथा पैठारीको योगदान क्रमशः ८.९ प्रतिशत र ९१.१ प्रतिशत रहेको छ । समीक्षा अवधिमा नेपालको कुल निकासीमा २१.४ प्रतिशतले ह्रास आई रु १५७.१४ अर्व तथा कुल पैठारीमा १६.१ प्रतिशतले ह्रास आई रु. १६११.७३ अर्वमा झरेको छ । आ.व. २०७८/७९ मा निकासी– पैठारी व्यापारको अनुपात १:९.६ रहेकोमा आ.व. २०७९/८० को सोही अवधिमा निकासी– पैठारी व्यापारको अनुपात १:१०.३ रहन आएको छ ।

उक्त अवधिमा नेपालबाट निकासी भएका प्रमुख वस्तुहरुमा पामतेल, पोलिष्टर तथा अन्य धागो, ऊनी गलैंचा, फलाम तथा फलामका उत्पादनहरु, भटमासको तेल, अलैंची, जुट तथा जुटका सामानहरु, तयारी पोशाक, जुस, ऊनी फेल्टका उत्पादन, चिया, कुकुर विरालाका आहारा, पश्मिना शल, कपडा, चाऊचाऊ, रोजिन एण्ड रेजिन एसिड, जडीबुटी, नेपाली हातेकागज, अदुवा र जुत्ताचप्पल प्रमुख रुपमा रहेका छन् ।

समीक्षा अवधिमा पामतेलको निर्यातमा ५०.१ प्रतिशतले ह्रास आई रु २० अर्ब ५१ करोडमा झरेको छ । समीक्षा अवधिमा भटमासको तेलको निर्यातमा ८२.४ प्रतिशतले ह्रास आई रु. ८ अर्ब ४८ करोडमा सीमित भएको

छ । समीक्षा अवधिमा पोलिष्टर यार्नको निर्यातमा ८.१२ प्रतिशतले वृद्धि भई रु. ११ अर्ब ९२ करोड पुगेको छ । ऊनी गलैंचाको निर्यातमा समीक्षा अवधिमा २०.३ प्रतिशतले वृद्धि भई रु. ११ अर्ब ५१ करोड पुगेको छ । फलाम तथा तिनका उत्पादनको निर्यातमा १७९.१ प्रतिशतले वृद्धि भई रु १० अर्ब ८२ करोड पुग्न गएको छ । तयारी पोशाकको निर्यातमा समीक्षा अवधिमा १५.९ प्रतिशतले वृद्धि भई रु. ७ अर्ब ५२ करोड पुगेको छ । जुट तथा जुटका उत्पादनको निर्यातमा समीक्षा अवधिमा ४.१ प्रतिशतले ह्रास आई रु. ७ अर्ब ६४ करोडमा सीमित भएको छ । यसै गरी अर्को प्रमुख निर्यातजन्य वस्तु ऊनी फेल्टको निकासीमा समीक्षा अवधिमा ५.८ प्रतिशतले वृद्धि भई रु ५ अर्ब २३ करोड पुगेको छ । समीक्षा अवधिमा जुसको निकासीमा ९.२ प्रतिशतले वृद्धि भई रु.६ अर्ब ६३ करोड पुगेको छ ।

कृषिजन्य वस्तुको निर्यातमा अग्रणी स्थान हासिल गरिरहेको उत्पादन अलैंचीको निर्यातमा समीक्षा ७१.९ प्रतिशतले वृद्धि भई रु ८ अर्ब २८ करोड पुगेको छ । यसै गरी कृषिजन्य वस्तुको निर्यातमा अग्रणी स्थान हासिल गरिरहेको अर्को उत्पादन चियाको निर्यातमा पनि समीक्षा अवधिमा १४.६ प्रतिशतले वृद्धि भई रु ३ अर्ब ९४ करोड पुगेको छ ।

समीक्षा अवधिमा पामको तेल, भटमासको तेल तथा सुर्यमुखीतेल मा ६४ अर्ब २७ करोड बराबरको निकासी मूल्यमा ह्रास आएको हुँदा कुल निर्यातमा ह्रासको अवस्था देखिएको हो ।

आर्थिक वर्ष २०७९/८० मा प्रशोधित खाद्य तेल (भटमासको तेल, पामतेल, सुर्यमुखीतेल) को निर्यात नेपालको कुल निर्यातमा १९.७३ प्रतिशतको हिस्सा ओगट्दै प्रमुख निर्यातजन्य वस्तुका रुपमा कायमै रहेको छ । यस अवधिमा यी वस्तुहरुको कुल निर्यात रु २९ अर्ब ४३ करोड रहेको छ । प्रशोधित खाद्य तेलको निर्यात मध्ये पामतेल, भटमासको तेल तथा सूर्यमुखीतेलको निर्यातको हिस्सा नेपालको कुल निर्यातमा

क्रमशः: १३.१ प्रतिशत, ५.४ र ०.३ प्रतिशत रहेको छ। आर्थिक वर्ष *२०७९/८० मा प्लाइउडको निर्यातमा समीक्षा अवधिमा ५०९ प्रतिशतले वृद्धि भएको छ। प्लाइउडको प्रमुख निर्यात गन्तव्य मुलुकमा भारत रहेको छ।*

नेपालको निकासी व्यापारमा प्रमुख स्थान आगट्ने भारततर्फको निर्यातमा समीक्षा अवधिमा ३१.३ प्रतिशतले ह्रास आई रु १०६ अर्ब ७० करोडमा झरेको छ। भारततर्फको निकासीमा ह्रास आउनुमा भारततर्फ हुने पाम, भटमास तथा सूर्यमुखी तेलमा रु.६४ अर्ब २७ करोड बराबरको ह्रास आउनु नै प्रमुख कारणका रुपमा रहेको
छ। भारत बाहेकका अन्य मुलुकहरुको तर्फको निर्यातमा भने १२.६ प्रतिशतले वृद्धि देखिएको छ।

नेपालको कुल निकासीमा अघिल्लो आर्थिक वर्षको सोही अवधिमा भारततर्फको हिस्सा ७७.६० प्रतिशत रहेकोमा चालु आर्थिक वर्षको सोही अवधिमा सो हिस्सा ६७.८९ प्रतिशतमा झरेको छ। नेपालको निर्यात व्यापारमा महत्वपूर्ण रहेका अन्य मुलुकहरुमा संयुक्त राज्य अमेरिका, जर्मनी, युके, टर्की, फ्रान्स, क्यानडा, चीन, अष्ट्रेलिया, जापान, इटाली, नेदरलेण्ड्स, युएइ र डेनमार्क, प्रमुख रुपमा रहेका छन्।

पैठारीतर्फ आ.व. २०७९/८० मा अघिल्लो आर्थिक वर्षको तुलनामा पेट्रोलियम पदार्थको आयातमा ७.३ प्रतिशतले ह्रास आई रु. ३०९.७० अर्ब पुगेको छ। समीक्षा अवधिमा फलाम तथा स्टील र तिनका उत्पादनहरुको आयातमा ९.७७ प्रतिशतले ह्रास आई रु. १६७.२९ अर्ब, मशिनरी तथा पार्ट्समा ३०.१ प्रतिशतले ह्रास आई रु. १००.९८ अर्बमा झरेको छ। सूनको आयातमा २.८ प्रतिशतले वृद्धि भई रु ४३.९० अर्ब पुगेको छ। इलेक्ट्रिक र इलेक्ट्रोनिक सामाग्रीहरुमा ५.४ प्रतिशतले ह्रास आई रु. ६५.१७ अर्बमा सीमित रहेको छ। यातायातका साधन र तिनका पार्टपुर्जाको आयातमा ४७.७ प्रतिशतले ह्रास आई रु. ५१.९७ अर्बमा झरेको छ। कच्चा भटमास तेलको आयातमा ३६.७ प्रतिशतले ह्रास आई रु. ३५.५८ अर्बमा झरेको छ। अन्नको आयातमा २३.८ प्रतिशतले ह्रास आई ५६.६३ अर्बमा झरेको छ। समीक्षा अवधिमा औषधीको आयातमा ३७.९ प्रतिशतले ह्रास आई रु. ४४.६४ अर्बमा खुम्चिएको छ। दुरसञ्चारका सामाग्रीको आयातमा ३२.३ प्रतिशतले ह्रास आई रु ३६.३१ अर्बमा झरेको छ। यसैगरी रासायनिक मलको आयातमा ९०.४ प्रतिशतले वृद्धि भई रु ४०.७० अर्ब पुगेको छ। पाम तेलको आयातमा ३४.१ प्रतिशतले ह्रास आई २५.९१ अर्बमा सीमित भएको छ। नेपालको पैठारी व्यापारमा प्रमुख मुलुकहरुमा भारत, चीन, इण्डोनेशिया, युएई, अर्जेन्टिना, मलेशिया, संयुक्त राज्य अमेरिका, अष्ट्रेलिया, युक्रेन, कतार, थाइलेण्ड, ओमान, बेल्जियम र साउदी अरेबिया प्रमुख रुपमा रहेका छन्।

चालु आर्थिक वर्ष २०७९/८० मा अघिल्लो आर्थिक वर्षको तुलनामा समग्र पैठारीमा ह्रास आउँदा व्यापारघाटामा सुधार भएको छ। यस अवधिमा व्यापारघाटामा १५.५ प्रतिशतले ह्रास आई कुल व्यापारघाटा रु. १४५४.५९ अर्बमा झरेको छ।

आर्थिक वर्ष	निर्यात रु. अर्बमा	आयात रु. अर्बमा	व्यापार घाटा रु. अर्बमा
२०६५/६६	६८.६०	२९१.००	२२२.४०
२०६६/६७	६०.९५	३७५.६१	३१४.६६
२०६७/६८	६४.५६	३९७.५४	३३२.९७
२०६८/७९	७४.०९	४९८.१६	४२४.०७
२०६९/७०	७७.३५	६०१.२१	५२३.८६
२०७०/७१	९१.३६	७२२.७८	६३१.४२
२०७१/७२	८६.६४	७८४.५८	६९७.९४

२०७२/७३	७१.१४	७८१.१५	७१०.०१
२०७३/७४	७३.१३	९८५.९५	९१२.८३
२०७४/७५	८१.३३	१,२४५.१९	१,१६३.८६
२०७६/७७	९७.७१	१,१९६.८०	१,०९९.०९
२०७७/७८	१४१.१२	१,५३९.८४	१,३९८.७१
२०७८/७९	२००.०३	१,९२०.४५	१,७२०.४२
२०७९/८०	१५७.१४	१,६११.७३	१,४५४.५९

श्रोतः व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

यसै गरी नेपालमा आयात हुने प्रमुख वस्तुहरुमा पेट्रोलियम पदार्थ, फलाम तथा स्टील र तिनका उत्पादनहरु, मशिनरी तथा पार्ट्स, यातायातका साधन र तिनका पार्टपुर्जा, इलेक्ट्रिक र इलेक्ट्रोनिक सामाग्रीहरु, अन्न, हवाईजहाज तथा हवाईजहाजका पार्ट्स, तयारी पोशाक, सुन, चाँदी र हिरा, औषधी पोलिथिन ग्रेन्युल्स, रासायनिक मल, सिमेन्ट क्लिङ्कर, दुरसञ्चारका सामाग्रीहरु रहेको पाइन्छ । नेपालको पैठारी व्यापारमा भारत, चीन, युएई, फ्रान्स, इण्डोनेशिया, थाइलेण्ड, क्यानडा, मलेशिया, स्वीट्जरलेण्ड, संयुक्त राज्य अमेरिका, अर्जेन्टिना, भियतनाम, साउदी अरेबिया, युक्रेन प्रमुख रुपमा रहेका छन् ।

नेपालको निर्यातमा झिनो आकारको वृद्धि तथा सानो आयातन एवम् आयातमा विद्यमान ठूलो आकार र भारी वृद्धिका कारण मुलुकको व्यापार घाटा बर्षेनी भारी दरले वृद्धि भई रहेको छ । तर यो व्यापारघाटाका पछाडि सकारात्मक पक्षहरु पनि अन्तरनीहित रहेका छन् । भौतिक संरचना निर्माणका सामाग्रीहरु जस्तै फलाम, स्टील तथा तिनका सामानहरु, सिमेन्ट, आलुमुनियम, तामा जस्ता वस्तुहरुको आयातमा भएको वृद्धिले मुलुकको विकासमा सकारात्मक योगदान दिएको देखिन्छ । यसै गरी मुलुकका लागि अति आवश्यक औद्योगिक कच्चापदार्थहरु जस्तै कच्चा पाम आयल, सिमेन्ट क्लिंकर, पोलिथिन ग्र्यानुअल, रबर, रसायन जस्ता वस्तुहरुको आयात उल्लेख्य रुपमा भएको छ । मलको आयातमा वृद्धि देखितापनि यस्तो आयातले कृषि उत्पादन वृद्धिमा ठूलो भूमिका खेलिरहेको देखिन्छ ।

पेट्रोलियम पदार्थको आयातमा वृद्धि भए तापनि पेट्रोलियम पदार्थको अधिकाँश आयात औद्योगिक उत्पादन, मालवस्तु ढुवानी तथा सार्वजनिक यातायातमा खर्च भई रहेको सन्दर्भमा यी वस्तुहरुको आयातले पनि मुलुकको अर्थतन्त्रलाई सबल बनाउन महत्वपूर्ण योगदान दिएको पाइन्छ ।

नेपालले विगतमा निर्यात गरिरहेका तर वर्तमानमा आयात गरिरहेको वस्तुहरु

विगत केही दशक यता नेपालको निर्यात व्यापारमा सँरचतनागत परिर्वतनहरु देखा परेका छन् । कृषिजन्य काष्ठजन्य वस्तुहरुको खुद निर्यातकर्ता मुलुक हाल आएर यी उत्पादनहरुको खुद आयाताकर्ता भएको छ । निर्यातकर्ता व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको तथ्याँक अनुसार नेपालमा विगतमा धान, चामल, जुट तथा जुटका सामानहरु, गहुँको पीठो उल्लेख्य मात्रा निकासी गरिहेको पाइए तापनि हाल आएर यी वस्तुको आयात भारी मात्रा हुने गरेको छ । उक्त वस्तुहरु मध्ये धान, चामल आदि भारतमा निकासी भई रहेका हुन्थे भने गहुँको पीठो चीनतर्फ निकासी हुने गर्थ्यो । हाल कच्चा जुट विदेशबाट आयात गरेर जुटका प्रशोधित उत्पादनहरु निकासी गरिहेको छौं ।

कुनै समय भारतमा ठूलो परिमाणमा काठ निकासी भईरहे तापनि हाल आएर म्यानमार, इण्डोनेशिया जस्ता मुलुकहरुबाट काठहरु आयात भईरहेको छ । नेपालले विगतमा निकासी गरेका र हाल आयात गरिरहेका वस्तुहरुको उत्पादनलाई बृद्धि गर्ने सम्भावना रहि आएको परिप्रेक्षमा ती वस्तुहरुको उत्पादन अभिबृद्धि गरी पुनः निकासी तथा अन्तरप्रदेश व्यापार गर्न सकिन्छ ।

नेपाल एकीकृत व्यापार रणनीति २०८० का विशेषता

आधार वर्ष आ.व.२०७८/७९ मा रहेको व्यापार र कुल गार्हस्थ्य उत्पादनको अनुपात ४८.१ प्रतिशतबाट २०८४/८५ मा ५५ प्रतिशत पुर्‍याउने तथा आधार वर्ष आ.व. २०७८/७९ मा रहेको वस्तु तथा सेवाको निर्यात र कुल गार्हस्थ्य उत्पादनको अनुपात ६.३ प्रतिशतबाट २०८४/८५ मा २० प्रतिशत पुर्‍याउने लक्ष्य सहितको नेपाल एकीकृत व्यापार रणनीति २०२३ प्रकाशित भएको छ ।

वाणिज्य नीतिको साथै विश्व व्यापार संगठनमा प्रवेश गर्ने तयारीसँगै नेपालले सन् २००३ मा नेपाल व्यापार तथा प्रतिस्पर्धात्मक क्षमता अध्ययनको पछिल्लो प्रयास नेपाल व्यापार एकीकृत रणनीतिको तेश्रो सँस्करणका रुपमा नेपाल व्यापार रणनीति २०२३ सावर्जनिक भएको छ । विगतका दुई रणनीतिहरुले अपेक्षित लक्ष्यहरु प्राप्त गर्न प्रभावकारी नभएको विगतको अनुभव एवम् विगतका व्यापार एकीकृत रणनीतिले पहिचान गरेका वस्तु तथा सेवाको निर्यात वृद्धि दर कमजोर रहेको, नेपाल विकासशील राष्ट्रमा स्तरोन्नति हुने निर्णयसँगै सन् २०२६ पछि नेपालले अतिकम विकसित राष्ट्रको हैसियतले अन्तर्राष्ट्रिय व्यापारमा पाइरहेको सुविधा कटौतीको अवस्था, मुलुक संघीय शासन पद्धतिमा उपलव्ध आन्तरिक आपूर्ति तथा मूल्य श्रृंखला निर्माणमा नयाँ अवसर सिर्जना, गरिबी निवारण, समावेशी विकास एवम् लैंगिक सशक्तीकरण र सामाजिक समावेशीकरणको अवधारणा अनुरूप व्यापार रणनीतिको परिमार्जन गर्नुपर्ने परीस्थितिको पृष्ठभूमिमा नेपाल व्यापार एकीकृत रणनीति, २०८० को तर्जुमा गरिएको छ ।

यस रणनीतिमा समेटिएका ११ वटा विषयहरुको मिहीन विश्लेषण गरिएको छ । अन्तर्राष्ट्रिय व्यापार विस्तार र विश व बजारसँग व्यापार एकीकरणको लागि समष्टिगत आर्थिक तथा विकास नीतिको दृष्टिकोण र सुधारको समीक्षा, संघीयता, विकासशील राष्ट्रमा स्तरोन्नति र आर्थिक कूटनीतिका विषयलाई व्यापारिक क्षमता अभिवृद्धि गर्न अवलम्बन गर्नुपर्ने उपायको खोजी, व्यापारमा प्रतिस्पर्धात्मक क्षमता निर्माण र व्यापारबाट हुने लाभको समन्यायिक वितरणको लागि श्रम, सामाजिक समावेशिता र विपन्नको लागि बजारसँग सम्बन्धित विषय र गर्नुपर्ने सुधार, व्यापारिक पूर्वाधार विकास र व्यापार सहजीकरणको विद्यमान अवस्था र गर्नुपर्ने सुधार, नेपालका व्यापार साझेदार मुलुकका खाद्य तथा बाली गुणस्तर सम्बन्धी मापदण्डको सन्दर्भमा नेपाली उत्पादनलाई ती बजारमा प्रवेश गर्न र प्रतिस्पर्धी हुन सहज बनाउन गर्नुपर्ने सुधार, औद्योगिक उत्पादनको गुणस्तर मापन गर्ने पूर्वाधारमा सुधार र गुणस्तर सम्बन्धी मापदण्ड परिपालना सुनिश्चित गर्न आवश्यक नीति तथा संस्थागत सुधारका विषय, वैदेशिक लगानी प्रवर्द्धनको लागि असल नियामकीय वातावरण, लगानी सहजीकरण, सुशासन र बौद्धिक सम्पत्तिको रक्षा सम्बन्धी सुधारका विषय, उत्पादन तथा व्यापारको लागत न्यूनीकरण गर्न र उत्पादित वस्तुको गुणस्तर तथा आपूर्तिमा नियमितताको लागि चौथो र पाँचौं पुस्ताका औद्योगिक प्रविधि-उद्योग ४.० र उद्योग ५.० को उपयोगको सम्भावना, गर्नुपर्ने तयारी र सुझाव जस्ता विषयहरु उपर यस रणनीतिमा व्यापक अध्ययन र विश्लेषण गरिएको छ ।

यसैगरी अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्नसक्ने वस्तुको पहिचान तथा उदीयमान वस्तुको विकासका उपाय, अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्नसक्ने सेवाको पहिचान तथा सेवा क्षेत्रको विकासको लागि गर्नुपर्ने कार्य, रणनीति कार्यान्वयनको संयन्त्र तथा विधिका क्षेत्रमा समेत अध्ययन केन्द्रित गरिएको छ ।

यस रणनीति कार्यान्वयन गर्न रु.४ खर्ब ६३ अर्ब २५ करोड ७ लाख २० हजारको लागत लाग्ने अनुमान यो रणनीतिको विशेष आकर्षक पक्ष रहेको छ ।

विश्व माग सूचकलाई शून्य दशमलव ३५ अँक भार र निर्यात सम्पादन सूचकलाई शून्य दशमलव ६५ अँक भार दिई सो आधारमा वस्तु र सेवाको चयन गरिएको छ । यसरी ५० वटा उच्च अंक प्राप्त गर्ने वस्तुको

पहिचान गरी सूचीमा पर्न गएका धातुको स्क्र्याप, पिना र खाद्य उद्योगको खेर गएका सामग्रीलाई हटाएर सम्भावना भएका विद्यमान वस्तु, उदीयमान वस्तु र पछि निर्यात बढ्न सक्ने वस्तुको अनुसार ६ अंकको एचएस कोडका आधारमा वस्तुहरु चयन गरिएका छन् । विद्यमान वस्तुहरुलाई समेत कृषिजन्य, वनजन्य, ठूला उद्योगजन्य, साना उद्योगजन्य गरी चार वर्गमा वगीकृत गरिएको छ ।

कृषिजन्य वस्तुहरुमा अलैंची,, अदुवा, दलहन, जुट र चियालाई सुचीकृत गरिएको छ । यसैगरी वन्यजन्य क्षेत्रमा जडीबुटी तथा सुगन्धित वनस्पति, रोजिन र टर्पेन्टाइन, लोक्ताबाट बनेको हाते कागज रहेका छन् । यसैगरी ठूला उद्योगका निर्यातजन्य वस्तुहरुमा फलाम तथा स्टिल, धागो तथा कपडा र तयारी पोशाकलाई समेटिएको छ । साना तथा घरेलु उद्योगका उत्पादनहरुमा गलैंचा, गहना, पश्मिना, पास्ता, ऊनबाट बनेका फेल्ट लगायत सामानहरुलाई नेपाल व्यापार एकीकृत रणनीतिमा समावेश गरिएको छ ।

उदीयमान क्षेत्रमा सुगन्धित तेल, हिमालयन स्प्रिंग वाटर, तरकारी, फलफूल र तिनका प्रशोधित सामग्री, मसलाहरू, (दालचिनी, बेसार, लसुन, केसर, जीरा, मरिच र तेजपात), हस्तकला, लामा रेशाका कपडाहरू (अल्लो र हेम्पका रेशाहरू), कफी, पिपिसी सिमेन्ट, छुर्पी तथा महलाई समेटिएको छ ।

नयाँ तथा भविष्यमा सम्भावना हुन सक्ने वस्तुहरुमा हाइड्रोजन ऊर्जा, बहुमूल्य पत्थर, ढुंगा तथा ढुंगाजन्य उत्पादनहरु, सरोकारवालाहरुसँगको समन्वयमा आवश्यक नीतिगत तथा कानुनी परिमार्जन गरी हेम्प वा हेम्पजस्तै वनस्पति एवम सो बाट बनेका औषधीय गुण भएका वा सुगन्धित वस्तुहरुलाई समावेश गरिएको छ ।

सेवा व्यापार निर्याततर्फ पर्यटन, सूचना प्रविधि र इन्टरनेटमा आधारित सेवा, जलविद्युत्, निर्माण सेवा तथा दक्ष तथा अर्धदक्ष श्रम सेवा (विप्रेषण आउने सेवा) ५ वटा क्षेत्रहरुको पहिचान यस नेपाल एकीकृत व्यापार रणनीति २०२३ उल्लेख गरिएका छन् ।

सेवा निर्यातको प्रवर्द्धनको लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा कुनै प्रबन्ध नभएको पृष्ठभूमिमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको मौजुदा दरबन्दीभित्रै रही विद्यमान संगठन संरचनामा सामान्य फेरबदल गरी बहुपक्षीय व्यापार तथा व्यापार सहायता महाशाखा अन्तर्गत नेपाल व्यापार एकीकृत रणनीतिको प्रभावकारी कार्यान्वयन, वस्तु तथा सेवा निर्यात प्रवर्द्धन तथा व्यापार सहजीकरणका लागि प्रशासन समूहको एकजना उपसचिव, दुईजना शाखा अधिकृत र एकजना तथ्यांक अधिकृतको दरबन्दी हुने बजार विद्वता तथा निर्यात प्रवर्द्धन (Market Inteligence and Export Promotion) शाखा राख्न यस रणनीतिमा सिफारिस गरिएको देखिन्छ ।

नेपाल व्यापार एकीकृत रणनीतिको प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्यांकन, समन्वय तथा मार्गदर्शन गर्न नेपाल व्यापार एकीकृत रणनीति कार्यान्वयनको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने, स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट संशोधन गर्ने, नेपाल व्यापार एकीकृत रणनीति कार्यान्वयनको प्रगति समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने र मार्गदर्शन दिने तथा नेपाल सरकारले समय समयमा तोकेका अन्य कार्य गर्ने गरी उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रीको अध्यक्षतामा २१ सदस्यीय राष्ट्रिय निर्देशक समितिको पनि प्रस्ताव गरिएको छ । यसैगरी नेपाल व्यापार एकीकृत रणनीतिको कार्यान्वयन र समन्वय गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको बहुपक्षीय व्यापार तथा व्यापार सहायता महाशाखाका सहसचिव संयोजक रहने गरी प्राप्त बजेट सीमाको आधारमा वार्षिक कार्यक्रम तथा बजेट निर्माण गर्ने, वार्षिक कार्ययोजना तयार गर्ने र प्रत्येक कार्यान्वयन निकायलाई अख्तियारी दिनुपर्ने रकमको निर्णय गर्ने, रणनीति कार्यान्वयनको प्रगति अनुगमन गर्ने र त्रैमासिक तथा वार्षिक प्रगति विवरण तयार गर्ने, कार्यान्वयनको क्रममा देखिएका

समस्याको बारेमा छलफल गर्ने, समाधान खोज्ने र कार्यान्वयन गर्ने निकायलाई सहयोग गर्ने, साझेदार निकायसँग समन्वय गर्ने तथा राष्ट्रिय निर्देशक समितिले तोकेका अन्य कार्य गर्ने गरी राष्ट्रिय कार्यक्रम कार्यान्वयन इकाई गठन गर्न प्रस्ताव गरिएको छ ।

नेपाल एकीकृत व्यापार रणनीति २०२३ लाई क्षेत्रगत अवधारणा (SWAP) अनुरूप कार्यान्वयन गर्ने ढाँचा अपनाउन सिफारिस गरिएको छ भने नेपाल व्यापार एकीकृत रणनीति कार्यान्वयन गर्न छुट्टै बजेट उपशीर्षकको व्यवस्था गर्न प्रस्ताव गरिएको छ । रणनीतिको आधारमा तयार गरिएको वार्षिक कार्यक्रमको लागि यसै उपशीर्षकमा बजेट प्रबन्ध गर्ने र बजेटको अख्तियारी राष्ट्रिय कार्यक्रम कार्यान्वयन इकाईलाई दिने व्यवस्था गर्न प्रस्ताव गरिएको छ । इकाईले सम्बन्धित कार्य कार्यान्वयनको लागि जिम्मेवार निकायलाई स्वीकृत कार्यक्रम अनुसार बजेटको अख्तियारी विधिलाई पनि रणनीतिमा प्रस्ताव गरिएको छ ।

यसै गरी बजेट तर्जुमा गर्दा रणनीति कार्यान्वयन बजेट सीमाको आधारमा राष्ट्रिय कार्यक्रम कार्यान्वयन इकाईले सम्बन्धित निकायलाई बजेट सीमा सहित कार्यक्रम प्रस्ताव गर्न अनुरोध गर्ने, सम्बन्धित निकायबाट प्राप्त प्रस्तावको आधारमा वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गरी राष्ट्रिय निर्देशक समितिबाट स्वीकृत गराई अर्थ मन्त्रालय तथा राष्ट्रिय योजना आयोगमा कार्यक्रम तथा बजेट प्रस्ताव गरिने विधिलाई यस रणनीतिमामा प्रस्ताव गरिएको छ ।

यो रणनीति कार्यान्वयन गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत रहेका स्वायत्त संस्था, निजी क्षेत्रका छाता संस्था तथा मातहतका निकायहरू, विषयगत मन्त्रालय तथा निकायहरू, विदेशस्थित नेपाली कूटनीतिक नियोगहरू, अवैतनिक वाणिज्यदूत र नेपालस्थित विदेशी कुटनीतिक नियोग र मुलुकका अवैतनिक वाणिज्यदूत, विकास साझेदारबीचको सहकार्य, सहयोग र समन्वयलाई प्रभावकारी आवश्यक रहेको पक्षलाई आत्मसात् गर्दै यसका लागि पनि रणनीतिमा कार्यान्वयन विधिको प्रस्ताव समेत गरिएको छ ।

प्रदेशको सामान्य परिचयः

नेपालको संविधान बमोजिम नेपाललाई ७ प्रदेशमा विभाजन गरियो । यी मध्ये साविकका महाकाली अञ्चलका ४ जिल्ला र सेती अञ्चलका ५ जिल्लाको सुदूरपश्चिम प्रदेश कायम भयो । भौगोलिक रुपमा यस प्रदेशले हिमाल, पहाड र तराई गरी तिनै धरातलीय स्वरुपलाई समेटेको छ । त्यस्तै हावापानीको दृष्टिकोणले हेर्दा पनि यस प्रदेशमा नेपालमा पाइने सबै प्रकारको (उष्ण मनसुनी देखि टुन्ड्रा) हावापानीविद्यमान रहेको छ ।

यो प्रदेश १०९ मिटर देखी ७१३२ मिटर सम्म उचाई र २८° २२" उत्तरी अक्षांश देखि ३०° ०९" उत्तरी अक्षांश र ८०° ०३" पूर्वी देशान्तर देखि ८१° २५" पूर्वी देशान्तरका सम्म फैलिएको छ। यस प्रदेशकोसबैभन्दा अग्लो भू(भागको रुपमा अपि हिमाल (७,१३२ मीटर) र होचो भू(भागको रुपमा कैलाली जिल्लामा (१०९ मिटर) रहेको छ ।

नेपालको कुल क्षेत्रफल १,४७,१८१ वर्ग कि.मि. मध्ये सुदुरपश्चिम प्रदेश ले १९,५३९ वर्ग कि.मि. अर्थात् १३.२७५ क्षेत्रफल ओगटेको छ । यसमा प्रदेशको कुल क्षेत्रफलमा हिमाली भू.भाग ७,९३२.८३४वर्ग कि.मि. (४०.६०५), पहाडी भू.भाग ६,७४८.७७०६ वर्ग कि.मि. (३४.५४५) र तराई भू.भाग ४,८५७.३९५४ वर्ग कि.मि. (२४.८६५) पर्दछ । यस प्रदेशमा पहाडी तथा हिमाली भु(भाग बढी रहेकोछ । यो प्रदेश नेपाल राज्यको करीब पश्चिम भागमा पर्दछ । यो प्रदेशका २ जिल्ला (कैलाली र कञ्चनपुर) तराई क्षेत्रमा, ४ जिल्ला (डोटी, डडेल्धुरा, अछाम, बैतडी) पहाडी क्षेत्रमा र ३ जिल्ला (दार्चुला, बझाङ र बाजुरा) हिमाली क्षेत्रमा पर्दछन ।

यस प्रदेशको सिमाना पूर्वमा कर्णाली प्रदेशका सुर्खेत, दैलेख, कालीकोट र मुगु जिल्ला तथा ५ न. प्रदेशको बर्दिया जिल्ला पर्दछ । पश्चिम र दक्षिणमा भारत, उत्तरमा कर्णाली प्रदेशको हुम्ला जिल्ला तथा मित्र राष्ट्र चीनको स्वशासित क्षेत्र तिब्बत रहेको छ ।

नेपालको संविधान अनुसार नेपालको शासकीय स्वरुप संघीय संरचनामा नेपाललाई ७५३ स्थानीय तह, ७ प्रदेश र संघीय सरकारको रुपमा विभाजन गरिएको छ । यो विभाजन मध्ये यस सुदूरपश्चिम प्रदेश अन्तर्गत दार्चुला, बैतडी, डडेल्धुरा र कञ्चनपुर, सेती अञ्चलका बझाङ्ग, बाजुरा, डोटी, अछाम र कैलाली गरी जम्मा ९ जिल्ला रहेका छन् । १ उपमहानगरपालिका, ३३ नगरपालिका र ५४ गाउँपालिका गरी जम्मा ८८ स्थानीय तह रहेका छन् ।

२०६८ सालको जनगणना यस प्रदेशको जनसंख्या २६,९४,७८३ रहेको छ । यस मध्ये पुरुषको जनसंख्या १२,१७,८८७ र महिलाको जनसंख्या १४,२१,९९७ रहेको छ ।

प्रमुख नदीनाला र तालहरु

यस प्रदेशका प्रमुख नदीहरुमा सेती नदी र महाकाली हुन अन्य सहायक नदीहरुमा चमेलीया, बुढीगंगा, दरगंगा, सुर्नाया, ढिकगाड, होपरीगाड, रंगुन, डोटेली गाड, स्पालगाड, खुवटया, मोहना, श्चशसैया, बानरा, आदि हुन । यस क्षेत्रका पर्ने प्रमुख तालहरुमा कैलाली जिल्ला घोडाघोडी ताल विश्व सम्पदा सूचीमा सूचिकृत सिमसार क्षेत्रको रुपमा परिचित हुनुका साथै धार्मिक दृविकोणबाट समेत प्रर्सिद्ध छ । कञ्नपुर जिल्लामा रहेको झिलमिला ताल, बेदकोट ताल, डडेल्धुराको आलीताल, डोटी जिल्लामा रहेको छतिवन ताल आदि छन् भने डोटी, अछाम, बझाङ र बाजुरा जिल्लाको बिचमा रहेको खप्तडताल यस क्षेत्रको प्रमुख पयिटकीय आर्कषणको रुपमा रहेको छ ।

प्रमुख धार्मिक स्थलहरु

यस प्रदेशमा थुप्रै धार्मिक स्थलहरु रहेका छन । जसमध्ये डोटीको खप्तड, अछामको रामारोशन, बाजुराको बडीमालिका, बझाङको तपोवन, ऋषिकुण्ड र सुर्मासरोबर, बैतडीको रौलाकेदार र सिगास, दार्चुलाको मार्लकार्जुन, लटीनाथ, गल्लाकेदार र हुनैनाथ, कैलालीको बेहडाबाबा आदि हुन । यस क्षेत्रका प्रमुख मन्दीरहरुमा बाजुरामा बडीमालिका, बझाङमा सुर्मादेबी, जल्फादेबी, मष्टा र दुर्गा, दार्चुलाको मार्लकार्जुन, लटीनाथ, गल्लाकेदार, बैतडीको त्रिरपुरासुन्दरी, निङ्गलासैनी, जगन्नाथ, ईश्वरी गंगाधाम, कृष्णमन्दिर, महारुद्र, मेलौली भगवती, ग्वालेक केदार र राताशिला, डडेल्धुराको उग्रतारा, भागेश्वर, घण्टेश्वर, डोटीघटाल र बेताल, अछामको बैजनाथ, बर्मादेवी, डोटीको शैलेश्वरी, केदार, लानाकेदारेश्वर, कञ्चनपुरको सिद्धनाथ, बैजनाथ र विष्णु मन्दिर, कैलालीको गोदावरी,वनदेवी, बेंहणा बाबा तथा नैनादेवी आदि प्रमुख हुन ।

प्रमुख पर्यटक स्थलहरु

यस क्षेत्रका प्रमुख पर्टक स्थलहरुमा खप्तड, बुढीनन्दा देवी, शुक्लाफाटा, सुर्मासरोबर ताल, महाभारतपर्वत, घनघश्यालेक, भेल्छडा, पाताल भुमेश्वर, रौलाकेदार, घोडाघोडी ताल, अजयमेरुकोट, आलीताल, बेतकोट, व्यास हिमाल, सैपाल हिमाल, बडीमालीका, मेलौली भगवती,उग्रतारा मन्दिर, टिकापुर पार्क,अपि हिमाल, रामारोशन क्षेत्र,दोधाराचादनी झोलुङ्गे पुल,कर्णाली पुल आदि पर्दछन ।

सुदूरपश्चिम प्रदेशस्थित भन्सार कार्यालयहरु मार्फत वैदेशिक व्यापार

अन्य प्रदेशका भन्सार कार्यालयहरु र सुदूरपश्चिमका भन्सार कार्यायलहरु मार्फत हुने निर्यात आयातमा तात्विक भिन्नता छ। विशिष्ट भौगोलिक उपस्थितिका कारण कैलाली भन्सार कार्यालय, कञ्चनपुर भन्सार कार्याल, झुलाघाटा भन्सार कार्यालय र ती भन्सार कार्यालय माहहतका छोटी भन्सार कार्यालयहरु मार्फत हुने निर्यात आयात सुदूरपश्चिमको बजार लक्षित आयात निर्यात हुने गर्दछ । ती भन्सार विन्दूहरुबाट हुने निर्यात आयात अन्य प्रदेशमा जाने सम्भावना न्युन रहेको स्थानीय व्यवसायीहरुको भनाई रहेको छ। यसर्थ यी भन्सार विन्दू भएर हुने निर्यात आयात सूदूरपश्चिम प्रदेशबाट हुने निर्यात आयातका रुपमा लिन सकिन्छ।

साविक सुदूरपश्चिम विकास क्षेत्र र हाल सुदूरपश्चिम प्रदेशको सीमाना एउटै भएको हुँदा विगतको तथ्याँकलाई समेत हेर्दा यस प्रदेशका भन्सार कार्यालयहरु मार्फत भएको निर्यात र आयातको प्रवृत्ति देहाय बमोजिम रहेको छ।

निर्यात

सदूरपश्चिम प्रदेशका भन्सार कार्यालयहरु मार्फत भएको प्रमुख वस्तुहरुको निर्यात	
वस्तुको नाम	**मूल्य रु हजारमा**
रोजिन, रेजिन एसिड र टपेन्टाइन तेल	५९६,३८६
वनस्पतिका उत्पादनहरु	१२७,३५४
कच्छ	१८,४३५
जीवित जनावर	१६,७६६
हस्तकलाका सामानहरु	१२,२३८
सारतेल	३,७३३
अन्य	१,७०६
कुल	७७६,६१८

श्रोतः व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

आयात

सदूरपश्चिम प्रदेशका भन्सार कार्यालयहरु मार्फत भएको प्रमुख वस्तुहरुको आयात	
वस्तुको नाम	**मूल्य रु हजारमा**
खनिज इन्धन	७,०२५,१६२
मशिनरी तथा पार्ट्स	२,०८८,१८२
अन्न	१,१८०,७३८
यातायातका साधननहरु	९२१,९६३
तयारी खाद्य पदार्थ	८७६,६५०
कागज	७७१,२८३
खाद्य उद्योगको परिकारहरु	६३०,९११
तरकारी	५३९,७८५
विजुलीको सामानहरु	३६९,६७८
फलफुल	३४७,५२७

सदूरपश्चिम प्रदेशका भन्सार कार्यालयहरु मार्फत भएको प्रमुख वस्तुहरुको आयात	
वस्तुको नाम	**मूल्य रु हजारमा**
अन्य	३,५७६,८८९
कुल	१८,३२८,७६९

श्रोत: व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

सुदुरपश्चिम प्रदेशमा अवस्थित भन्सार विन्दूहरुबाट भएको प्रमुख कृषिजन्य वस्तुको आयात

सुदूरपश्चिम प्रदेशमा हिमाल पहाड तराई तिनै थरीको भुगोलमा शीतोष्ण, समशीतोष्ण र ग्रीष्म तीनै ओटा जलवायुमा फल्न सक्ने कृषि उत्पादनको संभावना भएतापनि यस प्रदेशमा कृषिजन्य वस्तुहरुको आयात पनि प्रशस्त मात्रामा हुने गरेको छ। सुदूरपश्चिम प्रदेशका भन्सार कार्यालयहरु मार्फत आर्थिक वर्ष २०७४।७५ भएको कृषि जन्य वस्तुहरुको प्रमुख आयात देहाय बमोजिम रहेको छ।

सुदूरपश्चिम प्रदेशका भन्सार कार्यालयहरु मार्फत भएको कृषि जन्य वस्तुहरुको प्रमुख आयात		
वस्तुको नाम	**परिमाण मेट.मा**	**मूल्य रु हजारमा**
माछा	५४८	६७,७४४
फुल	१५७	२,९५१
आलु	९९,४७१	३८२,५६१
ताजा प्याज	४५५	१४,६८४
सुख प्याज	५,८६१	६८,५८८
केरा	५८९	२७,५१५
आँप	४८३	१८,५६४
अँगुर	५२०	२७,९६१
स्याऊ	९०७	६१,२२३
मकै	१२,९१३	३०१,५०४
चामल	१८,८२९	८२८,०८५
ममफली	२	१९७५।२५१
सर्स्यु	२,११९	९५,७६९
चिनी र मिठाई	१,७७१	१०७,६३९
विस्कुट	५,२६८	७०९,९५५
टोष्टेड ब्रेड	२५०	४२,०२६
बेकरीका परिकारहरु	३०५	७२,०३९
दालमोठ	१,८३५	२९०,०३५
कुरमुरे	५	१,१७७
स्पिरीट	८४०	६०,२६८
पिना	११,८३३	५७६,२७६
सूर्ती	१४३	३३,००३

व्यापारका दृष्टिमा सुदूरपश्चिम प्रदेश SWOT विश्लेषण

साहित्य पुनरावलोकन, प्रदेश सरकार र निजी क्षेत्रसँग गरिएको अन्तरक्रियाका आधारमा सुदूरपश्चिमको समग्र पक्ष (सबलता, दुर्बलता, अवसर र हाँक) को विश्लेषण गर्दा देहाय बमोजिमको निचोडहरु प्राप्त भएका छन्।

सबल पक्ष	कदुर्वल पक्ष
• जलविद्यतुमा एकतिहाई हिस्सा • भारत र चीन जोडन् प्रदेश • भारततिरको ठूलो जनसख्या • हिमाल पहाड तराईको सँगम • खाद्यान्नमा लगभग लगभग आत्मनिर्भर • बहुमूल्य जडीबुटीको भण्डार • भुगोल अनुसार बैमौसमी अर्गानिक उत्पादन हुने • पर्यटनको उज्ज्वल सम्भावना • अपि सयपाल हिमालको अवस्थिति • मानसरोवरको छाटो बाटो	• पूर्वाधारको कमी • दक्ष जनशक्तिको कमी • शिक्षाको कमी
हरु अवसर	**हाँक**
• लगानीका लागि उर्वर • भारत र चीनको बजार • उर्जाको भण्डार • सस्तो श्रम • कम खर्चिलो जीवनयापन	• अन्तरप्रदेशीय प्रतिस्पर्धा • खुल्ला सीमाना • इकोनोमी स्केलको कमी • जनताको क्रयशक्ति न्युन

सुदूरपश्चिम प्रदेशका केही प्रमुख कृषिजन्य वस्तुहरुको उत्पादन स्थिति

सुदूरपश्चिम प्रदेशमा हिमाल देखि तराईसम्म फल्ने सबै प्रकारका खाद्यान्नहरु प्रशस्तमात्रामा उत्पादन हुन्छ । सुदूरपश्चिमको वर्तमान जनसंख्या, नेपालको औसत प्रतिव्यक्ति उपभोग र उत्पादनका आधारमा हेर्दा सुदूरपश्चिम प्रदेशको प्रधान खाद्यान्न बालीको उत्पादन उपभोग र सन्तुलनको अवस्था देहाय बमोजिम रहेको छ ।

खाद्यान्न

सुदूरपश्चिम प्रदेशमा अन्न उत्पादनको अवस्था			
खाद्यान्न	**उत्पादन मे.ट.**	**उपभोग मे.ट.**	**सन्तुलन मे.ट.**
चामल	४०३४६२	३२९,४४५	७४०१८
मकै	९८९४७	४९,२२१	४९७२६
गहुँ	२९४०३४	५९,२८९	२३४७४५
कोदो	१५०५३	९,७८८	५२६५
फाफर	१५८	२८०	–१२२
जौं	६६१३	२८०	६३३३

श्रोतः कृषि तथा पशुपक्षी विकास मन्त्रालय तथा केन्द्रीय तथ्याँक विभागको एनुअल हाउसहोल्ढ सर्बे २०१४।१५ तथा राष्ट्रिय जनगणना २०६८

सुदूरपश्चिम प्रदेश खाद्यान्न जस्तै नगदेवाली लागि प्रख्यात रहेको छ। यस प्रदेशमा तेलहन र आलु प्रशस्त मात्रामा उत्पादन हुने गरेको पाइन्छ। यस प्रदेशका प्रमुख नगदेबालीहरुको आर्थिक तेलहन, आलु र उखुको उत्पादन देहाय बमोजिम रहेको छ।

तेलहन	क्षेत्रफल हेक्टरमा	३०,७३१
	उत्पादन मे. ट.	३९,८९३
आलु	हेक्टरमा	१४,९१८
	उत्पादन मे. ट.	२००,३६८
उखु	हेक्टरमा	५,६६५
	उत्पादन मे. ट.	२४६,४७०

श्रोतः कृषि तथा पशुपक्षी विकास मन्त्रालय,

प्रमुख तेलहनको उत्पादन

तोरी	क्षेत्रफल हेक्टरमा	२७,२७१
	उत्पादन मे. ट.	२९,६३१
सस्यू	क्षेत्रफल हेक्टरमा	१२७
	उत्पादन मे. ट.	७९
रायो	क्षेत्रफल हेक्टरमा	४३
	उत्पादन मे. ट.	३१
सूर्यमुखी	क्षेत्रफल हेक्टरमा	७८
	उत्पादन मे. ट.	८८
तिल	क्षेत्रफल हेक्टरमा	५२८
	उत्पादन मे. ट.	५३६
बदाम	क्षेत्रफल हेक्टरमा	७७
	उत्पादन मे. ट.	९९
आलस	क्षेत्रफल हेक्टरमा	५४५
	उत्पादन मे. ट.	३४४

श्रोतः कृषि तथा पशुपक्षी विकास मन्त्रालय,

मसलाजन्य वस्तुहरु

मसलामा प्रयोग हुने कृषिजन्य उत्पादनहरु पनि सुदूरपश्चिम प्रदेशमा प्रशस्तमात्रामा उत्पादन हुने गर्दछ। कृषि तथा पशुपक्षी विकास मन्त्रालयको को तथ्याँक अनुसार प्रदेशमा मसलाजन्य कृषि वस्तुहरुको उत्पादन देहाय बमोजिम रहेको छ।

अलैची	कुल क्षेत्रफल	१८
	उत्पादित क्षेत्रफल	७
	उत्पादन	३
अदुवा	क्षेत्रफल हेक्टरमा	१,५९०
	उत्पादन मे. ट.	२६,४०८

लसुन	क्षेत्रफल हेक्टरमा	१,६४७
	उत्पादन मे. ट.	१४,९९१
बेसार	क्षेत्रफल हेक्टरमा	१,३५०
	उत्पादन मे. ट.	१५,७८१
खुर्सानी	क्षेत्रफल हेक्टरमा	१,०६५
	उत्पादन मे. ट.	३,५४६

श्रोतः कृषि तथा पशुपक्षी विकास मन्त्रालय,

पशुपक्षी

तीनओटा जलवायुयुक्त भुगोलको कारण सुदूरपश्चिम प्रदेशमा सबैप्रकार पशुपक्षीहरु प्रशस्त मात्रामा पाइन्छन् । प्रशस्तमात्रा चरन क्षेत्रको उपलव्धता तथा पशुपालन आयआर्जनको मुख्य श्रोत रहेका कारण पनि यस प्रदेशमा पशुपक्षीहरु पालन हुने गरेको छ जसको विवरण यसप्रकार रहेको छ ।

पशुपक्षीको नाम	संख्या
गाईवस्तु	१,०१०,८४५
भैसी	५१९,५९९
भेडा	१०२,५७१
बाखा	१,०७८,२९०
सुँगुर	६०,२८८
कुखुरा	२,९८७,४२८
हाँस	१३,६१८

श्रोतः कृषि तथा पशुपक्षी विकास मन्त्रालय,

दुध उत्पादनको अवस्था

सुदूरपश्चिम प्रदेशमा गाई भैसी सबैप्रकार दुध उत्पादन हुने गरे तापनि भैसीको दूधको हिस्सा अरु दुधको हिस्साको तुलनामा बढी रहेको छ। गाई र भैसीको संख्या लगभग बराबर रहेतापनि कुल दुध उत्पादनमा भैसीको दुधको हिस्सा करिव ५६ प्रतिशत रहेको छ। सुदूरपश्चिम प्रदेशमा दुधालु गाई भैसी र दुध उत्पादनको विवरण यसप्रकार रहेको छ ।

गाईवस्तुको नाम	संख्या
दुध दिने गाई	१४८०५५
दुध दिन भैंसी	१४८४६५
गाईको दुध मे.ट.मा	९२०६२
भैसीको दुध मे.ट. मा	११६७९२
कुल दुध उत्पादन मे.ट. मा	२०८८५४

मासु उत्पादन ()

मासुको प्रकार	उत्पादन मे.ट.मा
रागा	१८६०५
खसी	७३५४

सागुर	१०२४
कुखुरा	२८०२
हाँस	७
कुल	२९७९२

पँक्षी र अण्डा

विवरण	संख्या हजारमा
कुखुराको अण्डा	४७९१३
हासको अण्डा	५०३
कुल	४८४१६

माछा

विवरण	सुदूरपश्चिम प्रदेश
पोखरी संख्या	२,५०२
क्षेत्रफल	३१३
उत्पादन मे.ट.	१,३७७

तरकारी

सुदूरपश्चिम प्रदेशमा तीनवटै जलवायुमा छ ओटै ऋतुमा फल्ने तरकारीहरु उत्पादन हुने गरेको छ। कृषि तथा पशुपक्षी विकास मन्त्रालयको मा प्रकाशित तथ्याँक अनुसार यस प्रदेशमा उत्पादित तरकारीको विवरण यसप्रकार रहेको छ।

विवरण	उत्पादन मे.ट.	विवरण	उत्पादन मे.ट.
काउली	२१,९१८	भाण्टा	१४,८८३
बन्दा	२४,३१२	प्याज	२१,३२३
ब्रोकाउली	९३०	काक्रो	२१,१५९
टमाटर	२२,६९१	फर्सी	१४,८१२
मुला	२१,०१३	तितेकरेला	८,५३२
साग	१२,५५१	बरेला	३१८
गाँजर	६७१	घिरौला	६,४४७
गाण्टेमुला	२३३	चिचिण्डो	५,०३९
भेडे खुर्सानी	१,२५६	लौका	१३,५१०
केराऊ कोसा	३,४८७	कुपिण्डो	६४६
गेडागुडी	३०५७८	तरबुजा	५,७११
रुख टमाटर	२०	धनियाको पात	५,९६९
अबकरे	२६९	मेथीको पात	६,००६
खुसार्नी	२०,८७१		

श्रोतः कृषि तथा पशुपक्षी विकास मन्त्रालय

प्रमुख उद्योगहरुको विवरण

सुदूरपश्चिम प्रदेश औद्योगिकीकरणको युगमा प्रवेश गर्न लागेको छ । यस प्रदेशमा चिनी, विस्कुट, मदिरा, खाद्य प्रशोधन लगायत ठूला र साना उद्योगहरु स्थापना भई सञ्चालनमा रहेको छन् । यसप्रदेशमा रहेका उद्योगहरुको संक्षीप्त विवरण देहाय बमोजिम रहेको छ । सुदूरपश्चिम प्रदेशको उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयको तथ्याँक अनुसार जिल्लामा कुल २०५३७ विभिन्न स्तरका उद्योगहरु स्थापना भई सञ्चालनमा रहेको पाइन्छ । ती उद्योगहरु कुल रु १२ अर्ब लगानी रहेको र सोबाट वार्षिक रु ५३ अर्बको उत्पादन हुने तथ्याँक रहेको उक्त मन्त्रालयको तथ्याँकमा उल्लेखित छ । सुदूरपश्चिम प्रदेशमा निम्न प्रकारका उद्योगहरु कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भई सञ्चालनमा आएका छन् ।

कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भएका सुदूरपश्चिम प्रदेश अवस्थित कम्पनीहरुको वर्गीकरण					
निर्माण	२१५	धातु	४	जियोटेक	१
व्यापार	९९	बजार व्यवस्थापन	३	ब्राखा अनुसन्धान	१
कृषि	९१	पशुआहार	२	हार्डवेयर	१
शिक्षा	८७	इटा	२	ह्याचरी	१
परामर्श	५६	विजुली उद्योग	२	लगानी	१
यातायात र ढुवानी	५४	मत्स्यपालन	२	मासु	१
तालीम केन्द्र	४३	जुत्ता	२	औषधी आपूर्ति	१
आतिथ्य उद्योग	३३	तयारी पोशाक	२	पानी	१
सञ्चार	३१	इन्टरनेट सेवा	२	प्याराग्लाइड	१
टुर एण्ड ट्राभल	२२	गहना	२	गहना	१
प्राविधिक केन्द्र	२१	खनिज	२	प्लाष्टिक उद्योग	१
इन्जिरियरिङ	२०	तेल	२	प्लाई	१
क्लिनिक	१५	कृषि बन	१	छापखाना	१
अस्पताल	१४	कृषि अनुसन्धान	१	अनसन्धान	१
अटोमोबाइल	११	कृषि पर्यटन	१	अनुसन्धान	१
सुरक्षा सेवा	६	वभेरेज	१	बालुवा प्रशोधन	१
वित्त सेवा	५	केवल	१	स्क्र्याप	१
खाद्य उद्योग	५	केवलकार	१	विऊ कम्पनी	१
रिसोर्ट	५	डिटरजेन्ट	१	साबुन उद्योग	१
मनोरञ्जन	४	इकमर्श	१	बहुमूल्य पत्थर	१
जडीबुटी तथाक काष्ठ	५	पशुआहार उद्योग	१	धागो उद्योग	१
मदिरा	५	पार्केटिङ	१	वन्यजन्तु अनुसन्धान	१

श्रोत कम्पनी रजिष्टारको कार्यालय

खनिज र खनिजका उत्पादनहरु

सुदूरपश्चिम प्रदेश खनिज श्रोतमा पनि धनी प्रदेशका रुपमा रहेको छ । खानी तथा भूगर्भ विभागको तथ्याँक अनुसार यसप्रदेशका उपलव्ध खानीको जिल्लागत विवरण देहाय बमोजिम रहेको छ ।

सुदूरपश्चिम प्रदेशमा उपलब्ध खानीहरु	
जिल्ला	**खानीको विवरण**
अछाम	बेसिक रक, सुन, काइनाइट, माइका, पेगमाइट, पाइराइट, युरेनियम, बेसिक रक
	सुन
	काइनाइट
	माइका
	पेगमाटाइट
	पाइराइट
	युरोनियम
	बेसिक रक
बैतडी	कोबाल्ट
	डोलोमाइट
	सुन
	फलाम
	चुनढुँगा
	म्याग्नेसाइट
	फोस्फोराइट
	टाल्क
	युरोनियम
	जिंक
बझाङ	एण्टीमोनी
	आर्सेनिक
	बेसिक रक
	क्रोमियम
	कोबाल्ट
	कोबाल्ट
	सुन
	ग्रेनाइट
	फलाम
	म्याग्नेसाइट
	माइका
	पेगमाटाइट
	फोस्फोराइट
	पाइराइट
	क्वार्ज
	क्वार्जाइट
	स्लेट
	टिन
	युरोनियम
बाजुरा	जिंक
	बेसिक रक
	कोबाल्ट

सुदूरपश्चिम प्रदेशमा उपलब्ध खानीहरु	
जिल्ला	**खानीको विवरण**
	सुन
	फलाम
	फोस्फोराइट
	युरोनियम
डडेल्धुरा	तामा
	ग्रेनाइट
	चाँदी
	स्लेट
	टिन
	टँगस्टन
	जिंक
	आर्सेनिक
	विसमथ
	कोबाल्ट
	सुन
दार्चुला	बेसिक रक
	कोबाल्ट
	कोबाल्ट
	डोलोमाइट
	सुन
	फलाम
	लिड
	म्याग्नेसाइट
	पाइराइट
	क्वार्जाइट
	टाल्क
	टँगस्टन
	युरोनियम
कैलाली	सुन

सेवा व्यापार

सेवा व्यापारका क्षेत्रमा सुदूरपश्चिम प्रदेशमा पर्यटन र स्वास्थ्य सेवाका क्षेत्रमा बढी सम्भावनाहरु देखिएका छन् ।

(क) पर्यटनः

सुदूरपश्चिम भौगोलिक दृष्टिकोणले विविधतायुक्त र सुन्दर प्रदेश भएतापनि यस प्रदेशमा घुम्न आउने विदेशी पर्यटकहरुको संख्या अत्यन्त न्युन रहेको छ । पर्यटन मन्त्रालयबाट प्रकाशित तथ्याँक अनुसार यस प्रदेशमा कुल ५ हजार ४ सय ६० पर्यटकले भ्रमण गरेको पाइन्छ । । यस अतिरिक्त कुल देवताको पुजा, जात्रा, पर्व मान्न र पुख्यौली तीर्थस्थलमा नेपालभित्रैबाट पनि हजारौं हजार मानिसहरु सुदूरपश्चिम प्रदेश घुम्ने गरेको पाइन्छ । यातायातको उपलब्धतासँगै हालका वर्षहरुमा अपि सयपाल पदयात्रा, खप्तड,

रामारोशन, बडिमालिका आदि क्षेत्रमा घुम्न जाने नेपालीहरुको संख्या पनि बढ्न थालेको स्थानीय व्यवसायीहरुको भनाइ रहेको छ ।

सुदूरपश्चिम प्रदेशको पर्यटकीय स्थलहरु

यस क्षेत्रमा पर्यटकीय हिसाबले महत्वपूर्ण सैपाल हिमाल, बडिमालिका, रामारोशन, सुर्मा सरोवर, अपिनम्पा संरक्षण क्षेत्र, घोडाघोडी रामसार क्षेत्र, शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, टिकापुर पार्क, कर्णाली चीसापानी, खप्तड राष्ट्रिय निकुञ्ज लगायत अन्य सिमसार तालतलैयाहरू रहेका छन् ।

पर्यटकीय महत्वका सुदूरपश्चिम प्रदेश को पुरातात्विक सम्पदाहरु

यस प्रदेश अन्तर्गत साँस्कृतिक तथा पुरातात्विक महत्व सम्पदाहरूमा मुख्यतः उकुका भग्नावशेषहरू, पातीका नाउला, देवलहाटका नाउला, देवलहाटका देवलहरू, रिमगाउँका देवलहरू, मगरगाउँको ढुंगेधारा, धर्मशाला, तल्लादेही भगवती मन्दिर, देवल दिव्यपुरका देवलहरू, मणिलेक देवल, अजयमेरुकोट, जगन्नाथ मन्दिर, अजयमेरुका न्याउलाहरू, हाटगाउँका देवलहरू, वीरखम्बको धर्मशाला, कोटेलीको देवल, अमरगढी किल्ला, निलपनल मन्दिर, चिपुरको सभामण्डप, अमरगढी धर्मशाला, गोरेल भगवती मन्दिर, बुढी घटाल, डागेश्वरी मन्दिर, घटालस्थानको दक्षिण डाँडाको प्राचीन भग्नावशेषहरू, सिंहपुरको पुरातात्विक स्थल, देवल बाँझ, बडीमालिका, डुडीमुग्र, नाउला, चन्द्रनाथ मन्दिर, बडीमालिका मन्दिर, मालिका गढी र मालिका मन्दिर, उजेली गाउँको देवल, शैलेश्वरी मन्दिर, रानी पौवा, दिपायलकोट र कोट भैरव, कालागाउँको देवल, विनायकका पञ्चदेवल, तालकोटाको देवल, विनायकको कनिका देवल, विनायकको ढुँगेधारा कुचीबिहार, दर्नाकोट दरबार, भागेश्वरको एकदेवल, बाँससैनको देवल, देवलगडाको एक देवल, कालागाउँको ढुंगेधारा, नाईगाउँको ढुंगेधारा, मंगलेश्वरी मन्दिर, सेराको ढुंगेधारा र प्राचीन अवशेषहरू, एक देवल, धमालीका दुइ देवल, दर्नाकोट नजिकको पञ्चदेवल, गर्भा दरबार, धनगढी दरबार, सात बहिनी देवीकी, १२ भाई मष्टाको अठार भाई बण्डालीका थानहरु, घेघ्रको बण्डाली, मण्टोमाडौं, बाल्यामाडु, लट्याका थान, साचुला, पाँचुली, मनान्या थान, सात बहिनी देवीकी, वैजनाथ रहेका छन् ।

(ख) स्वास्थ्य सेवा

सुदूरपश्चिमको कैलालिको गेटामा अवस्थिति आँखा अस्पतालमा नेत्र उपचारका लागि हजारौं भारतीयहरु आउने गर्दछ । यस वापत नेपाललाई करौडौं आम्दानी हुने गर्दछ । यस क्षेत्रको व्यवस्थित विकास गर्ने हो भने भविष्यमा सुदूरपश्चिम प्रदेश नेत्र उपचारका लागि भारतीयहरुको आकर्षक केन्द्रका रुपमा विकास गर्न सकिने सम्भावना प्रबल रहेको देखिन्छ ।

यता स्वदेशमा पर्याप्त चिकिस्सक र अस्पतालको अभावमा अन्य विरामीहरु ठुलो संख्यामा भारत जाने र सो वापत ठूलो रकम बाहिरिने गरेको स्वास्थ्य क्षेत्रसँग सम्वन्धित सरोकारवालाहरुको भनाई रहेको छ ।

शिक्षा सेवाः

प्रदेशमा उच्च शिक्षाका लागि पर्याप्त शैक्षिक संस्थाहरुको कमीले गर्दा भारत र मुलुकका अन्य भूभागमा विद्यार्थीहरु पढ्न जाने गरेका पाइन्छ ।

सुदूरपश्चिम प्रदेशमा उत्पादन हुने, निर्यात सम्भावना भएका, आयात प्रतिस्थापन गर्न सकिने तथा अन्तरप्रदेश व्यापार सम्भावना भएका वस्तुहरुको विश्लेषण

अन्तरप्रदेश व्यापार तथा आयात प्रतिस्थापन गर्न सकिने वस्तुहरु

(१) धान चामलः

श्रोतः गुगल इमेज

नेपालको उत्पादनः

नेपालमा मा चामलको कुल उत्पादन ५१ लाख ३९ हजार ६ सय २५ मे.ट. भएको पाइन्छ । प्रदेशगत आधारमा हेर्दा प्रदेश कोशी, मधेश , लुम्बिनी तथा सुदूरपश्चिम प्रदेशमा चामलको उत्पादन अधिक भएको पाइन्छ । यसरी सुदूरपश्चिम प्रदेशमा अधिक भएको चामल विशेष गरी पायक पर्ने नजिकको प्रदेश कर्णाली प्रदेशमा आपूर्ति गर्न सकिने सम्भावना देखिन्छ ।

नेपालमा प्रधान अन्नको उत्पादनको अवस्था							परिमाण मे.ट.
प्रदेश	**धान**	**मकै**	**गहुँ**	**कोदो**	**जौ**	**फापर**	**कुल**
कोशी	१,२६३,७१४	९२०,४४७	१४७,३३१	९८,४००	१,९०४	५,४५८	२,४३७,२५४
मधेश	१,३८९,२०५	१९०,८१६	६२८,९०९	१,६६९	१७०	-	२,२१०,९८९
बागमती	५०६,७८९	६९६,४०९	१७३,४७२	६७,६२८	२,५६४	४,८९३	१,४५०,७४२
गण्ढकी	४०६,३३६	४५४,२६५	९९,०३८	११०,१५१	१,७०२	३,१२३	१,०७४,६१४
लुम्विनी	९९९,५२२	४५८,३७६	५३३,०७२	१३,७११	३,६७६	१,७४९	२,०१०,१०७
कर्णाली	१२५,१४६	२५०,१५१	१८७,३५५	२४,६७७	११,८२७	३,३५५	६०२,५१०
सुदुरपश्चिम	४३९,९१३	१३५,९३३	३७५,३९०	२३,२२६	१०,३१४	७१२	९८५,४८७

नेपालमा प्रधान अन्नको उत्पादनको अवस्था							परिमाण मे.ट.
प्रदेश	**धान**	**मकै**	**गहुँ**	**कोदो**	**जौ**	**फापर**	**कुल**
नेपाल	५,१३०,६२५	३,१०६,३९७	२,१४४,५६८	३३९,४६२	३२,१५६	१९,२९०	१०,७७२,४९८

श्रोतः कृषि तथा पशुपक्षी विकास मन्त्रालय

भारतले धान उत्पादनमा कायम गरेको मानकलाई आधार मानी सोही अनरुप उत्पादन गर्न सक्ने हो भने सुदूरपश्चिम प्रदेशमा थप ८६ हजार १ सय ६१ मे.ट. धान उत्पादन हुने देखिन्छ ।

सुदूरपश्चिम प्रदेशमा उत्पादित धान			
जिल्ला	**क्षेत्रफल**	**उत्पादन**	**उत्पादन मेट प्रति हेक्टर**
बाजुरा	४,१५०	१०,८३२	२.६१
बझाङ	६,३६७	१६,५५३	२.६०
दार्चुला	३,४९४	९,४३३	२.७०
अछाम	१५,००३	३१,८८७	२.१३
डोटी	९,६३३	२२,४०६	२.३३
बैतडी	७,२१९	१६,६७६	२.३१
डडेल्धुरा	५,७९९	१७,८०३	३.०७
कैलाली	७२,३७७	१८१,८५९	२.५१
कञ्चनपुर	४८,७४५	१३२,४६५	२.७२
सुदरुपश्चिम प्रदेश	**१७२,७८६**	**४३९,९१३**	**२.५६**
नेपाल	४,१५०	१०,८३२	२.६१

नेपालको धान, चामल आयात

नेपाल कृषिप्रधान मुलुक भएतापनि ठूलो परिमाणमा धान चामल विदेशबाट आयात भई रहेको छ। नेपालको कुल धान चामल आयातमा भारतको हिस्सा करिव ९९ प्रतिशत रहेको छ ।

नेपालको धान चामल आयातको विवरण				
देश	**परिमाण मे.ट.मा**	**मूल्य रु अर्बमा**	**प्रतिशत हिस्सा**	**प्रति केजी मूल्य रु मा**
भारत	७८९,२६०.५९	३६.४०	९९	४६
अन्य	२,४७१.३०	०.२६	१	१०५
कुल	७९१,७३१.८९	३६.६६	१००	४६

कृषि तथा पशुपंक्षी मन्त्रालय उत्पादन सम्बन्धी तथ्याङ्क तथा केन्द्रिय तथ्याङ्क विभागको मानवले प्रतिदिन उपभोग गर्ने परिमाण (प्रति वर्ष प्रति व्यति ११७.८ के.जी)लाई हेर्दा नेपालको धान उत्पादन अपुग रहेको छ । चामलको मानव उपभोगका साथै विभिन्न मदिरा जन्य उद्योग, गाँइ वस्तुको दाना, फेल्क्स आदिमा उपयोग भइरहेको छ । यदि मुलुकमा सिंचाइ, उन्नत जातको बीउ र समयमा मलहरु पुऱ्याउन सकियमा अधिक उत्पादन भई आयातलाई न्यून गर्न सकिन्छ ।

गहुँ

श्रोतः कृषि अनुसन्धान परिषद

नेपालको अर्को प्रमुख खाद्यबालीमा गहुं पनि पर्दछ । विश्वको कुल गहुँ उत्पादनमा नेपालको हिस्सा करीव ०.२४ प्रतिशत रहेको छ । कृषि तथा पशुपक्षी विकास मन्त्रालयको तथ्याँक अनुसार सुदूरपश्चिम प्रदेशमा गहुँ उत्पादन ३ लाख ७५ हजार ३ सय ९० मे.ट रहेको छ । नेपालको गहुँ उत्पादनको प्रति हेक्टर उत्पादनलाई कायम गर्न सक्ने हो भने यस प्रदेशमा थप ७१ हजार ८ सय ९३ मे.ट. थप गहुं उत्पादन गर्न सकिने देखिन्छ । यो परिणाम अन्तरप्रदेश व्यापार तथा अन्य खाद्य उद्योगमा प्रयोग गर्न सकिने सम्भावना रहेको छ ।

सुदुरपश्चिम प्रदेशमा गहुँको उत्पादनको जिल्लागत विवरण

जिल्ला	क्षेत्रफल	उत्पादन	उत्पादन केजी प्रति हेक्टर
बाजुरा	१०,४५०	१५,६७५	१.५०
बझाङ	१०,९२७	२१,९४४	२.०१
दार्चुला	५,९६२	९,६५८	१.६२
अछाम	१४,७३०	२४,६७६	१.६८
डोटी	१४,३०२	२८,१६२	१.९७
बैतडी	१५,४००	२४,१२२	१.५७
डडेल्धुरा	८,७४४	२३,९०५	२.७३
कैलाली	३४,९४४	१२५,२५२	३.५८
कञ्चनपुर	३१,३५५	१०१,९९५	३.२५
सुदरुपश्चिम प्रदेश	**१४६,८१४**	**३७५,३९०**	**२.५६**
नेपाल	**७१६,९७८**	**२,१४४,५६८**	**२.९९**

नेपालको गहुँ आयातको विवरण (आर्थिक वर्ष २०७४/७५)

देश	परिमाण मे.ट.मा	मूल्य रु अर्बमा	प्रतिशत हिस्सा	प्रति मेट मूल्य रु मा
भारत	४६१०१	२.०१	९९.९८	४४
अन्य	०	०.००	०.०२	११३५
कुल	४६१०१	२.०१	१००.००	४४

नेपालमा गहुँ मानव उपभोगका साथै विभिन्न मदिरा जन्य उद्योग, पशुपक्षीको आहार (दाना), चाउचाउ, विस्कुट, ओट्स,, पाउरोटी आदिमा उपयोग भइरहेको छ । यदि मुलुकमा सिंचाइ, उन्नत जातको बीउ र समयमा मलहरु पुऱ्याउन सकिएमा अधिक उत्पादन भई आयातलाई न्यून गर्न सकिन्छ ।

मकै

श्रोतः कृषि अनुसन्धान परिषद

नेपालको अर्को प्रमुख खाद्यबालीमा मकै पनि पर्दछ । कृषि तथा पशुपक्षी विकास मन्त्रालयको तथ्याँक अनुसार सुदुरुपश्चिममा मकै उत्पादन १ लाख ३५ हजार ९ सय ३३ मे.ट रहेको र औसत राष्ट्रिय उपभोगका आधारमा हिसाव गर्दा यस प्रदेशमा ४९ हजार २ सय ११ मे.ट. मकै उपभोग भई बाँकी ४९ हजार ७ सय २६ मे.ट. बचत भएको देखिन्छ । मकैमा वचतको अवस्था देखिएतापनि यो मानव उपभोगका दृष्टिले मात्र बचत रहेको र औद्योगिक प्रयोजन, फ्लेक्स, मदिरा लगायत पशुआहारमा समेत प्रयोग हुने पक्षले गर्दा मकैको आयात गर्नु पर्ने अवस्था सिर्जिना भएको हो । अतः सूदुरपश्चिम प्रदेशमा रहेको मबैको वतच परिणाम अन्तरप्रदेश व्यापार तथा अन्य खाद्य उद्योगमा प्रयोग गर्न सकिने सम्भावना रहेको छ ।

यो परिणाम अन्तरप्रदेश व्यापार तथा अन्य खाद्य उद्योगमा प्रयोग गर्न सकिने सम्भावना रहेको छ । सिंचाई मल, विऊ आदिकि पर्याप्त व्यवस्था गर्न सकेको खण्डमा यस प्रदेशमा थप २३ हजार ६ सय ७१ मे.ट. मकै उत्पादन हुन सक्ने देखिन्छ ।

विवरण	मकै		
जिल्ला	**क्षेत्रफल हेक्टर**	**उत्पादन मे.ट.**	**उत्पादन हेक्टर प्रति हेक्टर**
बाजुरा	3,293	4,850	1.47
बझाङ	4,050	6,599	1.63
दार्चुला	5,530	15,401	2.78
अछाम	6,688	20,714	3.10
डोटी	3,998	12,038	3.01

बैतडी	10,864	32,078	2.95
डडेल्धुरा	3,810	11,430	3.00
कैलाली	6,130	21,289	3.47
कञ्चनपुर	3,250	11,534	3.55
सुदरुपश्चिम प्रदेश	**47,613**	**135,933**	**2.85**
नेपाल	**985,565**	**3,106,397**	**3.15**

* स्टाटिकाडटकम र कृषि तथा पशुपक्षी विकास मन्त्रालय

नेपालको मकै आयातको विवरण (आर्थिक वर्ष २०७४/७५)				
देश	**परिमाण मे.ट.मा**	**मूल्य रु अर्बमा**	**प्रतिशत हिस्सा**	**उत्पादन प्रति हेक्टर मूल्य रु मा**
भारत	४३४,४७२	१६.७५	९७.५३	३८.५५
अन्य	४,४०१	०.४२	२.४७	९६.३६
कुल	४३८,८७४	१७.१७	१००.००	३९.१३

उखुः

सुदूरपश्चिम प्रदेशमा उखु उत्पादन भई त्यसबाट चिनी तथा स्पिरीट समेत उत्पादन हुने गरेको छ ।

सुदूर पश्चिम प्रदेशमा उखु उत्पादन				*** सुदूरपश्चिम अनुमानित चिनी उत्पादन मे.ट.**
विवरण	**क्षेत्रफल हेक्टरमा**	**उत्पादन मे.ट. मा**	**उत्पादकत्व प्रति हेक्टर प्रति केजी**	
ऊखु	६,३३७	३५७,८२४	५६.४७	३५७४२

फोर्ब्सइण्डियाका अनुसारमा भारतमा प्रति हेक्टर उखु उत्पादन औसत ८० मे.ट. रहेको सन्दर्भमा सुदूरपश्चिम प्रदेशमा पनि वर्तमान उखुखेतीलाई नै कायम राखी उत्पादकत्व वृद्धि गर्ने हो भने थप १५ हजार मे.ट चिनी उत्पादन हुन सक्ने देखिन्छ। औसत चिनी खपत अनुसार सुदूरपश्चिम प्रदेशमा करिव २१ हजार मे.ट. चिनी आवश्यक रहेको र बाँकी २४ हजार मे.ट. चिनी अन्य प्रदेशमा आपूर्ति गर्न सकिने या विदेश निर्यात गर्न सक्ने देखिन्छ।

देश	**परिमाण केजी**	**मूल्य रु हजार**
भारत	५०,३५४,५७०	२,७०७,४११
इनडोनेसिया	४५७	२४
व्रिटिश हिन्द महासागर क्षेत्र	१०	०
निकारागुआ	३५	२
कोरिया गणतन्त्र	१	०.१७
टर्कि	२,८३२	५१०
युके	१	१
संयुक्त अरब इमिरेट्स	५	२
नामिविया	४०	१

देश	परिमाण केजी	मूल्य रु हजार
जनवादी गणतन्त्र चीन	३९०	४१
थाइल्याण्ड	१८०	३२
कुल	५०,३५८,५२०	२,७०८,०२४

श्रोतः व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

आलु

तस्वीर श्रोतः डा. कालिकाप्रसाद उपाध्याय

नेपालको प्रमुख तरकारीमा आलु पनि पर्दछ। कृषि तथा पशुपक्षी विकास मन्त्रालयको तथ्याँक अनुसार सुदुरपश्चिम प्रदेशमा आलु उत्पादन २ लाख ६२ हजार ६ सय ५५ मे.ट रहेको छ।

सुदूरपश्चिम प्रदेशमा आलुको उत्पादन			
जिल्ला	**क्षेत्रफल**	**उत्पादन मे.ट**	**उत्पादन मेट प्रति हेक्टर**
बाजुरा	१,६५५	२४,९९१	१५.१०
बभ्काङ	१,५४५	२२,८६६	१४.८०
दार्चुला	९८५	१०,७८९	१०.९५
अछाम	१,०१२	१४,६७४	१४.५०
डोटी	१,९४८	२७,८५६	१४.३०
बैतडी	१,२४५	२०,४८०	१६.४५
डडेल्धुरा	१,४४०	२५,२८६	१७.५६
कैलाली	४,८५९	८५,०३३	१७.५०
कञ्चनपुर	१,८६५	३०,६७९	१६.४५

सुदरुपश्चिम प्रदेश	१६,५५४	२६२,६५५	१५.८७
नेपाल	१९८,२५६	३,४१०,८२९	१७.२०

नेपालको आलु आयातको विवरण

देश	परिमाण केजी	मूल्य रु हजाारमा
भारत	२९८९०	८२८
नेदरल्याण्ड	१००	१६७
बंगलादेश	३५२८०००	८५१४६
भारत	३०३०४७३३७	७७२९७६१
इन्डोनेसिया	१५	०
कुल	३०६६०५३४२	७८१५९०२

ऊन

श्रोतः इसिमोड

सुदूरपश्चिमका बाजुरा बझाङ, दार्चुला र कैलाली जिल्ला(स्थानीय भेडा) मा प्रशस्त मात्रामा भेडा उत्पादन हुने गरेको पाइन्छ । यी भेडाहरुबाट बार्षिक सरदर ६ हजार ९ सय ८ केजी ऊन उत्पादन गरेको पाइन्छ । यस क्षेत्रमा उन्नत्त भेडापालन गर्ने हो भने वार्षिक ३ हजार ६ सय मे.ट ऊन उत्पादन गर्न सकिन्छ ।

जिल्ला	भेडाको संख्या	
बाजुरा	३,१८६	२,४२९
बझाङ	५३५	४१६
दार्चुला	२६,५७४	२२,८३७
अछाम	१९,७६३	१६,७५०
डोटी	४४५	३४४
बैतडी	२२,९६६	१७,६०४
डडेल्धुरा	६६५	४५२
कैलाली	१४,६३५	६,२२३
कञ्चनपुर	४,६६६	२,०२५
प्रदेशको कुल	९३,४३५	६९,०८०
नेपालको कुल	७७१,२०५	५६७,४१२

निर्यात सम्भाव्य वस्तु तथा सेवाहरुको विश्लेषण

अल्लोका उत्पादनहरु

अल्लो

१.१ परिचयः

अल्लो परम्परागत रुपमा कपडा उत्पादन गर्न प्रयोग गरिने वनस्पति हो जसका बोक्रामा अद्वितीय शक्ति, चिप्लोपन र उल्लेख्य रुपमा चमक भएका फाइबरहरू विद्यमान हुन्छन्। यसलाई अँग्रेजीमा हिमालयन नेटल, स्टिङिङ नेटल भनिन्छ भने वनस्पतिशास्त्रको वर्गीकरणमा यो Urticaceae परिवारको (Girardinia diversifolia) वर्गसँग सम्बन्धित एक झाडीका रुपमा वर्गीकृत गरिएको छ। अल्लो नेपालको पहाडी भूभागका जङ्गलहरूका खुल्ला स्थान, खोला तथा बाटोको छेउछाउ ओसिलो स्थानमा आफै उम्रने गर्दछ। यो वनस्पति ३ मिटरसम्म अग्लो हुने गर्दछ। सिस्नो जस्तै देखिए पनि अल्लो १२०० मिटरभन्दा माथि मात्रै पाइन्छ। यो वनस्पतिको जमिन माथिको भाग मसिना तिखा विषालु काँडाहरूले ढाकेको हुन्छ। काण्डको बोक्राबाट प्राप्त हुने रेशा नरम, बलियो र चम्किलो हुने भएकोले यसको रेशा धागो उत्पादनमा प्रयोग गरिन्छ।

साधारणतया कात्तिकदेखि पुस महिनासम्म अल्लोको बोक्रा संकलन गर्नु उपयुक्त मानिन्छ। यस वनस्पतिको काण्डको भित्री बोक्रा नै धागो उत्पादनमा प्रयोग गरिन्छ। स्थानीयस्तरमै विभिन्न प्रविधिको प्रयोग गरी यसको रेशा उपयोगयोग्य बनाउन सकिन्छ। रेशा उत्पादनका लागि संकलन गरिएका अल्लोका बोक्रालाई २ देखि ३ दिनसम्म पानीमा डुबाएर राखिन्छ। त्यसपछि ढाडिएको बोक्रालाई कास्टिकसम्डा वा खरानी राखेर उमालिन्छ। करिब दुई घण्टासम्म उमालीसकेपछि अल्लोका बोक्रालाई १० देखि २४ घण्टासम्म त्यतिकै छोडिन्छ। त्यसपछि पाकेको अल्लोको बोक्रालाई खोलामा लगेर सफा पानीमा पखालिन्छ। यसरी पखाल्दा रेशाहरू छुट्टिने गर्दछन् रेशालाई छुट्याउन बिस्तारै काठको मुंङ्गोले ठोक्दै पखाल्ने गरिन्छ। साधारणतया १ किलोग्राम अल्लोको बोक्राबाट ५०० ग्रामदेखि ६०० ग्राम रेशा उत्पादन हुने गर्दछ। यसरी प्राप्त भएको रेशालाई मकैको पिठो, ढुटो वा कमेरोसँग मिसम्एर घाममा सुकाइन्छ। यस्तो गर्नाले अल्लोको रेसा मुलायम र सेतो रंगको हुन्छ। दिनभरि घाममा सुकाइएको उक्त रेशालाई फेरि काठको मुंङ्गोले ठोक्दै पखालिन्छ र घाममा सुकाइन्छ। यसरी उत्पादन गरिएको रेशा नै धागो उत्पादनका लागि प्रयोग गरिन्छ।अल्लोका रेसाहरूबाट धागो उत्पादन गर्न परम्परागत उपकरण कतुवा अथवा चर्खा प्रयोग गरिन्छ। धागो बनिसकेपछि यसलाई रंगमा डुबाइन्छ र सुकाइन्छ। यसरी तयार गरिएको अल्लोको धागोबाट हाते तान वा आधुनिक उपकरणको प्रयोग गरी कपडा बुन्नुका साथै विभिन्न किसिमको बस्तुहरु निर्माण गरिन्छ। गुणस्तरको लागि अल्लोको धागोमा सुती धागो पनि मिसाउने गरिन्छ। अल्लोको कपडा मानविय स्वास्थ छाला का लागि राम्रा मानिन्छ।

अल्लो नेपालका विभिन्न स्थानमा पुवा, ठूलो सिस्नो, लेकाली सिस्नो, भांग्रे सिस्नो, भल्लो आदि नामले चिनिन्छ भने अंग्रेजीमा जायन्ट हिमालयन नेटल तथा निलगिरी नेटलनामले चिनिन्छ।

१.२ अल्लोका उत्पादनहरु

अल्लोबाट करिव २१०० ओटा विभिन्न खालका वस्तुहरु उत्पादन गर्न सकिने राष्ट्रिय अल्लो उद्यमी सँघको भनाई रहेको छ। सँघका अनुसार अल्लाको उत्पादनलाई देहायका भागमा वगीकृत गर्न सकिन्छ।

(क) कोठामा प्रयोग हुने उत्पादनः पर्दा, तन्ना, बेडसिट, कार्पेट,

(ख) परिहनः सबैप्रकारका तयारी पोशाक, टोपी

(ग) गाडीः सिट बेल्ट, डेकोरेशन

(घ) फर्निचरः सोफाका कभर

(ङ) खेलौनाः

(च) प्याकिङ र क्यारिङ सामाग्री तथा झोला, बोरा :

(छ) झुल लगायत विभिन्न प्रकारका नेटहरु

(ज) अल्लोका सहउत्पादनः ब्रिकेट, दाउरा

२. अल्लो उत्पादन

२.१ विश्वमा अल्लो उत्पादन

विश्वमा अल्लो उत्पादनको प्रकाशित तथ्याँक उपलव्ध नभएतापनि नेपाल, भारत र भुटानमा अल्लो प्रशस्तमात्रा उपलव्ध रहेको पाइन्छ। भारतको उत्तराखण्ड राज्यमा मात्रै करिव करिव ११ हजार मे.ट. अल्लो उपलव्ध रहेको छ भने उत्तरपूर्वी भारत, हिमालञ्चल प्रदेश तथा जम्मु काश्मीरमा पनि सम्हेी अनुपातमा अल्लो उपलव्ध रहेको एक अनुमान लगाउन सकिन्छ। समान जलवायु भएको पाकिस्तानका केही पहाडी जिल्लाहरुमा पनि अल्लो केही मात्रा उपलव्ध रहेको देखिन्छ।

विश्वमा अल्लो उत्पादन बेल्ट

२.२ नेपालमा अल्लो उत्पादन

नेपालको उच्च लेकाली भेगमा प्रशस्त मात्रामा अल्लो उत्पादन हुने गर्दछ। जिल्लागत रुपमा हेर्दा रोल्पा रुकुम, म्याग्दी, बझाङ, अछाम, हुम्ला, मुगु, जुम्ला, कालिकोट, जाजरकोट प्रमुख रुपमा रहेका छन्। क्षेत्रगत रुपमा हेर्दा मध्य तथा सुदूर पश्चिमी पहाड र हिमालका जिल्लाहरुमा नेपालको कुल अल्लो उत्पादनको करिव ६० प्रतिशतको हारीहारीमा अल्लो उत्पादन हुने गर्दछ।

नेपालमा अल्लो उत्पादनको विवरण	
प्रदेश	**वर्तमान उपलध उत्पादन मे.ट.**
कोशी	७७५
बागमति	६४०

नेपालमा अल्लो उत्पादनको विवरण	
प्रदेश	**वर्तमान उपलध उत्पादन मे.ट.**
गण्डकी	१,५७०
लुम्बिनी	१,२५०
कर्णाली	२,७६०
सूदुरपश्चिम	१,४००
कुल	८,३९५

श्रोतः राष्ट्रिय अल्लो उद्यमी सँघ

हाल सम्म उपयोग गरिएको कुल अल्लोमा करिव ६१ प्रतिशत अल्लो यही क्षेत्रबाटसंकलन भएको देखिन्छ। यस्तै नेपालका अल्लोको खेती गर्ने प्रयोजनका लागि यस क्षेत्रको कुल सम्भावित क्षतामा पनि नेपालको कुल सम्भावित क्षमताको करिव ६० प्रतिशत क्षमता यही क्षेत्रमा रहेको छ।



२.२.१ नेपालमा अल्लो र यसका कपडाको वर्तमान उत्पादन र उत्पादन सम्भावना

अल्लो उत्पादनको मूल्य योगको वस्तुगत अवस्था

एक केजी काँचो अल्लाको रेशाबाट कम्तीमा आधा केजी अल्लो धागो उत्पादन हुने गर्दछ। एक केजी अल्लोबाट करिव ३ मिटर कपडा उत्पादन हुने गर्दछ। एक केजी अल्लोको रेशाको वर्तमान मूल्य रु २१० जति पर्न आउँछ। यसबाट तयारी मालवस्तु बनाउँदा तयारी मालवस्तुको मूल्य करिव रु ३ हजार १५० जति हुन आउँछ । यसरी काँचो अल्लोबाट तयारी मालवस्तु बनाउँदा लाग्ने कुल लागतमा आधा जति अर्थात् रु १ हजार ५७५ ज्यालामा खर्च हुने गर्दछ। अल्लोका उत्पादन, मूल्ययोग यसप्रकार छ।

कच्चा अल्लो केजी	धागो केजी (न्युनत्तम)	प्रतिकेजी कच्चा रेशाको मूल्य	अल्लोको तयारी वस्तुको उत्पादनको मूल्य	ज्यालामा खर्च हुने रकम	अल्लोको कपडा उत्पादन मिटर
८,३९५,०००	४,१९७,५००	२१०	१३,२२२,१२५,०००	६,६११,०६२,५००	१२,५९२,५००

श्रोत: राष्ट्रिय अल्लो उद्यमी सँघ

यसरी वर्तमान समयमा उपलव्ध रहेको अल्लोको मात्र पुर्ण उपयोग गर्न सकेको खण्डमा देशमा करिव १ करोड २६ लाख मिटर कपडा उत्पादन गर्न सकिने देखिएको छ ।

वातावरणीय लाभः

कपासबाट पनि यही अनुपातमा कपडा तयार हुन्छ । तर कपास खेतीको लागत अल्लोको तुलनाका धेरै महँगो र वातावरण अमैत्री रहेको छ । कपास खेती गर्न प्रधान खाद्यान्न बालीको विस्थापन हुने गर्दछ जसले खाद्य असुरक्षाको स्थिति खडा गरिदिन्छ । यी सबै दृष्टिले कपास लगायत अन्य कृत्रिम रेशाका कपडाका साटो अल्लोको रेशालाई उपयोग गर्ने हो भने यसले नेपालमा आयातीत रेशा र कपडालाई विस्थापित गर्ने देखिन्छ । फेरी अल्लो खेतीलाई व्यवस्थित गर्न सकेको खण्डमा यसले वातावरणमा सकारात्मक प्रभाव पार्ने देखिन्छ ।

आर्थिक लाभः

वर्तमान समयमा सँकलन गर्न सकिने अल्लोलाई मात्र प्रशोधन गरी कपडा र तिनका वस्तुहरु उत्पादन गर्न सकेको खण्डमा मुलुकमा करिव रु १३ अर्ब बराबरको थप आर्थिक करोबार मुलुकमा हुने देखिन्छ । अल्लोको रेशा कटानदेखि तयारी मालवस्तु बनाउने चरणसम्म आईपुग्दा कुल लागतको करिव ५० प्रतिशत रकम ज्यालामा खर्च हुने हुँदा करिव ६ अर्ब ५० करोड जति ज्याला कामदारमा वितरण हुने देखिन्छ ।

सामाजिक प्रभाव

अल्लोका उत्पादन दुर्गम पहाडमा हुने गरेको र अल्लोले राष्ट्रिय उद्योगको स्वरुप धारण गरी उपरोक्त अल्लोलाई पूर्ण रुपमा उपयोग गर्न सकेको खण्डमा वार्षिक रु ६ अर्ब भन्दा माथिको रकम सो क्षेत्रमा वितरण हुने हुँदा त्यस क्षेत्रको गरिबी निवारण भई जनताको जीवनस्तरमा गुणात्मक सुधार आउने देखिन्छ ।

रोजगारी सृजना

वर्तमान समयमा यस क्षेत्रमा प्रत्यक्ष र अप्रत्यक्ष गरी करिव १० हजार जति रोजगारी सिर्जना भएको छ । नेपालमा तत्काल सँकलन गर्न सकिने करिव ८ हजार ३९५ मे.ट. अल्लोको पूर्ण उपयोग गरी तयारी मालवस्तु उत्पादन हुँदा यस क्षेत्रमा ५० हजार जति रोजगारी उत्पन्न हुने देखिन्छ ।

अल्लो क्षेत्रको विकासमा रहेका प्रधान चुनौतीहरु

वर्तमान अवस्थामा पम्परागत चर्खा र तानको प्रयोग गरी अल्लोको कपडा उत्पादन भर्इ रहेको छ । यसमा आधुनिक प्रविधिको अभ्यास स्थापित हुन सकिरहेको छैन । अल्लोमा अन्य रेशा मिश्रण गरिँदा एक केजी अल्लोको रेशाबाट करिव १.५ केजी धागो र तयसबाट करिव ४.७ मिटर कपडा उत्पादन हुने देखिन्छ ।

भारतको प्रतिव्यत्ति आय एवम् नेपालको प्रतिव्यत्ति आयलाई समेत तुलना गर्दा तथा भारतको प्रतिव्यक्ति कपडा खपत को तथ्याँकका आधारमा गणना गर्दा नेपालमा प्रतिव्यक्ति कपडा खपत करिव ३० मिटर जति हुन

आउँछ । यस अनुसार नेपालमा वार्षिक कपडा खपत करिव ९० करोड मिटर जति हुन आउँछ । यसका लागि करिव ३ लाख मे.ट. (३० करोड केजी) धागो आवश्यक पर्दछ । अल्लोलाई राष्ट्रिय रेशाको रुपमा विकास गर्ने हो भने यसको अधिकाँश हिस्सा अल्लोले विस्थापन गर्न सक्ने देखिन्छ । यसमा लागि करिव ६

लाख मे.ट. अल्लो सँकलन गर्ने क्षमता नेपालले हासिल गर्नुपर्दछ। ६ लाख मे.ट. कच्चा अल्लो सँकलन गरी कपडा तयार गर्दा सम्म मुलुकको अर्थतन्त्रमा देहायको प्रभाव पर्ने देखिन्छ।

राष्ट्रिय अल्लो उद्यमी सँघका अनुसार प्रति एकड करिव २.५ मे.ट. (प्रति हेक्टर ६.२५ मे.ट.) अल्लो उत्पादन हुने गरेको बताइएको छ। यस अनुसार नेपालको कुल कपडा आयातलाई अल्लोले विस्थापन गर्न करिव ९६००० हेक्टर क्षेत्रफलमा रहेको अल्लोको पूर्ण उपयोग हुनु आवश्यक छ।

जैविक तरकारीः

श्रोतः कृषि अनुसन्धान परिषद

सुदूरपश्चिम प्रदेश भारतको आर्थिक गतिविधिको महत्वपूर्ण केन्द्र नयाँ दिल्लीको नजिकको प्रदेशका रहेको छ । विश्व भरी उक्त क्षेत्रमा विषादी रहित रैथाने जातको र मौसमी तरकारीको नेपाल लगायत विश्व भरी नै आकर्षण बढ्दो छ। सुदूरपश्चिम प्रदेशको भूगोलमा हिमाली पहाडी र तराई तीनवटै भुभागमा फरक फरक मौसममा रैथाने जातका तरकारी उत्पादन गरी भारतीय बजारमा निकासी गर्न सकिने सम्भावना रहेको छ। साथै मुलुकका अन्य प्रदेशहरुलाई यस प्रकार तरकारीहरु आपूर्ति गर्ने पनि सम्भावना देखिन्छ। तरकारीको उत्पादनको अवस्था (क्षेत्रफल हेक्टर, उत्पादन मेट र उपज मेट प्रति हेक्टर)

वस्तु	सुदूरपश्चिम			नेपाल कुल		
	क्षेत्र	उत्पादन	उपज	क्षेत्र	उत्पादन	उपज
फूलगोभी	१,९६१	३०,५२७	१५.५७	३९,२१४	६११,०१५	१५.५८
बन्दकोबी	२,१४३	३५,२७७	१६.४६	३४,३१४	५८७,६६८	१७.१३
ब्रोकाउली	४९	६८२	१३.८३	२,६६५	३०,५२३	११.४५
टमाटर	१,९१५	२९,४७४	१५.३९	२२,९११	४२२,७०३	१८.४५
मूला	१,५७४	२४,८४५	१५.७८	१८,१७५	२८९,५५८	१५.९३
फराकिलो पात तोरी	७४६	१२,४४९	१७	११,६५८	१७१,२१५	१४.६९
गाजर	६३	८१८	१२.९४	३,२६४	३७,१७६	११.३९

वस्तु	सुदूरपश्चिम			नेपाल कुल		
	क्षेत्र	उत्पादन	उपज	क्षेत्र	उत्पादन	उपज
शलजम	१८	१२६	७.२०	४५७	५,९००	१२.९२
क्याप्सिकम	२६४	३,३९१	१२.८५	१,९३१	२०,००२	१०.३६
मटर	३८६	३,७८९	९.८१	८,४२५	७७,१२१	९.१५
फ्रान्सेली बीन्स	२७८	२,६६१	९.५७	३,०११	२७,७२८	९.२१
फ्रेन्च बीन्स - पोल प्रकार	३	२५	८.३७	३,९७५	४१,७६९	१०.५१
फ्रान्सेली बीन्स - बुश प्रकार	२	१३	६.५३	१,४६१	१२,७३८	८.७२
फ्रान्सेली बीन्स - तरवार प्रकार	२	१३	६.५३	१,४१३	११,७०१	८.२८
फराकिलो बीन्स	१५	१४३	९.५५	१,६८२	१२,७८४	७.६०
Asparagus बीन्स	४३३	५,९०२	१३.६३	४,५६३	४९,७५७	१०.९०
काउपी	७८	६७१	८.५९	३,८१४	३५,५०८	९.३१
अन्य (फलफूल)	२	८	४.००	१,५८८	१३,७६३	८.६६
Asparagus	५	२६	५.०९	१७५	१,२५८	७.१९
टमाटरको रूख	३	१५	४.९२	१३८	१,३८३	१०.०१
मिर्च अकाबरे	६	४१	६.५८	१,७२८	११,२२४	६.४९
खुर्सानी	६४०	७,५५३	११.७९	७,९४५	७५,६६४	९.५२
भिंडी	८५२	१३,०७७	१५.३६	९,३९७	११२,२६०	११.९५
बैंगन	६२८	१०,१९०	१६.२४	८,८७१	१२९,९३८	१४.६५
प्याज	१,३४८	२१,६७०	१६.०८	१३,१८९	१६६,९०४	१२.६५
काकडी	१,२६९	१८,७९०	१४.८१	१०,३०९	१५९,६२५	१५.४८
कद्दू	८१२	१४,३३६	१७.६५	७,२३८	१०८,५३३	१५.००
स्क्वास	२३६	४,१३३	१७.५०	२,७६८	३९,५८१	१४.३०
तिते करेला	८०२	८,७९९	१०.९७	९,७२८	१३४,११२	१३.७९
पोइन्ट गर्ड	८	६२	७.७५	३,८५८	५१,४६८	१३.३४
स्पन्ज लौकी	४७७	७,७४२	१६.२२	६,८५७	९२,५९४	१३.५०
लौकी	५१७	६,३१०	१२.२१	१,४७०	१८,१२३	१२.३३
सर्प लौकी	३६२	६,६१६	१८.२८	१,७१६	२३,२५४	१३.५५
बोतल लौकी	७१९	१३,४८४	१८.७५	७,९१८	१२९,६०२	१६.३७
खरानी लौकी	२०	२६१	१३.३६	७१४	९,८२७	१३.७६
बलसम लौकी	३५	२९४	८.३९	२३२	२,२६२	९.७४
काकारी	-	-		२०१	२,७८८	१३.८६
कुन्द्रु	-	-		१०७	१,२८२	१२.०३
चायोटे	२	२१	१०.५५	१,६८९	२८,१३२	१६.६५
तरबूज	१४०	१,४९१	१०.६५	२,४७३	५२,५५०	२१.२५
अन्य (Ccurbits)	१५	१३९	९.१०	८३६	९,७३३	११.६५
ड्रमस्टिक्स	-	-		१५६	२,८२७	१८.१६

वस्तु	सुदूरपश्चिम			नेपाल कुल		
	क्षेत्र	उत्पादन	उपज	क्षेत्र	उत्पादन	उपज
सलाद	-	-		९७	८१७	८.३८
फनेल पात	२	२५	१२.५०	१५९	१,५४२	९.७१
धनियाको पात	१६८	१,००१	५.९७	१,८१८	१७,२३६	९.४८
पालक	३०२	५,२३०	१७.३४	१,७८१	१९,०७४	१०.७१
क्रेस	१५५	१,५५८	१०.०४	१,३८१	१३,२५८	९.६०
अमरान्थस	३२९	३,१०१	९.४२	१,४४१	१४,७५८	१०.२४
मेथीको पात	२९१	२,५६८	८.८४	१,०९७	९,५४३	८.७०
स्विसचार्ड	२७	४२५	१५.८७	५७३	४,९८४	८.७०
अन्य (पातदार तरकारी।)	३३	२८९	८.७६	१,५९३	१९,१२७	१२.००
कोलोकासिया	५१४	७,६७९	१४.९४	४,८३८	५७,८७४	११.९६
याम	२९	३५२	११.९९	१,३२३	१९,७६६	१४.९४
याम	-	-		८८०	१६,८१०	१९.१०
अन्य (कन्द)	२१	२२४	१०.६८	९७१	१२,८१९	१३.२०
अन्य (शाकाहारी)	४८५	३,७०१	७.६३	७,७०४	१२४,८१७	१६.२०
कुल	**२१,१८४**	**३१२,०१७**	**१४.७३**	**२८९,८३९**	**४,१५३,१५७**	**१४.३३**

श्रोतः कृषि तथा पशुपक्षी विकास मन्त्रालय

(क) जैतुनको तेल

श्रोतः दि हिमालयन टाइम्स

पृष्ठभूमिः

ओलिभ तेल विश्वको खाद्य तेल परिकारको प्रमुख वस्तुका रुपमा रहेको छ । यस बालीलाई अंग्रेजीमा ओलिभ (Olive) र संस्कृत, हिन्दी, नेपाली, अरबिक भाषामा जैतुन (Jaitun) भनिन्छ । युरोपमा खेती गरिने जैतुनको बैज्ञानिक नाम ओलिया युरोपा (Olea europaea var. Sativa L.) हो र नेपालको उत्तर-पश्चिमी जिल्लाहरुमा पाइने स्थानीय जातको जंगली जैतुनलाई (Olea cuspidata) भनिन्छ । भूमध्य सागरीय क्षेत्र जैतुन खेतीको लागि उर्बर भूमि भएकोले परापूर्वकाल देखि यसको खेती गरिदैं आएको छ र आज पनि विश्वमा जैतुनको कूल खेती मध्ये ९५ प्रतिशत खेती त्यही क्षेत्रमा गरिन्छ ।

जैतुनको तेल खान र घस्नको लागि सबै तेल मध्ये उत्तम मानिन्छ । यो तेलमा चिल्लो एवं लेसिलोपन कम हुने भएकोले रोगी, बालक, बृद्ध र मोटा मानिस समेतले सहजै सेवन गर्न सक्छन् ।

नेपालमा जैतुन (ओलिभ) को अवस्था

रैथाने जातको जङ्गली जैतुन परापूर्व कालदेखि प्राकृतिक रुपमा पहाडको १००० मिटर देखि २३०० मिटरको उचाईमा हुर्कदै-फैलिदै आएको देखिन्छ । नेपालको सन्दर्भमा जैतुनलाई मुख्य रुपमा अक्षांशको हिसाबले नपुग्ने चिसो पहाडको उचाइले पूरा गर्ने, वार्षिक वर्षा पनि कम (१००० मि. मि. भन्दा तल) हुने, करिब तीन महिना चिसो हुने र बाँकी नौ महिना न्यानो हुने भएको कारणले उत्तर-पश्चिम क्षेत्र जैतुन खेतीको लागि उपयुक्त देखिएको छ । यस क्षेत्रमा विशेष गरेर बझाङ, बाजुरा, मुगु, हुम्ला, कालिकोट, डोल्पा, रुकुम, जाजरकोट, मुस्ताङ्गको जंगली जैतुन पाइने सूक्ष्म पकेट क्षेत्र मा उन्नत जातका जैतुन राम्रो हुन सक्ने देखिएको छ । सन् १९७८ देखि नेपालका विभिन्न ठाउँमा विभिन्न समयमा केही जैतुनका विरुवा लगाउने काम भएपनि वैज्ञानिक ढङ्गले व्यवस्थित रुपमा नेपाल सरकारको अनुरोध र पहलमा इटली सरकारको आर्थिक सहयोग एवं को प्राविधिक सहयोगमा बाजुराको कोल्टी र डोल्पाको जुफालमा २८ जातका युरोपियन जैतुन विरुवा सन् २००६ मा लगाई अध्ययन परीक्षण बगैंचा स्थापना गरिएको छ । ती प्रयोगहरु सन्तोषजनक पाइए पछि नेपाल सरकारले जैतुन विकासका लागि आ.व. २०७२।०७३ देखि २०८१।०८२ सम्मको १० वर्षे कार्यविधि बनाई कार्यक्रम सुरु गरेको छ । बाजुरा जिल्लालाई जैतुन जोन घोषणा गरी त्यस क्षेत्रमा जैतुन

विकासका निम्ति कार्य थालनी गरेको छ र बाजुराकै कोल्टी क्षेत्रमा फलफूल विकास निर्देशनालय अन्तरगत जैतुन विकास केन्द्र स्थापना हुने भएको छ ।

(श्रोतः फलफुल विकास निर्देशनालय, कीर्तिपुर) ।

ओलिभ तेलको विश्व उत्पादनको अवस्थाः

विश्वका ओलिभ तेलको उत्पादनमा युरोपेली र मध्यपूर्व एशियाली तथा उत्तरी अफ्रिकी देशहरुको वर्चस्व रहेको छ । यी देशहरुले मात्र विश्वको ओलिभ तेल उत्पादनको करिव ८४ प्रतिशत हिस्सा ओगटेको पाइन्छ ।

सुदूर पश्चिम प्रदेशमा ओलिभ तेल उत्पादनको सम्भावना

फलफुल विकास निर्देशनालयका अनुसार बाजुरामा हाल २० हजार हेक्टर क्षेत्रफलमा ओलिभका बोटहरु फैलिएका छन् । बाजुरा जिल्लाको ओलिभ तेलको सम्भावना र बजारलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

- बाजुराः २०००० हेक्टर (श्रोत, फलफुल विकास निर्देशनालय)
- उत्पादकत्वः विश्वको औसत १.८ मेट
- बाजुरामा तत्काल गर्न सकिने अनुमानित उत्पादन : ३६००० मेट
- तेलको उत्पादन (दानाको तौलको ३० प्रतिशत): १२००० मेट
- नेपालको जैतुनको तेलको आयातको औसत मूल्यः रु ४३९.३८
- बाजुराको जैतुनको तेलको कुल मूल्यः रु ५.२७ अर्ब अनुमानित
- स्वदेशको आयात प्रतिस्थापनः रु ०.०५ अर्ब
- निर्यात गर्न सकिने मूल्यः रु ५.२२ अर्ब बजार
- भारतमा हाल उपलव्ध बजारः रु ४.४ अर्ब
- चीनमा हाल उपलव्ध बजारः रु १८.५ अर्ब

ओलिभ तेल क्षेत्रमा नेपालमा विद्यमान समस्याः

सरकारको प्राथमिकता, विश्वको आकर्षक बजारमा र स्वदेशमा पनि ओलिभ तेलको उपभोग गर्न प्रवृत्तिमा आएको वृद्धिका बाबजुद पनि ओलिभ तेलको विकास अझै पनि शैशवास्थामा नै रहेको छ । विशेष गरी जैतुनको खेती विस्तार, तेल निकाल्ने, त्यसको बजारीकरण गर्ने र गुणस्तर कायम गर्ने विषयमा समानुपातिक रुपमा अघि बढ्न नसक्दा यस क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको छैन ।

लक्षित बजारः

ओलिभ तेलको लागि चीन, युरोपियन युनियन, भारत तथा संयुक्त राज्य अमेरिका प्रमुख बजारमा रुपमा रहेका छन् । यी बजारमा हरुमा ओलिभ तेल निर्यात गर्न सम्वन्धित मुलुकले लागु गरेका गाास्तरका प्रावधानहरु विशेष गरी साइटोएण्डफाइटो सेनिटरीको प्रमाणपत्र, लेबलिङ (स्टोरेजको अवस्था, सम्भावित

हानीकारक तत्वको जानकारी), आयात अनुमति र आयात गरिने उत्पादन दर्ता, सुक्ष्म जीवाणु सीमा र एमआरएल सम्वन्धी प्रावधानको पालना, रेक्समा दर्ता भई सो अनुसार निर्यात गरिनुपर्ने आवश्यक देखिन्छ ।

ओलिभ तेलको विकासका लागि चालिनु पर्ने कदमहरुः

(क) आर्थिक प्राविधिक सहयोगः ओलिभ तेलको विकास गरी यसलाई निर्यात प्रवर्द्धन, आयात प्रतिस्थापन, स्थानीय रोजगारी सिर्जना, गरिबी निवारण तथा समानुपातिक विकास प्रवर्द्धनका लागि ओलिभ तेलको विकास गरिनु अति आवश्यक छ । यसका लागि जैतुन खेतीको विकास र विस्तारका लागि विशेष गरी सरकारले छनौट गरेको बाजुरा जिल्लामा स्थानीय कृषकहरुलाई आवश्यक विरुवा लगायत आर्थिक र प्राविधिक सहयोग गरिनु अति जरुरी छ ।

(ख) खरिदको प्रत्याभूतिः यसका साथै जैतुन उत्पादक कृषकहरुको उत्पादनको खरिद गर्न सरकारले खरिदको प्रत्याभूतिको व्यवस्था गर्नु पनि त्यत्तिकै आवश्यक छ ।

(ग) आधुनिक कारखाना स्थापनामा सरकारको सहयोगः ओलिभ तेलको प्रशोधन र प्रविष्टनका लागि आधुनक ओलिभ मिल स्थापनामा निजी क्षेत्र र सरकारीक्षेत्रले संयुक्त पहलकदमी लिनु आवश्यक छ ।

(घ) गुणस्तर प्रमाणीकरणको प्रयोगशाला स्थापनाः ओलिभ तेलको गुणस्तर प्रमाणीकरणका लागि आवश्यकपर्ने प्रयोगशाला र मान्यता प्राप्त प्रमाणपत्रको व्यवस्था गर्नु अझ बढी टड्कारो आवश्यकताका रुपमा देखा परेको छ ।

(ङ) विदेशी लगानीः ओलिभ तेलको सन्दर्भमा मुलुकभित्र अनुभवको कमी एकातिर रहेको छ भने अर्कोतिर यसको उत्पादन, प्रशोधन र बजारीकरणमा हामी धेरै नै पछि छौं । यस कमजोर पक्षलाई सम्वोधन गर्न ओलिभ तेलको उत्पादन, प्रशोधन र बजारीकरणमा सिद्धहस्त मानिएका र कहलिएका देशहरु स्पेन, इटाली, पोर्चुगल, ग्रीस, जर्मनी लगायतका देशहरुका निजी क्षेत्रसँग सहकार्यहरु हुन पनि त्यत्तिकै जरुरी छ । विशेष गरी यस क्षेत्रमा वैदेशिक लगानीका माध्यमबाट प्रविधि हस्तान्तरण र बजार विस्तार गर्ने रणनीति अँगीकार गर्नु उचित देखिन्छ । विशेष गरी टिस्टुङ क्षेत्रमा जर्मनीको सँलग्नता र बाजुरामा इटालीको संलग्नताबाट ओलिभ तेलमा यी दुई देशको ईच्छा कुनै न कुनै रुपमा प्रकट भएको छ । उता भारत र चीन पनि ओलिभ तेलको आयातकर्ताका रुपमा उदाईरहेको परिप्रेक्ष्यमा जर्मनी, इटाली, भारत र चीनको सहकार्यमा नेपाली कृषक, उद्यमी र व्यवसायहरुको संयुक्त पहलकदमीमा नेपाललाई ओलिभ तेलको दक्षिण तथा पूर्वी एशियाको केन्द्र बनाउने गरी रणनीतिहरु तर्जुमा गर्नु आवश्यक देखिन्छ ।

(च) थप जिल्लाका खेती विस्तारः हाल बाजुरमा मात्र सीमित रहेको ओलिभ तेलको संभावनाहरु बझाङ, अछाममा पनि उत्तिकै रहेको अवस्थालाई समेत दृष्टिगत गर्दा सुदूरपश्चिमका पहाडका जिल्लाहरुले सिंगो दक्षिण र पूर्वी एशियामा उपलव्ध ओलिभ तेलको मागलाई सहजै धान्न सक्ने क्षमता राख्दछन् ।

(छ) बजार प्रवर्द्धनः अन्तर्राष्ट्रिय मेला प्रदर्शनीमा व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको पहलमा निरन्तर सहभागिता, बिटुबी सम्मलेनको आयोजना गरिनु पनि आवश्यक देखिन्छ ।

(ज) आन्तरिक बजार प्रवर्द्धनः मुलुक भित्र पनि ओलिभ तेलको महत्वका बारेमा पर्याप्त जानकारी हुन नसकिरहेको परिप्रेक्ष्यमा ओलिभ तेलको तेलको बारेमा सँगठित प्रचारप्रसार गरिन संस्थागत व्यवस्था हुन पनि जरुरी छ ।

जडीबुटी

श्रोतः नेपाल स्वास्थ्य अनुसन्धान परिषद

सुदूरपश्चिम प्रदेश जडिबुटीको भण्डार नै हो । सम्वन्धित जिल्ला बन कार्यालयहरुले गरेको अध्ययन अनुसार सुदूरपश्चिम प्रदेशमा करिव ६ हजार २ सय ७१ मे.ट.जडीबुटी संकलन गर्न सकिने अवस्था विद्यमान रहेको देखिन्छ । जबकि गत आर्थिक वर्षमा नेपालकै कुल जडीबुटी निर्यात ५ हजार ५ सय २६ मे.ट. मात्र रहेको थियो । नेपालको गत आर्थिक वर्षमा निर्यात भएको जडीबुटीहरुको औसत मूल्यलाई आधार मान्ने हो भने पनि सुदूरपश्चिम प्रदेशमा वार्षिक रुपमा रु १ अर्ब २४ करोडको जडीबुटी निकासी गर्न सकिने सम्भावना देखिन्छ । उपलव्ध जडीबुटीहरुको दीगो पक्षलाई समेत दृष्टिगत संकलनका साथ साथै रोपण कार्यलाई पनि सोही अनुरुप अनिवार्य गरिनु आवश्यक देखिन्छ । यी व्यवस्थाहरुबाट एकातिर यस प्रदेशबाट विदेशमा जडीबुटी निर्यातबाट प्रशस्त लाभ लिन सकिने अवस्था रहेको छ भने अर्कोतिर प्रदेशस्तरमा आयुवेर्दित औषधी उत्पादनका लागि चाहिने कच्चापदार्थ र अन्य प्रदेशका आयुर्वेदिक औषधी उत्पादन उद्योगलाई चाहिने जडीबुटी आपूर्ति समेत गर्न सक्ने देखिन्छ ।

क्र.सं	जिल्ला	प्रमुख जडिबुटीहरु
१	कैलाली	कुरिलो, मेन्था, अमला, सर्पगन्धा
२	कञ्चनपुर	तेजपात, अमला, बोझो, कुरिलो, सिकाकाई, पिपला, सतावरी, हर्रो, बर्रो, भ्याकुर
३	अछाम	अमला, झ्याउ, काउलो र पावन, रिठा, तेजपात र दालचिनी, लोक्ता, अल्लो, बोझो, चुत्रो, लौठसल्ला, तितेपाती, टिमुर, चिराईतो, कुरिलो, पाखनवेद, सुगन्धवाल, सिस्नु, जिवन्ती/सुनगाभा
४	डोटी	अमला, रिठा, टिमुर, ओखर, हर्रो, बर्रो, बेल, तेजपात, लौठसल्ला, असुरो, सिस्नु, तितेपाती, अल्लो, लोक्ता, भोर्लाको बोक्रा, काउलो, दालचिनी, दार गिठी बोक्रा, चुत्रो, चिराईतो, सुगन्धवाल, पाखनवेद, बोझो, विषजरा, सतुवा, कुरिलो गुच्ची च्याऊ, जिवन्ती (प्रतिवन्धित) झ्याउ (प्रतिवन्धित)
५	डडेल्धुरा	झ्याउ, सुगन्धवाल, बोजो, तेजपात, खोटो, रिठा, टिमुर, पाषाणवेद
६	बैतडी	तेजपात, अमला, रिठा, पाषणभेद, सुनगाभा, सुनाखरी, काउलोको बोक्रा, बोझो, च्याउ, चुत्रो, झ्याउ, चिराइतो, सोमलता, काकडसिंगे, कुरिलो, सुगन्धवाल, गर्जोलहरौ, बेलदाना, लोक्ता

क्र.सं	जिल्ला	प्रमुख जडिबुटीहरु
७	दार्चुला	तेजपात, रिठा, काउलो बोक्रा, पाषणवेद, अमला, दालचिनी बोक्रा, चुत्रो वोक्रा, सुगन्धवाल, टिमुर, यार्सागुम्वा, साधारण च्याउ,, गुच्ची च्याऊ, चिराईतो ।
८	बझाङ	यार्सागुम्बा, कुड्की, काउलो, चिराइतो, सतुवा, विष जरा, तेजपात, दालचिनी, सुगन्धवाल, पाँचआउँले, पाषणबेद, बन लसुन, सेतकचिली, कालो मुस्ली, सेतो मुस्ली, भेंडाक्षेती
९	बाजुरा	पाँचआउँले, पाषणबेद, तिम्मुर, कुरिलो, चिराइतो, गिद्धीगानो, सतिस, तेजपात, चुत्रो, कुड्की, सिकाकाई, बायजडी, निरविसी, पदमचाल, मजेठो, बोझो, लौठ, किम्बु, ओखर, सिलाजित, विषकाब्रो, गुज्रो, पिपली, ऐजरु, सुगन्धवाल, सुनपाती, कालादाना, काँकडसिगी, बर्जदन्ति, गुच्ची च्याउ, झ्याउ, भोजमत्र, विषजरा, मुश्ले, तन्जडी, यार्सागुम्बा

सुदूरपश्चिम प्रदेशमा संकलन गर्न सकिने जडीबुटी	
जिल्ला	**जडीबुटी परिमाण केजीमा**
बझाङ	१७५५३१५
कैलाली	५८०५००
डोटी	८६५५००
कञ्चनपुर	७००००
बैतडी	३४७७७०
डडेल्धुरा	५८४०००
बाजुरा	६०६१९८
अछाम	६८७३००
दार्चुला	७७४०५४
कुल	६२७०६३७

श्रोतः सम्वन्धित जिल्ला वन कार्यालयका प्रकाशनहरु

सन् २०१८ मा १ अर्ब ४४ करोड युएस डलर बराबरको जडीबुटी आयात भएको थियो । जडीबुटीको यो बजारलाई एकातिर नेपालले उपयोग गर्न सक्ने अवस्था विद्यमान छ भने अर्कातिर मूल्ययोग सहित नेपाली जडीबुटीहरुको वस्तु र बजार विविधिकरण गर्न सक्ने सम्भावना पनि देखिन्छ। सुदुरपश्चिम प्रदेशमा उपलव्ध जडीबुटीलाई दीगो व्यवस्थापनको विधिका बाट संकलन गरी भविष्यसम्म यस क्षेत्रलाई नेपालकै आय आर्जनको क्षेत्रका रुपमा विकास गर्न सकिने संभावना देखिन्छ ।

नेपालबाट जडीबुटी निर्यात		
देश	**परिमाण केजी**	**मूल्य रु हजार**
कम्बोडिया	१९३	१२८५६६
चीन	१९९९६९	४३६२२
फ्रान्स	२४७८	७२७२
जर्मनी	४४८५	१०५८८
हंगकंग	५९३८४	२०८०२७
इटाली	२	९७८
कोरिया, गणतन्त्र	०	६२

नेपालबाट जडीबुटी निर्यात		
देश	**परिमाण केजी**	**मूल्य रु हजार**
मलेसिया	३७	१३६०९
सिङ्गापुर	१४	१३१८२
ताइवान, चीनको प्रान्त	४	२५९७
युनाइटेड किंगडम	८	२०६३
संयुक्त राज्य अमेरिका	१७३	११६०४
भियतनाम	१६४०५३	६९३६४
बहराइन	१०	९८
बंगलादेश	१०१६९१	१४९६१
क्यानडा	१५०	११४९
भारत	५०७३८४६	११०११५४
जापान	५३९५	१८३३५
कजाकस्तान	१०	३
म्यानमार	५६११३५	१५४१९५
पाकिस्तान	११०५७०	१५०९०
कतार	२२१	११४
स्विट्जरल्याण्ड	८५०	१०७०
संयुक्त अरब इमिरेट्स	२९६१०१	६९९६९
कुल	**६५८०७७८**	**१८८७६७२**

श्रोतः व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

सुदूरपश्चिम प्रदेशमा उत्पादित जडीबुटीलाई प्रदेशस्तरमा आयुवेर्दिक औषधी उत्पादन, प्रशोधित जडीबुटीको निर्यात र भारतका अतिरिक्त अन्य मुलुकहरुमा पनि जडीबुटी निर्यात गर्न रणनीति लिन आवश्यक देखिन्छ ।

टर्पेन्टाइन तेल, रोजिन एण्ड रेजिन तेल

सुदूरपश्चिम प्रदेशबाट निर्यात भईरहेको प्रमुख वस्तुमा रोजिन र रेजिन तेल पनि पर्दछ । सुदूरपश्चिमबाट स्थित भन्सारकार्यालयहरुबाट टर्पेन्टाइन तेल, रोजिन र रेजिन एसिड निर्यात भएको देखिन्छ ।

सुदूरपश्चिम प्रदेशमा संकलन गर्न सकिने खोटो	
जिल्ला	**परिमाण केजीमा**
बझाङ	२९९८७२
कैलाली	४५६५०००
डोटी	७४४०००
कञ्चनपुर	
बैतडी	३८५६०००
डडेल्धुरा	३५०००००
बाजुरा	४१२५०००

सुदूरपश्चिम प्रदेशमा संकलन गर्न सकिने खोटो	
जिल्ला	**परिमाण केजीमा**
अछाम	२९०००००
दार्चुला	१६६३२२
कुल	२०१५६१९४

टर्पेन्टाइन तेल तथा रोजिन र रेजिन एसिड निर्यात

परन्तु खोटो संकलनमा दीगो पक्षलाई ध्यान नदिंदा यस उद्योगमा समस्याहरु देखा परेका छन् । त्यसैले वृक्षारोपण र खोटो संकलनलाई सँगसँगै लगेर यस उद्योगको विकास गर्नु आवश्यक देखिन्छ । यसले भारत लगायत अन्य लक्षित बजारमा खोटोका उत्पादनहरु निर्यात गर्न सकिने र स्वदेशी रँग उद्योगका लागि आवश्यक पर्ने कच्चापदार्थ परिपूर्ति गर्न सकिने देखिन्छ ।

फलफुल :

सुदूरपश्चिम प्रदेशमा सबै प्रकारका फलफुलहरु उत्पादन हुने भौगोलक वातावरण उपलब्ध छ। सुदूरपश्चिम प्रदेशमा शीतकालीन फलफुलको सम्भावित क्षेत्रमा उत्पादन गर्ने हो भने थप ११ हजार मे.ट. फलफुल उत्पादन गर्न सकिने देखिन्छ। यसै गरी सबै सम्भावित क्षेत्रफलमा गृष्मकालीन फलफुल गर्ने हो थप १४ हजार मे.ट. फलफुल यस प्रदेशमा उत्पादन गर्न सकिन्छ। यसरी कुल २५ हजार मे.ट. बढी फलफुल उत्पादन गर्न सकिने सम्भावना यस प्रदेशमा रहेको छ। यसरी उत्पादन हुने फलफुल विदेशमा निर्यात गर्न सकिने सम्भावना रहेको छ।

शीतकालीन फलफुलहरु

जिल्ला	उत्पादन हुन सक्ने क्षेत्रफल	उत्पादित क्षेत्रफल	उत्पादन	प्रतिह हेक्टर उत्पादन मे.ट.मा
बाजुरा	६७२	२४१	१,५१५	**६.२८**
बझाङ	३०३.५	१८०.५	१,१२८	**६.२५**
दार्चुला	४४१.६	३६६	३,२७०	**८.९३**
अछाम	७९३.५	१३२	७९३	**६.०१**
डोटी	५००	३६४	१,६०६	**४.४१**
बैतडी	६५८	३००.६	१,५५९	**५.१९**
डडेल्धुरा	५८१.५	२६०.५	१,७३८	**६.६७**
कैलाली	७०	६१	४७४	**७.७७**
कञ्चनपुर				
सुदूरपश्चिम	**४०२०.१**	**१९०५.६**	**१२,०८२**	**६.३४**
नेपाल	**३३५७२.७**	**१७९७९.०४**	**१३२,०३१**	**७.३४**

गृष्मकालीन फलफुलहरु

जिल्ला	उत्पादन हुन सक्ने क्षेत्रफल	क्षेत्रफल	उत्पादन	प्रतिह हेक्टर उत्पादन मे.ट.मा
बाजुरा	२३१	८२	७९७.६	९.७२६८३
बझाङ	३३०	१९१	१५९९.६८	८.३७५२९
दार्चुला	२०८	१३७	१४०८.७२	१०.२८२६
अछाम	१९६.०५	७८.८	७१०.६७३	९.०१८७
डोटी	१७४	१४३	१२८८.३२	९.००९२३
बैतडी	९९.९	६३.७८	७१९.७९६	११.२८५६
डडेल्धुरा	७०५	३०५	२३७१.७	७.७७६०७
कैलाली	२३०९	१८४३	२६०७५.६	१४.१४८४
कञ्चनपुर	११९७	१०७८	१५४७९.५	१४.३५९५
सुदूरपश्चिम	**५४४९.९५**	**३९२०.९८**	**५००२७.५**	**१२.७५८९**
नेपाल	**९९७७०**	**७९२३६.८**	**९७८५७०**	**१२.३४९९**

श्रोतः कृषि तथा पशुपक्षी विकास मन्त्रालय

यसरी पुरै सम्भाव्य क्षेत्रफलमा फलफुल खेती विस्तार गर्ने हो भने सुदूरपश्चिममा ६९ हजार ८ सय ५३ मे.ट. फलफुल उत्पादन गर्न सक्ने देखिन्छ ।

दुग्धजन्य पदार्थ

सुदुर पश्चिम प्रदेश दुग्ध पदार्थ विशेष गरी भैसीको दुधको लागि प्रख्यात छ । स्थानीय दुग्ध उद्यमीबाट पाइएको जानकारी अनुसार यस प्रदेशमा प्रदेशमा भदौं देखि चैत्र सम्म भैंसीको दुध अधिक उत्पादन हुने गरेको छ । यस मौसममा उत्पादन हुने अतिरिक्त दूध ढुवानीको राम्रो व्यवस्था गरी अन्य प्रदेशमा आपूर्ति गर्न सकिने अवस्था छ भने दूध कम उत्पादन हुने मौसम बैसाख देखि श्रावण महिना सम्मका लागि धुलो दूधको कारखाना स्थापना गरी आयात प्रतिस्थापन गर्न सकिन्छ ।

सुदूरपश्चिम प्रदेशमा दुध दिने जनावरको अवस्था

जिल्ला	गाईको सँख्या	भैसी सँख्या	गाईको दुध	भैसीको दुध	कुल
बाजुरा	७,३७५	९,५५६	३,९०८	७,४११	११,३१९
बझाङ	१९,४४८	१५,५३४	११,८८६	१२,०५४	२३,९४०
दार्चुला	१३,२९२	८,९६३	७,६४३	६,३१९	१३,९६२
अछाम	१४,३९९	६,१३६	७,५३७	४,३४९	११,८८६
डोटी	१५,३९२	६,१८७	९,४७६	४,८२२	१४,२९८
बैतडी	१०,१९९	७,९३६	४,६३९	५,०३५	९,६७४
डडेल्धुरा	१७,४४७	१६,३९०	१०,६८७	१३,३१०	२३,९९७
कैलाली	३५,६१७	५४,८८२	३४,५८९	५१,४७२	८६,०६१
कञ्चनपुर	२७,१६४	३७,४६९	२५,५७३	३४,८५२	६०,४२६

सुदूरपश्चिम	१६०,३३४	१६३,०५३	११५,९३८	१३९,६२४	२५५,५६३
नेपाल	१,२२३,०६१	१,६६६,८२७	१,१०१,८१२	१,४६४,८०२	२,५६६,६१४

श्रोतः कृषि तथा पशुपक्षी विकास मन्त्रालय

नेपालको दुग्धपदार्थ निर्यात

देश	परिमाण केजी	मुल्य रु हजारमा
चीन	१०८९	१०१०
क्यानडा	२४५	५३८
भारत	३०४२३	१७४६८
संयुक्त राज्य अमेरिका	६४५३९	९९७६७
कोरिया गणतन्त्र	२०	७२
हंगकडं	२२	१३
जापान	२१२७३	२३९८०
अस्ट्रेलिया	३०२४	२५७१
कुल	१२०६३४	१४५४१९

जलविद्युत

जलविद्यतु उत्पादनमा पनि सुदुरपश्चिम प्रदेश सम्भावना बोकेको प्रदेश हो । यस प्रदेशमा करीव ३ हजार ७ सय मेगावाट विजुली उत्पादनको पाइपलाइन छन् । यो परिमाणको विजुली उत्पादन गरी प्रदेशका ताप प्रणाली, पाक प्रणाली र यातायात प्रणालीलाई विद्युतमा आधारित प्रणालीमा रुपान्तरण गर्ने हो भने पेट्रोलियम पदार्थको आयातप्रतिस्थापन गर्न सकिन्छ । सुदरपश्चिमको कुल सम्भाव्य जलविद्युत आयोजनाहरुबाट विद्युत उत्पादन गर्न सकेको अवस्थामा सो विजुली भारतमा निर्यात गर्न सकिने अधिक सम्भावना छ ।

सुदरपश्चिम प्रदेशमा जलविद्युत उत्पादन हुने पाइपलाइनका आयोजनाहरु	
विवरण	**क्षमता मेगाबाटमा**
सरकारको बास्केटमा रहेका योजनाहरु	८०
सरकारले अध्ययन गरिरहेको योजना	२०२
सञ्चालनमा रहेको योजना	३९
सौर्यउर्जाको सर्वे लाइसेन्स	२
उत्पादन लाइसेन्स लिएको कुल	९२
सर्वे लाइसेन्स प्राप्त आयोजनाहरु	३,१७१
उत्पादन लाइसेन्स जारी भएको आयोजना	८९
कुल	**३,६७४**

श्रोतः विद्यतु विकास विभाग

भौगोलिक संकेतका आधारमा निर्यात गर्न सकिने वस्तु

(क) बिजयसालका उत्पादनहरु : विजयसाल विदेश गरी कञ्चनपुर जिल्लाम पाइने साल प्रजातिको रुख हो । यस प्रजातिको रुखिको काठबाट विभिन्नि खालको अम्खोराहरु बनाउने गरिन्छ । यस अम्खोरामा पानी राखेर खाँदा शरीरलाई फाइदा हुने विश्वासका साथ यसको लोकप्रियता स्वदेश तथा विदेशमा पनि रहेको छ

। यस उत्पादनलाई पनि भौगोलिक संकेतका आधारमा ब्राण्डिङ गरी स्वदेश तथा विदेशको बजारमा स्थापित गर्न सक्ने सम्भावना देखिन्छ ।

(ख) राउटेका काठका उत्पादनहरुः सुदूरपश्चिम प्रदेशका निश्चित वनहरुमा राउटेहरुले काठका विभिन्न उत्पादनहरु उत्पादन गर्ने गर्दछन् । ती उत्पादनहरुलाई पनि भौगोलिक संकेत प्रदान गरी सोही ब्राण्डमा स्वदेश तथा विदेशमा ती काष्ठजन्य उत्पादनहरुको बजार प्रवर्द्धन गर्नु आवश्यक छ ।

(ग) अछामी नौमुड्के गाईको दुग्ध परिकारः विश्वकै दुर्लभ अछाम जिल्लामा पाइने नौ मुड्के गाईलाई पनि भौगोर्लिक संकेत प्रदान गरी ती गाईबाट हुने प्राप्त हुने दुग्धपदार्थलाई सोही अनुरुप स्वदेश र विदेशमा ब्राण्डिङ गरी निर्यात तथा अन्य प्रदेशमा आपूर्ति गर्न सकिने देखिन्छ ।

(घ) जोरायलको बासमतीः डोटी जिल्लाको सदुमुकाम सिलगढीदेखि १२० कि.मी. दक्षिण पूर्व क्षेत्रमा अवस्थित जोरायल उपत्यकामा जोरायली वास्मती धान लगाउने गरिन्छ । यो धानलाई व्यापारीहरुले कृषकको खेतीबारीबाट सोझै खरीद गरी कैलालीको धनगढी अत्तरीयामा समेत मिलमा प्रशोधन गरी विक्री वितरण गर्ने गरेको पाईन्छ । यस चामलको स्वाद, वासना र मिठास साह्रै मनमोहक रहेको पाईन्छ । यसको क्षेत्र विस्तार गरी उत्पादित बासमति धानलाई मुलुकको मख्य व्यापारिक क्षेत्रहरुको ठूला ठूला डिपार्टमेण्टल स्टोरहरुमा विक्री वितरणको लागि यसको व्यापाक रुपमा प्रचार प्रसार गर्नुपर्ने तथा विदेशी बजारमा समेत यसको बजार प्रवर्द्धन गर्नुपर्ने देखिन्छ । जोरायल क्षेत्रलाई वासमतिको पकेट क्षेत्रका रुपमा विकास गरी भौगोर्लिक संकेत प्रदान गरी बजार प्रवर्द्धन गर्नु पर्ने दे्खिन्छ ।

(ङ) ढकियाः थारु समुदायले उत्पादन गर्ने हस्तकलामा सामानहरु मध्ये ढकिया पनि पर्दछ । यी वस्तुहरु कैलाली र कञ्चनपुर जिल्लाका पुराना थारु बस्तीहरुमा परम्परागत रुपमा उत्पादन हँदै आएका छन् । यी वस्तुहरुलाई पनि सम्वन्धित गाऊका का नाममा भौगोलिक संकेत प्रदान गरी विशिष्ट पहिचान सहितको ब्राण्डिङमा विदेश निर्यात र अन्य प्रदेशमा आपूर्ति गर्न सक्ने सम्भावना देखिन्छ ।

(च) महः सुदूरपश्चिमका अधिकाँश पहाडी जिल्लाहरुमा प्रशस्त मात्रामा मह उत्पादन हुने गरेको छ । विशेष गरी डोटी र अछामको समिावर्ती क्षेत्रहरु महका प्रख्यात दछन् । यी क्षेत्रमा उत्पादित महलाई पनि भौगोलिक संकेत प्रदान गरी गुणस्तर प्रमाणीकरण हुने गरी स्वदेशी तथा विदेशी बजारमा स्थापित गर्न सकिने देखिन्छ । नेपालमा उत्पादन हुने मह उच्च गुणस्तरको भए तापनि उचित प्रयोगशालाको अभावमा यसको जाँच राम्रोसंग हुन सकेको छैन । केही वर्ष अगाडि सपम्म प्रमुख रुपमा निकासी भैरहेको महको गुणस्तर परिक्षण हुन नसक्दा यसको निकासीमा धेरै ह्रास आएको छ । तसर्थ महको निकासी बढाउनको लागि गुणस्तर कायम राख्न र मौरी चरण क्षेत्रका बोटहरुमा कुनै पनि प्रकारको रासायनिक पदार्थ छर्किनु नहुने तर्फ सचेत रहनु आवश्यक छ । यस प्रदेशमा उत्पादित मह व्यवसायिक उत्पादनका लागि आवश्यक सहयोग हुन पनि जरुरी छ । साथै मौरी पालन सम्वन्धी तालिम तथा मौरी सहितको घार वितरण गर्ने तथा त्यस सम्वनधी उचित शिक्षा दिलाउन सकेको खण्डमा यसको भविष्य राम्रो देखिन्छ ।

नेपालमा मह उत्पादनको प्रशस्त सम्भावना भएतपानि लक्षित बजारले मह आयात गर्दा लागु गरेको गुणस्तरका प्रावधानहरु पुरा गर्न नसक्दा नेपालको मह अपेक्षित रुपमा निर्यात हुन सकिरहेको छैन । यसै गरी मह उत्पादनलाई व्यवस्थित गरी विश्वसनीय रुपमा ग्राहक समक्ष पुर्‍याउन नसक्दा नेपालभित्र पनि नेपाली महको बजार सोचे विस्तार हुन सकिरहेको छैन । यी दुईओटा पक्षमा ध्यान दिन सक्ने गरी गुणस्तर प्रमाणीकरण, लेवलिङ, प्याकेजिङ र भौगोलिक संकेतका आधारमा ब्राण्डिङ गर्न सकेको खण्डमा सुदूरपश्चिमको मह उत्पादनबाट आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्न सकिने सम्भावना रहेको छ ।

निर्यात प्रवर्द्धन गर्न सकिने सेवाहरु
हिलस्टेशन पर्यटन

पृष्ठभूमिः

नेपालको छिमेकी मुलुक भारतमा ब्रिट्रिश शासनकालमा हिमालय पर्वत श्रृंखलाको फेदीमा आनन्द सेवन हेतु पूर्वदेखि पश्चिम सम्म १८२ ओटा हिलस्टेशनहरुको जग हालिएको थियो । ती हिलस्टेशनहरु मध्ये भारतीय राज्य उत्तराखण्ड र हिमाञ्चल प्रदेशमा अवस्थि हिलस्टेशनमा पनि भारतको आन्तरिक पर्यटनका लागि आकर्षक गन्तव्य बन्न पुगेका छन् ।

पर्यटन पुर्वाधारमा भारत सरकारको लगानी, प्रचारप्रसार र आयस्तर अनुसारका होटेल र भोजनगृहको प्रयाप्त व्यवस्था, सस्तो र सर्वसुलभ विभिन्न प्रकारका यातायातका साधनहरु, सुरक्षित र गुणस्तरीय मार्गहरु, यातायातका साधनहरुको निर्वाध आवागमनको सुविधा, ब्रिट्रिशहरुले स्थापना गरिदिएको साख र मौसमी हिमपात, समशितोष्ण सदावहार जलवायु, पर्वतीय हरियालीयुक्त सुन्दरता, हिमालयहरुको अवलोकन र मर्यादित होटल व्यवसायका कारण हिटस्टेशनहरुमा भारतका मैदानी भागका पर्यटकहरुको घुइँचो लाग्ने गरेको छ । यसैले गर्दा भारतको नयाँ दिल्ली, पश्चिम युपी, हरियाणा, पञ्जावतिरका वासिन्दाहरुको लागि गर्मी छल्ने, विदामा घुम्न गन्तव्यका रुपमा सुदूरपश्चिम प्रदेश जस्तै वातावरण र दृष्यावली भएका सिमला, नैनीताल, देहरादुन, कुल्लु, मनाली, अल्मोडा, काँकडाजस्ता स्थानहरु पर्दछन् । सुदूरपश्चिम प्रदेशमा पनि हिलस्टेशनहरु विकास गरी उचित वातावरण सिर्जना गर्ने हो भने भारतीय पर्यटकहरु विशेष गरी नयाँ दिल्ली, पश्चिम युपी, हरियाणा र पञ्जावतिरका पर्यटकहरुलाई सुदूरपश्चिम प्रदेशमा आकर्षिक गर्न सक्ने ठूलो सम्भावना रहेको छ । यसका लागि सुदूरपश्चि प्रदेशमा हिलस्टेशनमा पर्यटक आकर्षित गर्न देहायका कदमहरु चालिनुपर्ने आवश्यक देखिन्छ ।

(क) यसका लागि सर्वप्रथम मर्यादित, सुरक्षित र इमान्दारीयुक्त सेवाको प्रत्याभूतिः भारतीय पर्यटकहरुलाई पर्यटक नै नमान्ने, अपशव्द बोल्ने र चर्को मूल्यमा गुणस्तरहीन सेवा दिने गलत प्रचलनलाई नेपाल सरकार र होटल व्यावसायीहरुका छाता सँगठनहरुले नियन्त्रण गर्नुपर्दछ ।

(ख) पारिवारिक वातावरणः भारतीय पर्यटकहरुलाई परिवारहरु सँगै बसेर आनन्द लिन सक्ने मर्यादित मनोरञ्जनको व्यवस्था गरिनु पनि अति आवश्यक देखिन्छ ।

(ग) भारतीय पर्यटकहरुको रुचिगत विविधताको ध्यान: पर्यटन सेवाको विविधिकरण गर्दै द्युत पर्यटन (क्यासिनो), साहसिक, सेमिनार, गोष्ठी, बैठक, साँस्कृतिक, धार्मिक, सौन्दर्यपान, पदयात्रा, उच्चस्थानका दौडहरु, खेलकुद, अवलोकन, अनुसन्धान, अभ्यास आदि जस्ता क्षेत्रहरुको समानुपातिक विकास गर्नु पनि जरुरी छ ।

(घ) पूर्वाधारमा लगानी : हिमाञ्चल, उत्तराखण्डमा पर्यटन पुर्वाधारको विकास गरिएको छ सोही अनुरुप नेपालले पनि विश्वस्तरका पर्यटकीय पूर्वाधारहरुको विकास गनुपर्दछ ।

(ङ) भारतबाट आउने पर्यटकहरुको नेपाल आउने यात्रा र बसाईमा सहजता : नेपालका होटलहरुमा हुने होहल्ला झैझगडा जस्ता अमर्यादित क्रियाकलापहरुलाई नियन्त्रण गर्ने संयन्त्रको विकास गरिनुपर्दछ। विशेष गरी होटलमा बस्दा दर्ताको प्रक्रियामा रहेको खुकुलोपना र लापरवाही र बिना परिचयपत्र, छद्मम परिचयपत्रका आधारमा कोठा उपलव्ध गराउने प्रवृत्तिलाई कडाईका साथ नियन्त्रण गरिनुपर्दछ।

(च) भारतीय निजी सवारी साधनहरुलाई निर्वाध र निशुल्क रुपमा नेपाल प्रवेश गर्ने र आवागमनको सविधा : भारतीय पर्यटकहरु आफ्ना गाडीमा सुरक्षित र सुविधाजनक रुपमा नेपालमा घुमफिर गर्न सकुँन ।

(छ) ठूला दरका भारतीय नोटहरुलाई नेपालमा पनि सहजरुपमा साट्न पाउने व्यवस्था: उनीहरुले निर्वाध रुपमा नेपाली वस्तु तथा सेवाको खरिददारी गर्न सकुँन ।

(ज) भारतीय पर्यटकहरुलाई आकस्मिक रुपमा आईपर्ने घटनाहरुबाट सुरक्षाका लागि आकस्मिक सेवाको प्रत्याभूति

(झ) हिलस्टेशनहरु चौविसै घण्टा खुल्ला रहने गरी सुरक्षाको प्रत्याभूति

(ञ) भारतका सञ्चार माध्यमहरुमा नेपालका हिलस्टेशनहरुका बारेमा पर्याप्त मात्रामा प्रचारप्रसार गर्न सरकार र निजी क्षेत्रबाट तर्फबाट संयक्त पहल

(ट) हिलस्टेशनमा गुणस्तरीय सुपरमार्केटहरुको स्थापना

दृष्यावलोकन पर्यटन:

सुदूरपश्चिम प्रदेश मनोरम प्राकृतिक सम्पदाले भरिपूर्ण प्रदेशका रुपमा रहेको छ । विशेष गरी देहायका पर्यटकीय स्थलहरु दृष्याकलोकनका केन्द्रका रुपमा विकसित गरिनु जरुरी छ ।

(क) शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज

(ख) घोडाघोडी ताल

(ग) रामारोशन

(घ) वैतडी पाटन

(ङ) खप्तड

(च) बडीमालिका

(छ) सुर्मा सरोवर

(ज) अपि सइपाल बेसक्याम्प

(ज) कञ्चनपुरको झोलुङे पुल

(झ) कर्णाली पुल

धार्मिक पर्यटन

तीर्थ केन्द्रित पर्यटनः

सुदूरपश्चिम प्रदेश भारत र चीन जोडने सबैभन्दा पायक पर्ने प्रदेश हो । यसका साथै पश्चिम र पश्चिमोत्तर भारतमा घुम्न जाने पर्यटकहरुका लागि सुदूर पश्चिम प्रदेश प्रवेशद्वार पनि हो । यी दुई ओटा कोणबाट हेर्दा सुदूर पश्चिम प्रदेशमा देहायका क्षेत्रमा ठूलो सम्भावनाहरु लुकेका छन् ।

(१) मानसरोवर यात्राः



श्रोतः गुगलम्याप

कुनै पनि भारतीय हिन्दूहरुको जीवनको लक्ष्य मध्ये एउटा प्रमुख लक्ष्य मानसरोबरमा स्नान गर्ने नै हुने गर्दछ। यसैकारण भारतले मानसरोबरका तीर्थयात्रीहरुलाई भ्रमणभत्ता अनुदानमा रुपमा दिने कार्यको शुरुवात गरेको छ । हाल नयाँ दिल्लीको तीर्थयात्री भारतबाट काठमाडौं, काठमाडौंबाट नेपालगञ्ज नेपालगञ्जबाट सिमकोट, सिमकोटबाट हिल्सा हुँदै मानसरोवर जाने गरेको पाइन्छ । यदि बभाङ ताक्लाकोट मार्गलाई व्यवस्थि गर्न सकेको खण्डमा मानसरोवर जाने भारतका सबै तीर्थयात्रीहरुको पहिलो रोजाई बभाङ ताक्लाकोट मानसरोवर मार्ग नै पर्ने निश्चित छ । यो मार्गलाई व्यवस्थि गर्न सकेको खण्डमा यसले पर्यटनका अन्य

क्षेत्रहरुको विकासमा समेत टेवा पुर्‍याउने देखिन्छ । भारत मानसरोवर तीर्थयात्राको यो रुटबाट सिर्जित आर्थिक सक्रियताले यो प्रदेशको आर्थिक विकासमा नयाँ आयाम थप्ने निश्चित छ ।

(२) उत्तराखण्ड र हिमाञ्चल जाने नेपाली तीर्थयात्राहरु केन्द्रित पर्यटनः

भारतका हिन्दूहरुको जीवनको एउटा प्रमुख लक्ष्य मानसरोवर यात्रा भए झैं नेपालका हिन्दूहरुको जीवनको एउटा प्रमुख लक्ष्य हरिद्वार स्नान, गँगोत्री यमोनोत्रीमा स्नान, बद्रीनाथको दर्शन, वैष्णोदेवीको दर्शन, अमरनाथ यात्रा आदि जस्ता तीर्थहरु पर्दछन् । यी सबै खालका तीर्थयात्राहरुको प्रवेशद्वार पनि सुदूरपश्चिम प्रदेश नै हो । यस्ता नेपाली तीर्थयात्रीहरुको लागि सुदूरपश्चिम प्रदेशका पर्यटन व्यावसायीहरुले नयाँ सोंचका साथ नेपाली पर्यटकहरुलाई सुरक्षित रुपमा महेन्द्रनगर र धनगढी लगायतका शहरहरुमा बस्ने धार्मिक वातावरणको सिर्जना गर्ने, ती पर्यटकहरुलाई सुरक्षित रुपमा गन्तव्यसम्म पुर्‍याउने व्यवस्था गर्ने, आपतकालमा उद्दारको व्यवस्था गर्ने, टिकट लगायतका अन्य लजिष्टिक पक्षमा व्यवस्थाहरु गर्ने र तीर्थयात्रीहरुलाई भरपर्दो सूचना आदानप्रदान गर्न व्यवस्था गर्न सकेको खण्डमा नेपाल भरीका उत्तराखण्ड, हिमाञ्चल र जम्मु काश्मीर जाने तीर्थयात्रीहरुका लागि सुदूरपश्चिम प्रदेश महत्वपूर्ण केन्द्रमा रुपमा विकास हुन सक्ने निश्चित छ । यो सम्भावनालाई मूर्तरुप दिन सुदूरपश्चिम प्रदेशका पर्यटन व्यावसायी, राजनीतिक दलहरु, स्थानीय निकाय र प्रदेश सरकारले एउटा आम अवधारणा विकास गर्न जरुरी छ ।

थरगोत्र कुलदेवता कुलदेवी केन्द्रित पर्यटन (अन्तरप्रदेश सेवा व्यापार)

सुदूरपश्चिम नेपालका अधिकाँश बाहुन क्षेत्री र दलित समुदायहरुको उत्पत्तिस्थलका रुपमा रहेको छ । यी समूदायहरुको थर गोत्रहरुको उत्पत्तिस्थल सुदूरपश्चिम प्रदेशमा रहेका छन् । यसका साथै उनीहरुका कुलदेवता, कुलदेवीहरु पनि सुदूरपश्चिम प्रदेशमा अवस्थित छन् । मष्टोबण्डालीका थानहरु जो नेपालका बाहुन क्षेत्री र दलित समुदायका मानिसहरुको आस्थाको विन्दूहरु रहेका छन् पनि यही प्रदेशमा अवस्थित छन् । यातायातको सुगमता, आवासको उचित व्यवस्था र ती आस्था केन्द्रहरु र सम्वन्धित थर गोत्रका मानिसहरुलाई जोड्न सक्ने संयन्त्रको व्यवस्था गर्न सकेको खण्डमा सुदूरपश्चिम प्रदेश थरगोत्र, कुलदेवता, कुलदेवी, मष्टोबण्डाली रहेका स्थानहरु आन्तरिक र वाहय पर्यटनका लागि आकर्षणका केन्द्र बन्ने देखिन्छ । यस पक्षलाई दृष्टिगर्दै आवश्यक संस्थागत व्यवस्था सहित थरगोत्र, कुलदेवता, कुलदेवी, मष्टोबण्डालीका थानहरुको विकास गर्नु आवश्यक देखिन्छ । विशेष गरी थरगोत्र वृत्त, देवीथान वृत्त, मष्टोबण्डाली वृत्तको विकास गर्न आवश्यक देखिन्छ ।

विकास गरिनु पर्ने पर्यटनका अन्य क्षेत्रहरु

प्रदेश सरकार, स्थानीय उद्यमी व्यवसायीहरु तथा सम्वन्धित क्षेत्रका विज्ञहरुसँगको अन्तरक्रिया तथा सुझावका आधारमा देहायका पर्यटन क्षेत्रमा सुदूरपश्चिम प्रदेशमा वृहत सम्भावनाहरु रहेका छन् ।

- जलयात्रा
- स्की
- बञ्जी
- माउण्टेन रेस,
- प्याराग्लाईड,
- सेमिनार,
- मनोरञ्जन(क्यासिनो),

- खेलकुद (क्रिकेट, भलिबल),
- जँगल सफारी,
- पदयात्रा,
- दृष्यावलोकन, माउण्टेन फ्लाई धनगढी अपि सैपाल
- अनुसन्धान पर्यटन
- चरा अवलोकन पर्यटन
- जीवजन्तु अवलोकन पर्यटन,
- वनस्पति अध्ययन र अवलोकन,
- पर्यापर्यटन,
- कृषि पर्यटन

उपरोक्त क्षेत्रहरुको विकास गर्न सम्वन्धित क्षेत्रको पूर्वाधार विकास, प्रचारप्रसार र दीगोपनालाई कायम गर्न सँघ, प्रदेश, स्थानीय निकाय र उद्यमी व्यवसायीहरु र विज्ञहरु सम्मिलित समितिहरु मार्फत संगठित सक्रियताको खाँचो देखिन्छ ।

स्वास्थ्य सेवा

नेत्र चिकित्सा:

श्रोत: नेपाल नेत्रज्योतिसँघ

सुदूरपश्चिमको कैलालीको गेटामा अवस्थिति आँखा अस्पतालमा नेत्र उपचारका लागि हजारौं भारतीयहरु आउने गर्दछ। यस वापत नेपाललाई करौडौं आम्दानी हुने गर्दछ। यस क्षेत्रको व्यवस्थित विकासमा नेपाल सरकार समेत सँलग्न हुने हो भने भविष्यमा सुदूरपश्चिम प्रदेश नेत्र उपचारका लागि भारतीयहरुको आकर्षक केन्द्रका रुपमा विकास गर्न सकिने सम्भावना प्रबल रहेको देखिन्छ। यस अस्पतालले भारतीय सेवाग्राहीबाट रु ४,५९,२६,००० आम्दानी गरेको देखिन्छ। उक्त अस्पताललाई अझ सेवा सुविधायुक्त बनाई नेत्र उपचारको अन्तर्राष्ट्रिय आँखा उपचार केन्द्रका रुपमा विकास गर्न सकेको खण्डमा ठूलो परिणाममा भारतीय मुद्रा आर्जन गर्न सकिने सम्भावना रहेको छ।

अनुसुची

वाणिज्य नीति २०७२, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना तथा निजी क्षेत्रले पहिचान गरेको वस्तुहरु, नेपालको आयात व्यापार विश्लेषणबाट किटान गरिएका वस्तुहरु तथा प्रदेशस्तरमा गरिएका अन्तरक्रियाबाट सुझावहरुलाई दृष्टिगत गरी निकासी सम्भाव्य वस्तुहरुको विकास गरिनु आवश्यक देखिन्छ।

(क) वाणिज्य नीति २०७२ मा उल्लेख भएका र सुदूरपश्चिमबाट निकासी सम्भावना भएका वस्तुहरु देहाय बमेजिम रहेका छन् ।

अदुवा/सुठो
ऊनी तथा गलैंचा
औषधि, औषधिजन्य जडिबुटी तथा सारयुक्त तेल
चिनी
तरकारी, तरकारीको बीउ
पुष्प (फूल)
फलफूल
मह
दाल
हाते कागज र सोको उत्पादन
पर्यटन
स्वास्थ्य सेवा

(ख) नेपाल व्यापार एकीकृत रणनीमिा उल्लेखित वस्तु तथा सेवाहरुमा उल्लेख भई सुदूरपश्चिम प्रदेशबाट निकासी गर्न सकिने वस्तु र सेवाहरु

अदुवा
जडीबुटी र सुगन्धित वनस्पति
छाला
पर्यटन(आमोदप्रमोद, चिकित्सा
धातु
फलफुल
जुस
मह
मसुरो
कागज
बहुमुल्य पथ्थर
ऊनी उत्पादनहरु

(ग) प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजनामा उल्लेख भएका कृषिजन्य वस्तुहरु

आलु, स्याऊ, तरकारी, अदुवा, बेसार,धान, माछा, मकै र मकैको विऊ, जैतुन, गहुँ पनि निकासी सम्भाााना भएका, आयातप्रतिस्थापन गर्न सकिने र अन्तरप्रदेश व्यापार हुन सक्ने सम्भावित वस्तुहरुहरु रहेका छन् ।

(घ) प्रदेश सरकारले प्राथमिकतामा राखेका कृषिजन्य उत्पादनहरु

गहुँ, मकै, जौ, अलैंची, कफी, प्रागार्गिरिक मल, केरा, ओखर, सुन्तला, कागजी, जुनार, मेवा, किवि, अँगुर, स्याऊ, मुँग, जैतुन, पश्मिना जस्ता वस्तुहरु पर्दछन् । यी वस्तुहरुलाई निर्यात प्रवर्द्धन, अन्तरप्रदेश व्यापार र आयातप्रतिस्थापन गर्न सकिने सम्भावना देखिन्छ ।

(ङ) अध्ययनका सिलसिलामा निजी क्षेत्रसँग विभिन्न चरणमा भएका अन्तरक्रियमा देहायका वस्तुहरु आयात प्रतिस्थापन गर्न सकिने जानकारी गराएका थिए ।

(१) कृषिजन्य:

(क) भेडाबाखा, माछा, मासु, दुग्धजन्य पदार्थ, अण्डा, मह, फुलहरु तथा विरुवाहरु, ताजा हरियो तरकारी, आलु, प्याज, केराऊको कोसा, दलहन(केराऊ, मुँग, मास, मसुरो, बोडी, सिमी), फलफुल(केरा, आँप, सुन्तला, अनार, अँगुर), मसला तथा नगदेबाली (कफी, दालचिनी, धनिया, मेथी, तयारी मसला, ज्वानो, बेसार, तिल),

(ख) प्रधान खाद्यान्नबाली(गहुँ, मकै, मसिनो र बास्नादार चालम, जौ, मैदा,

(ग) तरकारीको विऊ,

(घ) तेलहन(तोरी, रायो, सर्स्यु, सूर्यमुखी), खानेतेल,

(ङ) चिनी, चकलेट, मिठाई, चुइगम, चाऊचाऊ, चिप्स, विस्कुट, केक, पाउरोटी, जुस, अचार,

(च) स्पिरीट, मदिरा, पशु आहार, सुर्ती चुरोट,

(२) गैरकृषिजन्य

(क) सिमेन्ट, मसी,

(ख) श्रृँगारका सामान(लिपिष्टिक, क्रिम, पाउडर, परफ्युम), अगरबत्ती, सेप्फू, साबुन, कपालमा लाउने तेल, टुथपेष्ट, कपडा धुने पाउडर, सलाई, लाईटर,

(ग) प्लाष्टिकक सामानहरु(भाडाकुँडा, ब्रस, बोतल, केस, क्रेट, पाइप, झोला, फर्निचर),

(घ) छालाका सामानहरु (जुत्ता, चप्पल, पेटी, पर्स, सुटकेस, झोला,

(ङ) काठका सामानहरु(फर्निचर, प्लाइऊड), कागज(कागज,खाम, प्याकिङका सामानहरु),

(च) ऊन, अल्लो, भिमल, भाँगोबाट बन्ने सामानहरु, कार्पेट, तयारी पोशाक, बोरा,

(छ) सेरामिक्सका सामानहरु (बेसिन, कमोड, कप, प्लेट),

(ज) टीका, चुरा, पोते, साना

(झ) कृषि औजार, ताल्चा, साँचो,

(ञ) धातुका फर्निचर, खेलौना, पेन्सिल, कटर, रबर, इरेजर, ज्यामितीका सामानहरु

(च) अध्ययनका सिलसिलामा निजी क्षेत्रसँग विभिन्न चरणमा भएका अन्तरक्रियमा देहायका वस्तुहरु निर्यात सम्भाव्य वस्तुको रुपमा रहेको जानकारी गराएका थिए ।

१. अदुवा, परबल, लौका, वेसार, घ्यू (सुप खोरेत रहित क्षेत्र घोषणा हुनुपर्ने)

२. जडीबुटी

३. टिमुर, कफी, रुद्राक्ष, कफी, चिया, जडीबुटी,ओखर, सुन्तला, कागती, अमिलो चुक, बाबियो अल्लो, स्थानीय जातको केरा,

४. जडीबुटी, कुरिलो, घयुकुमारी, केमामाइल, मेन्था, लेमनग्रास,

५. चिराइतो, ओखर र ओखरको धुलो, तेजपत्ता, रिट्ठा, टिमुर, चिउरी, अमला, पहाडी अमला विशेष खालको हुन्छ। चुक्रा काफल, घँघारु, झ्याऊ, झ्याऊको अगरबत्ती

समग्रमा देहायका वस्तुहरु सुदूरपश्चिम प्रदेशबाट निर्यात गर्न सकिने सम्भाव्य वस्तु तथा सेवाको रुपमा देखिएका छन्

(१) दुग्धपदार्थ विशेष ध्यु, चीज

(२) फुल, विरुवा

(३) तरकारी, अर्गानिक, पहाडी , हिमाली भेगका उत्पादनहरु, तराईका उत्पादनमा लौका, परवल, भिण्डी, बन्दा, काउली, कुरिलो,

(४) दलहनः लेकाली, पहाडी र हिमाली भेगमा उत्पादन हुने

(५) फलफुलः पहाडी, लेकाली र हिमाली भेगमा उत्पादन हुने, तराईमा केरा

(६) अलैंची, कफी, चिया (भविष्यमा विकास गर्न सकिने), बेसार, धनिया, मेथी,

(७) उच्च हिमाली र लेकाली भेगमा उत्पादन गरिएका अन्न

(८) भटमास, स्थानीय जातका रैथाने तरकारीको विऊ,

(९) तोरी

(१०) जैतुनको तेल (ओलिभ आयल)

(११) जडीबुटी र सारतेल

(१२) श्रृँगारका साधान(हर्बल)

(१३) सल्लाका फर्निचर

(१४) खोटो र टर्पेन्टाइन

(१५) अम्रिसोको कुचो

(१६) कत्था

(१७) बाबियोका डोरीहरु

(१८) बोतलयुक्त पानी

(१९) चाऊचाऊ, चिप्स, जुस

(२०) छालाका उत्पादनहरु

(२१) काठका फर्निचरहरु विशेष जातबात बनेका, मूर्तिहरु, बिजय सालका उम्खोरा

(२२) कागज, नेपाली हातेकागज

(२३) हिमाली भेगमा ऊनबाट बनेका सामानहरु (काम्लो, ल्यू, राडीपाखी, स्वीटेर, गलवन्दी, टोपी, पञ्जा, ऊनी गलैंचा, पश्मिना

(२४) तयारी पोशाक

(२५) हस्तकलाका सामानहरु

निर्यात सम्भाव्य सेवाहरु

नेत्र चिकिस्ता

पर्यटन

जलयात्रा,

स्की,

बञ्जी,

माउण्टेन रेस,

प्याराग्लाईड,

सेमिनार,

मनोरञ्जन (क्यासिनो),

खेलकुद (क्रिकेट, भलिबल),

जँगल सफारी,

पदयात्रा,

दृष्यावलोकन, माउण्टेन फ्लाई धनगढी अपि सैपाल

अनुसन्धान पर्यटन,

चरा अवलोकन पर्यटन,

जीवजन्तु अवलोकन पर्यटन,

वनस्पति अध्ययन र अवलोकन,

पर्यापर्यटन,

कृषि पर्यटन,

भारतनका पर्यटक लक्षित हिलस्टेशन आमोदप्रमोद पर्यटन

अन्य स्वास्थ्य सेवा

योग ध्यान

आयात प्रतिस्थापनः चिकित्सा सेवा

(२) सरकारी र निजी अस्पतालको स्तर वृद्धि, पर्याप्त चिकित्सको व्यवस्था

शिक्षाः

निर्यात प्रवर्द्धनः

(१) मेडिकल शिक्षा,

(२ नर्स शिक्षा,

(३) इन्जिनियर शिक्षा,

(४) योग ध्यान

आयात प्रतिस्थापनः

(१) काठमाडौंका ठूला शैक्षिक संस्थानहरुको उपक्रमहरु फ्रेञ्चाइज खोल्ने,

(२) देहरादुनका स्कुलहरुको फेञ्चाइजहरु खोल्ने

तीर्थाटनः

(१) बझाङ ताक्लाकोट मानसरोबर यात्रा

(२) तीर्थाटन

(क) देवी थान

(ख) मष्टोबण्डाली

(ग) ऐतिहासिक स्थल

(घ) पुरातात्कि महत्वका स्थलहरु

(ङ) मन्दिर, देवल, धारा, पाटीपौवा, दोभान, त्रिवेणी

(च) साँस्कृतिकः जात्रा

आन्तरिक पर्यटन प्रवर्द्धन

उत्पत्तिस्थलः थरगोत्र उत्पत्तिस्थल
व्यापार सम्वद्ध सरोकारका विषयहरु

व्यापार प्रवर्द्धनमा सूचना प्रणालीको स्थापना

मुलुकबाट निर्यात गर्न सकिने उपलब्ध वस्तु तथा सेवाहरुको व्यवस्थित सूचना प्रवाह हुन अति जरुरी छ । यस्तो सूचना प्रणालीले सूचना र भूगोल र प्रयोगकर्तावीच जुन सम्वन्ध स्थापित गर्ने गर्दछ त्यसले स्थान विशेषका विशेषताहरु, सूचनाहरु, तथ्याँकहरु प्रयोगकर्ताका लागि उपलब्ध गराउँछ । स्थानीय क्रेता र वाहिरका विक्रेताहरुलाई जोड्ने, स्थानीय उत्पादनहरुलाई सूचना प्रविधिको वैश्विक सञ्जालमा जोड्दै मूलप्रवाहीकरण गर्ने यो कार्य गर्ने उपयुक्त माध्यमहरु मध्ये स्थानीय स्तरमा उपलब्ध वस्तु तथा सेवाहरुको भौगोलिक सूचना प्रणालीको स्थापना गर्ने, व्यवस्थित रुपमा स्थानीय र प्रदेशस्तरमा विद्युतीय संस्करणहरुमा तथ्याँक, सूचना र गतिविधिहरु प्रवाह गर्ने तथा मुलुकभित्र र वाहिरका क्रेता र विक्रेताहरुवीच भिडियो कन्फरेन्सको आयोजना गर्ने तथा मेला प्रदर्शनीहरुको नियम आयोजना गर्ने विषयहरु पर्दछन् । यी विषयहरुमा प्रदेश र स्थानीय तहहरुमा अलग्गै संयन्त्र बन्नु आवश्यक छ ।

नेपाली वस्तुहरुलाई वाह्य बजारमा प्राप्त सुविधाहरुको जानकारी

नेपाली निर्यातजन्य वस्तुहरुलाई नेपालका शुभचिन्तक मित्रदेशहरुले प्रदान गरेका जिएसपी सुविधा, शून्य भन्सारको सुविधा, विशेष आवधिक सहुलियतहरुका बारेमा प्रदेशस्तर र स्थानीय स्तरका उद्यमी व्यवसायीहरुलाई सहज जानकारीको व्यवस्थाको अभावमा उनीहरु निर्यात व्यापारमा प्रवेश गर्न सकिरहेका छैनन् । यस्ता जानकारीहरु प्रदेशभित्रका सबै व्यावसायीहरुलाई जानकारी दिने व्यवस्था गर्नु पर्ने विषय अर्को सराकोरको विषय हो ।

निर्यात व्यापारमा नेपाललाई प्राप्त सुविधाहरु

(१) सामान्य ग्राह्यता प्रणाली

(२) शुन्य भन्सार दरको सुविधा

(३) इयु, स्वीट्जरलेण्ड, नर्बे र टर्कीमा नेपाली उत्पादनहरुलाई रेक्स सुविधा

(४) ७७ ओटा विभिन्न नेपाली उत्पादनहरुलाई संयुक्त राज्य अमेरिकाबाट प्राप्त विशेष सहुलियतयुक्त भन्सार छुटको सुविधा

(५) नेपाल, भारत, चीन र बँगलादेशका बन्दरगाहसम्मको सहज पहुँच

(६) विश्व व्यापार संगठन, साफ्टा सदस्यहरुमा नेपाली उत्पादनलाई अवसर प्रदान

व्यावसायी वातावरणमा सुधार सम्वन्धी विषयहरु :

विश्व वैकले प्रकाशित गरेको नेपालाको व्यावसायिक वातवारण सुचकाँकको अवस्था सन्तोषजनक छैन । प्रक्रिया, नियम कानुन नीति, रणनीति, कार्यक्रम, बजेट, कार्ययोजना प्रतिस्पर्धाको स्तर, प्रतिस्पर्धात्मक वातावरण, सुशासन (कानुनको शासन, पारदर्शिता, सहभागिता, उत्तरदायित्व, जिम्मेवारीपना, समता, समानता, समावेशिता), सुरक्षा, श्रम उद्योगी सहसम्वन्ध, उद्यमशील संस्कार, क्षेत्रगत सूचकाँकहरुको स्थितिले व्यापार प्रवर्द्धन सम्वद्ध वातावरण निर्धारण गर्दछ । उक्त प्रतिवेदनले उजागर गरेका विषयहरुमा प्रदेशस्तरमा

सुधार गर्न सकिने विषयहरुमा प्रदेश सरकारहरुले पहलकदमी लिन जरुरी छ । यस्ता पहलकदमीले प्रदेशस्तरमा व्यवसाय गर्ने वातावरणमा सुधार आई वैदेशिक व्यापारको व्यवस्थापन गर्न सहज हुने देखिन्छ ।

कृषि अनुदान र प्रोत्साहन सम्वन्धी विषयहरु :

आफ्ना विश्व बजारमा प्रतिस्पर्धी बनाउन कृषि लगायतका क्षेत्रमा विश्व भरी नै संरक्षणात्मक उपायहरु अँगीकार गर्ने प्रचलन रहेको छ । नेपाली उत्पादनहरुलाई पनि संरक्षणात्मक उपायहरुका माध्यमबाट विश्व बजारमा प्रतिस्पर्धी बनाउन जरुरी छ । यस विषयलाई प्रदेश सरकारहरुले उपयुक्त नीतिबाट संवोधन गर्न जरुरी छ ।

व्यापार सम्वद्धपूर्वाधारमा लगानी :

निर्यात प्रवर्द्धनमा व्यापार सम्वद्ध पूर्वाधार अति महत्वपूर्ण विषयका रुपमा रहेको छ । संस्थागत पूर्वाधारतर्फ भन्सार, गोदाम, गुणस्तर नियमन तथा नियन्त्रण निकायहरु, शैक्षिक तथा सीपमुलुक तालीम केन्द्रहरु, निजीक्षेत्रका सँघसंस्थाहरु (वस्तुगत, प्रतिनिधिमुलुक संघसंस्थाहरु, निर्यातक सँघ, आयातक सँघ) पर्दछ भने भौतिक पूर्वाधारतर्फ सडक, विजुली, वन्दरगाह, भन्सार विन्दु, सूचना र प्रविधि, जलापूर्ति, विशेष आर्थिक क्षेत्र, निर्यात प्रवर्द्धन क्षेत्र र औद्योगिक क्षेत्र जस्ता संरचनाहरु पर्दछन् । यी दुवै क्षेत्रमा प्रदेश सरकारले आफ्ना तर्फबाट संवोधन गर्ने विषयमा संलग्न हुन जरुरी छ । विशेष गरी न्युन साधनश्रोत भएका भन्सारविन्दूहरु भएका प्रदेशका भन्सारविन्दूहरुलाई साधानश्रोतयुक्त बनाउने विषयलाई सँघ र प्रदेश सरकारले संयुक्त पहलबाट सम्वोधन गर्न जरुरी छ। यसका साथै जटही भन्सार कार्यालयलाई सुख्खा बन्दरगाह बनाउन पर्ने आवश्यकता देखिन्छ ।

लजिष्टक सेवामा सुधार :

व्यापार प्रवर्द्धनको अर्को महत्वपूण विषय भनेको उत्कृष्टस्तरको लजिष्टिक सेवा पनि हो । अवरोधविहीन यातायात, वेष्टन, बहुविधिक यातायात, समय व्यवस्थापन, भन्सार, लजिष्टक सेवा, समय, वैदेशिक कार्गो सिपमेन्टको दक्षता र सहजता, लजिष्टिकजन्य संरचना र ट्रयाकिङ प्रणालीहरु पर्दछन् । लजिष्टक सेवा जति चुस्त, दुरुस्त र गतिशील हुन्छ मुलुकको निर्यात व्यापार पनि त्यत्तिकै सहज र मूल्यमैत्री हुन्छ। यस विषयमा पनि सँघ र प्रदेशले संयुक्त पहल लिन जरुरी छ ।

व्यापार सम्वद्धअनुसन्धान :

सरकारका अँगहरु, प्राज्ञिक क्षेत्र र निजी क्षेत्रका मेधावीहरुयुक्त संयुक्त समुह बजार अनुसन्धान निर्यात प्रवर्द्धनको महत्वपूर्ण विषय हो । तथ्याँक, सूचना, ज्ञान, मेधा र बुद्धिमत्तामा आधारित निष्कर्षहरु निर्यात प्रवर्द्धनको मष्तिष्क हो जसले निर्यात प्रवर्द्धनका प्रयासका लागि ज्योतिको कार्य गर्दछ,, नीति निर्माताका लागि आँखा, निजीक्षेत्रका लागि हिड्ने बाटो तय गर्ने यो अनुसन्धान कार्य निर्यात प्रवर्द्धनको महत्वपूर्ण अँगका रुपमा रहेको छ । यस विषयमा पनि प्रदेशस्तरमा पनि गतिशील संयन्त्रको व्यवस्था हुन जरुरी छ ।

प्रदेशस्तरको व्यापार सम्वद्ध डाटावेसको व्यवस्था :

प्रदेशस्तरमा हुने उत्पादन, वितरण र एक प्रदेशबाट अर्को प्रदेशमा हुने व्यापार र सम्वन्धित प्रदेशमा उत्पादन भई अन्य प्रदेशका भन्सार विन्दूहरुबाट वस्तुहरु भएर निर्यात हुने वस्तुहरुको अभिलेख राख्ने व्यवस्थाको

लागि प्रदेशस्तरमा पनि एउटा संयन्त्र हुन जरुरी छ ताकि प्रदेशबाट निकासी हुने वस्तुहरुको यथार्थ चित्रण होस् र प्रदेशस्तरमा निकासी प्रवर्द्धनका भावी दिशा तय गर्न वस्तुगत आधार प्राप्त हुन सकोस् ।

भौगोलिक संकेत, पेटेण्ट राइट र ट्रेडमार्क सम्वन्धी विषयहरु :

नेपालका धेरै उत्पादनहरु विशिष्ट खालका छन् जसलाई भौगोलिक संकेत, पेटेण्ट राइट र ट्रेडमार्क जस्ता विषयबाट संबोधन हुन जरुरी छ । प्रदेश सरकारले यी विधिहरुबाट विशेष पहिचान दिन सक्ने वस्तु तथा सेवाहरुको पहिचान गरी ती वस्तु तथा सेवाहरुलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मूलप्रवाहमा स्थापित गर्न पहलकदमी लिन आवश्यक देखिन्छ ।

गुणस्तर सम्वन्धी विषयहरु :

नेपाली वस्तुहरुलाई वाह्य बजारमा प्रतिस्पर्धी बनाउन गुणस्तर सम्वन्धी व्यवस्थाहरुले महत्वपूर्ण भूमिका खेलेका हुन्छन् । नेपाली उत्पादनहरुहरुलाई लक्षित बजारमा विद्यमान गुणस्तरका प्रावधानहरु अनुरुप गुणस्तरमैत्री बनाउन संस्थागत, कानुनी र जनशक्तिका पक्षमा सुधार, स्तरोन्नत्ति आदि गर्न आवश्यक हुन जान्छ । यी विषयहरुलाई सम्वोधन गर्न प्रदेश सरकारले विशेष व्यवस्था गर्न जरुरी छ ।

निकासी प्रवर्द्धन र अन्तरप्रदेश व्यापारका व्यवधानहरु :

सुदूरपश्चिम मा निकासी सम्भावना भएका वस्तुहरुमा कृषि सम्वन्धी वस्तुहरुको प्रधानता रहेको छ । यी वस्तुहरु लक्षित बजारमा निकासी गर्न गुणस्तरका प्रावधानहरु पुरा गरेको हुनुपर्ने देखिन्छ । यसै गरी गुणस्तर प्रमाणीकरणलाई लक्षित बजारमा मान्यताप्राप्त गरेको पनि हुनु पर्ने देखिन्छ । सम्वन्धित उद्योगहरुले उत्पादित वस्तुहरुको गुणस्तर प्रमाणीकरण पायक पर्ने स्थानमा हुन नसक्दा निकासीकर्ताहरुलाई समस्या परिरहेको छ । भारततर्फ कृषिजन्य वस्तु निकासी गर्न नेपाल भन्सारको पारीपट्टिका सीमावर्ती भारतीय भन्सार कार्यालयहरुमा क्वारेण्टाइन कार्यालयहरुको विषय निकासीकर्ताले लामो समयदेखि भोगिरहेको समस्या हो । निकासीजन्य उद्योगहरुमा गरिने व्यापार वित्त व्यवस्थापन पनि सहज हुन सकिरहेको छैन । निकासीकर्ता उद्यमीहरुले चर्को व्याजदरको सामाना गर्नु परिरहेको छ । निकासीजन्य उद्योगलाई चाहिने दक्ष जनशक्तिको कमी पनि टड्कारो देखिन्छ । प्रदेशमास्थित निकासीकर्ता उद्यमीहरुलाई बजारको ताजा सूचनाको प्रवाह पनि हुन सकिरहेको छैन । कृषकहरुलाई समयमै पर्याप्त मल, उन्नत जातको वीऊ, वाह्रमास सिंचाईको सुविधाको कमी, काष्ठउद्योगका लागि चाहिने काठको वृक्षारोपणका लागि चाहिने विरुवा वितरणमा आएको रोकावट जस्ता समस्याका कारण प्रदेशबाट सोंचे अनुसार निकासी प्रवर्द्धन र अन्तरप्रदेश व्यापार हुन सकिरहेको छैन ।

लागत न्युनीकरणमा प्रदेश सरकारले गर्नुपर्ने सहयोगहरु :

(क) वाह्य मुलुकहरुमा कृषि उत्पादनहरुलाई प्रतिस्पर्धी बनाउन कृषकहरुलाई विभिन्न किसिमा सहयोग, अनुदान, प्रोत्साहन र संरक्षणको व्यवस्था गरिएको हुन्छ । नेपालको कृषि उत्पादनको प्रतिस्पर्धी भारतीय कृषि उत्पादन सरह प्रतिस्पर्धी बनाउन प्रदेश सरकारले पनि आफ्ना कृषकहरुलाई कम्तीमा भारतीय कृषकहरुले पाए सरहरका सुविधाहरु प्रदान गर्नु आवश्यक देखिन्छ ।

(ख) निकासीजन्य उद्योगहरुलाई सहुलियत दरमा व्याजको व्यवस्था गरिनु पनि आवश्यक छ

(ग) सामुहिक कृषि प्रणालीलाई प्रोत्साहन हुने नीति र कार्यक्रमहरु लागु गरिनुपर्दछ

(घ) निश्चित समयावधिका लागि निकासीजन्य उद्योगहरुलाई करहरुमा विशेष छुटको व्यवस्था गरिनुपर्दछ ।

(ङ) उद्योग स्थापनाका लागि चाहिने पूर्वाधारमा सरकारबाट पर्याप्त लगानी गरिनुपर्दछ ।

निष्कर्ष

(१) सुदूरपश्चिम प्रदेश नेपालको कृषि उत्पादनको भण्डार हो । प्रशस्त उव्जाऊ भूमि रहेको यस प्रदेशमा उत्पादन हुने कृषिजन्य वस्तुहरु धान, मकै, गहुँ, आलु, फलफुल, विभिन्न खालका पुष्पहरु, उत्पादनमा अझ वृद्धि गर्न सकिने सम्भावना रहेको छ । यसप्रकारको वृद्धिले सम्वन्धित वस्तुहरुको निकासी प्रवर्द्धन, अन्तरप्रदेश व्यापार र आयातप्रतिस्थापन गर्न सक्ने देखिएको छ ।

(२) खाद्य प्रशोधन उद्योगका उत्पादनहरु धुलो दुध, मैदा, खानेतेल, चिनी, विस्कुट, चकलेट, मिठाई, आलु चिप्स, पेयपदार्थ, जुस, पशु आहार जस्ता उत्पादनहरुको विस्तारबाट प्रदेशमा हुने आयात प्रतिस्थापन हुने र अन्य प्रदेशमा समेत आपूर्ति गर्न सकिने भई समग्रमा मुलुकको नै आयात प्रतिस्थापन हुने देखिन्छ ।

(३) उद्योग स्थापनामा धेरै पुँजी नलाग्ने तर राम्रो बजार भएका दैनिक उपयोगमा प्रयोग हुने वस्तुहरुको उद्योग स्थापना गरी आयात प्रतिस्थान र अन्तरप्रदेश आपूर्ति गर्न सकिने सम्भावना रहेको छ ।

(४) यस प्रदेशमा रहेको विभिन्न खानीहरु जस्तै तामा, फलाम चुनढुंगा खानी सञ्चालन गरी ती वस्तुहरुका उत्पादन उद्योग स्थापनाको सम्भावना देखिएको छ ।

(५) वन्यजन्य उत्पादनहरुमा आधारित कागज, फर्निचर उद्योगहरुको स्थापना गरी आयात प्रतिस्थापन र अन्तरप्रदेशमा आपूर्ति गर्न सकिने सम्भावना पनि देखिएको छ ।

(६) यस प्रदेशमा उत्पादित हुने जडिबुटी, फलफुल, जैतुनको तेल, दुग्ध पदार्थ, जैविक तरकारी, जलविद्युत, पर्यटन, नेत्रचिकित्सा सेवा जस्ता वस्तु एवम् सेवाहरु निकासीका लागि प्रबल सम्भावना भएका वस्तुका रुपमा देखापरेका छन् ।

(७) मानसरोवर जाने तीर्थयात्रीका लागि यस प्रदेशलाई प्रवेशविन्दूका रुपमा विकास गरी भारतीय हिन्दू तीर्थयात्रीहरुलाई आकर्षित गर्न सकिने देखिन्छ । साथै प्रेदशमा रहेका पर्यटकीय क्षेत्रहरु, मन्दिरहरु, देवीथानहरु, मष्टो बण्डालीका धामहरु तथा अन्य ऐतिहासिक महत्वका क्षेत्रहरुको विकास गरी आन्तरिक पर्यटक प्रवर्द्धन गर्न सकिन्छ ।

(८) नेत्र चिकित्सा सेवाको निर्यातका लागि कैलालीको गेटामा अवस्थित आँखा अस्पतालबाट ठूलो मात्रामा भारतीय मुद्रा आर्जन गर्ने सम्भावना रहेको छ ।

सुझाव

(१) देशको बढ्दो व्यापारघाटालाई न्युनीकरण गर्न प्रदेशस्तरमा निकासी सम्भाव्य वस्तुहरुको विकास र विस्तार हुन जरुरी छ ।

(२) नेपालले आयात गरिरहेका तर प्रदेशमा उत्पादन वृद्धि गर्न सकिने वस्तु तथा सेवाहरुको विकास र विस्तार हुन पनि आवश्यक देखिन्छ ।

(३) सुदूरपश्चिम प्रदेशममा उत्पादन भई अन्य प्रदेशहरुमा पठाउन सकिने र ल्याउन सकिने वस्तुहरुको प्रभावकारी व्यवस्थापन हुन पनि जरुरी छ ।

(४) सुदूरपश्चिम प्रदेशमा व्यापार सम्वद्ध पूर्वाधारहरुको विकासमा ध्यान जानु पनि जरुरी छ ।

(५) निकासीजन्य, आयातप्रतिस्थापन गर्न सकिने तथा अन्तरप्रदेश व्यापार सम्भावना भएका वस्तु तथा सेवाहरुको उत्पादनमा प्रदेश सरकारले प्रोत्साहनात्मक, संरक्षणात्मक व्यवस्थाहरु गर्नु पनि आवश्यक छ ।

(६) निकासी प्रवर्द्धनमा निकासीकर्ताहरुलाई समय समयमा अन्तर्राष्ट्रिय बजारको अवस्था, गुणस्तर मापदण्डहरु, लेवलिङ, प्याकेजिङ, ब्राण्डिङ जानकारी उपलव्ध गराउने व्यवस्थाहरु गर्न पनि जरुरी छ ।

(७) निकासीजन्य, आयातप्रतिस्थापन गर्न सकिने तथा अन्तरप्रदेश व्यापार सम्भावना भएका वस्तु तथा सेवाहरुको विकास, मूल्य श्रृंखलाको विकासमा प्रदेश सरकारले आवश्यक लगानी गर्नु पर्ने देखिन्छ ।

(८) संकलन केन्द्रको स्थापना र त्यसको प्रभावकारी सञ्चालनमा प्रदेश सरकारको सहयोगको आवश्यकता देखिन्छ ।

(९) खाद्य प्रशोधन उद्योगाको विस्तार, विकास, स्तरोन्नत्तिका लागि आर्थिक, प्राविधिक तथा भौतिक पूर्वाधारमा प्रदेश सरकारको सरकारको सहयोग आवश्यक देखिन्छ ।

(१०) निकासी प्रवर्द्धनका लागि प्रदेशस्तरमा पनि प्रवर्द्धनात्मक संयन्त्रको स्थापना गर्नु पर्ने जरुरी देखिन्छ

(११) आयातित फुलहरुलाई विस्थापन गर्न प्रदेशमा व्यापक रुपमा पुष्पखेती विस्तार विस्तार गरिनुपर्द छ ।

(१२) प्रदेशमा उपलध खानीहरु यथाशक्य चाँडो सञ्चालन गरी वस्तु उत्पादन गर्ने उद्योग स्थापनामा प्रदेश सरकार र निजी क्षेत्रको सहकार्य आवश्यक देखिन्छ ।

(१३) भारतीय हिन्दू तीर्थयात्रीहरुलाई आकर्षित गर्न धामिर्कक तीर्थस्थलको प्रचारप्रसारका साथै मानसरोबर जाने मार्गको विकास गरिनु आवश्यक देखिन्छ ।

(१४) नेत्र चिकित्सा सेवाको निर्यातका लागि कैलालीको गेटामा अवस्थित अस्पताललाई स्तरोन्नत्ति गरी भारतका सेवाग्राही समेतलाई लक्षित गरी अन्तर्राष्ट्रियस्तरको नेत्र उपचार अस्पतालको रुपमा विकास गरिनुपर्दछ ।

सिफारिस

यस अध्ययनमा पहिचान गरिएका सबै वस्तु तथा सेवाहरुको विकासका लागि विस्तृत परियोजना प्रस्ताव तयार गर्ने, सो को कार्यान्वयन गर्ने गराउने गरी विशेष टोलीहरु गठन गरी कार्य सम्पादन गर्न आवश्यक देखिन्छ ।

सन्दर्भ सामाग्रीहरु

Statistical Information on Nepalese Agriculture,, Ministry of Agriculture and Livestock, Kathmandu

Mineral Resources of Nepal, , Department of Mines and Geology, Kathmandu

Annual household survey, Central Bureau of Statistics, Kathmandu Nepal

Industrial Survey 2 Central Bureau of Statistics, Kathmandu Nepal

Regional (Provincial) National Accounts, , Central Bureau of Statistics, Kathmandu Nepal

Statistical Information on Nepalese Agriculture,

Ministry of Agriculture and Livestock, Kathmandu Mineral Resources of Nepal,

Department of Mines and Geology, Kathmandu Annual household survey,

Central Bureau of Statistics, Kathmandu Nepal

प्रदेश योजना आयोगबाट प्रकाशित वस्तुस्थिति विवरण

प्रदेशको प्रथम आवधिक योजनाको आधारपत्र

प्रदेशको नीति तथा कार्यत्रम

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रम

वाणिज्य नीति २०७२

नेपाल व्यापार एकीकृत रणनीति २०८०

निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७९

Statistical Information on Nepalese Agriculture, Ministry of Agriculture and Livestock, Kathmandu

राष्ट्रिय चिया तथा कफी विकास बोर्ड National Tea and Coffee Development Board, New Baneshwor, Kathmandu

विद्युत विकास विभाग Department of Electricity Development (DoED) सानोगौचरन, काठमाडौं

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका प्रकाशन (Trade and Export Promotion Centre), पुल्चोक ललितपुर

नेपाल पर्यटन बोर्ड (Nepal Tourism Board), प्रदर्शनीमार्ग, काठमाडौं

Web site visited

http://www.doed.gov.np

http://www.teacoffee.gov.np

http://www.moics.gov.np

http://www. Trademap.org

ttp://www.macmap.org

ttp://www.wikipedia.com

http://www.worldsrichestcountries

www. Trademap.org www.macmap.org

http://www.worldsrichestcountries.com/top_mango_importers.html _
http://www.forbesindia.com/article/work-in-progress/a-pilot-project-to-increase-ups-sugarcaneyields/36881/1

https://www.statista.com/statistics/740444/corn-yield-brazil/
https://www.mapsofindia.com/top-ten/india-crops/potato.html

www.moitfe.gandaki.gov.np

Www. Trademap.org

www.macmap.org

www.wikipedia.com

http://www.worldsrichestcountries.com/top_mango_importers.html)

http://www.forbesindia.com/article/work-in-progress/a-pilot-project-to-increase-ups-sugarcane-yields/36881/1

https://www.statista.com/statistics/740444/corn-yield-brazil/

https://www.mapsofindia.com/top-ten/india-crops/potato.html

www.faostat.com

www.cbs.gov.np

www.trademap.or

www.macmap.org

www.wikipedia.com

www.cbs.gov.np

अनुसूची १ कृषिजन्य उत्पादनको समग्र वस्तुस्थिति

१. प्रधानबाली

Cereal crops				Area in Hectare, Production in Metric Tonnes		
Cereal crop	**2076/77**		**2077/78**		**2078/79**	
	Area	**Production**	**Area**	**Production**	**Area**	**Production**
Paddy	1,458,915	5,550,878	1,473,474	5,621,710	1,477,378	5,130,625
Maize	957,650	2,835,674	979,776	2,997,733	985,565	3,106,397
Wheat	707,505	2,185,289	711,067	2,127,276	716,978	2,144,568
Millet	262,547	320,953	265,401	326,443	267,071	339,462
Buckwheat	10,369	11,724	13,875	15,917	16,123	19,290
Barley	24,404	31,147	21,862	29,433	23,134	32,156
Total	**3,421,389**	**10,935,664**	**3,465,455**	**11,118,512**	**3,486,249**	**10,772,498**

Cereal crops				Area in Hectare, Production in Metric Tonnes					
YEAR	**PADDY**			**MAIZE**			**MILLET**		
	AREA	**PROD.**	**YIELD**	**AREA**	**PROD.**	**YIELD**	**AREA**	**PROD.**	**YIELD**
2012/13	1,420,570	4,504,503	3.17	849,635	1,999,010	2.35	274,350	305,588	1.11
2013/14	1,486,951	5,047,047	3.39	928,761	2,283,222	2.46	271,183	304,105	1.12
2014/15	1,425,346	4,788,612	3.36	882,395	2,145,291	2.43	268,050	308,488	1.15
2015/16	1,362,908	4,299,079	3.15	891,583	2,231,517	2.50	266,799	302,397	1.13
2016/17	1,552,469	5,230,327	3.37	900,288	2,300,121	2.55	263,596	306,704	1.16
2017/18	1,469,545	5,151,925	3.51	954,158	2,555,847	2.68	263,497	313,987	1.19
2018/19	1,491,744	5,610,011	3.76	956,447	2,713,635	2.84	263,261	314,225	1.19
2019/20	1,458,915	5,550,878	3.80	957,650	2,835,674	2.96	262,547	320,953	1.22
2020/21	1,473,474	5,621,710	3.82	979,776	2,997,733	3.06	265,401	326,443	1.23
2021 /22	1,477,378	5,130,625	3.47	985,565	3,106,397	3.15	267,071	339,462	1.27
2012/13	10,681	10,056	0.94	759,843	1,882,220	2.48	28,989	36,973	1.28
2013/14	10,510	10,335	0.98	754,474	1,883,147	2.50	28,173	34,824	1.24
2014/15	10,819	10,870	1.01	762,373	1,975,625	2.59	28,053	37,354	1.33
2015/16	10,842	11,641	1.07	745,823	1,736,849	2.33	28,361	32,801	1.16
2016/17	11,090	12,039	1.09	735,850	1,879,191	2.55	27,370	30,510	1.11
2017/18	10,296	11,472	1.11	706,843	1,949,001	2.76	24,648	30,510	1.24
2018/19	10,311	11,464	1.11	703,992	2,005,665	2.85	24,409	30,550	1.25
2019/20	10,369	11,724	1.13	707,505	2,185,289	3.09	24,404	31,147	1.28
2020/21	13,875	15,917	1.15	711,067	2,127,276	2.99	21,862	29,433	1.35
2021 /22	16,123	19,290	1.20	716,978	2,144,568	2.99	23,134	32,156	1.39

२. फलफुल

Major Fruit Types for the Last Ten Years					
Types	**Year**	**Total Area (Ha.)**	**Productive Area (Ha.)**	**Production (Mt.)**	**Yield (Mt./Ha.)**
Citrus	2012/13	36,975	23,645	216,188	9.14
	2013/14	38,988	25,497	224,357	8.80
	2014/15	39,035	25,261	222,789	8.82
	2015/16	40,554	24,854	218,447	8.79
	2016/17	46,328	26,759	239,773	8.96
	2017/18	44,424	25,964	245,176	9.44
	2018/19	46,392	28,411	272,620	9.60
	2019/20	46,715	27,339	274,140	10.03
	2020/21	50,235	32,188	311,188	9.67
	2021/ 22	49,306	32,317	306,149	9.47
Winter	2012/13	24,691	15,577	122,407	7.86
	2013/14	25,182	16,318	113,657	6.97
	2014/15	27,125	16,849	128,155	7.61
	2015/16	27,819	17,125	126,790	7.40
	2016/17	27,918	13,937	93,592	6.72
	2017/18	28,376	15,031	108,315	7.20
	2018/19	29,410	15,877	115,443	7.27
	2019/20	31,940	16,318	116,802	7.16
	2020/21	33,547	17,351	128,214	7.39
	2021/22	33,573	17,979	132,031	7.34
Summer	2011/12	75,315	61,057	658,207	10.78
	2012/13	76,093	62,258	600,135	9.64
	2013/14	84,038	68,270	627,030	9.18
	2014/15	84,227	68,691	641,759	9.34
	2015/16	88,826	68,608	631,224	9.20
	2016/17	88,414	69,806	684,942	9.81
	2017/18	87,594	70,749	733,439	10.37
	2018/19	88,802	75,740	790,289	10.43
	2019/20	92,664	75,368	858,822	11.40
	2020/21	93,787	79,194	916,816	11.58
	2021 /22	99,770	79,237	978,570	12.35
Total	2012/13	137,758	101,480	938,731	9.25
	2013/14	148,208	110,086	965,044	8.77
	2014/15	150,387	110,802	992,703	8.96
	2015/16	157,199	110,586	976,461	8.83
	2016/17	162,660	110,501	1,018,308	9.22
	2017/18	160,394	111,744	1,086,931	9.73
	2018/19	164,603	120,028	1,178,352	9.82
	2019/20	171,318	119,025	1,249,764	10.50
	2020/21	177,568	128,733	1,356,218	10.54
	2021/22	182,648	129,532	1,416,750	10.94

३. नगदेवाली

Cash Crops				Area in Hectare, Production in Metric Tonnes		
Crops	**2076/77 (2019/20)**		**2077/78 (2020/21)**		**2078/79 (2021/22)**	
	Area	**Production**	**Area**	**Production**	**Area**	**Production**
Oilseeds	258,141	278,325	259,101	287,038	260,645	287,344
Potato	188,098	3,131,830	198,788	3,325,231	198,256	3,410,829
Sugarcane	68,565	3,400,176	64,354	3,183,943	62,567	3,159,634
Jute	7,555	10,165	7,415	10,451	7,195	10,217
Cotton	135	140	142	147	155	172

४. दलहन

Pulses		Area in Hectare, Production in Metric Tonnes				
Crops	2076/77 (2019/20)		2077/78 (2020/21)		2078/79 (2021/22)	
	Area	Production	Area	Production	Area	Production
Lentil	212,876	262,835	202,416	246,092	198,454	252,283
Chickpea	9,982	11,285	9,840	11,065	10,793	12,196
Pigeon Pea	16,895	17,063	16,591	16,649	15,512	15,977
Black Gram	23,056	20,440	24,500	21,633	28,383	26,114
Grass Gram	7,997	9,504	10,456	11,965	10,407	12,072
Horse Gram	6,326	6,865	13,311	15,453	12,248	14,330
Soyabean	26,775	34,544	25,758	32,178	24,921	35,138
Others	36,784	41,672	32,262	39,320	33,832	40,260
Total	**340,692**	**404,210**	**335,143**	**394,355**	**334,550**	**408,371**

५. अन्य वालीहरु

Other Crops		Area in Hectare and production in Metric Tonnes				
	Area	Production	Area	Production	Area	Production
Fruits	119,025	1,249,764	128,733	1,356,218	129,532	1,416,750
Vegetables	281,132	3,962,383	284,121	3,993,167	289,839	4,153,157
Large Cardamom	16,565	9,545	15,668	8,289	15,975	8,714
Ginger	23,500	298,945	21,912	279,206	22,441	287,813
Garlic	10,185	73,859		72,490	9,943	74,763
Turmeric	9,795	99,907	10,340	105,719	10,847	111,074
Dry Chili	10,276	68,025	12,525	87,731	12,870	83,898
Honey(No. of Hives)	248,037	3,997	249,680	4,062	248,995	5,168
Fish		97,271		104,623		108,385
Mushroom fresh		12,607		13,241		14,300

६. पशुपँक्षी

Livestock Population (in Number)

CATEGORY	2077/78	2077/78	2078/79
CATTLE	7,458,885	7,466,841	7,413,197
BUFFALOES	5,257,591	5,159,931	5,132,931
SHEEP	806,079	793,725	771,205
GOAT	12,811,953	13,442,614	13,990,703
PIGS	1,519,593	1,588,838	1,504,624
FOWL	82,598,879	73,418,077	66,803,117
DUCK	427,226	432,226	605,944
MILKING COWS	1,166,156	1,209,041	1,223,061
MILKING BUFFALOES	1,635,492	1,630,642	1,666,827
LAYING HEN	12,927,842	11,374,011	10,131,642
LAYING DUCK	191,701	220,532	302,473

७. पशुपँक्षीका उत्पादनहरु

Livestock Production

PRODUCTS	2076/77	2077/78	2078/79
MILK PRODUCTION (Mt.)	**2,301,000**	**2,479,899**	**2,566,614**
- COW MILK	920,400	1,060,487	1,101,812
- BUFF. MILK	1,380,600	1,419,412	1,464,802
MEAT (NET) PRODUCTION (Mt.)	**552,156**	**520,742**	**512,788**
- BUFF	189,517	188,172	194,090
- MUTTON (Sheep)	2,735	2,964	2,880
- CHEVON	75,023	70,755	74,241
- PORK	29,493	31,450	36,059
- CHICKEN	255,001	226,959	204,923
- DUCK	387	442	596
EGG PRODUCTION ('000 Number)	**1,620,000**	**1,493,550**	**1,330,602**
- HEN EGG	1,604,526	1,475,620	1,306,380
- DUCK EGG	15,474	17,930	24,223
WOOL PRODUCTION(Kg.)	592,687	584,000	567,412

८. नगदेवालीको जिल्लागत उत्पादन अवस्था

जुट, कपास

Jute: Area and Production by Districts, Fiscal Year 2078/79			
DISTRICT	**AREA (Ha)**	**PROD(Mt.)**	**YIELD (Mt./Ha)**
ILAM	10	12	1.20
JHAPA	533	650	1.22
MORANG	5,007	7,252	1.45
SUNSARI	1,317	1,947	1.48
SIRAHA	117	135	1.15
SAPTARI	211	221	1.05
NEPAL	7,195	10,217	1.42
Cotton: Area and Production by Districts,Fiscal Year 2078/79			
DISTRICT	**AREA (Ha)**	**PROD (Mt.)**	**YIELD (Mt./Ha)**
Dang	137	149	1.09
Banke	8	9	1.13
Bardiya	2	2	1.00
Mugu	8	12	1.50
NEPAL	155	172	1.11

कफी

Coffee: Area, Production and Yield by Districts, Fiscal Year 2078/79 (2021/22)					
S.N	**Districts**	**Small Farmers (No.)**	**Plantation (Ha)**	**Production (MT)**	**Yield(Kg/Ha)**
1	Arghakhanchi	1,705	130	16	123.08
2	Baglung	865	57	1	17.54
3	Bhojpur	188	19	0.8	42.11
4	Chitwan	30	7	1.5	214.29
5	Dailekh	30	3	0.3	100.00
6	Dhading	305	106	10.8	101.89
7	Dhankuta	535	296	13	43.92
8	Dolakha	150	38	2.5	65.79
9	Doti	10	2	0	-
10	Eastern Rukum	12	2	0.2	100.00
11	Gorkha	935	92	11.5	125.00
12	Gulmi	1,965	256	31	121.09
13	Ilam	2,017	252	19.4	76.98
14	Jajarkot	75	7	1	142.86
15	Kailali	5	2	0	-
16	Kaski	4,305	169	21	124.26
17	Kavrepalanchok	3,150	282	36.5	129.43
18	Khotang	255	34	1.4	41.18
19	Lalitpur	1,125	114	15.5	135.96
20	Lamjung	1,327	109	8.8	80.73
21	Makawanpur	395	28	3	107.14
22	Morang	67	12	1.6	133.33
23	Myagdi	154	23	0.5	21.74
24	Nawalpur	108	15	0.6	40.00
25	Nuwakot	1,142	215	38	176.74
26	Okhaldhunga	23	5	0.4	80.00
27	Palpa	2,325	124	17.3	139.52
28	Panchthar	130	90	7.2	80.00
29	Parbat	1,840	127	12.5	98.43
30	Pyuthan	175	37	4.5	121.62
31	Ramechhap	67	9	0.2	22.22
32	Rasuwa	85	51	5	98.04
33	Rolpa	20	2	0.1	50.00
34	Salyan	30	4	0.2	50.00
35	Sankhuwasabha	100	31	4	129.03
36	Sindhuli	116	13	0.4	30.77
37	Sindhupalchok	1,916	92	28	304.35
38	Solukhumbu	34	13	3.2	246.15
39	Surkhet	55	9	0.2	22.22
40	Syangja	2,785	325	20	61.54
41	Tanahun	576	41	6.2	151.22

Coffee: Area, Production and Yield by Districts, Fiscal Year 2078/79 (2021/22)					
S.N	**Districts**	**Small Farmers (No.)**	**Plantation (Ha)**	**Production (MT)**	**Yield(Kg/Ha)**
42	TapleJung	73	51	6.8	133.33
43	Terhathum	92	37	1.6	43.24
44	Udayapur	92	15	1.2	80.00
	Total	**31,389**	**3,346**	**354.9**	**4,206.75**

चिया

Tea by Districts and by Types , Fiscal Year 2078/79

District	CTC Production (Kg)	Orthodox Production (Kg)	Green Tea Production (Kg)	Other Production (Kg)	Total Production Area (ha)	Production Total (Kg)
Ilam	-	5,476,270	662,859	142,880	7,236	6,282,010
Panchthar	-	38,550	17,090	3,097	675	58,737
Dhankuta	-	31,517	11,433	5,000	383	47,950
Kaski	-	7,000	100	-	74	7,100
Lamjung	-	600	20	-	36	620
Terhathum	-	6,500	13,480	320	355	20,300
TapleJung	-	150	460	-	133	610
Bhojpur	-	2,500	3,000	-	111	5,500
Baglung	-	120	25	-	15	145
Sankhuwasabha	-	312	1,600	-	80	1,912
Nuwakot	-	8,800	14,750	1,250	123	24,800
Solukhumbu	-	696	40	40	12	776
Morang	-	1,110	3,450	1,423	32	5,983
Sindhupalchok	-	6,250	2,500	800	85	9,550
Udayapur	-	91	254	-	318	345
Okhaldhunga	-	-	-	-	12	-
Khotang	-	-	-	-	30	-
Chitwan	-	-	-	-	1	-
Myagdi	-	-	-	-	2	-
Sindhuli	-	-	-	-	41	-
Parbat	-	-	-	-	1	-
Kavrepalanchok	-	-	-	-	5	-
Gorkha	-	-	-	-	2	-
Dolakha	-	80	-	-	21	80
Lalitpur	-	-	1,350	1,070	32	2,420
Ramechhap	-	650	400	80	64	1,130
Pyuthan	-	15	-	-	4	15
Arghakhanchi	-	10	-	-	4	10
Kalikot	-	-	-	-	10	-
Jhapa	18,902,800	1,006,650	-	-	10,340	19,909,500
Total Nepal	**18,902,800**	**6,587,871**	**732,811**	**155,960**	**20,237**	**26,379,493**

मौरीपालन

Bee Keeping and Honey Production Status

Year	Bee Hives (No.)	Production (Mt.)
2010/11	140,850	1,365
2011/12	156,000	1,500
2012/13	169,000	1,625
2013/14	170,000	1,650
2014/15	225,000	3,000
2015/16	232,000	3,500
2016/17	240,000	3,950
2017/18	242,000	3,980
2018/19	242,500	3,990
2019/20	248,037	3,997
2020/ 21	249,680	4,062
2021/ 22	248,995	5,168

अनुसूची २ प्रादेशिक तथ्याँक

प्रधानबाली उत्पादन

Production of Major Cereal Crops by Province, Fiscal Year 2078/79 Qantity in Metric Tonnes							
Province	**Paddy**	**Maize**	**Wheat**	**Millet**	**Barley**	**Buckwheat**	**Total**
Koshi	1,263,714	920,447	147,331	98,400	1,904	5,458	2,437,254
Madhesh	1,389,205	190,816	628,909	1,669	170	-	2,210,989
Bagmati	506,789	696,409	173,472	67,628	2,564	4,893	1,450,742
Gandaki	406,336	454,265	99,038	110,151	1,702	3,123	1,074,614
Lumbini	999,522	458,376	533,072	13,711	3,676	1,749	2,010,107
Karnali	125,146	250,151	187,355	24,677	11,827	3,355	602,510
Sudurpashchim	439,913	135,933	375,390	23,226	10,314	712	985,487
Nepal	**5,130,625**	**3,106,397**	**2,144,568**	**339,462**	**32,156**	**19,290**	**10,772,498**

धान उत्पादन

Districts	**Area (ha)**	**Production (mt)**	**Yield (Mt/ha)**
Taplejung	6,772	20,451	3.02
Sankhuwashava	11,998	33,401	2.78
Solukhumbu	1,276	3,485	2.73
Panchthar	7,852	22,769	2.90
Illam	11,999	41,750	3.48
Terhathum	7,782	21,676	2.79
Dhankuta	6,362	24,626	3.87
Bhojpur	14,570	37,303	2.56
Khotang	12,267	32,017	2.61
Okhaldhunga	4,021	10,008	2.49

Districts	Area (ha)	Production (mt)	Yield (Mt/ha)
Udayapur	14,233	55,170	3.88
Jhapa	92,915	406,738	4.38
Morang	87,746	354,000	4.03
Sunsari	53,392	200,320	3.75
Koshi Province Total	**333,185**	**1,263,714**	**3.79**
Saptari	50,864	172,195	3.39
Siraha	48,885	164,931	3.37
Dhanusha	55,806	179,000	3.21
Mahottari	39,436	148,086	3.76
Sarlahi	45,964	159,263	3.46
Rautahat	40,529	129,765	3.20
Bara	55,198	214,553	3.89
Parsa	45,216	221,411	4.90
Madesh Province Total	**381,898**	**1,389,205**	**3.64**
Dolakha	2,872	7,094	2.47
Sindhupalchok	11,862	38,878	3.28
Rasuwa	1,245	3,525	2.83
Ramechap	8,709	19,207	2.21
Sindhuli	14,161	54,526	3.85
Kavre	10,861	38,004	3.50
Bhaktapur	3,939	20,169	5.12
Lalitpur	4,169	18,552	4.45
Kathmandu	5,955	26,499	4.45
Nuwakot	17,868	75,235	4.21
Dhading	13,632	55,038	4.04
Makwanpur	12,067	45,520	3.77
Chitwan	27,403	104,544	3.82
Bagmati Province Total	**134,743**	**506,789**	**3.77**
Manang	-	-	-
Mustang	-	-	-
Gorkha	12,586	48,250	3.83
Lamjung	14,598	46,481	3.18
Tanahu	11,007	43,962	3.99
Kaski	20,055	59,531	2.97
Parbat	8,384	33,158	3.95
Syangja	16,305	62,103	3.81
Myagdi	3,884	13,357	3.44
Baglung	5,893	20,307	3.45
Nawalparasi east	19,516	79,187	4.06
Gandaki Province Total	**112,227**	**406,336**	**3.62**
Palpa	7,775	29,621	3.81

Districts	Area (ha)	Production (mt)	Yield (Mt/ha)
Gulmi	8,190	24,924	3.04
Arghakhanchi	7,164	21,942	3.06
Nawalparasi west	19,639	72,472	3.69
Rupandehi	63,873	249,151	3.90
Kapilbastu	66,261	211,484	3.19
Dang	35,114	129,903	3.70
Banke	33,896	78,316	2.31
Bardiya	49,557	146,971	2.97
Rukum east	1,720	4,523	2.63
Pyuthan	6,029	18,597	3.08
Rolpa	4,407	11,617	2.64
Lumbini Province Total	**303,626**	**999,522**	**3.29**
Dolpa	198	348	1.76
Mugu	903	998	1.10
Humla	567	852	1.50
Jumla	2,821	4,324	1.53
Kalikot	2,454	5,464	2.23
Rukum west	1,755	4,598	2.62
Salyan	6,758	24,238	3.59
Jajarkot	2,651	9,296	3.51
Dailekh	7,987	24,125	3.02
Surkhet	12,818	50,903	3.97
Karnali Province Total	**38,912**	**125,146**	**3.22**
Bajura	4,150	10,832	2.61
Bajhang	6,367	16,553	2.60
Darchula	3,494	9,433	2.70
Achham	15,003	31,887	2.13
Doti	9,633	22,406	2.33
Baitadi	7,219	16,676	2.31
Dadeldhura	5,799	17,803	3.07
Kailali	72,377	181,859	2.51
Kanchanpur	48,745	132,465	2.72
Sudurpaschim Province Total	**172,786**	**439,913**	**2.56**
N e p a l Total	**1,477,378**	**5,130,625**	**3.47**

मकै र गहुँ उत्पादन

Maize and Wheat by Districts, Fiscal Year 2078/79 (2021/22) Area in Hectare (Ha), Production in Metric Tonnes (Mt), Yield in Mt/Ha						
Province	**Maize**			**Wheat**		
	Area	**Production**	**Yield**	**Area**	**Production**	**Yield**
Taplejung	11,198	38,312	3.42	1,537	2,875	1.87
Sankhuwashava	12,458	33,146	2.66	715	1,650	2.31
Solukhumbu	13,770	39,048	2.84	2,665	5,306	1.99
Panchthar	18,683	42,971	2.30	3,902	6,476	1.66
Illam	33,915	131,700	3.88	4,580	11,679	2.55
Terhathum	12,897	38,756	3.01	2,399	4,796	2.00
Dhankuta	13,467	45,114	3.35	1,302	2,733	2.10
Bhojpur	36,898	97,555	2.64	414	745	1.80
Khotang	35,845	98,079	2.74	3,530	6,531	1.85
Okhaldhunga	12,400	39,680	3.20	2,145	3,330	1.55
Udayapur	17,836	55,239	3.10	5,130	12,825	2.50
Jhapa	41,059	162,613	3.96	5,000	13,505	2.70
Morang	18,552	68,801	3.71	11,755	33,687	2.87
Sunsari	9,034	29,432	3.26	12,127	41,195	3.40
Koshi Province Total	**288,012**	**920,447**	**3.20**	**57,201**	**147,331**	**2.58**
Saptari	6,589	23,211	3.52	15,017	54,351	3.62
Siraha	3,755	14,007	3.73	11,794	41,468	3.52
Dhanusha	3,476	11,343	3.26	37,788	126,387	3.34
Mahottari	9,754	29,783	3.05	29,379	95,874	3.26
Sarlahi	10,205	35,831	3.51	22,984	77,128	3.36
Rautahat	3,513	12,821	3.65	15,991	52,888	3.31
Bara	11,940	46,653	3.91	27,103	94,650	3.49
Parsa	4,189	17,166	4.10	23,008	86,163	3.74
Madesh Province Total	**53,422**	**190,816**	**3.57**	**183,064**	**628,909**	**3.44**
Dolakha	6,171	22,155	3.59	4,246	7,515	1.77
Sindhupalchok	26,190	75,713	2.89	6,904	8,723	1.26
Rasuwa	2,524	6,310	2.50	761	1,232	1.62
Ramechap	22,367	68,286	3.05	3,674	8,560	2.33
Sindhuli	27,556	85,601	3.11	6,354	14,890	2.34
Kavre	26,010	88,550	3.40	8,860	28,700	3.24
Bhaktapur	1,900	7,750	4.08	3,150	12,409	3.94
Lalitpur	8,573	33,656	3.93	3,485	11,858	3.40
Kathmandu	6,897	29,748	4.31	3,200	11,174	3.49
Nuwakot	16,206	49,408	3.05	4,495	16,044	3.57
Dhading	19,776	45,785	2.32	4,748	15,496	3.26
Makwanpur	24,113	78,209	3.24	4,128	13,622	3.30

Maize and Wheat by Districts, Fiscal Year 2078/79 (2021/22) Area in Hectare (Ha), Production in Metric Tonnes (Mt), Yield in Mt/Ha						
Province	**Maize**			**Wheat**		
	Area	**Production**	**Yield**	**Area**	**Production**	**Yield**
Chitwan	28,055	105,239	3.75	5,151	23,248	4.51
Bagmati Province Total	**216,338**	**696,409**	**3.22**	**59,156**	**173,472**	**2.93**
Manang	177	351	1.98	213	500	2.35
Mustang	67	99	1.48	84	142	1.69
Gorkha	18,935	46,400	2.45	3,910	9,235	2.36
Lamjung	19,255	48,166	2.50	368	962	2.61
Tanahu	22,316	74,574	3.34	1,643	4,119	2.51
Kaski	13,583	39,229	2.97	6,820	17,201	2.52
Parbat	13,700	35,500	2.59	2,600	6,350	2.44
Syangja	28,945	97,930	3.38	5,560	16,008	2.88
Myagdi	9,435	32,200	3.41	2,530	6,272	2.48
Baglung	18,850	64,260	3.41	6,900	17,319	2.51
Nawalparasi east	5,101	15,556	3.05	7,605	20,930	2.75
Gandaki Province Total	**150,364**	**454,265**	**3.02**	**38,233**	**99,038**	**2.59**
Palpa	21,643	55,779	2.58	5,786	13,572	2.35
Gulmi	22,445	68,269	3.04	6,517	19,386	2.97
Arghakhanchi	16,955	54,975	3.24	7,340	19,955	2.72
Nawalparasi west	4,466	15,419	3.45	7,638	22,303	2.92
Rupandehi	2,751	10,752	3.91	26,118	103,167	3.95
Kapilbastu	1,334	4,451	3.34	26,292	98,184	3.73
Dang	24,900	77,847	3.13	12,690	39,694	3.13
Banke	19,545	62,192	3.18	23,500	79,000	3.36
Bardiya	5,350	20,008	3.74	23,500	79,500	3.38
Rukum east	5,037	14,559	2.89	3,273	8,952	2.74
Pyuthan	12,158	35,626	2.93	8,690	24,959	2.87
Rolpa	12,335	38,500	3.12	8,596	24,400	2.84
